# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१. विषयपरिचय

माया ठकुरी नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने स्रष्टा हुन् । कथा विधाबाट साहित्यलेखन प्रारम्भ गरेकी ठकुरीको प्रसिद्धि पनि कथा विधामा नै छ । उनको साहित्य यात्राको प्रारम्भ वि.सं. २०१६ सालमा 'बौलाही' कथाबाट भएको हो । यसपश्चात् उनका *नजुरेको जोडी* (२०३०), *गमलाको फूल* (२०३३), *साँघु तरेपछि* (२०३९), *चौतारो साक्षी छ* (२०४६), *माया ठकुरीका कथाहरू* (२०४८), *आमा ! जानुहोस्* (२०६४) र *प्रियंबदा* (२०६९) कथासङ्ग्रह प्रकाशित छन् । उनका कथाहरूमा नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, राजनैतिक, सांस्कृतिक विभेदका साथै पात्रका मनोवैज्ञानिक समस्याहरूको प्रस्तुति पाइन्छ । उनका कथामा ग्रामीण भेकका निम्न वर्गीय मानिसहरूका चित्रण पाइन्छ । शोषक र सामन्त वर्गले कसरी निमुखा जनतालाई उत्पीडनको सिकार बनाउँछन् भन्ने कुरा पनि समेटिएको छ । यस क्रममा उनी सीमान्त समुदायको पीडालाई कथामा समेट्ने कथाकारका रूपमा देखिएका छन् । नेपाली कथाका अध्येता, शोधकर्ता, समीक्षक आदिका बीचमा कथाकार माया ठकुरीका कथाहरू अध्ययनका विषय बनेका छन् र सीमान्तीय दृष्टिले पनि ती उत्तिकै अध्ययनीय छन् । विभिन्न सिद्धान्तका आधारमा उनका कथाहरूको अध्ययन, विश्लेषण गरिएको भए पनि सीमान्तीयता सम्बन्धी सिद्धान्तका आधारमा धने उनका कथाहरूको अध्ययन भएको छैन ।

सीमान्तीयता शब्दलाई अङ्ग्रेजी भाषा साहित्यमा 'सबाल्टर्न' भनिन्छ । सबाल्टर्न शब्दको व्युत्पत्तिगत अर्थ अनुसार सबाल्टर्नले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक हिसाबले दमित, शोषित, उत्पीडित वर्गलाई मात्र जनाउँदैन, अधीनस्थताका आधारमा आम समाज, जनता वा कुनै राष्ट्र समेत शक्तिशाली र अर्को पक्षबाट सबाल्टर्नीय अवस्थामा बाँच्न बाध्य पारिएका अवस्थालाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ.१४) । सीमान्तीयता सन् १९८० पछि सीमान्तीकृत वर्गको इतिहास लेखन र साहित्य समालोचनाका क्षेत्रमा देखा परेको नवीन सिद्धान्त हो । पछि यो एउटा सिद्धान्तको रूपमा विकसित भयो । सीमान्तीयताको अध्ययन विश्वव्यापी बन्दै जाने क्रममा सामाजिक संरचना, सीमान्तीय वर्ग, प्रभुत्वशाली समूह र विचारधारालाई आधार मानेर हेर्ने प्रचलन स्थापित भयो । समाजका मानिसहरूको हैसियत समान किसिमबाट बनेको हुँदैन । एउटै समाजमा केन्द्रीय तथा प्रभुत्वशाली वर्गका साथै परिधिमा बाँच्न बाध्य समुदाय पनि रहन्छन् । विभिन्न कारणबाट परिधिमा रही केन्द्रको दवाबमा जीवन बाँचिरहेका वर्गलाई

सीमान्तीकृत समुदायका रूपमा लिन सकिन्छ । प्रभुत्वशाली र सीमान्त समुदायका बिचको सम्बन्ध र सीमान्त समुदायको अवस्था सबाल्टर्न अध्ययनको फरक चासोको विषय हुन्छ र प्रस्तुत शोधमा यसै विषयलाई मुख्य शोध्य सन्दर्भ बनाई माया ठकुरीका कथाको अध्ययन गरिएको छ । यस क्रममा ठकुरीका कथामा पाइने वर्गीय, जातीय र लैङ्गिक, सीमान्त समुदायको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाका केन्द्रीयतामा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.२ समस्याकथन

माया ठकुरीका कथाहरूको वस्तुपरक विश्लेषण गरी तिनमा निहित सीमान्तीयतासम्बन्धी दृष्टिकोणको खोजी गर्नु प्रस्तुत शोधको शोध्य विषय हो । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक र लैङ्गिक सन्दर्भलाई माया ठकुरीले आफ्नो कथाका विषय बनाएकी छन् । नेपाली समाजमा वर्गीय, जातीय, लैङ्गिक आदि अनेक ढङ्गले विभाजित छ । यस प्रकारको विभाजन नै सामाजिक विभेदको मुख्य कारण पनि हो । यही विभेदका कारणबाट नेपाली समाजको ठूलो हिस्सालाई किनारामा पुऱ्याइएको छ र सदियौंदेखि पहिचानविहीन, अधिकारविहीन, अवसरविहीन भएर यस्ता मानिसहरू सीमान्त जीवन बाँच्न विवश छन् । उनका कथाहरूमा अभिव्यक्त समाजका वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताको अवस्था र सीमान्त वर्गको आवाज र प्रतिरोध चेतनलाई मुख्य शोधको समस्याका रूपमा लिइएको छ । यस समस्यासँग सम्बन्धित शोधप्रश्नहरू निम्नानुसार रहेका छन् :

(१) माया ठकुरीका कथामा सीमान्त समुदायको प्रतिनिधित्व र पहिचानको स्थिति के कसरी प्रस्तुत भएको छ ?

(२) माया ठकुरीका कथामा सीमान्त वर्गको आवाज र प्रतिरोध चेतना के कसरी अभिव्यक्त भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

माया ठकुरीका कथामा अभिव्यक्त सीमान्त वर्गको वर्गीय, जातीय र लैङ्गिक अवस्थाको अध्ययन गरी सीमान्तीय वर्गले गरेको प्रतिरोधको अवस्था खोजी गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यस शोधकार्यका मुख्य उद्देश्यसँग सम्बन्धित निम्नानुसारका बुँदाहरू रहेका छन् :

(१) माया ठकुरीका कथामा सीमान्त वर्गको अवस्थाको खोजी गर्नु,

(२)  माया ठकुरीका कथामा सीमान्त वर्गको आवाज र प्रतिरोध चेतनाको खोजी  तथा  विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

माया ठकुरीका कथाबारे नेपाली साहित्यका समालोचकहरूले विभिन्न चर्चा गरेका छन् । त्यस्तै उनका कथामा त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न विभाग तथा कलेजहरूमा शोधकार्य समेत भइसकेका छन् । अहिलेसम्म उनका कथामा जे जति अनुसन्धान, विश्लेषण कार्यहरू तिनमा सीमान्तीय पक्षलाई मूल आधार बनाएर कथाको विश्लेषण भने भएको देखिँदैन  तैपनि नेपाली साहित्यका क्षेत्रमा माया ठकुरीका कथाकारिताका विषयमा विभिन्न समयमा विभिन्न समालोचकहरूले गरेका समीक्षात्मक कार्यहरू र विभिन्न शोधार्थीहरूले गरेका शोधकार्यलाई कालक्रमका आधारमा तल प्रस्तुत गरिएको छ ।

मोहनराज शर्मा र राजेन्द्र सुवेदीले *समसामयिक साझा कथा* (२०४१) नामक पुस्तकमा माया ठकुरीलाई भावनात्मक कल्पनाको प्रधानता भएकी कथाकार हुन् भनेका छन् । उनको यस अध्ययनले प्रस्तुत शोधकार्यमा सहयोग पुर्‍याउने भए तापनि यसमा ठकुरीका कथालाई सीमान्तीयताको कोणबाट विश्लेषण गरिएको छैन । त्यसैले यो लेख विभिन्न कोणबाट सीमान्तीयताको अध्ययन गर्न सहयोगी रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधानले *माया ठकुरीका कथाहरू* (२०४८) शीर्षकको पुस्तकमा प्रकाशकीय मन्तव्यमा माया ठकुरीका कथाभन्दा त्यसको माध्यमबाट सामाजिक जीवनका अपूर्णता र मानवीय कमजोरीलाई यथार्थ अनुशरण गरेर त्यसलाई सही दिशा दिने कलामा निपूण देखिन्छन् भनेका छन् । उनका कथाहरू नेपाली पृष्ठभूमिमा आधारित छन् र ग्रामीण समाज र त्यहाँका जीवन नै यसमा समेटिएका छन् जुन यथार्थ भोगाइभन्दा भिन्न छैनन् भनेर निष्कर्ष प्रस्तुत गरेका भए पनि सीमान्तीयता सम्बन्धी कुनै काम नभएका कारण यसले सीमान्तीयता खोजी गर्न मदत पुगेको छ ।

नरहरि आचार्य र अन्यले *नेपाली कथा भाग एक* (२०५४) शीर्षकको पुस्तकमा माया ठकुरीका कथामा ग्रामीण जीवन र सहरीया जीवन बीचको द्वन्द्व प्रस्तुत भएको कुरा उल्लेख गरेका छन् । उनका कथामा द्वन्द्वात्मक स्थितिमा बाँचेका मानिसका विवश जीवनको कारुणिक चित्रण पाइन्छ भन्दै यिनका अधिकांश कथामा नारीहरूको मनोदशाको सफल चित्रण प्रस्तुत गरिएको छ भन्ने मान्यता उनीहरूको छ । ठकुरीका कथा बारेमा चर्चा गरिएको यो अध्ययन यस शोधकार्यमा सहयोगी भए तापनि यसमा सीमान्तीयताको कोणबाट विश्लेषण गरिएको छैन ।

रेनु गुरागाईँले “माया ठकुरीका कथाहरू कथासङ्ग्रहको कृतिपरक विश्लेषण” (२०५८) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा माया ठकुरीले समाजमा देखे, भोगेका यथार्थ घटनाहरूलाई सरल ढङ्गबाट कथामा उतारेको पाइन्छ भन्ने कुराको उल्लेख गरेकी छन् । उनका सम्पूर्ण कथागत प्रवृत्तिलाई हेर्दा नारी समस्या, पारिवारिक समस्या, बालमनोवैज्ञानिक र बालशोषण, नारीशोषण, आर्थिक असमानता, सामाजिक रुढीवादी मान्यताको विरोध आदिको प्रयोग कथाहरूमा भएको पाइन्छ भन्दै माया ठकुरी सामाजिक लिङ्गभेद विरोधी, सामाजिक यथार्थवादी कथाकार हुन् भन्ने कुरा व्यक्त गरेकी छन् । यस अध्ययनमा सामाजिक लिङ्ग भेदको कुरा, नारी समस्याको कुरा, आर्थिक असमानताजस्ता कुराको चर्चा गरिएको छ । त्यसैले प्रस्तुत अध्ययनबाट लैङ्गिकता र वर्गीय सीमान्तीयता खोज्न यो अध्ययन उपयोगी रहेको छ ।

मुक्तिनाथ शर्माले '*आमा ! जानुहोस्* कथाको विश्लेषण' (२०६४) शीर्षकको लेखमा माया ठकुरीको कथायात्रा र विशेषताहरूको उल्लेख गर्दै यस सङ्ग्रहमा सङ्गृहीत कथाहरूको विवेचना गरेका छन् । उनले सङ्ग्रहभित्र सिङ्गो समाज, त्यसमा भएका विकृति, विसङ्गतिलाई उतारेका छन् र ती विकृति र विसङ्गतिहरूमाथि व्यङ्ग्यवाण प्रहार गरेका छन् भन्ने निष्कर्ष निकालेका छन् । प्रस्तुत लेखले प्रभुत्वशाली वर्गले आफ्नो शक्ति र प्रभुत्वको आडमा निम्नवर्गमाथि कसरी अधिकार जमाउँछन् भन्ने वर्गीय विभेदलाई बुझ्न सहयोग पुऱ्याएको छ तर यो अध्ययन सीमान्तीयतामै केन्द्रित भएर भने भएको छैन । यस अध्ययनमा सामाजिक यथार्थताको चर्चा पाइन्छ र समाजमा भोग्नु परेको समस्यालाई लेखको माध्यमबाट बुझ्न सहयोग गरेको छ । यद्यपि यस लेखमा पनि सीमान्तीयतामै केन्द्रित भएर अध्ययन भने भएको छैन । यस अध्ययनमा सामाजिक यथार्थताको जे जति चर्चा पाइन्छ त्यसले वर्गीयताको अध्ययन गर्न सहयोग गरेको छ ।

लाल गोपाल सुवेदीले 'पुस्तक चर्चा' (२०६४) को स्तम्भमा *आमा ! जानुहोस्* कथासङ्ग्रहमा माया ठकुरीले आफ्ना कथामा नारी मनोविज्ञानको सफल चित्रण गरेकी छन् भनेका छन् । उनले यस सङ्ग्रहलाई प्रताडित जीवनको दस्तावेज मान्न सकिन्छ भनेका छन् । त्यसैले उनको यो अध्ययन प्रस्तुत शोधका लागि सहयोगी रहेको छ ।

शारदा मासिकले 'उत्कृष्ट कथासङ्ग्रः आमा ! जानुहोस्' (२०६४) भनेर समग्र कथासङ्ग्रहको चर्चा गरेको छ । यस लेखमा कथासङ्ग्रहको विश्लेषणका सार्थ कथाभित्रका पात्रहरूले भोग्नु परेको दुःख, कष्ट, शोषण, दमन, पारिवारिक कलह, पुरुषको कुकृत्य र नारी दमनको यथार्थपरक चित्रण गरेर नारीवादी लेखनमा नयाँ आयाम भर्ने कार्य उनीबाट भएको छ भनी विश्लेषण गरिएको छ । यस भनाइबाट सीमान्तीय अध्ययनभित्र गरिने महŒवपूर्ण बुँदाहरू वर्गीय र लैङ्गिक विषयहरू नै ठकुरीको लेखनको मूल विषयवस्तु हो भन्ने स्पष्ट धारणा पाइन्छ ।

वर्गीय, लैङ्गिक सीमान्त पात्रको अध्ययनमा यो लेख सहायक रहेको छ तर यस लेख पनि सीमान्तीयता मै केन्द्रित भएर अध्ययन भने भएको छैन जसले सीमान्तीयताको अध्ययन गर्न मदत पुगेको छ ।

प्रमोद पाठकले "आमा ! जानुहोस् कथासङ्ग्रको कृतिपरक अध्ययन" (२०६५) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा माया ठकुरीको संक्षिप्त परिचय दिदै कथा विश्लेषणको प्रारूप तयार पारेका छन् । उनले आमा जानुहोस् कथासङग्रहको विश्लेषणका क्रममा माया ठकुरीका प्रायः सबै कथाहरू आदि, मध्य र अन्त्यको क्रमलाई छुट्याउन सकिने खालको रहेको भन्दै कथाको शीर्षक र घटना प्रसङ्गअनुरूप सहभागीको सहभागितालाई प्रस्तुत गरिएको छ भनेका छन् । उनले समाज र परिवारका विविध याथर्थ घटनाहरू विषयवस्तुका रूपमा रहेकाले अधिकांश कथाको वातावरण दुःखद, निराश र भयानक समेत रहेको भन्दै आइनो विचार व्यक्त गरेका छन् । यहाँ सीमान्तीयताको दृष्टिले अध्ययन गरेको नभए तापनि सहभागीको सहभागीतालाई प्रस्तुत गरेको, पात्रहरूले भोग्नु परेको पीडाहरूलाई चर्चा गरिएकाले वर्गीय सीमान्त समुदायको उपस्थिति ठकुरीका कथामा रहेको सङ्केत पाइन्छ तर सीमान्तीयताको कोणबाट भने अध्ययन गरेको पाइँदैन ।

प्रस्तुत अध्ययनमा कथाकारको सङ्क्षिप्त चर्चा गरिएको छ, साथै समाजका विविध यथार्थ घटनालाई प्रस्तुत गर्नाले यस कथासङ्ग्रहको आधारमा वर्गीयता खोज्न मदत पुग्ने हुनाले सामग्रीको रूपमा राखिएको छ ।

भगवती पाण्डेले "माया ठकुरीका कथामा प्रयुक्त प्रमुख नारीपात्रको अध्ययन" (२०६७) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा माया ठकुरीका कथामा प्रयुक्त नारीपात्रहरूले मानवजीवन र मूल्यसँग के कस्ता कुराहरू गासिएका छन्, नारीपात्रले नेपाली नारीको चरित्र के कसरी प्रतिविम्बित गरेका छन् भन्ने कुराको उल्लेख गरेकी छन् । पाण्डेले ठकुरीका कथामा पाइने नारीपात्र प्रयोगगत प्रवृत्तिहरू र नेपाली कथासाहित्यमा नारीपात्रका दृष्टिले कथाकार ठकुरीकोयोगदानको विश्लेषण गर्ने क्रममा कथाकारले समाजमा भइरहेका विकृति,विसङ्गति, नारी अत्याचार, अन्यायपूर्ण शोषणको यथार्थ चित्रण गर्दै कथामार्फत अन्याय, अत्याचार तथा शोषणविरुद्ध हक अधिकारका लागि लड्नुपर्ने सन्देश दिएकी छन् भन्ने विचार राखेकी छन् । साथै आर्थिक अवस्था कमजोर भएका नारीपात्रहरूसामाजिक, आर्थिक र यौन शोषणमा गरेका छन् भन्ने समाजका यथार्थ पक्षको उद्घाटन कथाकारले गरेकी छन् जुन कथाका क्षेत्रमा माया ठकुरीले पुऱ्याएको महत्वपूर्ण योगदान हो भन्ने विचार पाण्डेको रहेको छ । यस शोधपत्रमा ठकुरीका कथामा रहने गरेका निम्नवर्गका पात्रहरूको चर्चा गरेकाले सीमान्त पात्रहरूको अध्ययनका लागि

यो शोधपत्र सहायक रहेको छ । यस शोधपत्रमा सीमान्तयताको सिद्धान्तको आधारमा ठकुरीका कथाहरूमा रहेका पात्रहरूको पहिचान के कसरी गर्न सकिन्छ भनेर अध्ययन भने गरेको पाइँदैन । यस अध्ययनमा समाजमा भइरहेका विकृति, विसङ्गति, नारी अत्याचार र शोषणको यथार्थ चित्रण गरिएको छ । साथै सामाजिक, आर्थिक र यौनशोषणमा परेका समाजको यथार्थ पक्षको चित्रण गरिएको छ । त्यसैले यस अध्ययनबाट सीमान्त वर्गको आवाज र प्रतिरोधको चेतना खोज्न सकिने हुँदा प्रस्तुत अध्ययनमा उपयोगी रहेको छ ।

मञ्जु ज्ञवालीले “माया ठकुरीको गमलाको फूल कथासङ्ग्रहको विधातात्विक अध्ययन” (२०६८) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधग्रन्थमा गमलाको फूल कथासङ्ग्रह भित्रका कथाहरूको विधातात्विक अध्ययन विश्लेषण गरेकी छन् र उनका कथामा प्रयोग भएका बालक, नारी, पुरुष पात्रहरूको जीवनका विभिन्न क्षणमा भोग्नु परेका समस्यालाई कथाको माध्यमबाट समाजमा प्रस्तुत गर्न सफल भएकी छन् । यस अध्ययनमा सामाजिक यथार्थताको चर्चा पाइन्छ र समाजमा भोग्नु परेको समस्यालाई कथाको माध्यमबाट बुझ्न सहयोग गरेको छ । यद्यपि यस लेखमा पनि सीमान्तीयतामै केन्द्रित भएर अध्ययन भने भएको छैन । यस अध्ययनमा सामाजिक यथार्थताको जे जति चर्चा पाइन्छ त्यसले वर्गीयताको अध्ययन गर्न सहयोग गरेको छ ।

तारालाल श्रेष्ठ *शक्ति, स्रष्टा र सबाल्टर्न* (२०६८) कृतिमा अङ्ग्रेजी शब्द सबाल्टर्नले सदियौंदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ भनी सीमान्तीयता शब्दको अर्थ स्पष्ट पारेका छन् । उनले गैर शासकीय र अहैकमवादी वर्ग वा समुदायलाई सीमान्तीयता भनेका छन् र यो वर्ग सधैं अधीनस्थ हुन्छ , मानिस पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगका वस्तुसमेत बन्न पुग्छन् भन्ने विचार व्यक्त गरेका छन् । सीमान्तीय वर्गको प्रतिनिधित्वको दृष्टिकोणबाट इतिहास अझै समावेशी बन्न नसकेको भन्दै श्रेष्ठले सीमान्तीयताका लागि सम्भ्रान्तहरूको इतिहास कठोर र निष्ठुर रहेको कुरा आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । सीमान्तीयताको इतिहासलाई दबाइएको र विश्वमै सम्भ्रान्तहरूको इतिहासको मात्र व्याख्या विश्लेषण गरिइएको पाइन्छ । सभ्रान्त वर्गको जत्तिकै महŒवपूर्ण भए पनि सीमान्तीयताहरूको इतिहासलाई कुनै महŒव र प्रश्रय दिइँदैन । श्रेष्ठका अनुसार गरिब, किसान, मजदुर भूमिहीन, सुकुम्बासी, दलित तथा सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक हरेक हिसाबबा शोषित पीडितहरू नै सीमान्तीय समुदाय हुन् र सीमान्तीयता अध्ययन यसैमा केन्द्रित रहेको छ । श्रेष्ठको कृतिमा सम्भ्रान्त वर्गको विरुद्ध प्रतिकारात्मक किसिमबाट आएका साहित्य जस्तैं अश्वेत जातिको साहित्य, दलित साहित्य, प्रगतिवादी साहित्य, जनसाहित्य वा मानकभन्दा बाहिरका साहित्यमा

सीमान्तीयताको प्रतिनिधित्व बढी भएको छ भन्ने कुरालाई उठाइएको छ । यस पुस्तकबाट सीमान्तीयता सम्बन्धी सिद्धान्तहरूका लागि सहयोग प्राप्त भएको छ ।

अम्बिका देवकोटाले "माया ठकुरीको चौतारो साक्षी छ कथासङ्ग्रहको कृतिपरक विश्लेषण" (२०७०) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा कथा विश्लेषणका आधारमा चौतारो साथी छ कथासङ्ग्रहको विश्लेषण गर्दै विधातŒवका आधारमा कथासङ्ग्रहको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेकी छन् । माया ठकुरीका कथाहरूमा मानवीय जीवनको प्रायः नैराश्य र विसङ्गतिपूर्ण स्थितिको चित्रण पाइन्छ भने नारीहरूलाई उनले शोषित भएको देखाएकी छन् तर कुनै पनि नारीलाई क्रान्तिकारी भएर समाजका विरुद्ध उठाउन सकेकी छैनन् र नारीपात्रहरू कथामा पीडा सहेरै बसेका छन् भनेर तीखो आलोचना गरेकी छन् । समाजमा देखे भोगेका यथार्थ घटनाहरूलाई सरल ढङ्गबाट कथामा उतारेको पाइन्छ र बढी भावुक बनेर घटनालाई अनावश्यक विस्तार कथाकार ठकुरीले कहीँ पनि गरेकी छैनन् भन्ने कुराको उल्लेख गरेकी छन् ।

प्रस्तुत शोधपत्रले प्रभुत्वशाली वर्गले आफ्नो शक्ति र प्रभुत्वको आडमा निम्नवर्गमाथि कसरी अधिकार जमाउँछन् भन्ने वर्गीय विभेदलाई बुझ्न सहयोग पुऱ्याएको छ तर यस पुस्तकमा पनि सीमान्तीयतामै केन्द्रित भएर अध्ययन भने भएको छैन ।

मदनमान सिंह रोकायले "नजुरेको जोडी कथासङ्ग्रहको कृतिपरक अध्ययन" (२०७०) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा माया ठकुरीको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिदै कथायात्राको चरण विभाजन गरी विश्लेषण गर्दै प्रवृत्ति र योगदानको चर्चा गरेका छन् । कथातत्वको आधारमा नजुरेको जोडी कथासङ्ग्रह भित्रका कथाहरूको विश्लेषण गर्ने क्रममा रोकायले माया ठकुरीले नजुरेको जोडी कथासङ्ग्रहभित्र सङ्कलित कथाहरूका माध्यमबाट सामाजिक यथार्थका विभिन्न पाटाहरूलाई कथामा उतार्ने काम गरेकी छन् भनेका छन् । आर्थिक विपन्नताका कारणले उब्जाएको असहज परिस्थिति, कर्मचारीतन्त्रमा रहेको विकृति र विसंगति, वृद्ध र अपाङ्ग पात्रको यथार्थ तथा मनोवैज्ञानिक चित्रण, समाजका विभिन्न पक्षको यथार्थ चित्रण गरिएका उनका कथामा उज्यालाभन्दा अँध्यारा पक्षको उद्घाटन गरिएको पाइन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।यस अधययनमा सामाजिक यथार्थको चित्रण गर्नुका साथै आर्थिक विपन्नताको कारणले उब्जाएको असहज परिस्थितिको चित्रण गरिएको छ । प्रस्तुत अध्ययनबाट वर्गीय, जातीय र लैङ्गिकता खोज्न सकिने हुँदा यस अध्ययनलाई सन्दर्भ सामग्रीको रूपमा उपयोग गरिएको छ ।

सपना पोखेलले “आमा † जानुहोस् कथासङ्ग्रहका नारीपात्र” (२०७३) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा माया ठकुरीको कथाकारिताको निरूपण गर्दै आमा जानुहोस् कथासङ्ग्रहका कथामा प्रयुक्त नारीपात्रहरूको विश्लेषण गरेकी छन् । उनले नेपाली समाजमा नारीको आर्थिक अवस्था अति नै नाजुक भएकोले उनका कथामा प्रयुक्त नारीपात्रले नेपाली नारीको चरित्रलाई प्रतिबिम्बित गरेकी छन् भन्दै आर्थिक र यौन शोषणमा गरेका छन् भन्ने समाजका यथार्थ पक्षको उद्घाटन कथाकारले गरेकी छन् जुन कथाका क्षेत्रमा माया ठकुरीले पुऱ्याएको योगदान हो ।प्रस्तुत अध्ययनमा समाजमा नारीहरूले भोग्नु परेको पीडालाई प्रस्तुत गरिएको हुनाले यस अध्ययनबाट लैङ्गिक सीमान्तीयता खोज्न मदत पुगेको छ ।

लोकबहादुर डाँगीले “माया ठकुरीका कथामा प्रजाति, क्षण र परिवेश” (२०७४) शीर्षकको दर्शनाचार्य तहको अप्रकाशित शोधपत्रमा माया ठकुरीको सामान्य परिचय दिँदै माया ठकुरीका कथाहरूमा प्रजाति, क्षण र परिवेशमा हेर्ने काम गरेका छन् । उनले सीमान्तीयताका कोणबाट अध्ययन नगरेका भए पनि यस अध्ययनले ठकुरीको कथामा सीमान्तीयता खोज्न सहयोग पुगेको छ ।

उपर्युक्त पूर्वकार्यको समीक्षा हेर्दा माया ठकुरीका कथात्मक प्रवृत्ति, व्यक्तित्व, कथायात्रा र उनका कथाको अध्ययन विश्लेषणसँग सम्बन्धित रहेका छन् । प्राय : सबै शोधार्थीहरूले माया ठकुरीलाई यथार्थवादी कथाकारका रूपमा व्याख्या र विश्लेषण गरेका छन् । खासगरी ठकुरीलाई सामाजिक क्षेत्रमा घटेका घटनाहरूलाई जस्ताको तस्तै कथामा अभिव्यक्त गर्न सफल यथार्थवादी कथाकारका रूपमा लिएका छन् । त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग र अन्य कलेजका स्नातकोत्तर तहमा नेपाली विषय अध्ययन गर्ने विद्यार्थीले माया ठकुरीका बारेमा तयार गरेका शोधपत्रहरूमा माया ठकुरीका कथाकारिताको उपर्युक्त पूर्वकार्य माया ठकुरीले समाजमा घटेका घटनालाई कथामा जस्ताको तस्तै उतार्ने यथार्थवादी कथाकारका रूपमा मानिएको भए पनि सीमान्तीय अध्ययन पद्धतिमा आधारित भई ठकुरीका कथाहरूको सीमान्तीय कोणबाट अध्ययन गर्ने सन्दर्भमा अभाव रहेको देखिन्छ । अतः यसै अभाव परिपूर्ति गर्ने काम प्रस्तुत शोधमा गरिएको छ ।

## १.५ शोधको औचित्य

प्रस्तुत शोध माया ठकुरीका कथामा सीमान्तीयता शीर्षकसँग सम्बन्धित रहेको छ । यस शोधमा माया ठकुरीको सङ्क्षिप्त जीवन, व्यक्तित्व र कथायात्रा, सीमान्तीयताको सैद्धान्तिक परिचय, माया ठकुरीका कथाहरूको वर्गीकण र सीमान्तीयताका आधारमा ठकुरीका कथाहरूको

विश्लेषण गरिएको छ । सीमान्त वर्गको आवाज उठाउने ठकुरी समाजमा रहेका महिला, पिछडिएको वर्ग, कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरूलाई विषयवस्तु बनाएर कथा रचना गर्ने गर्दछिन् । माया ठकुरीका कथामा यिनै पक्षसँग सम्बन्धित के कस्ता सन्दर्भहरू प्रस्तुत भएका छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गरिने हुनाले पनि यस शोधकार्यको औचित्यलाई पुष्टि गर्दछ ।

## १.६ शोधको सीमाङ्कन

माया ठकुरीका कथामा निहित सीमान्तकृत समुदायको खोजी र विश्लेषणमा मात्र यो अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनमा माया ठकुरीको *नजुरेको जोडी* (२०३०), *गमलाको फूल* (२०३३), *साँघु तरेपछि* (२०३९), *चौतारो साक्षी छ* (२०४६), *माया ठकुरीका कथाहरू* (२०४८), *आमा ! जानुहोस्* (२०६४) र *प्रियंवदा* (२०६९) गरी जम्मा सातवटा कथासङ्ग्रहमा सङ्गृहीत एक सय दशवटा कथाहरूमध्ये सीमान्तीय विषयको सबल उपस्थिति रहेका बीसवटा कथाहरूका सोद्देश्य छनोट गरी ती कथाहरूमा रहेका वर्गीय, जातीय, लैङ्गिक पात्रलाई मूल केन्द्र बनाई अध्ययन गरिएको छ । सीमान्तीय अध्ययन अन्तर्गत सीमान्त समुदायको पहिचान, प्रतिनिधित्व र अप्रतिनिधित्व, प्रतिरोध चेतना, ज्ञान र शक्तिको सम्बन्ध, सीमान्तीकृत वर्गप्रति लेखकीय दृष्टिकोण तथा भाषाप्रयोग जस्ता सैद्धान्तिक मान्यताका आधारमा कृतिको अध्ययन गर्न सकिने भए पनि यस शोधमा सीमान्त समुदायको प्रतिनिधित्व र पहिचानको अवस्था र उनीहरूको आवाज र प्रतिरोध चेतनाका आधारमा मात्र माया ठकुरीका कथाको विश्लेषण गरिएको छ । यो नै प्रस्तुत शोधको सीमाङ्कन हो ।

## १.७ शोधविधि

माया ठकुरीका कथामा सीमान्तीयता शीर्षकको प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्रयोग गरिने सामग्री सङ्कलन विधि र विश्लेषण विधि सम्बन्धमा अलग अलग शीर्षकमा उल्लेख गरिएको छ ।

### १.७. १ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धका निम्ति आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । माया ठकुरीका कथाहरू यस शोधका प्राथमिक र मुख्य सामग्री हुन् भने तिनका बारेमा गरिएका समालोचना र सैद्धान्तिक आधारसँग सम्बन्धित सामग्री द्वितीयक सामग्री हुन् । शोधको प्रकृति अनुसार प्रस्तुत शोधका लागि यस्ता आवश्यक प्राथमिक र द्वितीयक दुबै

स्रोतका सामग्रीका लागि पुस्तकालयीय कार्यका माध्यमबाट सङ्कलन गरिएको छ । माया ठकुरीका *नजुरेको जोडी* (२०३०), *गमलाको फूल* (२०३३), साँघु तरेपछि (२०३९), चौतारो साक्षी छ (२०४६), *माया ठकुरीका कथासङ्ग्रह* (२०४८), *आमा ! जानुहोस्* (२०६४), र *प्रियंवदा* (२०६९) गरी जम्मा सात वटा कथासङ्ग्रहमा सङ्गृहित एक सय दश कथाहरूमध्ये सीमान्त पात्रको प्रतिनिधित्व सघन रूपमा भएका र सीमान्तीय विषयको सबल उपस्थिति रहेका बीसवटा कथाहरू ‘गहना’, ‘अनरेडियम’, ‘बहादुर’, ‘साने’, ‘साहेव’, ‘बले’, ‘मृगतृष्णा’, ‘धनवीरे’, ‘निर्मला’, ‘असजिला प्रश्नहरू’, ‘उज्यालोतिर’, ‘साहेब’, ‘धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा’, ‘उसको कथा’, ‘कुन्ता’, ‘अन्तिम निर्णय’, ‘युद्ध’, ‘गिद्ध’, ‘रात त मेरो पनि हो’, र ‘पहिचान’ कथाहरूका सोद्देश्य छनोट गरी ती कथाहरूमा रहेका वर्गीय, जातीय, लैङ्गिक पात्रलाई मूल केन्द्र बनाई अध्ययन गरिएको छ । ठकुरी र उनका  कथाका बारेमा विद्वान, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख रचना तथा स्वतन्त्र अध्ययनलाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधकार्य माया ठकुरीका कथामा सीमान्तीयता अध्ययनमा केन्द्रित छ । प्रस्तुत शोधमा शोधप्रश्नका रूपमा उठाइएका समस्याको समाधानका लागि पाश्चात्य समालोचना परम्परामा विकसित सांस्कृतिक अध्ययनअन्तर्गत सबाल्टर्नसम्बन्धी मान्यताले ग्राम्सी हुँदै गायत्री चक्रवर्ती स्पिभाकसम्म आइ पुग्दा एउटा विशिष्ट सम्प्रदायकै रूप ग्रहण गरेको छ । यसै क्रममा  सन् १९८० मा रञ्जित गुहाको नेतृत्वमा रहेको भारतीय इतिहासकारहरूको समूहले सबाल्टर्न शब्दलाई जाति, धर्म, वर्ण, लिङ्ग, पेसा, पद, हैसियत, उमेर, वर्ग, शारीरिक अवस्था आदिका आधारमा उपेक्षित व्यक्तिहरूको समूहलाई चिनाउनका लागि प्रयोग गरे ( श्रेष्ठ, २०६८, पृ.४१) ।  पछि यो एउटा अध्ययन सम्प्रदायको रूपमा विकसित भयो । सीमान्तीयताको अध्ययन विश्वव्यापी बन्दै जाने क्रममा सामाजिक संरचना, सीमान्त वर्ग, प्रभुत्वशाली समूह र विचारधारालाई आधार मानेर हेर्ने प्रचलन स्थापित भयो । ‘सीमान्तीयता’ पदावली इटालेली भाषाको र ग्राम्सीको जेलजीवनको कृति *प्रिजन नोटबुक्स*मा प्रयोग गरिएको सन्दर्भसित सम्बद्ध छ भन्ने बुझिन्छ (बराल, २०७३, पृ.१७२) । मनप्रसाद सुब्बाका अनुसार सत्ता, शक्ति, वर्चश्व, आधिपत्य मुठ्याएर केन्द्रले किनारालाई कहिल्यै आफू समान हुन दिँदैन, परपरै पन्छाएर त्योमाथि अह्रन, खटन र आफ्नै योजना मात्रै कार्यान्वित गरिरहन्छ (सन् २०११, पृ.३) । यसै अवधारणअनुरुप नै

अहिले सीमान्तीयता भित्र पनि जात, वर्ग, लिङ्ग, धर्म, पेशा, उमेर शारीरिक अवस्था आदिको बारेमा समेत अध्ययन गरिन्छ । त्यसैले यसमा सीमान्तीयताअन्तर्गत ग्राम्सी, रञ्जित गुहा र गायत्री चक्रवर्ती आदिको मान्यतालाई कथा विश्लेषणका आधार बनाइएको छ ।

### १.७.३ विश्लेषण विधि

प्रस्तुत शोधकार्य माया ठकुरीका कथाको विश्लेषणमा केन्द्रित छ । यो सीमान्तीयताको सैद्धान्तिक मान्यतामा आधारित भएर माया ठकुरीका कथाको सीमान्तीय विश्लेषण गरिएको छ । सीमान्तीयतासम्बन्धी जिज्ञासाको प्राज्ञिक समाधानका लागि ग्राम्सी, गायत्री चक्रवर्ती स्पिभाकको सैद्धान्तिक मान्यताको उपयोग गरिएको छ । सीमान्तीयता अध्ययनका अवधारणाका आधारमा कथामा प्रस्तुत वर्ग, जात, लिङ्ग र उनीहरूको आवाज र प्रतिरोध चेतनाको अध्ययन गरिएको छ । कथाको सीमान्तीयतामा आधारित प्रस्तुत शोधकार्य गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । त्यसैअनुरूप यसमा मुख्यतया व्याख्यात्मक र पाठ विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि यस शोधप्रबन्धमा निम्नलिखित छ परिच्छेदहरूको योजना गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद | शोधपरिचय |
| दोस्रो परिच्छेद | मायाठकुरीका कथामा सीमान्त समुदायको प्रतिनिधित्व र पहिचान |
| तेस्रो परिच्छेद | माया ठकुरीका कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना |
| चौथो परिच्छेद | सारांश र निष्कर्ष |

## दोस्रो परिच्छेद

# माया ठकुरीका कथामा सीमान्त समुदायको प्रतिनिधित्व र पहिचान

### २.१ विषय परिचय

माया ठकुरीका सातवटा कथा सङ्ग्रहभित्र एकसय दशवटा कथाहरू सङ्गृहीत छन् । यी एकसय दशवटा कथाहरूमध्ये सीमान्तीयताका दृष्टिले नमुना छनोट गरिएका जम्मा एक्काइसवटा कथाहरूमा वर्गीय, जातीय र लैङ्गिक सीमान्त समुदायको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

माया ठकुरी जीवन, जगत् र सामाजिक यथार्थलाई प्रस्तुत गर्ने कथाकार हुन् । ठकुरीका कथामा समाजका विभिन्न वर्ग र तिनका बिचको अन्तरद्वन्द्व, शोषण, दमन, घात, प्रतिघात जस्ता विषयलाई सरल र प्रभावकारी रूपमा प्रस्तुत गर्रिएको पाइन्छ । प्रस्तुत कथाहरूमा सामाजिक, संस्कृति तथा वर्गीयताले निर्माण गरेको उत्पीडनलाई देख्न सकिन्छ । उनका कथामा नेपाली समाजका विविध पक्षको यथार्थ चित्रण गरिएको छ । उनका कथामा नेपाली जनजीवनका सामाजिक, आर्थिक समस्याको चित्रण गरिएका छन् । त्यस अन्तरगत प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गमाथि गर्ने अन्याय, अत्याचार, शोषण, दमन र अपमानजनक व्यवहारबाट शोषित, पीडित र उपेक्षित हुनु पर्ने अवस्था देख्न सकिन्छ । उनका कथाहरूमा वर्गीय, सामाजिक संस्कृतिले निर्माण गरेको सीमान्तीयताका उत्पीडनलाई विभिन्न सन्दर्भहरूमा देख्न सकिन्छ । समाजमा सीमान्तीकृतको हैसियतमा बाँच्न बाध्य भएका वा बाध्य पारिएका व्यक्ति, समुदायहरूको प्रतिनिधित्व उनका कथामा रहेका छन् । यस परिच्छेदमा उनका कथामा सीमान्त पात्रहरूले के कसरी आफ्नो प्रतिनिधित्व र पहिचान कायम गरेका छन् भन्ने कुराको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### २.२ सीमान्तीय अध्ययनको अवधारणा

सीमान्तीयता शब्द नेपाली भाषामा अंग्रेजी ‘सबाल्टर्न’ बाट अनूदित शब्द हो । ‘सबाल्टर्न’ शब्द नेपाली समालोचनाका क्षेत्रमा बहुप्रचलित शब्दका रूपमा स्थापित छ । यस शब्दले सदियौंदेखि शासित, आवाजविहीन, पहिचानविहीन, इतिहासविहीन, अधिकारविहीन तथा अनेक कोणबाट शाषित, पीडित वर्गलाई जनाउँछ । इटालीका मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्ची इटालीकै जेलमा बस्दा लेखेका लेखहरूको संगालो *प्रिजन नोटबुक (१९६३) बाट* ‘सबाल्टर्न’

शब्दको प्रयोग भएको हो (बराल, २०७३, पृ.१७२) । बिस्तारै 'सबाल्टर्न' शब्दको प्रयोग, अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने काम इटालीमा मात्र सीमित नरहेर यो विश्वव्यापी रूपमा फैलिँदै जान थाल्यो । यसै क्रममा सन् १९८० मा रणजित गुहाको नेतृत्वमा रहेको भारतीय इतिहासकारहरूको समूहले सबाल्टर्न शब्दलाई जाति, धर्म, वर्ण, लिङ्ग, पेसा, पद, हैसियत, उमेर, वर्ग, शारीरिक अवस्था आदिका आधारमा उपेक्षित व्यक्तिहरूको समूहलाई चिनाउनका लागि प्रयोग गरे (श्रेष्ठ, २०६८, पृ.४१) । पछि यो एउटा अध्ययन सम्प्रदायको रूपमा विकसित भयो । सीमान्तीयताको अध्ययन विश्वव्यापी बन्दै जाने क्रममा सामाजिक संरचना, सीमान्त वर्ग, प्रभुत्वशाली समूह र विचारधारालाई आधार मानेर हेर्ने प्रचलन स्थापित भयो ।

सबाल्टर्न पदावलीको साइनो पुरानो फ्रान्सेली भाषा सबल्टर्ने ( sabalterne) सित जोड्ने गरिएको भए पनि यसलाई ल्याटिन सबल्टर्नस् (subal-ternus) को विकसित रूप सबाल्टर्न (subaltern) का रूपमा ग्रहण गर्ने गरिएको छ । सबाल्टर्नको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकाहरु भन्ने हुन्छ (बराल, २०७३, पृ.१६२) । इटालेली भाषामा यसलाई सबाल्टर्नो भन्ने गरिएको छ । जेलमा हुँदा ग्राम्सीले जेलको कठोर सेन्सिरसिपबाट जोगिन धेरै ठाउँ साङ्केतिक पदावलीहरूको प्रयोग गरेका छन् । ग्राम्सीले इटालीकै जेलमा बस्दा लेखेका लेखहरूको सङ्ग्रह *प्रिजन नोटबुक*बाट सीमान्तीयता शब्दको प्रारम्भ भएको पाइन्छ । सबाल्टर्न विषयसँग सम्बद्ध सामग्रीको लेखन तथा प्रकाशन भने सन् १९८० को दशकपछि मात्र देखिएको हो । जब रङ्गभेद, वर्ग, जाति, लिङ्ग, यौनिकता, छुवाछुत, क्षेत्रीयता जनजाति आदिसँग सम्बद्ध मुद्धाले मूल धारमा स्थान पाउन थाल्यो त्यसपछि सबाल्टर्न वर्गहितको पक्षमा पनि डिस्कोर्स निर्माणमा वृद्धि भएको हो (श्रेष्ठ, २०६८, पृ.१६) । सबाल्टर्न वर्गले समाजको महŒवपूर्ण स्थान र उत्पादनको उच्च प्रकारको जिम्मेवारी वहन गर्दै आएको भए पनि सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, लैङ्गिक आदि दृष्टिले उपेक्षित छ । यसै कारण यो वर्ग स्वयम्ले र बौद्धिक क्षेत्रका लेखक तथा सर्जकहरुले सबार्ल्टन अध्ययनलाई अघि बढाएका छन् ।

सबाल्टर्न वर्ग समाजको सबैभन्दा तल रहेको हुन्छ तर उत्पादनको क्षेत्रमा महŒवपूर्ण भूमिका भए पनि उपभोगका अवस्थामा भने उसको महŒव किनारामा पुगि सकेको हुन्छ । यसरी इतिहासका सबै कालखण्डमा एउटा केन्द्रले अनेकन ढङ्गले निर्माण गरेको किनाराको वर्ग नै संसारमा सबाल्टर्न वर्गका नामले परिचित छ । सबाल्टर्न शब्दको अर्थ वा भावमा पनि परिवर्तन हुँदै आएको छ । वर्तमान अर्थमा सबाल्टर्नले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, लैङ्गिक, पेशाजस्ता हरेक हिसाबले तल पारिएका/परेका 'तल्लो वर्ग' समूहलाई

जनाउँछ । यस अर्थको भावबाट 'सबाल्टर्न' शब्दको प्रयोग प्रथमतः इटालीका मार्क्सवादी तथा सांस्कृतिक विश्लेषक आन्तोनियो ग्राम्चीबाट सबाल्टर्न शब्द लिइएको सबाल्टर्न शब्दलाई निम्न, उपेक्षित र किनारीकृत वर्गको सम्बोधक शब्दका रूपमा लिने प्रचलन छ ।

ग्राम्सी आफैं इटाली कम्युनिस्ट पार्टीका महासचिव थिए । सन् १९२४ मा महासचिव भएपछि उनलाई कम्युनिस्ट भएकै आरोपमा सन् १९२६ मा पक्राउ गरी २० वर्षको जेल सजाय दिइएको थियो । उनले सर्वहाराकै अर्थमा सीमान्तीकृत शब्दको प्रयोग गरेको सन्दर्भलाई नबुझेर फरक विचारका अनुयायी एवम् कम्युनिस्टइतर विचारका समर्थकहरूले पनि सीमान्तीयता शब्दको प्रयोग गरेका थिए भनी लुडनले व्यङ्ग्य गरेका छन् । फरक धारका विचारकहरूको भ्रमबोधले पनि ग्राम्सीको विचार तथा सीमान्तीयता शब्दको विश्वव्यापीकरण हुने काममा थप सहयोग गरेको तर्फ लुडनले सङ्केत गरेका छन् । 'ग्राम्सीले 'सबाल्टर्न' शब्दको प्रयोग सर्वहारा वर्गलाई जनाउन गरेका थिए । जेलका सुरक्षा अधिकारीहरूको सेन्सरबाट बच्नका लागि उनले मजदुर वर्गको सट्टा सबाल्टर्न शब्द उपयोगमा ल्याएका थिए' (चापागाईं, २०७३ पृ.७७) । यसरी हेर्दा ग्राम्सीले जेलका सुरक्षा अधिकारीहरूबाट बच्नेका लागि प्रयोग गरेको शब्द नै पछि 'सबाल्टर्न' सिद्धान्तको रूपमा विकसित भएको देखिन्छ ।

सीमान्तीयताका बारेमा ग्राम्सीका धारणालाई ताराकान्त पाण्डेयले आत्नो पुस्तक '*मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र'* नाम पुस्तकमा यसरी प्रस्तुत गरेका छन्:

> ग्राम्सीले जेलमा बस्दा लेखेका पुस्तक *प्रिजन नोटबुक*मा भन्न खोजिएको उनको चिन्तनको केन्द्रीय पद प्रभुत्व वा वर्चस्व हो । यसको केन्द्रीय सार के हो भने विनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई वर्चस्व/प्रभुत्वले बाँधेको हुन्छ । यो त्यति बेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा सामान्य/साझा मान्यताको विकास गरिन्छ । ग्राम्सीले ब्रिटेन र फ्रान्सको उदार प्रजातन्त्रको सफलताको आधार यसलाई देखे । प्रभुत्वमा वार्ता र सहमति आधारभूत तŒवका रूपमा रहन्छन् । विचारहरू, मूल्यहरू, विश्वासहरू माथिबाट लादिँदैन, न त स्वतन्त्र वा आकस्मिक रूपले नै यसको विकास गरिन्छ । बरु, एउटा यस्तो अवस्थाको निर्माण हुन्छ जतिबेला श्रमिकहरू हामी शोषित भएका, ठगिएका वा लुटिएका छौं भन्ने थाहा पाउँदैनन् । पुँजीपतिले लिएको अतिरिक्त मूल्य पनि उनीहरूको अधिकारै हो भन्ने उनीहरू ठान्छन् । आत्नो अवस्थालाई उनीहरू आत्नै पूर्वजुनीको फल ठान्न थाल्छन् (२०७३, पृ. ६४) ।

यसरी हेर्दा आफूमाथि भएका उत्पीडनहरूलाई पराजित गर्न यस समुदायले विद्रोहको आवश्यकतालाई बोध गर्न सक्दैन । परस्पर परिपूरकका रूपमा रहने ज्ञान र शक्ति दुबैबाट यो समुदाय बाहिर धकेलिएको हुन्छ । यिनीहरू यसरी बाहिर धकेलिनुमा स्वयम् जिम्मेवार छैनन् र वर्तमानमा मात्र मूलधारबाट बिमुख भएका पनि होइनन् । यिनीहरू त शक्ति प्रयोगको कारणबाट बिमुख बनाइएका हुन् ।

प्रतिनिधित्वका सन्दर्भमा रोवर्ट स्कोलले पाठको शक्तिका आधारमा कुनै पनि कृतिको अध्ययन, व्याख्या र विश्लेषण वा सबाल्टर्न वर्गको विषयलाई वा प्रतिनिधित्वको मुद्दालाई नवीन ढङ्गले अध्ययन गर्न सकिन्छ । साथसाथै सबाल्टर्न मैत्री कृति भए झन बढी स्पष्टसँग अध्ययन गर्न सकिन्छ भनेका छन् (सुवेदी, भूमिका, २०६८, पृ.xvii-xxvii) । यसरी हेर्दा नेपाली राजनीतिक संरचनामा सामन्तवादी शक्ति केन्द्रित हैकमवादी प्रवृत्ति लामो समयसम्म रहेकोले त्यसको प्रभाव स्रष्टा र कृतिमा परेको पाइन्छ ।

मिसेल फुकोले शक्तिको प्रभावभन्दा पर केही हुँदैन भन्ने कुरालाई प्रकाश पारेका छन् । साहित्य पनि यस्तो प्रभावबाट जोगिएर पर रहन नसके पनि प्रभावको तह र अंशमा भिन्नता भई घटीबढी हुन सक्छ । यस दृष्टिबाट हेर्दा इतिहासका ढाँचामा साहित्यमा शक्ति वा शक्तिशालीको अपेक्षाकृत कम प्रभाव देखिन्छ (शर्मा, २०७०, पृ.३१९) । आज पूर्वाग्रहीपूर्ण इतिहास कसरी लेखियो र सबाल्टर्न वर्गको इतिहासलाई कसरी बेवास्ता गरियो भनि आज लेखाजोखा सुरू भएको छ । यही आवाज विहीनहरूका आवाजलाई, सुन्ने र सबाल्टर्न वर्गको अथाह योगदानलाई केन्द्रमा राख्दै इतिहास र साहित्यको पूर्ण विश्लेषण गर्ने उद्देश्यबाट सबाल्टर्न अध्ययनको आरम्भ भएको हो ।

केन्द्रले सम्पूर्ण कुरालाई आफ्नो अधीनमा राखी सधैं आफ्ना हितमा मात्र प्रयोग गर्ने हुनाले सबाल्टर्न वर्ग सधैं उपेक्षित र तिरस्कृत अवस्थामा रहन बाध्य हुन्छ । मनप्रसाद सुब्बाका अनुसार "सत्ता, शक्ति, बर्चश्व, आधिपत्य मुठ्याएर केन्द्रले किनारालाई कहिल्यै आफू समान हुन दिँदैन, परपरै पन्छाएर त्योमाथि अह्रन, खटन र आफ्नै योजना मात्रै कार्यान्वित गरि रहन्छ " (सुब्बा, सन् २०११, पृ.३) । यसरी मानव इतिहासमै एउटा वर्ग सधैं अरूकै नियन्त्रण, निर्देशनमा बाँच्न विवश छ ।

वास्तवमा सबाल्टर्नहरूको कुनै प्रकारको इतिहास, पहिचान र शासकीय भूमिका हुँदैन । इतिहासको पानामा भेटिएका, आवाज दबाइएका र शासकीय शक्तिबाट टाढा सबाल्टर्न वर्गलाई परम्परागत इतिहास लेखनले समेटेको देखिँदैन । यस सिद्धान्तका अनुसार परम्परागत लेखनको पद्धति अपूर्ण र भ्रमात्मक छ किनभने यसले उच्च तथा सम्भ्रान्तीय शासक वर्गको मात्र एकपक्षीय

इतिहास लेखनलाई चर्चामा ल्याउने काम गर्छ । यसैकारण उच्च वर्गीय इतिहास लेखनको यस परम्परागत पद्धतिभित्र सबाल्टर्नको इतिहास भेटिन्छ अनि उनीहरूको आवाज समेत हराएर जान्छ । यस हैकमले शासकीय शक्तिबाट उनीहरू सधैं उत्पीडित हुन्छन् र विभिन्न अवसर र भूमिकाबाट समेत बञ्चित हुन बाध्य बन्छन् । आफ्नो उच्च वर्गीय हित, सत्ता र शक्तिको मोह प्रभुत्वलाई बचाइराख्न सम्भ्रान्तीय इतिहासको व्यवहारिक प्रक्रियामा एक पक्षीय रणनीति कायम रहने भएकाले इतिहास लेख्न र त्यसको प्रचारमा समेत यसै उच्च वर्गीय समूहको वर्चस्व र पक्षधरता कायम रहन्छ । त्यसैले सबाल्टर्न भन्नाले समाजको स्थापित संरचनाबाट बहिस्कृत भएका राजनीतिक प्रतिनिधित्व नभएका आवाजको प्रतिनिधित्वबाट समेत बञ्चित बनेका समूहलाई बुझिन्छ । समाजले निर्माण गरेको संरचना भन्दा सबाल्टर्न समुदाय बाहिर रहन्छ र आफू लगायत कसैको पनि प्रतिनिधित्वको अवसर उनीहरूलाई दिइँदैन । उनीहरूका भनाइहरूलाई स्थापित संरचनाभित्र महŒव प्रदान गरिँदैन र उनीहरूका राजनीतिक समस्यालाई समेत बेवास्ता गरिन्छ (भट्टराई, २०६९, पृ.६८) । सबाल्टर्न वर्ग भनेको आर्थिक वर्ग मात्र होइन, जीवनका अनेक कोणबाट यस वर्गको पहिचान गर्न सकिन्छ ।

सबाल्टर्नको अर्को क्षेत्र जाति पनि हो । क्षमतावान् वा बहुसंख्यक जातिका बीचमा अल्पसंख्यक वा कमजोर जातिहरू किनारीकृत बनाइएका छन् । सुब्बाका अनुसार “एक बहुसंख्यक, विकसित, शक्तिसम्पन्न जातिले अर्को अल्पसंख्यक या कमजोर जातिलाई दबाउने, पन्छाउने जाति शक्तिकेन्द्रबाट उब्जिएको छ, नश्लीय किनारीकरणका कैयौं कथाहरू” (सुब्बा, सन् २०११, पृ.१४) । यो ज्वाला जातबाट सल्किँदै जातीय परम्परा, संस्कार वा संस्कृतितर्फको मार्गतर्फ अग्रसर छ । त्यसै गरी एउटा शक्ति राष्ट्रले अर्को कमजोर राष्ट्रलाई उपनिवेश वा नवउपनिवेशका रूपमा थिचाइको व्यवहार गर्दा कमजोर देशहरू पनि सबाल्टर्न वर्गमा जोडिन पुग्छन् । सबाल्टर्न द्विचरविरोधमा अर्थिन वा चिनिन पुग्छ । यसै सन्दर्भमा सुब्बाका मत अनुसार “कुनै पनि कुराको केन्द्रीकरणले द्वैध वैपरीत्य (बाइनरी पोजिसन) उब्जाउने काम गर्छ, सुविधा सम्पन्न/वञ्चित, गर्बित/लुब्ध, नर/नारी, सभ्य/अविकसित, पाश्चात्य/प्राच्य आदि/अघिल्लोले आफ्नो क्षमता जति स्थापित गर्दै जान्छ , पछिल्लो उति नै किनारातिर धकेलिँदै जान्छ” (सुब्बा, सन् २०११, पृ.२०) । यसरी अभिजात वर्ग वा केन्द्र वा मूल प्रवाहसँग विपरीतधर्मी स्वार्थ भएकै कारण सबाल्टर्न वर्गले सधैं प्रताडना भोगिरहनु परेको छ ।

रमेशप्रसाद भट्टाराईका अनुसार सत्ता शक्ति शक्तिसम्बन्धमा आधारित हुन्छ । फुकोको सत्तासम्बन्धी अवधारणामा आधारित हुँदै सांस्कृतिक समालोचकहरूले कलम चलाएका छन् भने सांस्कृतिक राजनीति र सांस्कृतिक नीतिनिर्माणमा पनि उनका धारणाहरूलाई स्थान दिन

थालिएको छ । यति हुँदाहुँदै पनि सांस्कृतिक अध्ययनअन्तर्गत सत्ता भन्नाले नियन्त्रक एकाइ हो र त्यही कारण समाज। वर्ग, जाति, जनजाति, लिङ्ग, राष्ट्रियता आदि समस्या देखापरेका हुन् । पछिपरेका यी विविध समुदायको सत्ता-दमन र सत्ता-सम्बन्धको अध्ययनबाट नै सांस्कृतिक अध्ययनले सत्ताको प्रवृत्ति र प्रकृतिको वर्णन गर्न सक्छ (२०७० पृ.२३५-१६४) । यसरी हेर्दा सीमान्तीय अध्ययनमा सत्ता र शक्तिसम्बन्धको प्रभाव रहेको देखिन्छ ।

संसारका सबै क्रान्ति र सबै परिवर्तनमा सबाल्टर्न वर्गकै अहम् भूमिका रहेको छ । उनीहरूनै समाजका हरेक कार्यमा सक्रिय छन् तर सधैं उपेक्षित छन् । साहित्यमा पनि यस वर्गको उपस्थिति र कार्य अपरिहार्य छ । सबाल्टर्न वर्गकै कथा, व्यथाको प्रस्तुति र विश्लेषणबाट कलामा कलात्मक साजसज्जाको निर्माण भएको हुन्छ । यसै सम्बन्धमा तारालाल श्रेष्ठ भन्छन् "बहुआयामिक क्षेत्र भएकाले एकतर्फी ढङ्गले सोच्नु पनि हुन्न । साहित्य यस्तो क्षेत्र हो,जहाँ मानकहरू निर्माण हुन्छ र त्यसको विनिर्माण पनि हुन्छ । सबाल्टर्न अध्ययनले इतिहासविहीन, आवाजविहीनलाई यसै प्रक्रियाबाट प्रभावकारी स्पेश दिने प्रयत्न गरेको छ " (२०६८, पृ. ४४) ।

ग्राम्चीले सीमान्तीयता शब्दलाई उत्पीडित र निमुखा वर्गको अर्थमा प्रयोग गरेका भए पनि हाल यसको अर्थमा केही परिष्कार, परिमार्जन तथा परिवर्तन भएको पाइन्छ । वर्तमान अवस्थामा यस शब्दले शासकीय शक्ति वा प्रभुत्वशाली शक्तिको संरचना भन्दा बाहिर रहेका सबै प्रकारका समुदायलाई अर्थ्याउने गरेको पाइन्छ ।

मूलधारको भाषामा उनीहरूले बोल्ने नसकेका कारण उनीहरूको आवाज नसुनिएको हो, तर उनीहरू भित्रभित्रै बोलेका हुन्छन् भन्ने भनाइ गायत्री चक्रवर्तीको रहेको छ । उनका अनुसार सांस्कृतिक साम्राज्यवादभित्र जसको पहुँच छैन त्यो 'सीमान्तीयता' हो । नारीवादी चिन्तक गायत्री चक्रवर्ती स्पिभाकद्वारा यस शब्दलाई आजको व्यापक अर्थमा प्रयोग गरिएको छ (बराल, २०७३, पृ.१७२) ।

सीमान्तकृत वर्गको हुन् भन्ने सन्दर्भमा नेपालको संविधान २०७२ को भाग ३४ को धारा ३०६ मा सीमान्तकृत शब्दको परिभाषा र व्याख्या गर्दै भनिएको छ : सीमान्तीकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताका कारणले सेवासुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुनबमोजिम मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ (पृ.१६२) । कृतिभित्र प्रतिनिधित्व गराइएका जातीय, वर्गीय र लैङ्गिक सीमान्त पात्रहरूको पहिचान कुन रूपमा गराइएको छ भन्ने

कुराको खोजी यसमा गरिन्छ । कृतिभित्र सीमान्तको प्रतिनिधित्व गराएर मात्रै सीमान्तीकृत वर्गप्रति उपकार वा गुण लगाएको मान्न सकिदैन । उसलाई कृति भित्र कुन स्तरको पहिचान दिइएको छ भन्ने कुरा हेर्नु पर्दछ । प्रभुत्वशाली वर्गको पहिचानलाई प्राथमिकता दिइएको छ कि सीमान्तीकृत वर्गको पहिचानलाई बढावा दिइएको छ भन्ने प्रश्नको अध्ययन यसभित्र गरिन्छ ।

यसरी सीमान्तीयतासम्बन्धी विभिन्न विद्वान्का विचारसँगै नेपालको संविधानले पनि आर्थिक र सामाजिक रूपले पिछडिएको र राज्यको सेवासुविधाबाट वञ्चित नागरिकको समूहलाई बुझ्नु पर्छ भन्ने कुरालाई स्पष्ट परेको छ ।

## २.३ माया ठकुरीका कथामा वर्गीय सीमान्तीयता

सीमान्तीयताको पहिचान गर्ने महत्वपूर्ण आधारहरूमा वर्ग, जाति र लिङ्ग पनि पर्दछ । इतिहासले सधैँ उच्च वर्गलाई मात्र प्राथमिकता दिँदै सीमान्तीय वर्गका कथाव्यथा र योगदानलाई उद्देश्यमूलक ढङ्गबाट विलयन गर्ने काम गऱ्यो । केन्द्रले सम्पूर्ण कुरालाई आफ्नै अधीनमा राखी सधैँ आफ्नो हितमा मात्र प्रयोग गर्ने हुनाले सीमान्तीय वर्ग सधैँ उपेक्षित र तिरस्कृत बन्न बाध्य भए । माया ठकुरीका 'गहना', 'अनरेडियम', 'आत्मसन्तुष्टि', 'बहादुर', 'साने', 'साहेव', 'बले', 'मृगतृष्णा', 'धनवीरे', 'निर्मला' गरी दशवटा कथाहरूलाई कथामा पाइने वर्गीय, सीमान्त पात्रहरूको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाको आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### २.३.१ 'गहना' कथामा वर्गीय सीमान्तीयता

माया ठकुरीको पहिलो कथा सङ्ग्रह *नजुरेको जोडी* २०३० मा प्रकाशित कथा सङ्ग्रह हो । यस कथामा जम्मा एघारवटा कथा समाबेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा दुईवटा कथा वर्गीय सीमान्तीयतायुक्त कथा रहेका छन् भने एउटा लैङ्गिक सीमान्तीयतायुक्त कथा रहेको छ । ती मध्ये 'गहना' वर्गीय सीमान्तीयतालाई आधार बनाएर लेखिएको कथा हो ।

प्रस्तुत 'गहना' कथामा प्याउली र गोफ्लीजस्ता निम्न वर्गीय पात्रहरूको आर्थिक अवस्थाका कारण अर्काको घरमा धन्धा गरेर पेट पाल्ने यी दुई निम्नवर्गीय पात्रहरूले अरूको हेपाइ र पेलाइबाट पाएको पीडालाई प्रस्तुत गरिएको छ । कथामा प्रयुक्त पात्र मालिक्नी साहुनी धनी र उच्च वर्गको पात्र हो । मालिक्नीको आलिसान बङ्गाला छ । काममा थोरै ढिला पुग्दा पनि

मालिक्नीले किन ढिला भन्दै सोध्ने गरेको र चारजनाको परिवार भए पनि जुठा भाँडाहरू टन्नै भएको, कपडा पनि दिनै फेरेर धुनलाई उत्तिकै राखि दिएको, गोफ्लीलाई उसको आफ्नै नामले नबोलाएर कान्छी भनेर बोलाएको जुन गोफ्लीलाई पटक्कै मन परेको छैन तर पनि ऊ मालिक्नीको अघि बल्ल पाएको काम पनि खोसिएला कि भन्ने डरले केही बोल्न सकेकी छैन । काम सकेपछि र महिनाभरि काम गरेपछि पैसा पाउने बेला उसलाई मालिक्नीले दुई रूपैयाँ काटेर दश रूपैयाँको एउटा नोट र अरू दुई र एकको गरेर जम्मा १८ दिएको छ । गोफ्लीले दुई रूपैयाँ कम्ती छ त भनेर सोध्दा काँचको गिलास फुटाएबापत लिएको भनेर जवाफ दिन्छे । आखिर त्यो गिलास गोफ्लीले नफुटाएर उसकै छोराले खेल्दै गरेको गोला गिलासमा लागेर फुटेको थियो । मालिक्नीले गोफ्लीलाई गर्ने व्यवहार तलको उदाहरणमा हेर्न सकिन्छ : "ए कान्छी ! जल्दी करो कपडा यी धोना है " (पृ .४७) ।

प्रभुत्वशाली समाजमा प्रभुत्वशाली वर्गले निम्न वर्गलाई जे भनेर बोलाए पनि हुने ठान्छ । मालिक्नीको चर्को आवाजले कान्छी भनेर सम्बोधन गरेको गोफ्लीलाई झनक्क रिस उठ्छ तर बल्ल पाएको काम हातबाट जाने डरले खुम्चिएर बस्न विवश हुन्छे । चुपचाप त्यति धेरै काम गर्दा पनि मालिक्नीले विभिन्न वाहनामा उसले पाउने श्रमको मूल्य काट्ने गरेको कुरा यस उदाहरणबाट प्रस्ट हुन्छ : "उस दिन काँचका गिलास तोडाना उसका दाम दुई रूपियाँ काटा " (पृ.४७) । यसरी अनेक यातना खपेर हरेक घरमा काम गर्दै आफूले आधा पेट खाएर छोरालाई पनि आधा पेट खुवाएर अलिकति पैसा जम्मा गर्न सकेकी छे । गोफ्ली र प्याउली यस कथाका वर्गीय दृष्टिले सीमान्तीकृत पात्र हुन् । सामन्ती उत्पादन सम्बन्ध र त्यसको अन्यायपूर्ण वितरण प्रणलीको कारण उनीहरूको आर्थिक अवस्था दयनीय छ । जीवनका लागि अत्यावश्यक कुराबाट वञ्चित भएको र एकदमै दयनीय अवस्थामा जीवन विताउन बाध्य रहेको उनीहरूको अभाव तथा कष्टपूर्ण अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> मैले दिउँसो भोक लाग्दा के खाने नि ? "हन यसको भुँडीमा कत्तिको जाकिन सक्ने हो । म त आइपुग्छु नि धन्धा भियाएर," नाइँ ! साँचो दिएर जाऊ, भोक लाग्यो भने म चामल भिजाएर खान्छु ।" "लौ ले साँचो" भनेर कालेको कलिलो गालामा चड्कन लगाएर गोफ्ली थाल्छे फलाक्न, "साहू, कुन जन्ममा रिन खाएकी रैछु, जत्तिकै कोचाए पनि नहुने, दिनरातको पिरलो मलाई ।" यति बेलासम्म रमिता हेरिरहेकी प्याउली मुख खोल्छे "केटाकेटीको जात न हो खेल्छन्, दगुर्छन् र भोक पनि लाग्छ नै, दिए पनि त हुन्थ्यो चाबी ।" "यसलाई चाबी दिएँ भने त भरे भोकै सुन्नु पर्ला नि ।" भन्दै रूँदै गरेको

कालेलाई त्यसै अवस्थामा छोडेर गोफ्ली बाटो लाग्छे, पछिपछि प्याउली पनि । हिँड्दै भन्छे "के गर्नु ! अर्को छाक पनि त टार्नु पर्‍यो" (पृ.४६ ) ।

वर्गीय सामाजिक संरचनाका कारण गोफ्ली, प्याउली र उनीहरूका छोराछोरीहरू सीमान्तकृत हुन पुगेका छन् । उनीहरूसँग भोक मेटाउन सक्ने आर्थिक अवस्था अत्यन्त नाजुक रहेको कारण अरू घरमा गाली खाइ खाइ काम गर्दा पनि छोरालाई पोषिलो कुरा त परको पेटभरि भात, खाजा खुवाउन सकेकी छैन, खोले पकाएर खुवाउँछे । वर्गीय सामाजिक संरचना भएको समाजमा आर्थिक संरचनाले अन्य सामाजिक अधिरचनाका विभिन्न एकाइहरूमा देखिन्छ । समाजमा निम्न वर्गका व्यक्तिहरू आफ्ना अधिकार गुमाएर बाँच्न बाध्य हुन्छन् । यस कथामा पनि गोफ्ली, प्याउली र उनीहरूका सन्तान जीवनका लागि अत्यावश्यक आधारभूत हक गुमाएर सीमान्तकृत हुन विवश भएका छन् ।

प्रस्तुत कथामा नारीपात्रहरू नारीद्वारानै लैङ्गिक तथा वर्गीय रूपमा सीमान्तीकृत बनाइएका छन् । प्राय : पितृसत्तात्मक सामाजिक संरचना विद्यमान रहेको समाजमा पुरुषले नारीलाई नारी भएकै कारणले किनारीकृत हुन्छन् तर यहाँ उच्चवर्गीय नारीद्वारा निम्नवर्गीय नारी वर्गीय रूपमा सीमान्तीकृत भएका छन् ।

### २.३.२ 'अनरेडियम' कथामा वर्गीय सीमान्तीयता

'अनरेडियम' कथामा मध्यम वर्गीय आर्थिक अवस्था भएका कर्मचारीको अवस्था र सरकारी कार्यालयमा कर्मचारीहरूको चाकडीवाज र कर्मचारीतन्त्रलाई देखाइएको छ । यस कथामा सरकारी कार्यालयमा एउटा मेहनती, इमानदार र योग्य कर्मचारी भएर पनि चाकडी नगर्दा कहिल्यै पदोन्नति नभएर घर, खर्च धान्न धौ धौ भइ अन्तमा कसरी अकालमा ज्यान गुमाउनु परेको छ भन्ने विषयलाई मार्मिक ढङ्गले उठाइएको छ । काम गर्दाखेरि मरिमेटी काम गरे पनि इमान्दारीताको कुनै मूल्याङ्कन नहुने र जसले इमानदारीलाई आदर्श मानेको हुन्छ, त्यसको हालत यस कथाको पात्र भीष्म थापाको जस्तो हुन्छ भन्ने यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । भीष्म थापा अभाव र गरिबीको जाँतोमा पिसिँदा पिसिँदा मिहिन बनिसकेका छन् । उनले शरीरमा लगाएको कमेजको कलर फाटिसकेको छ र पेन्ट चाहिँ कालो रङ खुइलिएर ध्वाँसे ध्वाँसे देखिएको छ । जुत्ता चाहिँ ठाउँ ठाउँमा टालेको र तल चाहिँ खिइएर नाम मात्र रहेको छ । अभाव र गरिबीले उसलाई समयभन्दा पहिले बुढो बनाएको छ । उनका सहकर्मीहरू उनको इमानदारीलाई हेर्दै व्यङ्ग्य गर्ने गर्छन् तर निमेस उनलाई त्यस व्यङ्ग्यको वाणले अलिकता पनि घोच्दैन । इमानदारीपूर्वक मरिमेटी काम गर्दा पनि इमानदारीको कुनै मूल्याङ्कन नभएका कारण चाकडी

गरेर पद हत्याउनेहरूले उनलाई व्यङ्ग्य वाण बेला बेलामा प्रहार गर्ने गर्छन् । यस सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> कसो हो थापा बाबु, के अनरेडियम पाउने आशा छकि क्या हो ? परको कुनाबाट एकजना कर्मचारीले सोध्छ । थापा बाबुको लेख्दै गरेको हात अडिन्छ , उनले त्यो सोध्ने तिर हेरेर अनुहारमा उही शुन्यताको भाव लिएर भन्छन् खै के भनूँ ! आशा मात्रै पो हुने हो कि । होइन तपाईंको नाम ता हाइली रिकोमेन्डेड भनेर लेख्लान् नि सुपरिन्टेडेन्टले, हामी पो...(पृ.५९-६०) ।

कथालाई वर्गीय दृष्टिबाट हेर्दा समाजमा उच्च वर्गले आर्थिक कारण वा अवस्थालाई आधार मान्दै निम्न वर्गलाई सीमान्तीकरण गर्छ भने उच्च वा बहुसङ्ख्ययक जातिले जन्म र जातिका आधारमा निम्न र अल्पसङ्ख्यक वर्गलाई सीमान्तीकरण गर्छ । चाकडी गर्नेहरूको अघि उसको इमानदारीको कुनै मूल्याङ्कन नभई ओभेलमा परेको छ । सबैबाट व्यङ्ग्यवाण खाँदै, तिरस्कृत भएर भीष्म सीमान्तकृत हुन पुगेको छ ।

प्रस्तुत कथामा समाजमा प्रचलित सामाजिक मूल्य, मान्यताका कारण भीष्म थापा केन्द्रबाट धकेलिएर किनारामा पुगेको छ । इमानदार भई मरिमेटी काम गरे पनि तलब नबढेर अन्य आम्दानीको स्रोत पनि नभएका कारण भीष्म थापाको आर्थिक अवस्था एकदमै दयनीय बन्न पुगेको छ । परिवारको भोक मेटाउने र उपचार गर्ने कल्पना बुन्दै हिड्दा गाडीको ठक्करबाट मृत्युवरण गर्न पुगेका छन् । यसरी वर्गीय समाजमा उच्च वर्गले निम्न वर्गलाई उसको परिस्थितिजन्य कमजोर अवस्थाको मौका पारेर उसको इमानदारीतामा विश्वासघात गरी निरन्तर प्रहारका माध्यमबाट विक्षिप्त पारी सीमान्तीकृत अवस्थामा पुऱ्याउँछभन्ने यस कथाको निष्कर्ष रहेको छ ।

### २.३.३ 'आत्म सन्तुष्टि' कथामा वर्गीय सीमान्तीयता

माया ठकुरीको दोस्रो कथा सङ्ग्रहका रूपमा *गमलाको फूल* २०३३ मा प्रकाशित कथा भएको हो । यस सङ्ग्रहमा जम्मा पन्ध्रवटा कथा समावेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनैवटा कथाहरू वर्गीय सीमान्तीयतायुक्त रहेका छन् । ती कथाहरू मध्ये 'आत्म सन्तुष्टि' वर्गीय सीमान्तीयतालाई आधार बनाएर लेखिएको कथा हो । यस कथामा तत्कालीन नेपाली समाजका उच्च र अभिजात वर्गले निम्न वर्गलाई हेर्ने दृष्टिकोण र त्यसबाट यो वर्ग सीमान्तीकृत अवस्थामा पुग्न बाध्य हुन पुगेको सन्दर्भलाई प्रमुखताका साथ उठाइएको छ । यस कथामा

समावेश भएका पात्रहरू  सानी, मने र उनीहरूका मालिक, मालिक्नी हुन् । मालिक, मालिक्नी अभिजात वर्गीय पात्र हुन् भने सानी र मने सीमान्तकृत पात्र हुन् । उनीहरूले किनारीकृत वा सीमान्तकृत समुदायको प्रतिनिधित्व गरेका छन् । उनीहरूको आर्थिक अवस्था दयनीय भएको कारण मालिक,मालिक्नीका घरमा काम गर्न बसेका छन् । खासमा मनेको बुवा त्यही मालिक, मालिक्नीकहाँ धेरै वर्ष काम गर्दा गर्दै बितेका कारण पछि मनेलाई पनि त्यहीँ काम गर्न राखेको हुन्छ । पछि मनेसँग विवाह गरेपछि सानी पनि त्यहीँ बस्न थालेकी हुन्छे ।

यस कथाकी मुख्य पात्र सानी र उसको लोग्ने वर्गीय दृष्टिले सीमान्तकृत पात्र हुन् । सामन्ती उत्पादन सम्बन्ध र त्यसको अन्यायपूर्ण वितरण प्रणलीको कारण उनीहरूको आर्थिक अवस्था दयनीय छ । नत बस्ने घर छ नत खेतीपाती नै । जीवनका लागि अतिआवश्यक कुराबाट वञ्चित भएको र एकदमै दयनीय अवस्थामा जीवन जिउन उनीहरू विवश छन् ।

सानैबाट अभाव र कष्टमा हुर्केको सानीको निम्ति घरायसी काम गर्ने मनेकी पत्नी हुनु पनि सौभाग्यको कुरो हुन गएको छ, अझ उसलाई पनि त्यसै घरमा मालिक्नीको काममा हातेपाते गर्न राखिएको छ । उसको निम्ति मने, मालिक, मालिक्नी र उनीहरूको घर नै संसार भएको छ । मालिक्नीले लगाउने कपडा, मेकपका सामानहरू सानीका निम्ति  आश्चर्य र अनौठा वस्तुका रूपमा रहेका छन् । मालिक्नीका रङी बिरङ्गी सारीहरू स्पर्श गर्दै ऊ दङ्ग परेकी हुन्छे । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> कति राम्राराम्रा सारी छन् मालिक्नीका ! लाउँदा छर्लङ्गै जीउको बनाटसम्म छुटिने, भएन यो सारीभित्र लाउने पेटीकोटधरि कति राम्रो चिल्लो लुगाको र चोलो पनि उस्तै रङको मालिक्नीको जीउमा यो चोलो कति टम्म मिल्छ । तर सारै छोटो हो  (पृ.१८) ।

निम्नवर्गीय आर्थिक स्थितिका कारणले दारूण जीवन बाँच्न विवश पात्र मने लगायत सानीले राम्रो लगाउन त परै जाओस् खानसम्म पाएका छैनन् । सामाजिक संरचनाको निर्माणमा प्रभुत्वशाली वर्ग नै सर्वेसर्वा भएको र प्रभुत्वशाली वर्गले नै आफू अनुकूलको सामाजिक संरचना निर्माण गरेको हुनाले सीमान्त वर्ग किनारामा पुऱ्याइएका छन् । यस कथाका पात्र सानी भर्खरकी तरुनी लाऊँलाऊँ खाऊँखाऊँ उमेरकी छे । मनमा अनगिन्ती रहरहरू छन् तर पनि आर्थिक अभावका कारण पूरा गर्न सकेकी छैन । विहे भएर आए तापनि उसको पति मने एउटा घरको नोकर भएका कारण उसका चाहना पूरा गर्न सक्दैन । त्यसकारण आफ्ना पतिका सामु ऊ आफ्ना इन्द्रेनी सपनाहरू लुकाएरै राख्ने प्रयास गर्छे । ज्ञानको अभावमा निम्नवर्गीय मानिस ठूलाबडाको कुरा काट्न सक्दैनन् । फेरि समाजमा गरिब भएर जन्मेपछि आफ्नो, इच्छा, चाहना बाहिर प्रकट

गर्न पनि उसका लागि असम्भव प्रायः हुन्छ । यहीँ कुराको सिकार सानी बनेकी छे । भनेको कुरा अनुसार मालिक उसको लागि साह्रो दयालु लाग्छ । सायद आफ्नाको माया नपाएका कारण होला मालिकले केही मिठो वचन बोली दिएकै भरमा उसलाई आफ्नो बाबुले माया गरेजस्तै ठान्छ । आफ्नो श्रमको मूल्य थाहा नपाएर एक वचन मिठो बोलेकै भरमा बिना मूल्य श्रमदान गरिरहेको छ । आफ्नो श्रमको मूल्य, पसिना र मेहनतको मूल्य पाउनु पर्छ भन्ने चेतनाकै अभावमा श्रम गरे पनि श्रमहीन बनेरकिनारीकृत जीवन बिताउनु परेको छ । ऊ मालिकलाई आफ्नो बाबुसरह मान्छ । मनेले आफ्नी श्रीमती सानीलाई मालिककै घरमा धेरै वर्ष चाकरी गरेर यहीँ नै उसको बाबु स्वर्गे भएको बताउँछ । बाबु स्वर्गे भएपछि मालिक दयालु भएकै कारण उसको बाबुको ठाउँमा उसलाई राखिएको र  माया गर्ने कुरा पनि ऊ सानीलाई सुनाउँछ ।

मने आफ्नी श्रीमतीलाई अति माया त गर्छ तर आर्थिक अभावका कारण ऊ आफ्नी श्रीमतीलाई भने जस्तो खान र लगाउन दिन सक्दैन । आर्थिक अभाव भए पनि ऊ मालिकसँग श्रमको मूल्य माग्न सक्दैन । ऊ चुपचाप मालिक, मालिक्नीको हर काममा सघाइ राख्छ । यसरी एकदिन मालिक्नी विहानै मनेलाई लिएर शिलाङ गएकी छिन् । मालिक अफिस गएका छन्, सानी एक्लै हुन्छे । सानी एक्लै भएको मौका पारेर मालिकले सानीको अस्तित्व लुट्ने जमर्को गर्छ । ऊ बच्नका लागि चिच्याउँछे तर उसको आवाज ठूलो घरको बलिया भित्तामा ठोकिएर बिलाउछ, बाहिरिन सक्दैन । अन्त्यमा कुनै उपाय नलागेपछि रोएर हात जोरी दयाको भिख माग्छे तर पाषाणको मनलाई सानीको रोदनले लेस मात्र पनि पगाल्न सक्दैन । यसैबेला ऊ चेतनाहीन हुँदै जान्छे । यसै बेला मने आइपुग्छ र मालिकको घाँटी समात्छ ।  घिच्रोको घर घराहटको आवाजले सानीको आँखा खुल्छ र उसले मालिकको बाहिर निस्कन थालेझैं राता आँखा देख्छे । ऊ आत्मसन्तुष्टि अनुभव गर्छे । यसरी कथामा घटित सम्पूर्ण घटनाहरूलाई नियाल्दा आर्थिक विपन्नताका कारण सीमान्तकृत बन्न पुगेको पात्रका रूपमा मने र सानी पात्रको प्रतिनिधित्व भएको छ । आर्थिक अवस्था कमजोर भएकै कारण उनीहरू किनारीकृत अवस्थामा बाँच्न विवश छन् ।

### २.३.४. 'बहादुर' कथामा वर्गीय सीमान्तीयता

'बहादुर' कथामा तत्कालीन नेपाली समाजमा भएको आर्थिक आधारको वर्ग सम्बन्ध र त्यसले निम्न वर्गमा पारेको नकारात्मक प्रभावलाई कलात्मक विन्यास गरिएको छ । वीरेको जीवनको अकल्पनीय व्यथालाई एकाकार गरी प्रस्तुत गरेर वर्गीय समाजका विकृत चरित्रलाई उदाङ्ग पार्ने प्रयत्न गरिएको छ । बहादुर कथाका बहादुर र वसन्ती पात्रले सीमान्तकृत वर्गको प्रतिनिधित्व गरेका छन् । नौ वर्षमै विधवा भएकी वसन्ती र वीरे एक अर्कालाई प्रेम गर्छन् ।

गाउँलेले वसन्तीलाई जे जस्तो भने तापनि वीरेको नजरमा ऊ पवित्र छे । वसन्तीले पनि विरेलाई मनमनै आफ्नो ठानेकी छे । वीरेले वसन्तीबाटै थाहा पाएकी हो कि पतिको अनुहारसम्म नचिनेकी ऊ विधवा भए पछि उसको सासू,ससुरा, जेठाजुद्वारा घर ल्याइएर कमारीझैं काममा जोताइएको कुरो र जेठाजुले वसन्तीलाई नराम्रो आँखाले हेर्ने गरेको कुरो पनि वसन्तीबाट वीरेले थाहा पाएको हो । घरको यातना सहन नसकेर वसन्तीले वीरेलाई लैजानु, यी पापीहरूबाट लैजानुभन्दा पनि वीरेले बाटा खर्चका अभावमा आफूले माया गरेको मान्छेको पीडा टुलटुल हेर्न विवश भएको छ । सीमान्तीयताका दृष्टिले हेर्ने हो भने यस कथामा वर्गीय समाजलाई स्पष्ट रूपमा देख्न सकिन्छ । वीरेको आर्थिक अभावकै कारण उसले आफूलाई माया गरेको मान्छेलाई अन्याय र पीडाबाट मुक्त गर्न सकेको छैन । आफूले माया गरेको मान्छेलाई पीडा छ । ऊ रोइरहँदा पनि लैजान सक्दैन । उसको आर्थिक अवस्था दयनीय रहेको प्रसङ्लाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> पख, पख अलिदिन, बाटाखर्चसम्म जुटाएँ भने म तुरून्तै तिमीलाई त्यस नरकबाट झिकेर टाढा लगी अन्तै कतै गएर बसौँला (पृ.३०) ।

उपर्युक्त साक्ष्यबाट वीरे पात्रको आर्थिक अवस्था एकदमै कमजोर रहको स्पष्ट हुन्छ । ऊ आर्थिक रूपले विपन्न, जीवन बाँच्न विवश भएको तथ्यलाई स्पष्ट पार्दछ । वीरे आर्थिक रूपमा विपन्न भएको कारणले आफूले माया गरेकी वसन्तीलाई भगाएर लैजान सक्दैन । आर्थिक अवस्था कमजोर भएकै कारण समाजमा प्रभुत्वशाली वर्गकाट ऊ सीमान्तकृत बन्न पुगेको देखिन्छ । आर्थिक अवस्था कमजोर भएपछि वसन्ती लैजाने आश्वासन दिएको छ । वीरेले तर त्यो पुरा हुन सक्दैन । घरको कचकच र जेठाजुको गिद्धे नजरबाट बच्न वसन्तीले रूखमा झुन्डिएर देह त्याग गरेकी छिन् । गोरो, पातलो घाँटी चिउरीको मोटो हाँगामा पटुकीको भरमा तुर्लुङझुन्डिएको शरीरअनि ती खुला निस्तेज आँखामा छाएको मूक वेदना जसले चिच्याई चिच्याई आफ्नो दुःखान्त कहानी भनिरहेकै लाग्छ वीरेलाई यो दुःखद कहानी जान्ने वीरे बाहेक अर्को एकजना थियो त्यो वसन्तीको जेठाजु थियो । वर्गीय समाजमा उच्च वर्गले निम्न वर्गलाई अन्तिम अवस्थासम्म पनि प्रहार गरिरहन्छ भन्ने कुरा तलको भनाइबाट स्पष्ट हुन्छ :

> लोग्नेलाई उहिल्यै खाइहाली क्यारे अन्त अहिले चाहि बैंसले मात्तिएर कसको हो कसको पेटँ ......, तर वीरेको लात भुँडीमा पर्नासाथ “ऐया !” भन्दै ऊ भुइँमा पछारिन पुग्छ । त्यो वसन्तीको जेठाजु थियो । भीडमा हल्लाखल्ला मच्चिन्छ । फेरि जुध्न तम्सेको वीरेलाई मानिसहरू अघि बढ्न दिँदैनन् । त्यसपछि वीरेले चाहेर पनि केही गर्न सक्तैन । कारण ऊ गाउँको एउटा गरिब, त्यो धनी साहूका अघि उसको केही सीप चल्दैन (पृ.३०) ।

यसरी आफ्नी प्यारी वसन्तीप्रति उसको जेठाजुले भनेका कुरा सुनेर सहनै नसकेपछि ऊ प्रतिवाद गर्न तम्सन्छ तर उसलाई मानिसहरूको भिड्ले अघि बढ्न दिँदैन । त्यसपछि वीरे चाहेर पनि केही गर्न सक्दैन । ऊ एउटा गाउँको गरिब युवक त्यो घनी साहुको अघि उसको केही सीप चल्दैन । वीरे सम्भ्रान्त वर्गको अघि लाचार बन्न विवश  हुन्छ ।

वर्गीय समाजमा कमजोर र निम्न वर्गहरूको आँसु, भावना, सपना र सारा कुरा शक्तिशाली वर्गका लागि हाँसो र आफ्नो स्वार्थपूतिको साधन बन्छ । यसरी वसन्तीको मृत्युसँगै वीरेको सपना, वसन्तीको कल्पना, इच्छा, यौवन जम्मै धनवानले लगाएको होममा जलेर खरानी बनेको छ । वर्गीय समाजले वीरेले रोजेको जीवनसँगिनी र सुखमय संसार खोसेर लियो । वसन्तीले एउटा सवल पुरूषको छत्रछायामा सुरक्षित जीवन, शान्ति र प्रेम चाहेकी थिईं, त्यो पनि वर्गीय समाजले लुट्यो । उसलाई सारा सपनाहरूबाट र आफूले माया गरेको वीरेलाई छाडेर मर्न विवश बनायो ।

आर्थिक आधारमा गरिने विभेदले मानवतालाई समेत पराजित गरेको समाजमा अपहेलित वर्गमा विवश जीवन बाँच्न लाचार बन्नेहरूका लागि बस्ने ठाउँ नै बाँकी रह्यो । तसर्थ गरिबीले विवश वीरे आफ्नी प्रेमिकाको हत्यारालाई कुनै सजाय दिलाउन सक्दैन । उसले वसन्तीप्रति गरेको अन्याय थाहा हुँदाहुँदै पनि वसन्तीलाई न्याय दिन सक्दैन बरू उल्टो समाजमा अपमानित भई बस्न नसकेर अर्काको देशमा मजदुरी गर्न विवश बनेको छ । प्रभुत्वशाली वसन्तीको जेठाजु र समाजका कारण वीरे सीमान्तकृत भएको छ । उसले आफूमाथि उत्पीडन भएको भनेर न्यायको ढोका ढकढकाउन सकेको छैन ।

सामाजिक शासन व्यवस्थामा आर्थिक एवम् सामाजिक संरचनागत दृष्टिकोणले प्रभुत्वशाली वर्गले प्रभाव जमाएको हुन्छ । यस अर्थमा सामाजिक, सांस्कृतिक  व्यवस्थामाथि हैकम जमाउन सफल व्यक्तिहरू नै सम्भ्रान्त वर्गमा पर्दछन् । सामाजिक, सांस्कृतिक स्वरूपमा एकछत्र प्रभुत्व रहेको यो वर्गले सामन्तवादी, पुँजीवादी समाज व्यवस्थाको संवाहकको रूपमा आफूलाई स्थापित गरेको हुन्छ । यही सामन्तवादी, पुँजीवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक षड्यन्त्र गरी गरिब, निमुखा वर्गमाथि शोषण र अन्याय गरेका हुन्छन् आफ्नो समाज र ठाउँबाट किनारीकृत भएर परदेसिएको वीरबहादुरले अरूको देशमा समेत किनारीकृत हुनु परेको छ । अरूको देशमा त झन आफ्नो नाम, पहिचान सारा कुरा गुमाउनु परेको छ । वीरबहादुर परिचय गुमाएर बहादुर नामले चिनिन पुगेको छ । गाउँबाट सीमान्तकृत भएपछि वीरबहादुर कामको सिलसिलामा छिमेकी मुलुक भारतमा गएको बुझिन्छ । उसको मालिकको भाषाले ऊ भारतीय नागरिक हो भन्ने स्पष्ट हुन्छ । वीरबहादुर (वीरे) को मालिकले उसलाई उसको नामले

नबोलाएर 'बहादुर' नामले बोलाउने गरेको छ । प्रभुत्वशाली मालिकले आफ्नो प्रभुत्व कायम गर्न वीरेलाई सधैँ किनारीकृत गरेको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

"बहादुर ! ओ बहादुर !!" "बहादुर ! इसको उ..ठा....के बेडरूम मे चलो" (पृ.२९) । त्यसपछि वीरे लाचार भएर मालिकले अह्राएको सारा काम गर्छ । आर्थिक विपन्नताकै कारण वीरे पेट पाल्न अरूको देश जान परेको छ । निम्न आर्थिक अवस्था भएका मान्छेहरूले अरूका देशमा पनि निम्न स्तरका काम गर्न बाध्य हुनु परेको कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :"बहादुर ! इसको उ..ठा..के बेडरूम मे चलो ।" लरबरिएको जिब्रोले साहव भन्छ । एकछिन त वीरबहादुर अलमल्ल पर्छ ।" इ..सको ह..मारा..बेड रू...म..." साहब वीरबहादुरको छेऊमा पुग्छ र औँलाले त्यो युवती तिर देखाउछ । वीरेको मनमा त्यो युवती र पुरूषप्रति अलि घृणा जागेर आउँछ । उसलाई त्यति नै बेला त्यो ठाउँ छाडेर हिड्न मन लाग्छ तर विवश वीरबहादुर अभाव र परिस्थितिको जाँतोमा परेर चाहेर पनि चाकरीको मोह त्याग्न सक्दैन र त्यो लडिरहेकी युवतीको छेऊ पुग्छ र युवतीलाई जुरूक्क उचाल्छ । युवतीलाई उचाल्नसाथ उसको नाकमा ह्वास्स रक्सीको गन्ध पस्छ । ऊ मन मिचेर त्यस युवतीलाइ उचालेर साहबको बेडरूमतिर लाग्छ पछि पछि साहेब पनि "बहादुर! तुम सचमुच मे बहादुर...ह...हो ।" भन्दै हातमा आधा जति रहेको रक्सीको बोतल लिएर बेडरूमतिर लागेको थियो " (पृ.२९) ।

यसरी बहादुर आफ्नै गाउँ समाजमा किनारीकृत भएर अरूको देशमा काम गर्न गएको छ । त्यहाँ पनि आफूलाई प्रभुत्वशाली तथा समृद्धशाली भनाउनेहरूको क्रियाकलापले उसमा रिस तथा घृणा उत्पन्न गराएको छ  तर चाहेर पनि त्यसको कुनै प्रतिकार गर्न नसकेर लाचार बनी टुलुटुलु हेर्न विवश हुनु परेको अवस्थालाई कथामा प्रस्तुत गरिएको छ ।

सदियौंदेखि नेपाली युवाहरू लाहुर तथा विदेश जाने परम्परा छ तर पनि सीमान्तकृत वर्गको आर्थिक अवस्थामा खासै परिवर्तन आएको छैन । यस कथामा पनि अरूको भाँडा माझ्दा लाहुरमा भासिँदा, चौकीदारी गर्दा पनि सीमान्तकृत वर्ग गाँस, बास, कपास र जीवन बाँच्ने आधार गुमाएर पुस्तौंसम्म प्रताडित भएर बाँच्न विवश भएको सीमान्तकृत रूपमा वीरेको प्रतिनिधित्व र पहिचान भएको छ ।

### २.३.५. 'साने' कथामा वर्गीय सीमान्तीयता

'साने' कथामा नेपालको वर्गीय विभेदलाई उठाएर लेखिएको कथा हो । आर्थिक रूपमा विपन्न वर्गले आफ्नो पेट पाल्न कतिसम्मको सङ्घर्ष गर्नु पर्छ र कतिसम्म प्रताडित हुनु पर्छ,

कतिसम्म अन्याय, अत्याचार चुपचाप सहनु पर्छ भन्ने जस्ता विषयवस्तुलाई कथामा समेटिएको छ । यस कथाको मुख्य बालपात्र साने सीमान्त समुदायको प्रतिनिधि पात्र हो । प्रस्तुत कथामा सानेजस्तो निम्नवर्गको बाल सुलभ पात्रको माध्यमबाट समाजमा रहेको सम्पन्न र शोषकवर्गले आफ्नो हैकम समाजका विपन्नवर्गमा कसरी चलाउछन् र निम्न वर्गका व्यक्ति आफ्नो पहिचान गुमाएर कसरी सीमान्तीकृत हुन पुग्छन भन्ने कुरा देखाएको छ ।

यस कथाका सीमान्त समुदायको प्रतिनिधि पात्र साने र उसकी आमा वर्गीय रूपले सीमान्त पात्र हुन् । साने गरिब र निम्न वर्गको भएकै कारण समाजका प्रभुत्वशाली वर्गबाट उपेक्षित हुन पुगेको छ । सीमान्तकृत भएकै कारण ऊ आफ्नो जन्म दिनबाट समेत बेखबर बनेको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> आमा मेरो जन्म दिन छैन र ?सानेले भाँडा माझ्दै गरेकी आमाको छेउमा गएर प्रश्न गऱ्यो । उसकी आमाले एकपल्ट पुलुक्क ऊतिर हेरी र केही नबोली भाँडा मस्काउन थाली । आमा ! आमा ! मेरो जन्मदिन छैन र भन न ? (पृ.५५) ।

माथिको साक्ष्यबाट साने यो भौतिक दुनियाँबाट बेखबर रहेको कुरा स्पष्ट हुन्छ । आमाले उसको जिज्ञासा मेटाइदिनुका सट्टा उल्टो रिसाएर हकारेकी छ । उसको असहायपनप्रति आमाले समेत उपेक्षा गर्नु, उसको बालसुलभताप्रति खिसी उडाउनु आदि कार्यबाट साने सीमान्तकृत बन्न पुगेको छ ।

वर्गीय समाजमा बालबालिका आफ्ना अभिभावक र आर्थिक अभावमा निरीह हुन्छन् । त्यस्तो समाजमा शक्ति, सम्पत्ति, जालझेल र प्रपञ्च आदि नै समाज सञ्चालनको आधार हुने हुँदा यस प्रकारका शक्ति नभएकाहरू स्वाभाविक रूवमा सीमान्तीकरण गरिन्छन् । त्यसकारण यस्तो समाजमा व्यक्तिगत स्वार्थका अगाडि मावनता सधैं पराजित हुन्छ । समाजले अवलम्वन गर्ने नीति वा पद्धतिका आधारमा व्यक्तिका जीवन मार्गको रेखाङ्कन हुन्छ । मानवतालाई महत्व दिने सामाजिक संरचनाभित्र सम्पत्ति र त्यसबाट सिर्जित शक्तिले मानिसलाई पराजित गर्न सक्दैन भने सक्नेले जति पनि कब्जा गर्न पाउने र शक्तिहीनहरू निरीह बन्नैपर्ने परिपाटी भएको समाजमा सम्पत्तिले मानवतालाई परास्त गर्छ र  यसमा साने र उसका आमाजस्ता व्यक्तिहरू देखिन्छन् ।

सानेकी आमासँग धन, सम्पत्तिको अभाव छ, जसको कारण उनी अरूको घरमा भाँडा माझ्न विवश छिन् । पैसाको अभावमा छोराको अघि निष्ठुरी बन्न बाध्य भएकी छिन् । मन त उसलाई पनि धनिमानीको छोराछोरीझैं मिठो खान दिने, राम्रो लगाउन दिने, जन्म दिन

धुमधामसँग मनाउने, पढाउने छ तर पनि आर्थिक अभावका कारण उनले ती सबै गर्न पाएकी छैनन् । यस कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

> आमा मलाई पनि त्यस्तै तीनचक्के साइकल किनी देऊ न भनेको छ । उत्तरमा सानेकी आमाले छोरालाई काखमा राखेर मुसार्दै आर्द्र स्वारमा म जस्तीको कोखमा जन्म लिएर ती सब कहाँ पाउछस् बा , ती पाउनलाई त ठूलाबडाका घरमा जन्म लिनु पर्छ बा भनेकी थिई । सानेको कलिलो मगजले आमाको कुरामा लुकेको गूढ अर्थ केलाउन सकेन र सहज रूपले ऊ फेरि प्रश्न गर्छ, "आमा मालिक्नी कहाँ त बच्चा छैन त, फेरि त्यो खेलाउना के गर्छिन् ?(पृ.५६)

निम्नवर्गीय सीमान्त वर्गका सपना, चाहना केवल सपना चाहनामै सीमित हुन्छ । एउटा निम्न वर्गले पेट भर्नका निम्ति त कति धेरै चुनौतीसँग पौठेजोरी खेल्नु पर्छ भने खेलाउने कुरा आफ्ना बच्चाका निम्ति किनिदिन त एकदमै परको कुरा हो । आफ्नो आफ्नो सन्तानको विहान बेलुकाको छाक टार्नु नै सपना बनिरहेको बेला सन्तानको खेल्ने, पढ्ने सपना पूरा गर्नु निम्न वर्गका निम्ति साह्रो कठिनको काम हो ।

सानेकी आमालाई छोराको दुई छाक खुवाउन धौ धौ परेको बेला उसको पढ्ने सपना, साइकल चलाउने सपना कसरी पुरा गर्न सकोस् । सानेलाई यो पनि थाहा छैन कि मेरो सपना पूरा गर्ने ल्याकत आमासँग छैन र मेरो चाहनाले आमालाई कति पीडा पुग्छ भन्ने नि थाहा छैन । अबोध साने सपनाका चाङ बोक्दै दिनदिनै अरूको घर जाने गर्छ र आमाको पछि पछि लागिरहन्छ । आमा काम गरून्जेल आमाकै छेउ छाऊ आफ्नो खेल्ने संसार बनाएर एक्लै धुनुफुनु खेलिरहन्छ । उसको संसार भनेको आमा र ढुङ्गा माटा भएको छ । समाज र परिवारद्वारा निर्मित परिस्थितिकै आडमा उच्च वर्ग र उच्च वर्गमा जन्मिएका सानाले पनि ठूलाको सिको गर्दै निम्न वर्गलाई सीमान्तीकृत गर्छ र जुन कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> ए केटा ! त किन यहाँ बसेको हँ ? फूल चोर्न ? आमालाई पर्खेको, ऊ बन्दुकतिर हेरेर कमलो स्वरमा उत्तर दिन्छ । फूल चोरिस् भने यो यसरी गोली हानेर मार्छु बुझिस् ? म, ऊ नभन्दै बन्दुक सानेतिर ताक्छ र साने तर्सेर देखेर ऊ खितितिति हाँस्दै, डरायो - मेरो बन्दुक देखेर डरायो भन्छ (पृ.५६-५७) ।

वर्गीय समाजमा व्याप्त सामाजिक विकृतिको प्रभाव बालबालिकामा पर्ने हुँदा उनीहरूको चरित्र पनि त्यही अनुकूल बन्छ र त्यसले बाल्यावस्थाबाटै उनीहरूलाई सीमान्तकृत अवस्थामा पुऱ्याउने र पुर्‍याइ माग्ने दुबै कार्यतर्फ अभिप्रेरित मात्र गर्दैन, अभ्यस्त पनि बनाउँछ । समाजमा

वयस्कहरूले गर्ने कार्यका आधारमा बालकहरूको चरित्र निर्धारण हुनुका साथै सामाजिक मूल्यको मानक समेत तय हुन्छ अर्थात समाजमा वयस्कहरूले जे गर्छन् त्यसैको आधारमा सामाजिक मान्यताको निर्माण हुन्छ र त्यसले बालबालिकाको चरित्र निर्माणको आधारमा तय गर्छ । यहाँ सानेलाई तर्साउने मालिक्नीको छोरो साने नै जत्रो भए पनि उसमा वर्गीय रबाफ छ । उसले बच्चैबाट त्यो वर्गीयता देखेको कारण ठाउँ पाउनासाथ वा आफूभन्दा दुर्वल देख्नासाथ आफ्नो वर्गीय रबाफ पोखेको छ । आफूसँग भएको नक्कली बन्दुक देखाएर सानेलाई तर्साएपछि आफू साने डरायो भनेर मज्जाले हाँसेको छ । वर्गविभेदको चिन्तन स्थापित भएको समाजमा निम्न वर्ग सधैं दमित अवस्थामा मात्र रहन्छ । उसले जीवनमा कहिल्यै शिर ठाडो पार्न पाउँदैन । सानै उमेरदेखि सधैं उच्च वर्गकै खटन मान्नु र उच्च वर्गकै सेवामा सधैं समर्पित हुनु नै निम्नवर्गको कर्तव्य बन्न पुग्छ ।

समाजले वर्गको आधारमा मानिसको मानसिकताको निर्माण गर्छ । यस क्रममा उच्च वर्गका बच्चालाई सानै उमेरदेखि 'म सक्षम हुँ' भन्ने चेतना भरिदिएर बाल्यावस्थाबाटै सीमान्तकृत अवस्थातर्फ अग्रसर गराउँछ । यो कुरा मालिक्नीले आफ्नो सानो छोरालाई सिकाएको व्यवहारले स्पष्ट पार्दछ । "यसले बिठ्याइँ गर्‍यो भने गोली हानि दिनु है ! लौ हिड अब, दूध सेलाउन लाग्यो" (पृ.५७) । मालिक्नीका छोराले गरिब र अमिरको कुरा आफ्नो परिवार र समाजसँगको अन्तर्क्रियाबाटै सिकेको हो । वर्गीय विभेदको संस्कार भएको समाजको खास प्रकारको चरित्र पनि यही हो ।

समाज र घर परिवारले निर्माण गरिदिएको आधारमा बालकले चरित्रको निर्धारण गर्नुका साथै भविष्यप्रतिको मानसिकता पनि तयार गर्छ । यस कथामा बालक नै अवस्थामा रहे पनि मालिक्नीको छोराले उच्च वर्गको प्रतिनिधित्व गरेको छ भने सानेले किनारीकृत वर्गको । उसले सानेलाई बन्दुकको आडमा पटकपटक तर्साएर आफ्नो अधिनमा ल्यउने प्रयास गरिरहेको छ । ऊ सानेमाथि हैकमी शासन लाद्न समेत पछि परेको छैन भन्ने कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> ए केटा तेरो नाउँ क्या हो ? "साने ।" साने क्षीण स्वरमा उत्तर दिन्छ । तँलाई गोली चलाउन आउँछ ? लौ चला त । उहुँ मलाई आउँदैन । साने एक प्रकार अत्तालिदैं भन्छ र केही पाइला पछि सार्छ । धत् ! कस्तो, केटो भएर पनि बन्दुक चलाउन आउँदैन ? ज्ञानु एकछिन घोरिन्छ र फेरि प्रश्न गर्छ, ,"तँलाई पढ्न आउँछ, म जस्तै अङ्ग्रजी बोल्न आउँछ ?" सानेले विस्तारै नकारात्मक भावमा मुन्टो हल्लाउँछ र भुइँतिर हेर्छ (पृ.५७-५८) ।

सानेको अबोध मस्तिष्कमा ज्ञानुका रबाफिला प्रश्नहरूले निरीह बनाइ दिएको छ । ऊ ज्ञानुको तुलनामा आफूलाई हर क्षेत्रमा कमजोर महशुस गर्छ । ज्ञानुको प्रश्नको उत्तर दिनु पनि उसलाई ठूलो आँट चाहिएको छ । यस कथामा समाजको वर्ग विषमतालाई जस्ताको त्यस्तै व्यक्त गरेको छ । ज्ञानुको अघि साने आफूलाई साह्रै निरीह पाउँछ । यी परिस्थितिहरूले सानेलाई ज्ञानुभन्दा कमजोर, निरीह र तल्लो स्तरको तथा असक्षम प्रमाणित गर्न दबाव सिर्जना गरेको छ । यसरी सम्पत्तिका आधारमा मानिसको स्तरीकरण गरिने समाजमा उच्च वर्ग नै सबै क्षेत्रमा अब्बल सावित हुन्छ । एउटै उमेरको बालकहरूमा पनि यस्तो फरक कसरी भयो अनि यस प्रकारको फरक स्वभावको परिणति कस्तो हुन्छ ? यो सबै वास्तवमा स्थापित सामाजिक व्यवहारकै परिणाम हो । वर्गीय विभेदलाई नै मानकका रूपमा स्वीकार गरेको समाजले ज्ञानुजस्ता उच्च वर्गकालाई दमनकारी कार्य नै प्रेरित गर्छ भने सानेजस्ता निम्न वर्गकालाई सधैं सहनमात्र बाध्य गराउँछ । यसरी बाल्याकालबाटै एउटा वर्गका बच्चालाई दमन गर्न र अर्को वर्गको बच्चालाई सहन मात्र प्रेरित गर्दै लगेपछि भविष्यको समाजको आधार तय हुन्छ र त्यही आधारमा टेकेर वर्तमान र भविष्यका दुबै समयमा उच्च वर्गले आफ्ना विकृत तथा घृणित चरित्रका माध्यमबाट निम्न वर्गलाई सधैं सीमान्तकृत अवस्थामै सीमित गरिरहन्छ भन्ने दृष्टि यस कथामा प्रस्तुत छ । त्यसले निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुर्‍याई असक्षमताको पगरी गुथाइदिन्छ भन्ने दृष्टिलाई यस कथामा विषयवद्ध गरिएको छ ।

वर्गीय समाजमा चेतनाको निर्माण पनि वर्गकै सापेक्षतामा हुन्छ । निम्न वर्ग दुःख, घृणा र तिरस्कारमा बाँच्न विवश हुनुपर्ने भएकाले उसको चेतनाले उच्च वर्गलाई गतिलो देख्छ । निम्न वर्गहरू सधैं शोषण, दमनलाई चुपचाप सहन बाध्य हुन्छन् । आफ्नो गल्ती नै नभए पनि गल्तीको सजाय भोग्न चुपचाप बाध्य हुन्छन् । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> छोरो चिच्याएकोले मालिक्नी दगुर्दै आउँछिन् र देख्छिन् ज्ञानुको औंलाबाट रगतको धारा बगेको अनि छोरो चाहिँले रूँदै सानेतिर औंल्याएर, “यसले मलाई लखेटेर लडायो,” भनेको सुन्नासाथ साने डरले नीलो भएर काँतर स्वरमा “मैले होइन आफै दगुर्दा....” सानेको कुरा पूरा नहुँदै उसका कलिलो गालामा डाम बस्ने गरेर मालिक्नीले दूई तीन थप्पड लाउँछिन् र “कुजात ! बड जसको मानु खानु उसैलाई मुख छोड्दो रहे,” भनेर रूँदै गरेको छोरालाई उचालेर भित्र लान्छिन् (पृ.५८) ।

यहाँ अबोध र निर्दोष सानेको दर्दनाक अवस्थाको प्रस्तुति भएको छ । आफ्नो दोष नहुँदा नहुँदै पनि सजायको भागिदार बन्नु परेको छ । उसले कुटाइ मात्र खानु परेको छैन कुटाइसँगसँगै गाली पनि खानु परेको छ । गरिबी र घृणा समाजद्वारा निर्मित उसका परिस्थिति हुन् । वर्गीय

समाजमा उच्च वर्गका मनमा सीमान्त वर्ग वा निम्न वर्गप्रति मायाको त परै जाओस् दयाको भावनासमेत पाइँदैन । उनीहरूको मन पत्थर समानको हुन्छ । उच्च वर्गहरू साह्रै पूर्वाग्रही हुन्छन् र त्यसैले उपेक्षाको भाव बढाउँदै जाँदा घृणामा रूपान्तरण हुन गइँ निम्न वर्ग सीमान्तकृत हुन्छ भन्ने मान्यतालाई यस कथामा अघि सारिएको छ ।

वर्गीय समाजमा निम्न वर्गको चाहना मात्र होइन उसका दुःख तथा समस्याहरू पनि हाँसोकै विषय बन्छन् । यहाँ सानेको अज्ञानता ज्ञानुका लागि अचम्मको र हाँसोको कुरा भएको छ । अघिल्लो रात आमा मालिक्नी कहाँ धन्दा गरिरहेकी हुन्छे । माघको महिना हुनाले साने चाहिँ एउटा फाटेको बर्को ओढेर दैलोको कुनामा खुट्टा खुन्चाएर कुत्रुक्क परेर बसेको हुन्छ । भित्र मानिसहरू धेरै जसो बच्चाहरू नै भेला भएका हहुन्छन् । अचानक धेरैको सम्मिलित स्वर आएको सुनेर कौतुहलवश साने पनि उठ्छ र बिस्तारै दैलोदेखि भित्रपट्टि चियाउँछ । भित्र रङ्गी बिरङ्गी बेलुन झुन्ड्याइएका हुन्छन् । माझको गोलो टेबुलमा राखिएको केक ज्ञानुले काट्दै गरेको हुन्छ । उसकी आमाले एक टुक्रा केक उसको मुखमा राखिदिन्छे त्यसपछि सबैलाई केक बाँडिन्छ तर सानेलाई एक टुक्रा केक पनि दिइँदैन । ढोकाबाट चिह्याएर रहेको सानेले देख्छ त्यहाँ भएका जम्मै केटाकेटीहरूले राम्रा कपडा लगाएको देख्छ । बाजा बज्छ । केटाकेटीहरू उफ्रँदै नाच्न थाल्छन् । सानेका ठिहिऱ्याइ राखेका खुट्टामा पनि गति हुन्छ । उः पनि विस्तारै ताल दिन थाल्छ म पनि गएर तिनीहरूसँग नाच्न पाए त उसको मनले भन्छ (पृ.५९) सानेको बाल्यकालको गरिबीको यो बोध उसको बाल मस्तिष्कका लागि अत्यन्त घातक छ । उसले यति सानै उमेर वा गरिबीका कारण थिचिएर बाँच्नु पर्ने अवस्थालाई आत्मसात गरेको छ । मानिसको युवा र प्रौढ अवस्थाको मानसिकताको निर्माणमा बाल्यकालको प्रभाव रहन्छ ।

वर्गीय समाजमा सीमान्तकृत वर्गका सुखभोगका चाहना सपनामै सीमित गरिन्छन् । उनीहरूका लागि त्यसको प्राप्ति आकाशको फल आँखा तरी मरी भनेजस्तैं हुन्छ । यस कथामा सो मालिक्नीको छोरोको खेलौना देखेर लोभिन्छ तर उसले त्यो उपभोग गर्न पाउँदैन । साने र सानेकी आमाले जुन जीवन भोगेका छन् त्यो उनीहरूको चाहना होइन ।समाजद्वारा निर्मित परिस्थितिको उपज हो । कसैको पनि दुःख पाउने चाहना हुँदैन । उनीहरूलाई भौतिक सुखभोग तथा आधारभूत आवश्यकताबाट विमुख गराउनमा स्थापित सामाजिक संरचना नै पूर्णरुपले दोषी छ । मानव संसारमा धर्ती सबैको साझा हुनु पर्छ तर वर्गीय चिन्तनबाट सञ्चालित समाजमा यसको सम्भावना नै रहँदैन । त्यस कारण वर्गीय समाजले आफू अनुकूलको सामाजिक मापदण्डको निर्माण गरी त्यसैका आधारमा निम्न वर्गकालाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछभन्ने तथ्यलाइए यस कथामा प्रस्तुत गरिएको छ । वर्गीय विभेदको दृष्टिबाट निर्मित सामाजिक संरचनाभित्रका

आधारहरु निम्न वर्गप्रति अनुदार हुने हुनाले त्यसले सकेसम्म निम्न वर्गलाई कुनै नवीन उपलब्धि हाँसिल गर्न दिँदैन र सधैँ यथास्थितिमै राख्ने प्रयत्न गर्छ । साने पनि गरिबीकै कारण आफ्नो जन्म दिनबाट बेखबर छ । मान्छेको पनि जन्म दिन हुन्छ । जन्म दिन मनाइन्छ भन्ने जस्ता कुराबाट साने बेखबर भएको कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> हिजो तिमीहरू कहाँ पूजा थियो होइन ?धत् बुद्धु, पूजा होइन, मेरो बर्थ डे थियो, बर्थ डे बुझिस् ? ज्ञानुले साइकल घुमाउँदै उत्तर दिएको हुन्छ । ए, त्यति पनि थाहा छैन ? बर्थ डे भनेको जन्म दिन । हिजो म जन्मेको दिन र त सबैले नयाँ नयाँ खेलौना र कपडा ल्याइदिएका बुझिस् अब त † (पृ.५९)

वर्गीय समाजमा शक्तिको स्रोत पनि आर्थिक तŒव नै हुन्छ । त्यसकारण प्रभुत्वशाली वर्गले आर्थिक सम्पन्नताबाट विमुख साने र उसकी आमालाई भाँडा माझेर जीवन काट्न विवश बनायो । सानेलाई आफ्नै जन्म दिनबाट बेखवर बनायो । सानेकी आमाले न त छोराको जन्म दिन नै मनाउन सकी न त छोरोले मागेको जस्तो खेल्ने कुरा नै दिन सकी । सधैं पेटको ज्वाला निभाउन मात्र तल्लीन रहनुपर्ने भएकै कारण उसको अन्य कुरामा ध्यान केन्द्रित हुन नसकेको हो । यसरी आर्थिक आधारमा मानिसको स्तर निर्धारण गर्ने सामाजिक संरचनाभित्र निम्न वर्गलाई उसका सम्पूर्ण अवसरहरूबाट बञ्चित गरेर वा पेटको भोकभन्दा अन्यत्र सोच्नै नदिएर सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छ र त्यसको सिकार बन्न अबोध बालक पनि विवश बन्छ भन्ने सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ ।

### २.३.६ 'साहेव' कथामा वर्गीय सीमान्तीयता

माया ठकुरीको तेस्रो कथा सङ्ग्रह *साँघु तरेपछि* २०३९ मा प्रकाशित कथा सङ्ग्रह हो । यस कथामा जम्मा बाइसवटा कथा समाबेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा एउटा कथा वर्गीय सीमान्तीयतायुक्त कथा रहेको छ भने दुईवटा लैङ्गिक सीमान्तीयतायुक्त कथा रहेका छन् । ती मध्ये *साहेब* वर्गीय सीमान्तीयतालाई आधार बनाएर लेखिएको कथा हो । यो कथा शहरभन्दा निकै टाढाको गाउँलाई परिवेश बनाएर लेखिएको कथा हो । समाजमा विद्यमान आर्थिक कारणले उत्पन्न समस्या र त्यसका कारण सीमान्तीकृत बन्न विवश पात्रहरुलाई कथामा प्रस्तुत गरिएको छ । यस कथामा आएका पात्रहरुमा पाण्डेसाहेब, उनकी श्रीमती र छोरा मदनले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् । त्यसै घरमा काम गर्न बसेका इन्द्रे र चमेलीले सीमान्तीकृत समुदायको प्रतिनिधित्व गरेका छन् । आर्थिक अवस्था

कमजोर भएकै कारण इन्द्रे र चमेली मालिकको अन्याय, अत्याचार र यातना सहेर भए पनि काम गर्न विवश भएका छन् । पाण्डेसाहेब त्यो गाउँमा आफूलाई निकै खान्दानी मै हुँ भन्ने स्वभावका छन् । उनलाई कसैले साइनो लगाएर बोले मरेजत्तिकै लाग्छ । यसैले हुनेखाने नभएका आफ्नै वंशका दाजुभाइहरुसँगै पनि सम्बन्ध राख्दैनन् उनी तर कसैले 'साहेब' भनेर नमस्कार गर्ने कुनै भेटेचाहिँ मख्ख परेर झरीको भ्यागुतो झैं फुल्छन् । आफूभन्दा तल्लो दर्जामा काम गर्ने मानिससँग त उनी देखा पर्न पनि रुचाउँदैनन् । आफूभन्दा माथिल्लो तहका वा आफू सरहकासँग मात्र सम्बन्ध राख्दछन् । नेपालीसित भन्दा उनी अन्य देशकासँग नै बेसी हेलमेल गर्न खोज्छन् । विदेशी भनेपछि कुकुर पनि प्यारो छ उनलाई निम्नस्तरका व्यक्तिहरुसित त्यतिको कठोर स्वभाव भएका पाण्डेसाहेब आफूभन्दा ठूला दर्जाका अफिसरलाई चाहिँ देउतालाई झैं पुज्छन् ।

वर्गविभेदको चिन्तन स्थापित भएको समाजमा निम्न वर्ग सधैं दमित अवस्थामा मात्र रहन्छ । उसले जीवनमा कहिल्यै पनि आफ्नो शिर ठाडो पार्न पाउँदैन । सधैं उच्च वर्गकै सेवामा अह्रनखटन मान्नु र उच्च वर्गकै सेवामा सधैं समर्पित हुनु नै निम्न वर्गको परम कर्तव्य बन्न पुग्छ । यहाँनिर इन्द्रेको जीवनमा कुनै विशिष्टता छैन । उसले दिनहुँ जस्तो माछामासु पकाउनु परे तापनि आफूले खाने बेला भने उही नुन, खुर्सानीको भरमा उसिना चामलको भात खानु पर्छ । कारण अरुलाई प्रायः डिनर पार्टीका विभिन्न प्रकारको पक्वान खुवाएर ठाँट देखाउन खोज्ने साहेबको घरमा काम गर्नेलाई चाहिँ एक डाडु दाल दिन पनि के के न गरेको झैं ठान्दछन् । पाण्डेसाहेवको घरमा काम गर्ने कामदारको जीवन एउटा पशुकोभन्दा पनि तल्लो स्तरको छ । पाण्डेसाहेव नोकरचाकर र तलका कर्मचारीहरुसित कडा मिजासको भएर रबाफ देखाउन कसर छोड्दैनन् तर पाण्डेसाहेब त्यो कुकुरको छाउरालाई भने आफ्नै सन्तानझैं नुहाइधुवाइ गराएर दूध, मासु खुवाएर राख्दछन् । मान्छेको बच्चाभन्दा पनि कुकुरको बच्चा प्यारो लाग्छ उसलाई । यस कथामा प्रयुक्त पात्रहरुले जुन खालको जीवन भोगिरहेका छन् त्यस सन्दर्भलाई हेर्दा तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक शासन व्यवस्थाको पर्यायको रुपमा देख्न सकिन्छ । नेपाली समाजमा वर्ग विभेदका विविध रुपहरु रहेका छन् । देशको आर्थिक उत्पादनको ठूलो हिस्सामा आफ्नो जबर्जजस्त स्वामित्व जमाएको उच्च वर्गको तुलनामा मध्यम र निम्न वर्गको आर्थिक पहुँच ज्यादै कम छ । समाजमा यस प्रकारको वर्गीय असमानता देखा पर्नुको मुख्य कारण उत्पादन र वितरणमा रहेको असन्तुलन हो । यस कथामा पनि जीवन धान्नका लागि रातदिन दुःख गर्ने यो वर्गले आफूले चाहेजस्तो काम र दाम पाएका छैनन् भने उच्च वर्गका रुपमा रहेका सम्भ्रान्त वर्गले सीमान्त वर्गको पीडालाई बुझ्न सकेका छैनन् भन्ने सन्दर्भ कथामा देखाइएको छ :

इन्द्रेले दिनहुँजसो त्यस घरमा माछामासु पकाउनु परेपनि उसले भने उही नुनखुर्सानीको भरमा उसिना चामलको भात निल्नु पर्छ । कारण अरुलाई प्रायः डिनर पार्टीमा विभिन्न प्रकारको पक्वान् खुवाएर ठाँट देखाउन खोज्ने साहेबको घरमा नोकरलाई चाहिँ एक डाडु दाल दिन पनि के के न गरेको झैं ठान्दछन् (पृ.९) ।

निम्नवर्गीय आर्थिक स्थितिका कारण र साहेबको सामन्ती सोचका कारण यहाँ इन्द्रे र चमेलीजस्ता पात्रले दारुण जीवन बाँच्न बाध्य भएका छन् । दुः ख गरे अनुसारको उनीहरुले गाँस, बास र कपासको आवश्यकता पूर्ति गर्न सकेका छैनन् । सामाजिक संरचनाको निर्माणमा प्रभुत्वशाली वर्ग नै सर्वेसर्वा भएको र प्रभुत्वशाली वर्गले नै आफू अनुकूलको सामाजिक संरचना निर्माण गरेको हुनाले सीमान्त वर्ग किनारामा पुर्‍याइएका छन् । हरेक दिनजसो माछामासु पकाए तापनि अन्तमा इन्द्रे र चमेलीले नुनखुर्सानीसँग भात खानु परेको छ ।

वर्गीय समाजमा अर्थलाई केन्द्रीय आधार बनाएर त्यकिो परिधिमा शारीरिक,मानिस, यौनिक तथा भौतिक शोषण पनि गरिन्छ । यस कथामा चमेली पनि पाण्डेसाहेबको घरमा काम गर्न बसेकी  छ । ऊ सोह्र वर्षकी छे । डल्ली डल्ली राता गाला भएकी, कुरै पिच्छे ङिच्च हाँस्ने स्वभावकी छ । इन्द्रेलाई भने कुरैपिच्छे चमेली त्यसरी हाँसेको पटक्क मन पर्दैन । ऊचाहिँ एकान्त भेट्नासाथ, “कस्ती बैंसले मात्तिएकी नकच्चरी” भनेर झपार्ने गर्छ । घरधन्दाका निम्ति राखिएकी चमेलीमाथि भएको जुन प्रकारको शोषण छ त्यो उसलाई पटक्कै मन परेको छैन । चमेलीमाथि जुन प्रकारको शोषण भएको छ त्यो हुनुमा इन्द्रे चमेलीकै दोष देख्छ । त्यसकारण उसले धेरै पटक चमेलीलाई भनेको पनि हुन्छ : “ साहेब त साहेब नै भए, इज्जत त हाम्रो पो जान्छ” (पृ.९) । यसरी इन्द्रे आर्थिक रूपमा आफू किनारीकृत भए पनि इज्जतमा आफू पनि अरुभन्दा कम नभएको कुरा व्यक्त गर्दछ ।

सामाजिक संस्कार नै विभेदकारी भएपछि त्यसले उच्च वर्गलाई सधैं उच्च र निम्न वर्गलाई सधैं निम्नकै अवस्थामा राखिरहने प्रयास गर्छ । त्यसैको परिणामस्वरुप नयाँ कुरा सिक्न नदिएर निम्न वर्गलाई जन्मजन्मान्तरदेखि नै ‘हामी कमजोर छौं भन्ने मानसिकता’ थोपर्दै आएको हुन्छ । मानिस सानैबाट जुन वातावरणमा हुर्कियो, जस्तो सिकायो त्यस्तै बन्छ । त्यसकारण इन्द्रे र पुतलीलाई समाजले त्यस्तै सिकाएको हुनाले उनीहरुको दृष्टिकोण यसरी धमिलिएको हो । यसरी वर्गीय समाजको स्थापित मूल्य, मान्यताले सीमान्तीकृत वर्गलाई मुक्तितर्फ उन्मुख ज्ञान लिनबाटै वञ्चित गर्छ र सधैँ किनारीकृत अवस्थामै सीमाबद्ध गर्छ भन्ने विचारलाई यस कथाका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

वर्गीय उत्पीडनले बेलगाम फस्टाउने अवसरको छुट पाएको समाजमा उच्च वर्गले निम्न वर्गलाई सधैं हरेक कुरामा शोषण गरिरहेका हुन्छन् । आफ्नो कमिकमजोरी लुकाउने साधनका रूपमा समेत सीमान्त वर्गलाई प्रयोग गरिरहेका हुन्छन् । यस कथामा पनि इन्द्रेलाई प्रयोग गरिएको छ , जुन कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> ए इन्द्रे, यता आइज बाबू ? मेमसाहेबले आफूलाई 'बाबू' भनेर सम्बोधन गरेकोमा इन्द्रे पहिले त अलमल्ल पर्छ तर जतिजति मेमसाहेबले मुख खोल्दै जान्छिन् इन्द्रेका पर्दा हट्दै जान्छ । उसले मेमसाहेबको सम्बोधनमा लुकेको अर्थ स्पष्ट रुपले बुझ्दै जान्छ । मेमसाहेबले अन्तमा उसलाई भन्छिन्-"इन्द्रे, तँ हाम्रो आफ्नै छोरोजस्तै होस्, अब तेरै हातमा छ हाम्रो इज्जत राख्ने र फाल्ने, के गर्ने यस्तो भइहाल्यो । म तँलाई बाटोखर्च दिने भएँ, तैंले भोलि नै कसैले चाल नपाउने गरी चमेलीलाई लिएर कतै टाढै जानुपरेयो । लौन बाबू, अब तैंले हाम्रो इज्जत राखिदे " (पृ.११) ।

वर्ग विभेदको संस्कार स्थापित भेको समाजमा आफ्नो वर्गीय अभिमान वा दम्भलाई बचाएर राख्ने अरुको इज्जतलाई दाउमा राख्न समेत पछि पर्दैनन् । उच्च वर्गले आफ्नो स्वार्थ पूर्ति गर्ने औजारका रुपमा प्रयोग गर्छ, निम्न वर्गको आर्थिक, मानसिक अवस्था जाँची जाँची प्रहार गर्छ, भावनात्मक कुरालाई पनि आफ्नो स्वार्थसिद्ध गर्ने औजार बनाउँछ । यस कथामा पनि पाण्डेसाहेबनीले आफ्ना श्रीमान र छोरोको कालो कर्तुत लुकाउन मीठो बोली बोलेर इन्द्रेलाई प्रयोग गरेको छ । इन्द्रे र चमेलीको इच्छा, सपनाको गाला रेट्ने काम गरेको छ ।

यसरी यस कथामा कमाजको उच्च वर्गले गर्ने कुकृत्यहरुको पर्दाफास गरी सीमान्तीकृत वर्गमाथि सद्भाव प्रस्तुत गरिएको हुनाले यो वर्गीय सीमान्तकृत मैत्री कथा हो भन्ने स्पष्ट हुन्छ ।

### २.३.७ 'बले' कथामा वर्गीय सीमान्तीयता

माया ठकुरीको चौथो कथा सङ्ग्रह *चौतारो साक्षी छ* २०४६ मा प्रकाशित कथा सङ्ग्रह हो । यस कथामा जम्मा सत्रवटा कथा समावेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा दुईवटा कथा वर्गीय सीमान्तीयतायुक्त कथा रहेका छन् भने एउटा लैङ्गिक सीमान्तीयतायुक्त कथा रहेको छ । ती मध्ये *बले* वर्गीय सीमान्तीयतालाई आधार बनाएर लेखिएको कथा हो । *चौतारो साक्षी छ* कथासङ्ग्रहमा सङ्गृहीत *बले* कथा बजारिया परिवेश बनाएर लेखिएको कथा हो । यस कथामा होटलमा काम गरेर, भाँडा माझेर जीविकोजपार्जन गर्ने निम्न वर्गका पात्रहरुको कथा प्रस्तुत गरिएको छ । यस कथामा प्रयुक्त पात्रहरु मध्ये बले, दिलमाया र

उनको सानो छोरोले सीमान्त वर्गको प्रतिनिधित्व गरेका छन् । यी दुवै पात्र होटलमा काम गरेर भाँडा माझेर जीविकोपार्जन गर्ने निम्न वर्गका पात्रहरू हुन् । होटलका मालिक प्रभुत्वशाली वर्गका पात्र हुन् । वर्गका आधारमा समाज उच्च वर्ग र निम्न वर्गमा विभक्त छ । यस कथाको मुख्य पात्र बले वर्गीय दृष्टिले सीमान्तकृत पात्र हो । उसको यो दुनियाँमा आफ्नो भन्ने कोही छैन । सानैमा आफ्नो बाबु मरेको कारण र आमाले अर्कै विवाह गरेर गएकी कारण उसले सानाबाउ अथवा सौतेला बाउबाट भोगेको कठोर यातनाले नै उसको स्वभाव अन्तर्मुखी र कठोर स्वभावको भएको छ । जव उसले सानाबाउको घर त्याग गरेर भागेपछि पेट पाल्ने समस्याका कारण≤ पेट पाल्नकै निम्ति तव ऊ होटलमा काम गर्न विवश बनेको छ । प्रभुत्वशाली वर्गका व्यक्तिले आफ्नो प्रभुत्वको आडमा उसलाई सीमान्तीकृत भई बाँच्न विवश पारेका छन् ।

सामाजिक शासन व्यवस्थामा आर्थिक एवम् सामाजिक संरचनागत दृष्टिकोणले प्रभुत्वशाली वर्गले प्रभाव जमाएको हुन्छ । यस अर्थमा सामाजिक, सांस्कृतिक व्यवस्थामाथि हैकम कायम गर्न सफल व्यक्तिहरु नै सम्भ्रान्त वर्गमा पर्दछन् । सामाजिक, सांस्कृतिक स्वरुपमा एकछत्र प्रभुत्व रहेको यो वर्गले सामन्तवादी र पुँजीवादी समाज व्यवस्थाको संवाहकका रुपमा आफूलाई स्थापित गरेको हुन्छ । यही सामन्तवादी, पुँजीवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक जालझेल र षड्यन्त्र गरी गरिब निमुखा वर्गमाथि शोषण र अन्याय गरेका हुन्छन् । यस कथामा पनि बले र दिलमायामाथि प्रभुत्वशाली वर्गले अन्याय, अत्याचार गरेको छ । जुन कुरा तलका साक्ष्यबाट स्पष्ट हुन्छ :

> जब बले सानो थियो त्यसबेला उसकी आमा छोरालाई आफूसँग लिएर एउटा दाउराको ठेकेदारसँग पोइल गएकी थिई । त्यो ठेकेदारकी पहिलेकी स्वास्नी पट्टिका दुई छोराहरु थिए । ऊ जति आफ्ना छोराहरुलाई माया गर्दथ्यो त्योभन्दा बढी बलेलाई घृण गर्दथ्यो । ऊ प्रायजसो बलेको दुनैतिरको कन्चटमा भएका ससाना रौ समातेर जोरसँग तान्दथ्यो । उसका कलिला गालाहरुमा नीलै डाम बस्ने गरेर थप्पड लगाउँथ्यो । त्यो मान्छेले प्रायजसो बलेकी आमालाई पनि लात्ती र मुक्काले कुट्ने गर्दथ्यो । त्यस मानिसको कठोर आँखामा बलेका निर्दोष आँखा जुध्नासाथ उसको सानो मुटु डर र त्रासले त्यसै त्यसै हल्लिएको झैं हुन्थ्यो । त्यस मानिसको घरमा छँदासम्म बलेले कहिल्यै पनि पेटभरी खान र शान्तिसाथ निदाउन पाएको थिएन । ऊ बलेबाट जतिसक्दो काम लिने गर्दथ्यो (पृ.३) ।

यस कथाको मुख्य पात्र बले अन्तरमुखी स्वभावको छ । वास्तवमा आज ऊ अन्तरमुखी स्वभावको, कठोर स्वभावको हुनुको पछाडि उसले बाल्यकालमा भोगेको कठोर यातना नै हो । आफ्ना साना बाउको कठोर यातना र विभेदपूर्ण व्यवहारले बले झन झन उद्दण्ड र कठोर स्वभावको हुँदै गएको छ । पछि पछि झन खोजी खोजी बिठ्याइँ गर्न थालेको छ । (पृ.३) सानै उमेरमा पनि उसले विभेदको सामना गर्नु परेको छ । आफ्नो र अरुलाई गर्ने विभेदपूर्ण कुराले उसको बाल मष्तिष्कमा ठुलो असर पुर्‍याएको छ । वर्गीय समाजको विभेदपूर्ण नीतिले बलेको बाल मस्तिष्कलाई कठोर बनाएको छ । यस कथामा बले र दलिमायाले जुन जीवन भोगेका छन् त्यो उनीहरुको चाहना होइन समाजद्वारा निर्मित परिस्थितिको उपज हो । कसैको पनि दुःख पाउने चाहना हुँदैन । त्यसकारण यी सबै पात्रहरु समाजका अन्य पात्रहरुले झैं सुख भोग गर्न चाहन्छन् तर स्थापित सामाजिक संरचना त्यसको बाधक भएर उभिएको छ ।

वर्गीय सामाजिक संरचनाका कारण बले सीमान्तीकृत हुन पुगेको छ । उसको साना बुबाले उसमाथि शारीरिक तथा मानसिक शोषण गरेको छ । बलेको बुबा प्रभुत्वशाली वर्ग भएका कारण उसलाई कसैले केही भन्न सकेको छैन । आफ्नो बुबा नभएको र जग्गा, जमिन पनि नभएकाले उसको आर्थिक अवस्था एकदमै नाजुक भएको छ । साना बुबाको घरमा रातदिन दुःख गर्दा पनि भरपेट खान नपाएको कारण र सधैं कुटाइ, गाली खानु परेको कारण उसले सानाबुबाको घर छाड्न बाध्य भएर होटलमा काम गर्नु परेको छ । दुःख गर्दा पनि पेट भर्न नै समस्या भएका कारण बाँच्नका लागि सङ्घर्षरत यो पात्र पहिचानविहीन अवस्थामा बाँच्न विवश छ ।

### २.३.८ 'मृगतृष्णा' कथामा वर्गीय सीमान्तीयता

मृगतृष्णा कथामा समाजमा विद्यमान आर्थिक कारणले उत्पन्न समस्या र त्यसैका कारण सीमान्तीकृत बन्न विवश पात्रलाई कथामा प्रस्तुत गरिएको छ । वर्गीय सामाजिक संरचनामा आर्थिक सीमान्तीयताको चित्रण नेपाली समाजमा विभिन्न वर्गमा विभाजित छ । समाजमा वर्गीय हिसावले देशको शक्ति र सत्ता जहिले पनि उपल्लो वर्गमै सीमित रहेको अवस्था छ, जसका कारण देशको आर्थिक उत्पादनको ठूलो हिस्सा सीमित वर्गमा रहन गएको छ । यस कथामा वर्णित सानोबुबा आर्थिक रूपले सम्पन्न भए पनि कथाकी नायिका तुषारमल्लिका अर्थात् म पात्रकी सानीमुमासँग अर्थ आर्जनको कुनै उपाय देखिँदैन । काम गर्न खोज्दा श्रीमानले रोक्छन् । तलव जति जुवा र रक्सीमा खर्च गर्छन्, जसले उनलाई घर चलाउन मुस्किल परेको देखाइएको छ । यसर्थ तुषरमल्लिका आर्थिक दृष्टिले वर्गीय सीमान्तीयतायुक्त पात्र हुन् । यहाँ उनको आर्थिक अवस्थालाई तलका साक्ष्यले स्पष्ट पार्दछ :

साथमा गरगहना र मालसामान हुँदासम्म दुवैले मोज गरेर उडाए । भएको श्रीसम्पत्ति पनि सकियो । खाने मुख पनि थपियो । अहिले चैं तिम्री सानी मुमाको विगति छ । रातदिन मातेर आएर चुट्छन् रे ! भएन कुरैपिच्छे ' रन्डी, वेश्या, मेरो जिन्दगी बरबाद गरिस्, मलाई मेरो घरपरिवारदेखि छुट्टयाइस्, दुनियाँको कुरो सुन्नुपर्ने बनाइस्' भनेर भन्नुनभन्नु भन्छन् रे † एक छाक खान घरमा धौधौ छ भएन सुत्केरी भएर कना बसेको बेलाधरि लात्तैलात्तले कुटेर...(पृ.२९) ।

साथमा सम्पत्ति र यौवन हुँदासम्म मरिहत्ते गरेर, घरपरिवारसँग नाता तोडर बिहे गरेकी श्रीमतीलाई सम्पत्ति सकिएपछि र रुप हराएपछि कसरी घृणा गर्छन् भन्नु नै सीमान्तीयताको स्थिति हो । जसलाई यस कथामा राम्ररी देखाइएको छ ।

सामान्य व्यक्तिहरुको पहिचान देखा नपर्नुको पछि वर्गीयताबाट निर्धारित शासक समुदायको एकलौटी शासन व्यवस्था मूल कारक बनेको देखिन्छ । इतिहास जव अभिजात्य समुदायको कथा हो भन्ने कसराको बोध हुन्छ तव नै त्यहाँ छोडिएको, पाखा लगाइएको या त व्यवस्थाबद्ध गरी किनारा पारिएको समुदायको पहिचानको सन्दर्भ चासोका रूपमा देखा पर्न थाल्दछ । इतिहास लेखनले उच्च वर्गको मात्र अनावश्यक बढाइचढाइ गर्दै तिनको इतिहासको अंकन गर्‍यो तर सीमान्तीय समुदायका जीवानुभूति क्रियाव्यापार तथा योगदानलाई सोद्देश्यमूलक तरिकाबाट दबाउने काम गर्‍यो । यसर्थ इतिहासविहीन बनेको निम्नवर्गले भविष्य निर्माणको आधार तथा यावत् अधिकारका स्रोतहरु गुमाउँदै सीमान्तीकृत नै रहि रह्‍यो । यस्तो परिस्थितिको निर्माणमा उच्चवर्गीय कार्य नै कारकका रूपमा देखा पर्दछ ।

वर्गीय समाजमा एउटा वर्गले सबै प्रकारका सुखसुविधाहरूमा कब्जा जमाएकै कारण अर्को वर्ग सबै प्रकारका अवसरहरूबाट बञ्चित हुन्छ । निम्न वर्ग दिन रातको मेहेनतका बाबजुद पनि अभावकै जीवन भोग्न विवश हुन्छ । उसलाई जति पसिना बगाए पनि उठ्न नदिने सञ्जालभित्र जेलेर राखिएको हुन्छ । त्यसैले निम्न वर्गलाई न त आर्थिक रुपमा माथि उठ्न दिइन्छ न त चेतनाका दृष्टिले माथि उठ्न दिइन्छ । त्यसकारण निम्न वर्गका लागि जीवन केवल भोक वा पेट बन्छ । उसले अरु कुरा सोच्ने समय र अवसर दुवै पाउँदैन । वर्गीय समाजमा अर्थतŒवलाई केन्द्रीय आधार बनाएर त्यसको परिधिमा शारीरिक, मानसिक , यौनिक तथा भौतिक शोषण पनि गरिन्छ । यस कथामा पनि तुषारमल्लिकाले चाहेर पनि आफूले केही गर्न नपाएको र आर्थिक अवस्था कमजोर भएको देखाइएको छ :

के गर्नु तलव जति जुवा र रक्सीलाई ठीक हुन्छ । आफैंले ससानो पसल राख्छुभन्दा कुन चाहिँ तेरो पोइसँग भेट्नु छ ? भनेर केही गर्न दिनुहुन्न (पु.३०) । श्रीमानले कमाएको सारा तलव रक्सी र जुवामा खर्च गरेको छ । श्रीमतीलाई पसल गर्छुभन्दा पनि गालीगलौज गरेर पसल गर्न पनि नदिएर उसैमा आश्रित बनाएर श्रीमान्तीकृत बनाएको छ । जसको कारण घर चलाउन धौंधौ पर्ने अवस्थालाई माथिको साक्ष्यले प्रस्ट पारेको छ ।

वर्गीय समाजमा शक्तिको स्रोत पनि आर्थिकतŒव नै हुन्छ । त्यसकारण आर्थिक सम्पन्नताबाट बिमुख तुषारमल्लिकालाई प्रभुत्वशाली वर्गले चरम आर्थिक अभाव भोल्न बाध्य बनायो अनि सधैं गाँसकै समस्यामा मात्र सीमित राखेर वा कहिल्यै पनि पुग्ने गरी खानै नदिएर पेटभन्दा अरु कुरा सोच्ने मौकासम्म पनि दिएन । सधैं पेटको ज्वाला निभाउन मात्र तल्लीन रहनु पर्ने भएकै कारण उसले अन्य कुरामा ध्यान केन्द्रित गर्न नसकेको हो । यसरी आर्थिक आधारमा मानिसको स्तर निर्धारण गर्ने सामाजिक संरचनाभित्र निम्न वर्गलाई उसका सम्पूर्ण अवसरबाट बञ्चित गरेर वा पेटको भोकभन्दा अन्यत्र सोच्नै नदिएर सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छ र त्यसको सिकार बन्न अबोध बालबालिका पनि विवश बन्छन् भन्ने सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ । वर्गीय समाजको स्थापित संरचनाका कारण निम्नवर्ग ज्ञान आर्जन गर्नबाट विमुख रहन्छ र सधैं सीमान्तीकृत अवस्थामै बाँच्न विवश हुन्छ । तुषारमल्लिकाले आफ्नो लोग्नेबाट चरम यातना भोगेकी छिन् । सानै उमेरमा कलकत्तामा बेचिएकी भनेर हल्ला गाउँमा चलेको हो । सत्य के थियो कसैलाई पनि थाहा थिएन । यहाँसम्म कि उनैका दिदीभिनाजुलाई समेत थाहा नभएको कुरा म पात्रले उल्लेख गरेकी छिन् । सानै उमेरमा जात्राबाट हराएकी थिइन् उनी । उनलाई सबैले माया मारिसकेको, उनी हराएपछि पिरैपिरले उनका बाआमा समेत बितेको र लामो समयपछि गाउँ फर्केर आएकी कुरा समेत म पात्रले बताएकी छिन् । यसबाट पनि सहजै अनुमान लगाउन सकिन्छ कि उनले अरुको ठाउँमा सानै उमेरमा कति दुःख, कष्ट र अपमान भोल्नु पर्‍यो भनि । उनको रूप , सौन्दर्य र धन देखेर सानुबाबले बिहे गरे तर जव उनको रूप, धन सकिँदै गयो तव उनी आफ्नै श्रीमान्को बोझ बन्न थालिन् । उनी कामै गर्न नसक्ने, पैसा कमाउनै नसक्ने होइन । बिहेभन्दा अघि उनी आफ्नो नृत्यकला प्रस्तुत गरेरै टन्न पैसा कमाउँथिन तर बिहे पश्चात भने काम गर्नबाट बञ्चित हुन पुगिन् । विवाह गरेपछि उनको नृत्य केवल उनको श्रीमान्को निम्ति सीमित रहेको थियो, कारण उनका श्रीमान्ले उनलाई कुनै पनि बाहिरी कार्यक्रममा भाग लिन दिँदैनथे । उनी प्रायः जसो कोठामा रेकर्डको धुनमा नृत्य गर्ने गर्थिन् र उनको लोग्नेचाहिँ उनको नृत्यमा मुग्ध भएर अपलक उनलाई हेरिरहने गर्दथे । यसरी वर्गीय समाजको स्थापित संरचनाले निम्न वर्गलाई मुक्तितर्फ उन्मुख ज्ञान लिनबाटै बञ्चित गर्छ र सधैं सीमान्तीकृत अवस्थाकै सीमाभित्र सीमाबद्ध गर्छ भन्ने विचारलाई यस कथाका माध्यमबाट

अभिव्यक्त गरिएको छ । मान्छे जन्मदा स्वतन्त्र जन्मिएको हुन्छ , पछि वर्गीय समाजको नीति, नियमले उसलाई बन्धनमा बाँधेको हुन्छ ।सामाजिक शासन व्यवस्थामा आर्थिक एवम् संरचनागत दृष्टिकोणले प्रभुत्वशाली वर्गले प्रभाव जमाएको हुन्छ । यस अर्थमा सामाजिक सांस्कृतिक व्यवस्थामाथि हैकम कायम गर्न सफल व्यक्तिहरु नै सम्भ्रान्त वर्गमा पर्दछन् । सामाजिक, सांस्कृतिक रूपमा एकछत्र प्रभुत्व रहेको यो वर्गले सामन्तवादी र पुँजीवादी समाज व्यवस्थाको संवाहकका रुपमा आफूलाई स्थापित गरेको हुन्छ । यही सामन्तवादी, पुँजीवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक जालझेलमा पारी उसको यौवन र सम्पत्ति लुटेका छन् विवशतामा परेर किनारीकृत जीवन बाँचन बाध्य हुनु परेको अवस्था यस कथामा देखाइएको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गरिएको छ :

> मेरो बालक कालको कलिलो स्मृतिपटमा अङ्कित त्यस गाथालाई आजसम्म पनि बिर्सन सकेकी छैन, जसमा कुनै न कुनै रुपमा म पनि सहभागी रहेकी थिएँ । सानीमुमाको वैभवपूर्ण विलासी जीवन र कठोर अन्त्यको साक्षीमा म पनि एक थिएँ (पृ.२५) ।

एउटा वैभवपूर्ण जीवन बाँचेको तुषारमल्लिका एक्कासी चरम गरिबीमा पुग्नुमा वर्गीय समाजको ठूलो हात रहेको छ । वर्गीय समाजमा उच्चवर्गले आफ्नो स्वार्थपूर्तिका निम्ति निम्न वर्गलाई विभिन्न जालझेल तथा माया, प्रेममा पारेरै भए पनि आफ्नो स्वार्थपूर्थि गरेरै छाड्छ । यहाँ पनि सानोबुबा तुषारमल्लिकालाई पनि  सोही गरेको छ । जबसम्म तुषारमल्लिकासँग सुन्दर यौवन र उसले कमाएको धन थियो त्यो बेलासम्म अभिनय गरेर आफ्नो स्वार्थ पूरा गरेको छ र जब उनीसँगको धन सकियो उनलाईमानसिक पीडा मात्र होइन शारीरिक पीडा समेत दिएर मर्न तथा घर छाड्न बाध्य पारिएको स्थिति छ । यसर्थ पनि वर्गीय सीमान्तीयताका दृष्टिले यो कथा महŒवपूर्ण छ ।

### २.३.९ 'धनवीरे' कथामा वर्गीय सीमान्तीयता

माया ठकुरीको पाँचौ कथा सङ्ग्रह *माया ठकुरीका कथाहरू* २०४८ मा प्रकाशित कथा सङ्ग्रह हो । यस कथामा जम्मा बाह्रवटा कथा समावेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा दुईवटा कथा लैङ्गिक सीमान्तीयतायुक्त कथा रहेका छन् भने एउटा वर्गीय सीमान्तीयतायुक्त कथा रहेको छ ।

माया ठकुरीका कथासङ्ग्रह *माया ठकुरीका कथाहरु*मा समावेश भएको कथा धनवीरे पहाडको परिवेश बनाइ त्यस क्षेत्रको जनजीवनलाई प्रतिनिधित्व हुने गरी लेखिएको कथा हो । यस कथामा आएको मुख्य पात्र धनवीरे , उसकी आमा र दिदीले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । टङ्कप्रसाद र रुद्रप्रसादले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् । यस कथाको मुख्य पात्र धनवीरे नै हो । वर्गीय दृष्टिले धनवीरेले सीमान्तीकृत वर्गको प्रतिनिधित्व गरेको छ । धनवीरे आर्थिक रुपमा ज्यादै विपन्न अवस्थामा छ । वर्गीय सामाजिक संरचनाकै कारण ऊ आफ्नो पहिचान गुमाएर नारकीय जीवन बाँच्न विवश छ ।यस कथाको मुख्य पात्र धनवीरे वर्गीय दृष्टिले सीमान्तीकृत पात्र हो । सामन्ती उत्पादन सम्बन्धका कारण उसको आर्थिक अवस्था एकदमै दयनीय छ । न त बस्ने घर छ न त खाने अन्न छ, न त रोजगारी छ । आफन्त गुमाएर बेसाहारा बनेका धनवीरेलाई टङ्कप्रसादले घरमा ल्याएका हुन्छन् । टुहुरो धनवीरे टङ्कप्रसादको मीठो बोलीमा बेमोलमै बिकेको छ । उसले आफ्नो सारा जवानी र मेहनत मालिककै घरमा बेमोल खर्चिदा पनि अन्त्यमा बिरामी हुँदा उपचार त परै जाओस् आरामसम्म नपाएर बेबारिसे लास बन्नु परेको यो कथा वर्गीय सीमान्तीयतायसक्त कथा हो । धनवीरे जीवनका लागि अत्यावश्यक कुराबाट बञ्चित भएको अवस्थामा एकदमै दयनीय अवस्थामा जीवन जिउन विवश छ । उसको आर्थिक अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> महिना दिन अघि घाँस काट्न जाँदा कालो भीरबाट लडेर सोझै भेरीको तीरमा बजारिन पुगेको थियो ऊ । घुँडा मात्र होइन उसको दाहिने हर पनि टन्न सुन्निएर केराको घामजस्तो भएको हुन्छ । 'नेपालगञ्ज अस्पताल लानुपर्छ । घुँडा भाँचिएजस्तो छ' ऊ रुखबाट लडेकै दिन उसलाई जाँचेपछि गाउँको हेल्थपोष्टका कर्मचारीले रुद्रप्रसादसँग भनेका थिए । 'ए विस्ने दाइ ! ल कतैबाट भुईचम्पा खोजेर बेस्कन पिनेर घुँडामा लाइदेउ त दुईचार दिनमा ठीक भइ हाल्छ । बरा ! यस्तो हरै नचल्ने मान्छे कस्तरी जान्छ नेपालगञ्ज !' हेल्थपोष्टका कर्मचारी गएपछि रुद्रप्रसादले बिस्ने दाइतिर हेरेर भनेका थिए (पृ.१२-१३ )।

वर्गीय सामाजिक संरचनाका कारण ऊ किनारीकृत हुन पुगेका छन् । लडेर घुँडा भाँचिएको हर खुस्किएर घाइते हुँदासम्म पनि औषधी उपचार नपाएर पीडा खप्दै बस्नु पर्ने कष्टकर अवस्था छ धनवीरेको । नेपालगञ्ज गएर उपचार गराउने आर्थिक हैसियत समेत छैन । उसलाई आश्रय दिने प्रभुत्वशाली व्यक्तिबाट नै ऊ सीमान्तीकृत हुन पुगेको छ । धनवीरे यस कथाको सीमान्तकृत समुदायको प्रतिनिधि पात्र हो । सीमान्तीयताका दृष्टिले हेर्ने हो भने यस कथामा वर्गीय समाजलाई स्पष्ट रूपमा देख्न सकिन्छ । उसको आर्थिक अवस्था कमजोर भएका

कारण अझ भनूँ आफ्नो घरवार आफन्त कोही नभएका कारण लडेर घाइते हुँदा पनि उपचार गर्न सकेको छैन । अझ उल्टो मालिकले उसको पीडालाई सामान्य ठानेर भुइँचम्पा खोजेर लगाइदेऊ भनी अह्राएको छ ।

खपटे अनुहार भएको बूढा बिस्नेले आँखाभरी घृणा बोकेर रुद्रप्रसादको अनुहारमा केही क्षण हेरेपछि मुखभरिको थुक प्याच्च भुइँमा थुकेको छ । आर्थिक अवस्था कमजोर भएकै कारण समाजमा प्रभुत्वशाली वर्गबाट ऊ सीमान्तीकृत बन्न पुगेको देखिन्छ ।

धनवीरेले आफ्नो श्रमको मूल्य नपाएको कारण ऊ आर्थिक रूपमा विपन्न हुन पुगेको छ, जसको कारण उसले उपचार गर्ने खर्च नपाएर पीडा सहनु परेको छ । उपचार गरिदेला कि भनेर अरूको मुख ताक्नु परेको छ । उसको जीवनकथा पनि विचित्र छ, उसको बुबा को थियो, उसले थाहै पाएन । उसकी आमा र दिदी दाडमा एउटा होटलमा भाँडा माझ्ने गर्दथे र ऊ पनि त्यसै होटलमा ग्राहकहरुलाई पानी दिने, जुठो सोहोर्ने काम गर्दथ्यो । यसर्थ पनि धनवीरेको अवस्था कस्तो छ भनेर तलको साक्ष्यबाट स्पष्ट हुन सकिन्छ :

> मानिसको जीवनमा पेट भर्नुबाहेक अरु पनि इच्छा-आकाङ्क्षा हुन्छन् भन्ने उसलाई पटक्कै ज्ञान थिएन । पेटभरि खानु र जडौरी भएपनि एकसरो लाउन पाउनु नै उसको नजरमा जीवन थियो । (पृ.१३)

माथिको साक्ष्यबबाट स्पष्ट हुन्छ कि धनवीरेलाई प्रभुत्वशाली वर्गले कसरी किनारीकृत गरेको छ भन्ने कुरा । मानिसको जीवनमा कयौँ इच्छा-आकाङ्क्षा हुन्छ । पैसा कमाउने, धन, सम्पत्ति जोड्ने, मिठो खाने, राम्रो लगाउने कयौँ हुन्छन् तर धनवीरेलाई पेट भर्नुबाहेक अरु त्यस्ताइच्छा- आकाङ्क्षा हुन्छन् भन्ने पत्तो समेत छैन । उसले कसैबाट पनि कुनै सहयोग पाएको छैन । यसरी कथामा घटित सम्पूर्ण घटनाहरुलाई नियाल्दा आर्थिक विपन्नताका कारण सीमान्तीकृत बन्न पुगेको पात्रका रुपमा धनवीरेको प्रतिनिधित्व भएको छ । आर्थिक अवस्था कमजोर भएकै कारण ऊ पहिचानविहीन अवस्थामा बाँच्न विवश छ । धनवीरेले आफ्नो स्वर्णीम समय टङ्कप्रसाद र रुद्रप्रसादको सेवामा बिताएको छ । जवान हुँदा सबैले विहेवारी गर्दा न त उसले म विहे गर्छु नै भन्न सक्यो न त टङ्कप्रसादले यसको पनि विहे गरिदिनु पर्छ भनेर नै सोच्यो त्यसकारण साथीहरूले भन्दा समेत विहे नगरी बसेको छ । सँगैका दौतरी लाहुर गएर पैसा कमाएर आउँदा पनि उसले आफ्नो श्रम वर्गीय समाजमा उच्च वर्ग भनाउँदा टङ्कप्रसाद र रुद्रप्रसादको एक थाल भातका निम्ति खर्चेको छ । बदलामा उसले बिरामी हुँदा न औषधी मुलो

पाएको छ न त स्याहारसुसार नै । अरू उल्टो काम अह्राएको छ जुन कुरो तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> कुनै बखत ज्वरो आएर लाचार भई दुई तीन दिनसम्म धनवीरे ओछ्यान पर्‍यो भने रुद्रप्रसादलाई कामको लागि ज्यादै पीर पर्थ्यो र उनी धनवीरेको छाप्रोमा आएर बडो दिक्क मानेर तिमी यता यसरी लडिरहेका छौ, उता तिम्री बुहारी घरको कामधन्दाले गर्दा वनजङ्गल जान नसकेर डिँगा बाच्छा भोकै छन् , खै के गर्ने हो म एउटाले ! भन्दै खुइय...सुस्केरा हाल्थे । त्यसैकारण अलिकति जीउ तङ्रिनासाथ धनवरि सकीनसकी काममा जोतिने गर्दथ्यो (पृ.१५) ।

वर्गीय सामाजिक संरचनाका कारण धनवीरे सीमान्तीकृत हुन पुगेको छ । लडेर घाइते हुँदा, ज्वरो आएर थला पर्दा समेत उसले काम गर्नु परेको छ । औषधी, उपचार पाएको छैन । ऊ शारीरिक रूपमा एकदमै कमजोर हुन पुगेको छ । जुन कुरालाई साक्ष्यबाट स्पष्ट हुन्छ :

> त्यसै दिन अघिल्लो रातदेखि ज्वरो अति कम भएकोले बिहान अँगेना बालेर पानी एक-दुई घुट्को पिएपछि बाहिर पिँढीमा बसिरहेको थियो धनवीरे । त्यसैबेला रुद्रप्रसाद आएर सदाकोझैं आफैंसँग दिक्क भएझैं गरेर भनेका थिए सक्छौ भने बिस्तारै बिस्तारै गएर एक मुठी घाँस ल्याई दिन्छौ कि...? हिजोदेखि दुहुनो गाईको मुखमा हरियो घाँस परेको छैन । त्यस दिन वन जाँदा धनवीरे भेरीको किनारामा एउटा ठूलो ढुङ्गोमाथि बसेर निकै बेरसम्म घोरिएको थियो (पृ.१६) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि वर्गीय समाजमा आफूलाई सम्भ्रान्त हुँ भन्नेको मन कतिसम्म कठोर हुन्छ भन्ने कुरा । उनीहरू निम्न वर्गकालाई एउटा किरा फट्याङ्ग्रालाई जति नि दया गर्दैनन् । उनीहरुलाई निम्न वर्गको भावनना, पीडासँग कुनै सरोकार हुँदैन , सरोकार हुन्छ त केवल कामसँग । यसरी उच्चवर्गका निम्ति सकीनसकी काम गर्दा पनि धनवीरेले कुनै सहानुभूतिसम्म पनि पाएको छैन । बाँच्नका लागि सङ्घर्षरत यो पात्र पहिचानविहीन अवस्थामा बाँच्न विवश छ ।

एक गाँस भातको लागि सारा जीवन उच्च वर्गका खातिर श्रम गरेर अन्तमा बेवारिसे मर्नु परेको छ धनवीरेले उसको मृत्युमा आँसु बगाउने उसका मित्र बिस्ने कान्छो सिवाय कोही हुँदैन । बिस्ने कान्छोको चाउरिएको गालाभरि आँसु बगिरहेको छ । धनवीरेको श्रमले मोटाएको रुद्रप्रसाद धनवीरे जवान हुनुजेलसम्म मेरो भाइ भनि भनि काम खायो, पसिना खायो तर पछि चोट लागेर

बिरामी हुँदा, अशक्त हुँदा वेबारिसे बन्नु पर्‍यो । रुद्रप्रसादलाई धनवीरेको शरीर छोइने भयो, जात चलेन । यस प्रसङ्गलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> त्यत्तिकैमा हस्याङफस्याङ गर्दै रुद्रप्रसाद आइपुग्छन् र बिस्ने कान्छोपट्टी हेरेर भन्छन्, " ल अव पल्ला गाउँतिर गएर उसका जातका मानिसहरु बटुल्नु पर्‍यो । ढिलो गरेर केही फाइदा छैन " (पृ.१६) ।

यसरी माथिको साक्ष्य अनुसार प्रभुत्वशाली वर्गले सीमान्त वर्गको श्रम चलाएको छ । जीवनका सारा खुशी लिएको छ तर अन्त्यमा उपचार विना मर्न विवश पारिएको छ । साथै बाँचुन्जेल उसको श्रम चलाउने प्रभुत्वशाली वर्गले मरेपछि उसको लास नछोएर सीमान्त बनाएको छ ।

### २.३.१० 'निर्मला' कथामा वर्गीय सीमान्तीयता

माया ठकुरीको छैठौं कथा सङ्ग्रह *आमा ! जानुहोस्* २०६४ मा प्रकाशित कथा सङ्ग्रह हो । यस कथामा जम्मा पन्ध्रवटा कथा समाबेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा दुईवटा कथा लैङ्गिक सीमान्तीयतायुक्त कथा रहेका छन् भने एउटा वर्गीय सीमान्तीयतायुक्त कथा रहेको छ । यसै कथा सङ्ग्रहमा सङ्गृहीत एउटा कथा हो निर्मला । यो नेपाली सामाजिक परिप्रेक्ष्यमा आधारित भएर लेखिएको कथा हो । यस कथामा सीमान्तीयताको राम्रो प्रस्तुति पाइन्छ । यस कथाकी मुख्य बालपात्र निर्मला सीमान्त समुदायको प्रतिनिधि पात्र हो । प्रस्तुत कथामा निर्मलाजस्तो निम्नवर्गको बालसुलभ पात्रको माध्यमबाट समाजमा सौतेनीआमाले सौताको छोराछोरीप्रति कस्तो व्यवहार गर्दछ र त्यस्ता बालबालिकाहरू आफ्नो पहिचान गुमाएर कसरी सीमान्तीकृत हुन पुग्छन् भन्ने कुरालाई देखाइएको छ । सात वर्षको उमेरमै आमाको मृत्यु भएपछि केही समय पश्चात विश्वनाथले दोस्री श्रीमतीको रूपमा तारालाई ल्याएका छन् । समय बित्दै जाँदा ताराले निर्मलाप्रति गर्ने व्यवहारमा परिवर्तन आएको छ । सानै उमेरकी भएकी कारण निर्मलाले ताराबाट आफ्नी आमाबाट प्राप्त गर्ने मायाको अपेक्षा गरेकी छ तर त्यसको उल्टो उसले घृणा, गाली सिवाय केही पाएकी छैन । ताराले आफ्नो छोरा जन्मिएपछि झन विभेदपूर्ण व्यवहार गरेकी छ । उसले सधैं लोग्नेलाई निर्मलाको विरुद्ध कुरा लगाएर उल्टो बुबाको मायाबाट समेत वञ्चित बनाउने काम गरेकी छ । निर्मलालाई पनि सानो भाइलाई खेलाउन मन हुन्छ तर उसकी सानीआमाले भाइलाई छुनसम्म दिँदिन । कहिलेकाही भाइलाई लिए पनि सानीआमाले खोसेर लिन्छे । यस सन्दर्भलाई कथामा निम्नलिखित साक्ष्यले स्पष्ट पार्दछ :

> बजिनी, सुतिरहेको बच्चालाई चिमोटेर रुवाउँछेस् ? पख्, भरे तेरो बालाई घर आउन मात्र दे, तेरो गालामा चड्कन लाउन नपठाएर,...। आफ्नी आमालाई ता खाइस्खाइस्..अब मेरो छोरालाई समेत खान खोजेकी होलिस् भनेकी थिई (पृ.३७) ।

वर्गीय समाजमा व्याप्त सामाजिक विकृतिको प्रभाव बालबालिकामा समेत पर्दछ । वर्गीय सामाजिक शासन व्यवस्थामा आर्थिक एवम् सामाजिक संरचनागत दृष्टिकोणले प्रभुत्वशाली वर्गको प्रभाव देखिन्छ । यस अर्थमा सामाजिक व्यवस्थामाथि शक्तिशाली वर्गको प्रभुत्व रहन्छ । निर्मलाको दर्दनाक अवस्था प्रस्तुत भएको छ । सानैमा आमाको मायाबाट बञ्चित निर्मलालाई सानीआमाले आमाको माया दिनुको सट्टा बिना गल्ती आक्षेप लगाउँदै गाली गरी डर, त्रास देखाउने काम गरेकी छ । ती अबोध बालिकालाई प्रसवपीडाले ज्यान गुमाउन पुगेकी आमालाई खाई अव आफ्नो छोरालाई समेत खान लागेकी भनि आक्षेप लगाएकी छ । यसर्थ यस कथाकी सीमान्तीकृत पात्र निर्मला प्रभुत्वशाली वर्गबाट सीमान्तीकृत हुन पुगेकी छिन् । निर्मलाले सधैं सानीआमा र बुबाको अत्याचार सहेकी छे । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> निर्मला, दिदी भएपछि भाइलाई माया गर्ने हो कि चिमोटेर रुवाउने हो, ल भन ? बेलुका बुबाले उसको दुवै हात समातेर रिसाउँदै साधेपछि त उसको त्यो आस पनि मरेको थियो । अबदेखि भाइलाई केही गरेको चाल पाएँ भने तँलाई भात खान पनि दिन्नँ । उःत्यो पल्लो कोठामा थुनेर राख्छु, थाहा मात्रै पाम्,' पवश्वनाथले कठोर स्वरमा भनेका थिए (पृ.३८) ।

घरपरिवार र समाजमा आफ्नो आमा नभएपछि टुहुरा बालबालिकाले आमाको माया पाउने चाहना , चाहनामै सीमित हुन्छ । अझ सौतेनी आमाबाट आमाको मायाको अपेक्षा राख्नु भनेको मरूभूमिमा पानीको अपेक्षा गर्नु सरहनै हुन्छ । पहिला माया गर्ने आफ्नै बुबा पनि सौतेनी आमा ल्याएपछि सौतेनी बुबा बन्छ । उसले यथार्थ कुरो के हो भनेर बुझ्ने कोशिष गर्दैन । सधैं श्रीमतीको मात्र कुरा सुनेर विभेदपूर्ण व्यवहार गर्छ । यस कथामा पनि निर्मलाको बालसुलभ मनोविज्ञानलाई बुझ्न नखोजेर बिना गल्ती पनि गाली गरेर किनारीकृत गरिएको छ । निर्मलाको भावनालाई बुझ्ने कोशिष गरिएको छैन । उसलाई सधैं डर, त्रासमा राख्ने र गाली मात्र गर्ने गरिएको छ ।

'चण्डाल्नी, अझ मेरो छोरोलाई रुवाउँछेस्,ल खा' भनेर पाँच औंलाको डाम बस्ने गरी निर्मलाको गालामा थप्पड दिई (पृ.३९-४०) । यस कथामा सानीआमाले निर्मलाप्रति गर्ने दमन र अत्याचारले पराकाष्ठा नाघेको छ । उनले आफ्नो छोरा र निर्मलाका बीचमा विभेदपूर्ण व्यवहार

गरेकी छ । ऊ आफ्नो छोरालाई जति माया गर्छे त्यसको एकरत्ति पनि निर्मलालाई माया गर्दिन । सधैं भएनभएका कुराको फूलबुट्टा भरेर आफ्नो लोग्ने घर फर्केपछि सुवाउँछे । त्यसपछि निर्मलालाई आफ्नै बुबाको हातबाट कुटाइ खुवाउछे । तारा सौताकी छोरी निर्मलालाई बोझ ठान्छे । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> यसरी रातदिन हामीलाई दुःख दिएर बस्नुभन्दा त जा न , त्यहीँ पर खोला छ है, त्यहीँ हाम फालेर मर्' ताराले प्रायः दिनदिनै भन्न लागेकी थिई निर्मलालाई (पृ.४०) ।

वर्गीय विभेद व्याप्त रहेको समाजमा सीमान्तीकृत वर्गलाई स्वेच्छापूर्वक बाँच्न पाउने अधिकार पनि हुँदैन । प्रभुत्वशाली वर्गले आफू अनुकूलको भएन भने वा आफूलाई प्रतिकूल लाग्ने परिस्थिति आइपर्‍यो भने सीमानिकृतको जीवनलिला समाप्त पार्नको लागि प्रेरित गर्न समेत पछि पर्दैनन् भन्ने कुरा माथिको साक्ष्यले स्पष्ट पारेको छ । ताराले निर्मला सौताकी छोरी भएको कारण बोझको रूपमा लिएकी छ । निर्मलाले आफूलाई सताएको, दुःख दिएको महशुस गर्छे । त्यसकारण ऊ जतिसक्दो यातना दिएर निर्मला बोझ नबनोस् भन्ने चाहन्छे । यसरी कथाकी सीमान्तीकृत पात्र निर्मलाले प्रभुत्वशाली वर्गबाट खप्नुसम्म यातना, पीडा खपेकी छ । निर्मला आफू सानी भएको कारण ऊ ती सारा अत्याचार चुपचाप सहन विवश छे ।

'निर्मला' कथामा तत्कालीन अवस्थाको नेपाली समाजको विद्यमान वर्गीय सम्बन्ध र त्यसले समाजमा पारेको प्रभाव र त्यसबाट निम्नवर्गले किनारीकृत अवस्थामा पुगी भोग्नु परेको मृत्युसम्मका पीडालाई अति नै कलात्मक ढङ्गले अभिव्यक्त गरिएको छ । ठकुरीका अनुसार वर्ग विभेदमा आधारित सामाजिक संरचनाभित्रका मानकहरू नै विभेदकारी हुने भएकाले त्यस प्रकारको समाजमा निम्नवर्ग आजीवन प्रभुत्वशाली वर्गका प्रताडना सहन र त्यसकै कारणबाट मृत्युवरण गर्न विवश हुन्छ भन्ने निष्कर्षलाई यस कथाका आधारमा पुष्टि गर्न सकिन्छ ।

## २.४.माया ठकुरीका 'असजिला प्रश्नहरू' कथामा जातीय सीमान्तीयता

सीमान्तीय वर्गको पहिचान गर्ने अर्को महŒवपूर्ण आधार जाति पनि हो । मानव समाजलाई जातीय आधारमा विभाजन गर्ने र तथाकथित उपल्लो जातिले तल्लो जातिमाथि गर्ने अन्याय, अत्याचार, शोषण, दमन र हेलाहोचोको व्यवहारबाट शोषित, पीडित, उपेक्षित हुनुपर्ने अवस्था नै जातीय सीमान्तीयता हो । प्रभुत्व, पहुँच, पहिचान, प्रतिनिधित्वका आधारमा जातिहरू उच्च र निम्न वा केन्द्र र किनारामा विभक्त भएका छन् । सबै जातिको अवस्था समान प्रकार देखिँदैन । उच्च जातले आफू अनुकूल बनाएको सामाजिक संरचनामा तल्लो भनिएका जातिका

व्यक्तिहरू सबाल्टर्न बन्न बाध्य हुन्छन् । यस कृतिभित्र प्रतिनिधित्व गराइएको जातीय सीमान्त पात्रको पहिचान कुन रूपमा गराइएको छ भन्ने कुराको अध्ययन विश्लेषण यस अन्तर्गत गरिएको छ ।

माया ठकुरीको सातौं कथा सङ्ग्रह *प्रियंवदा* २०६९मा प्रकाशित कथा सङ्ग्रह हो । यस कथामा जम्मा अठारवटा कथा समाबेश भएका छन् । ती कथाहरूमध्ये यस शोधको विश्लेषणको लागि जम्मा तीनवटा कथालाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा दुईवटा कथा लैङ्गिक सीमान्तीयतायुक्त कथा रहेका छन् भने एउटा जातीय सीमान्तीयतायुक्त कथा रहेको छ ।

माया ठकुरीका सातवटा कथा सङ्ग्रहभित्र रहेका कथाहरू मध्ये जातीय सीमान्तीयता सिद्धान्तका दृष्टिबाट उच्च रहेका कथाहरू मध्येबाट कलात्मक र जातीय सीमान्तीयताका दृष्टिले उच्च रहेको कथा 'असजिला प्रश्नहरू' नमुना विश्लेषणका लागि छनोट गरिएको छ । उच्च जातकै कारण तल्लो जातको मानिसहरूप्रति गरिने जातीय व्यवहारकै कारण मानिसहरू सीमान्त बन्न बाध्य भएको तथ्यलाई यस कथामा उठाइएको छ ।

*असजिला प्रश्नहरू* कथामा जातीय सामाजिक सांस्कृतिक वर्णव्यवस्थाले निर्माण गरेको कथित तल्लो जातिको संस्कृति प्रस्तुत भएको छ । जातीय हिसाबले कथामा बिन्दुले तथाकथित तल्लो जातिका रूपमा प्रतिनिधित्व गरेकी छे । बिन्दु सामाजिक, सांस्कृतिक रूपले सीमान्तीकृत अवस्थामा रहेकी छिन् । कथामा आएको अर्को विदेशी पात्र भिक्टर भने कथित तल्लो जातकै भए पनि विदेशी र धनवान भएका कारण समाजमा स्वीकार्य रहेको तथ्यलाई कथामा स्पष्ट पारिएको छ ।

'असजिला प्रश्नहरू' कथामा कुनै स्थान विशेषलाई जानकारी नभए पनि यस कथाका घटना सन्दर्भले तत्कालीन नेपाली समाजको परिवेश स्पष्ट हुन्छ । यस कथामा नेपाली समाजमा विद्यमान अन्तरजातीय सम्बन्ध र त्यसले समाजमा पारेको प्रभावलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा ध्रुव प्रभुत्वशाली वर्गको माथिल्लो जातको पात्र हो । उसकी आमा आफूलाई माथिल्लो जातको ठान्छे । तल्लो जातसँग छोरोको विवाह गरिदिँदा कुलकुटुम्ब, भाषा, संस्कृति नमिल्ने, जोरीपारीले नराम्रो ठान्ने सोच राख्छिन् । तसर्थ उनीले आफ्नो छोरोको विवाह छोरोले रोजेको केटीसँग गरिदिन अस्वीकार गरेकी छिन् । यस कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

> आजभन्दा नौ वर्षअघि ध्रुवदाइले जव एउटी नेपालीलाई प्रेम गर्नु भएको थियो, त्यति बेला यिनै सानीआमाले जातभात नमिलेको आधारमा ती केटीलाई बुहारीको रूपमा स्वीकार्नु भएको थिएन । 'कुलकुटुम्ब, भाषा, संस्कृति नमिल्नेसँग पनि म मेरो छोरोको बिहे गरिदिन्छु र ? जोरीपारीले पनि के भन्लान् ?' उस बेला रिसले कुर्लंदै भन्नु भएको थियो सानीआमाले । त्यसपछि बाध्य भएर त्यस केटीसँग ध्रुवदाइको बिछोड भएको थियो (पृ.५३-५४) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि समाजले जातलाई कुन नजरले हेर्छ भन्ने कुरा । ध्रुवको प्रेममा जात र परिवार बाधक भएर आएको छ । जातलाई केन्द्रमा राखेर ध्रुवकी आमाले उसको प्रेमलाई अस्वीकार गरेको छ । कुलकुटुम्ब, भाषा, संस्कृति, जोरीपारीको डर देखाउँदै बिन्दुलाई बुहारीको रूपमा स्वीकार गर्न अस्वीकार गरेकी छिन् ।

समाजमा समाजले बनाएको तल्लो जातप्रतिको सामाजिक जबाफदेहिताका विषयमा कसैले पनि वास्ता नगर्नु जातीय सीमान्तीयताको एउटा पक्ष हो । जातिगत नै मानिसको स्थान निर्धारक हुने समाजमा निम्न जातका मानिसहरू सधैं गाली वा असक्षमताका पर्याय बन्छन् । निम्न जातकाहरू उच्चजातका कुलमा सुहाउँदैन । उच्च जातका लागि बुहारी बन्न, विवाह गर्न योग्य हुँदैनन् । जातले प्रश्रय पाएको समाजमा आफ्नै सन्तानको खुशी समेत नहेर्ने हुन्छन् । आफ्नै सन्तानको खुसीलाई समेत तिलाञ्जली दिन पछि पर्दैनन् भन्ने कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> 'आखिर मेरो जीवनबाट मेरो खुशी खोसेर के पाउनु भयो र आमाले ? बिन्दुलाई गुमाएपछि फेरि कुनै एउटी नौली युवतीसँग सम्बन्ध गाँस्नु मनै थिएन मलाई । तर आमाकै करकापमा परेर मैले अञ्जलीसँग बिहे गर्नुपर्‍यो । मेरो विगत थाहा पाएपछि हिजोआज अञ्जलीले कुरैपिच्छे मलाई ताना मार्न थालेकी छिन् । बडो असहनीय चोट पाइरहेको छ' मैले हरक्षण, हर घडी । यसरी कति दिनसम्म जिउन सकिन्छ र ?' (पृ.५४)

यसरी माथिको साक्ष्यलाई हेर्दा थाहा हुन्छ कि ध्रुवले जातकै कारण आफूले माया गरेकी प्रेमिकालाई विवाह गरेर ल्याउन सकेको छैन । आमा,घरपरिवार,कुलकुटुम्ब आदिका कारण आफ्नो प्रेमलाई त्याग्नु परेको छ । मनमा एउटालाई सजाय पनि बाध्यतावश अर्कोसँग विवाह गर्नु परेको विवशता कथामा देखाइएको छ । यसरी जातकै आधारमा तल्लो मानिएकी केटीसँग प्रेम गरेकै कारण घरपरिवार, आमा र श्रीमतीबाट समेत मानसिक यातना भोग्नु परेको कुरालाई समेत कथामा देखाइएको छ ।

समाजमा निम्न मानिएका जातका मानिसले सधैं अपमानको सिकार बन्नु पर्छ । बिन्दुलाई समाजले निम्न जातको मानेको कारण नै सीमान्तीकृतका लागि पर्याप्त आधार हो । उसले अरूका अगाडि हेलाको पात्र बन्न कुनै नराम्रो काम गरिरहनु पर्दैन । बिन्दुले पनि जातकै आधारमा सीमान्तीकृत हुनु परेको छ । समाजको नजरमा ऊ निम्न जातको पहिचानबाट अभिशप्त भएकै कारण अपहेलित भएकी छे । समाजमा उच्च जातले उसको सम्मान गर्ने विषय सम्भावनाको सीमाभन्दा बाहिर छ । समाजमा निम्न जातको हुनु नै सबै क्षेत्रबाट अपमान मात्र पाउने हुनु हो भन्ने मूल्यले जरो गाडेर बसेको छ । जातीय सीमान्तीयताको खास विशेषता पनि यही नै हो । समाजले निम्न मानिएको जातकालाई जातको भारीले कठोरतापूर्वक थिचेर राख्छ । यस कथामा पनि बिन्दुले कथित उच्च जातको ध्रुवसँग प्रेम गरेकी छे तर ध्रुवको परिवार, समाजले अस्वीकार गरेपछि अरू नै सँग विवाह गर्न विवश भएकी छे ।

सामन्तवादी उच्चवर्गका व्यक्तिहरूबाट आफू अनुकूल निर्माण गरिएको आडम्बरयुक्त सामाजिक परम्परामा, संस्कृतिमा तल्ला जातिका व्यक्तिहरूलाई मानवीय व्यवहार गरिँदैन । हिन्दू समाजमा  जातका आधारमा ठूलो र सानो बनाउने अनि त्यसैलाई हतियार बनाएर तल्ला जातका भनिएकालाई सधैं आफू अनुकूल बनाएका मूल्य, मान्यताले गर्दा समाजमा एउटा वर्ग सधैं जातीय आधारमा सीमान्तीकृत बन्न पुग्दछ । यहीँ हिन्दू धर्मबाट प्रमाणित सामन्तवादी समाज व्यवस्थाले प्रभुत्वशाली संस्कृति अनुकूल निर्माण गरेको जातीय विभाजनकै कारण विन्दुजस्ता तल्ला जातका व्यक्तिहरू सदियौंदेखि सीमान्तीकृत बन्दै आइरहेको र उनीहरूलाई जातको नाममा उत्पीडन गरी सीमान्तीकृत बन्न विवश पारेको छ ।

## २.५ माया ठकुरीका कथामा लैङ्गिक सीमान्तीयता

सीमान्तीय वर्गको पहिचान गर्ने अर्को महŒचपूर्ण आधार लिङ्ग पनि हो । लैङ्गिक दृष्टिबाट सीमान्तीयताको पहिचान गर्न सकिन्छ । पुरुषकेन्द्री समाजमा पुरुषले आफूलाई क्रियाशील बनाउँदै अघि बढेको छ । घर, समाज र राष्ट्रमा पुरुषले आफूलाई प्रमुख रूपमा उभ्याएपछि नारीहरू सीमान्तीय पात्र बन्न पुग्छन् । कृतिभित्र प्रतिनिधित्व गराइएको लैङ्गिक सीमान्तीय पात्रको पहिचान कुन रूपमा गराइएको छ भन्ने कुराको अध्ययन, विश्लेषण यस अन्तर्गत गरिएको छ ।

माया ठकुरीका कथामा वर्गीय, जातीय सीमान्तीय वर्गको कथासँगै लैङ्गिक सीमान्तीयतायुक्त कथा पनि भेटिन्छन् । उनका 'उज्यालोतिर', 'बहादुर', 'साहेव', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा', 'उसको कथा', 'कुन्ता', 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', 'रात मेरो पनि

हो', 'पहिचान' जस्ता कथाहरूमा लैङ्गिक सीमान्तीयता पाइन्छन् । उनका यी कथाहरू लैङ्गिक समस्यायुक्त रहेका छन् । यी कथाहरू लैङ्गिक सीमान्तीयताका दृष्टिले अध्ययनीय छन् ।

### २.५.१ 'उज्यालोतिर' कथामा लैङ्गिक सीमान्तीयता

'उज्यालोतिर' कथा माया ठकुरीको *नजुरेको जोडी* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यस कथामा नेपाली समाजमा विद्यमान लैङ्गिक सम्बन्ध र सामाजिक अवस्था अनि त्यसका आधारमा नारीहरुमाथि भएका लैङ्गिक सीमान्तीकरणका सन्दर्भलाई उजागर गरिएको छ । त्यसका लागि समाजको शक्ति र सत्ता हातमा लिएको पुरुषका अकर्मण्यता, दबाब र शक्तिको चरम प्रयोगबाट नारीहरु सीमान्तीकृत अवस्थामा पुगी नचाहँदा नचाहँदै पनि बेमेल विवाह गर्नु परेको विवशतालाई प्रस्तुत गरिएको छ । यस कथामा मञ्चित रूपमा कलावतीले लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व गरेकी छे । नेपथ्य पात्रका रूपमा कथाकार स्वयम्, कृष्णकान्त बाजेका पहिली र दोस्री श्रीमतीको चर्चा गरिएको छ ।

लैङ्गिक सीमान्तीकृतको प्रथालाई सामाजिक स्वीकृति प्राप्त भएको समाजमा नारीहरूलाई पुरुषले सीमान्तीकृत अवस्थामा पर्‍याउँछ । यस कथाकी पात्र कलावती किनारीकृत पात्र हुन् । उसको आफ्नो बाउबाजेको उमेरको कृष्णकान्त बाजेसँग बेमेल विवाह भएको छ । कलावतीलाई समाजका प्रभुत्वशाली पुरुष कृष्णकान्त बाजेले किनारीकृत गरेको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा नारीहरु पाइलैपिच्छे पुरुषको शोषण, उत्पीडनका सिकार बन्न बाध्य हुन्छन् । यस कथाकी पात्र कलावती आफ्नै लोग्नेबाट शोषण र उत्पीडनमा परेको कुरा निम्नलिखित साक्ष्यबाट स्पष्ट हुन्छ :

> कलावतीका जीउका लुगाहरु लथालिङ्ग भएर उसको कलिलो पुष्ट शरीरका कतिपय भागहरु आवरणहीन भएका हुन्छन् । छेवैमा कृष्णकान्द बाजे हातमा लौरो लिएर गर्जिंदै थिए, "राँड, अझ गफ छाँट्छेस् तेरो पोइसित ?" शब्दको साथसाथै उनको हातको लौरो पनि कलावतीको पिठ्यूँमा बज्रन पुग्छ (पृ.२६) ।

प्रस्तुत कथामा कलावती आफ्नै लोग्नेबाट प्रताडित भएकी छिन् । नारीलाई आफ्नो स्वार्थ अनुरूप प्रयोग गर्न सकिने उपभोग्य वस्तुका रूपमा हेर्ने पुरुषप्रधान समाजमा कलावती आफ्नै लोग्नेबाट दिनै प्रताडीत भएकी छे । कलावती र कृष्णकान्त बाजेको बीचमा उमेरको अन्तर आकाशपातालको छ । आफ्नो बाबुबाजे सरहको उमेरको मान्छेलाई विवाह गरेर पठाइ दिएका छन् उसका बाबुबाजेले । लोकलाज र समाजको डरले आफ्ना सन्तानसम्मको जीवन आहुती दिनसम्म पछि पर्दैन समाजमा बाबुआमा । छोराले जतिसुकै ठूलो गल्ती गरे पनि नेदेख्ने समाज छोरीले

सानो गल्ती गरे पनि पहाड बन्छ । समाजमा बाबुआमालाई जहिल्यै छोरीले नाक काट्ली भनेर कत्रो डर हुन्छ । यसै परिणाम हो कलावती र कृष्णकान्त, एउटाको हृदय भोको छ संसार हेर्नको निम्ति अनि अर्कोको मन अघाइसकेको छ संसार देखेर । यसैले त त्यो डकार लिँदै गरेको मनले अरूको भोक बुझ्न नसकेको ।

लैङ्गिक दृष्टिले नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइएको समाजमा पुरुषका असक्षमता, विवेकशून्यता र घृणित विचारको भारी पनि नारीले नै बोक्नु पर्ने हुन्छ । कृष्णकान्त बाजेले पहिली र दोस्री श्रीमतीबाट सन्तान नभए पछि कलावतीलाई विवाह गरेका थिए । कलावती मात्र होइन यहाँ पुरुषप्रधान समाजमा कृष्णकान्त बाजेका पहिली र दोस्री श्रीमती पनि प्रताडित बनेका छन् । कृष्णकान्त बाजेले सन्तान नहुनुमा आफ्नो कमजोरी हो भन्ने ठानेकै छैन । सन्तान नहुनुमा सारा दोष श्रीमतीकै हो भनेर पटक पटक विवाह गरेका गरेका । सन्तान नहुनुमा कृष्णकान्त बाजेको कमजोरी हो, असक्षमता हो । ऊ त्यसलाई स्वीकार गर्दैन बरु त्यसका बदलामा पटक पटक विवाह गर्न चाहन्छ । पुरुषप्रधान समाज अझ उसलाई मर्दको सज्ञा दिन्छ । “मर्दको जात दशवटी ल्याए पनि हुन्छ” (पृ.२८) । पुरुषको एकलौटी सत्ता भएको र त्यसको निरङ्कुश प्रयोगको लागि सबै प्रकारले छुट पाएको समाजमा नारीको शरीर र अस्मितामाथिको अधिकार पनि सुरक्षित हुँदैन । यस्तो अवस्थामा नारीले बोले पनि नबोले पनि आफ्नो इच्छालाई सुरक्षित गर्न मात्र खोजे पनि प्रताडित हुनु पर्ने एक मात्र अन्तिम विकल्प बाँकी हुन्छ । पुरुषप्रधान समाजले नारीलाई विना गल्ती नै सजायको भागिदार बनाउँछ । पुरुषले दशवटी ल्याए पनि मर्द कहलाउँछ र नारीचाहिँ उसमाथि जति नै अत्याचार भएतापनि आँसु पिएर सहनु पर्ने बाध्यता बनाउँछ नत्र ऊ पातकी कहलाउँछे, कलङ्किनी कहलाउँछे ।

लैङ्गिक विभेदको दृष्टिले जरा गाडेको समाजमा नारीको आफ्नो जीवन पनि पुरुषकै इच्छामा मात्र सञ्चालित गरिने हुनाले नारी पुरुषको आवश्यकता पूरा गरिदिने र वंश परम्परालाई बचाइ दिने भौतिक वस्तु समान मात्र हुन्छे । कृष्णकान्त बाजे बलावतीको बाउबाजे उमेरको मान्छे । होचो, डल्ले स्थूलकाय शरीर भएको, केश झण्डै आधासरो फुलिसकेको निधारमा लामो तीनवटा चन्दनको धर्काले पुरोहित्याँइको प्रमाण दिने सन्तान नभएको र दुई दुई विवाह गरिसकेका हुनाले सन्तान जन्माइ दिनका लागि पन्ध्र/सोह्र वर्षकी कलावतीलाई कृष्णकान्तबाजेसँग विवाह गरिएको छ । यहाँ कलावतीको पहिलो र एक मात्र जिम्मेवारी आफ्नो कोखबाट कृष्णकान्त बाजेको सन्तान जन्माउनु थियो । कृष्णकान्त बाजेले कलावतीलाई कुनै माया, प्रेम भएर विवाह गरेका होइनन्, केवल सन्तान जन्माउने मेसिनका रुपमा मात्र कलावतीलाई विवाह गरे । माइती र घरको लोग्ने दुवैतर्फको निर्णयबाट कलावती सीमान्तीकृत अवस्थामा पुर्‍याइयी र उसका

जीवनका कष्टकर दिनहरु प्रारम्भ भए । यसरी लैङ्गिक विभेदयुक्त समाजमा नारीको आफ्नै जीवन पनि पराधीन हुन्छ र नारी केवल पुरुषका निर्णय र इच्छाको पूर्ति गर्ने साधन मात्र बनाइन्छन् अनि किनारीकृत अवस्थामा पुर्‍याइन्छ भन्ने सन्दर्भलाई यस कथाको प्रारम्भिक बिन्दु बनाइएको छ ।

लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गर्ने र पुरुषको केन्द्रीयतालाई अखण्ड राखिरहन प्रयत्नरत समाजले नारीमाथि क्रमबद्ध रुपमा प्रहार गर्छ र निराधार आरोपका माध्यमबाट किनारीकृत अवस्थामा पुऱ्याउँछ। कलावतीको अनमेल विवाह गर्दा उसको भविष्यको सुनिश्चितताका सम्बन्धमा स्वयम् उसका बुबाआमालाई पनि पर्वाह रहेन , छोरीले कृष्णकान्त बाजेको सम्पत्तिमा राज गर्न पाउँछे भन्ने लोभले उसका आमाबुबालाई लठ्यायो । सामाजिक मानसिकता यतिसम्म विभेदकारी कृष्णकान्त बाजजेले तीन तीन वटी विवाह गर्दा केही भएन तर कलावतीले हस्तमानसँग बोल्दा आकाशै खसेजस्तो भयो । कृष्णकान्त बाजेको सन्तान भएन त्यसकारण उसको कुनै दोष भएन तर सन्तान नभएको दोष सारा उनका श्रीमतीहरूमाथि आयो जसका कारण लोग्नेले जति वटी विवाह गरे पनि चुपचाप सहन विवश भए । त्यही विवशताबीचमा कलावती पनि होमिन पुगिन् । यसरी लैङ्गिक विभेदमा आधारित समाजको पुरुष मात्र ज्ञान र सम्पत्तिको उत्तराधिकारी हुन्छ । यस्तो समाजा आफ्नो अज्ञानता र पराधीनताका कारण पुरुषद्वारा निर्मित षड्यन्त्रको निराधार जालोमा नारीहरू अल्झिन पुग्छन् । कलावती पनि मन नचाहेर पनि कृष्णकान्त बाजेसँग विवाह गर्न विवश बनेकी छे । उसको मन कृष्णकान्त बाजेसँग पटक्कै रमाएको छैन । उसको मन त आफ्नो उमेर सरहको हस्तमानसँग रमाएको छ । ऊ हस्तमानसँग खुलेर हाँस्न सकेकी छ जुन हाँसो कृष्णकान्त बाजेलाई पिटिक्कै मन पर्दैन । कलावतीको यही हाँसोलाई आधार बनाएर उसले पटक पटक प्रताडित गरेको छ । यही प्रताडना सहन नसकेर या प्रतिसोध लिएर हो कलावतीले हस्तमानसँग विवाह गरेकी छन् । जुन कुरालाई पुरुषप्रधान समाजले पचाउन सकेको छैन भन्ने कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> के भो र ! बाजे किन रुनु भएको ? उसले उत्तर दियो, “के हुने हो र, बाजे हिजोराति कथा लाउने ठाउँमा पूजा गराउन जानुभएको अहिले फर्केर आउँदा घर रित्तै । भरभरिको गहनापात लिएर हिँडिछे, कस्ती आइमाई हो कन्नि, यत्तिका खान लाउन गरगहना पाउँदा पाउँदै पनि त्यो घर न द्वार भएको लुच्चो कटो हस्तमानसँग हिँडिछे, न जात मिल्ने, न भात मिल्ने, कहाँ उपाध्ये बाहुनी, कहाँ मगर मतवाली जात ;बुद्धि हराएकी ” (पृ.२८) ।

पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा पुरुषहरु आफ्नो गल्ती कहिल्यै देख्दैनन् । आफूलाई कमजोर कहिल्यै ठान्दैनन् । सधैं नारीमाथि अत्याचार  गर्छन् र प्रतिरोध राख्छन् । जुन कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> अचानक कृष्णकान्त बाजे बसेको ठाउँबाट जुरुक्क उठ्छन् र भुइँमा प्याच्च थुक्दै - "जावस्, त्यो राँडले मेरो धन सम्पत्ति लगेर कत्तिकी धनी होली र मैले पनि वर्ष दिनभित्रैमा त्योभन्दा सानी केटी घर हुल्न सकिन भने त के..." (पृ.२८) ।

माथिको साक्ष्यबाट कलावती लैङ्गिक रुपमा सीमान्तीकृत हुन पुगेको कुरा स्पष्ट हुन्छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीहरु सहनशील र सुशील हुनुपर्छ । केटाहरुको सङ्गत गर्नु हुँदैन । स्वतन्त्र रुपमा हिडडुल गर्नु हुँदैन । स्वतन्त्र रुपमा आफ्नो निर्णय लिनु हुँदैन । ऊसँग सम्बन्धित कुराको निर्णय पनि परिवारका प्रभुत्वशाली व्यक्तिले गरिदिनु पर्छ भन्ने सोच रहेको हुन्छ । प्रभुत्वशाली वर्गको शक्तिले उसलाई दमन गरिएको छ । विभिन्न लाञ्छना लगाइएको छ ।

पुरुषप्रधान समाजमा नारीले सधैं पुरुषको दास भएर बस्नु पर्छ, सधैं लोग्नेको अह्रन खटनमा चल्नु पर्छ भन्ने परम्परागत सोच रहेको समाजमा कलावतीले पुरुषप्रधान समाजलाई र प्रभुत्वशाली वर्गलाई चुनौती दिँदै कृष्णकान्त बाजेलाई छाडेर अर्को विहे गरेकी छिन् । समाजमा आफ्नो खुशीलाई स्थायीत्व दिन कुनै जातपात नभनि विहे गरेकी छिन् । यसरी सुरुमा किनारीकृत नारीको रुपमा लैङ्गिक सीमान्तीयताको प्रतिनिधित्व गरेकी कलावतीले अन्त्यमा विद्रोही नारी पात्रको पहिचान निर्माण गरेकी छिन् ।

### २.५.२ 'बहादुर' कथामा लैङ्गिक सीमान्तीयता

'बहादुर' कथा माया ठकुरीको *गमलाको फूल* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । नेपाली परिवेशलाई कथाको आधारभूमि बनाएर लेखिएको यस कथामा लैङ्गिक सीमान्तीयतायुक्त पात्रको रूपमा वसन्ती आएकी छ । उनी एउटा बालविधवा पात्र हुन् जो नौ वर्षको अवोध उमेरमै विधवा भएकी छन् ।

पितृसत्तात्मक समाजमा पुरुषलाई सर्वज्ञ, सर्वेसर्वा र सर्वगुणसम्पन्न र नारीलाई अनविज्ञ, अबला र निकम्मा ठानी त्यही अनुरूपको स्थान तय गरी चरम विभदको व्यवहार गरी पुरुषले नारीको जीवनलाई ज्यादै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँछ र जैविक होइन भौतिक दृष्टिले मात्र पहिचान गर्छ । वसन्तीको विवाह कहिले, कोसँग भएको थियो भन्ने कुरा उनलाई थाह नै

छैन । पतिको अनुहारसम्म नचिनेकी वसन्ती विधवा भएपछि उसका सासूससुरा, जेठाजुद्वारा घर ल्याइएर कमारीझैं काममा जोताइएकी छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा प्रभुत्वशाली पुरुषले विभिन्न बहानामा महिलालाई केन्द्रबाट धकेलेर किनारामा पुऱ्याउँछ। वसन्तीलाई पनि उसको सासूससुरा र जेठाजुले हेला र तिरस्कार गरेको छ । सानैमा विवाह गरेर नौ वर्षकै उमेरमा विधवा भएपछि लोग्नेको अनुहारसम्म पनि नचिनेकी वसन्ती विधवा भएपछि उसका सासूससुरा, जेठाजुद्वारा घर ल्याइएर दश वर्षसम्म त्यस घरको सेवा गरिरहँदा पनि वसन्तीलाई दिनरात घरका मानिसहरुको कचकच सुनिरहनु परेको छ । जेठाजुको वसन्तीप्रति नराम्रा भावना रहेको कुरो पनि वसन्तीले वीरेलाई भनेकी थिई । जुन तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> एक दिन वसन्तीले हुँक्कहुँक्क गर्दै वीरेलाई भनेकी थिई, “मलाई छिटै नै आफूसँग कतै लग्नुहोस् । नत्र मलाई त्यस पापीबाट आफैंलाई जोगाउन धौधौ परेको छ ” (पृ.३०) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि वसन्ती आफ्नै सासूससुरा र जेठाजुद्वारा प्रताडित छे भन्ने कुरा । आफैं परिवारबाट सीमान्तकृत बन्न पुगेकी छे । उसलाई शक्ति र अधिकारबाट किनारीकृत गरिएको छ । घर, परिवार र जेठाजुको हेला, तिरस्कार र यौनहिंसा सहन नसकी उसले आत्महत्या गर्न पुगेकी छे । आत्महत्या गरेर आफ्नो देह त्याग गर्दा समेत गाउँ, समाजका प्रभुत्वशाली वर्गहरूले उसलाई शङ्काका दृष्टिले हेर्छन् ।

लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गर्ने र पुरुषको केन्द्रीयतालाई अखण्ड राखिरहन प्रयत्नरत समाजले नारीमाथि क्रमबद्ध रुपमा प्रहार गर्छ र निराधार आरोपका माध्यमबाट सीमान्तीकृत अवस्थामा पुर्‍याउछ । प्रभुत्वशाली वर्गका पुरुष आफ्नो गल्ती कहिल्यै स्वीकार गर्दैन र समाजले पनि उसको गल्ती कहिल्यै देख्दैन । समाजले जहिल्यै निर्दोष भएर पनि दोषी महिलालाई नै देख्छ । महिलालाई सुखपूर्वक र खुशीसाथ बाँच्न कहिल्यै दिँदैन । सधैं झुटो आरोप, प्रत्यारोप र लाञ्छनाले थिचिरहन्छ । यस सन्दर्भमा निम्न उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> लोग्नेलाई उहिल्यै खाइहाली क्यारे अन्त अहिलेचाँहि बैंसले मात्तिएर कसको हो कसको पेट... (पृ.३०) ।

पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा एउटी अवला, असहाय र निरीह नारी आत्महत्या गरेर मरिसक्दा समेत उसको चरित्रमाथि शङ्का, उपशङ्का गरेर विभिन्न लाञ्छना लगाउँछन् । यहाँ वसन्तीलाई उसकै सासूससुरा र जेठाजुले हेला र तिरस्कारका साथै जेठाजुले

यौन हिंसा समेत गरेका छन् । सबैले उसैलाई दोषी देख्छन् । त्यो हेला, तिरस्कार र उत्पीडन सहन नसकेर र जाने ठाउँ पनि कहीँ नभएकाले गर्दा अन्ततः वसन्तीले आत्महत्या गर्छे तर हाम्रो समाजमा एउटी नारी मरिसक्दा समेत उसको चरित्रमाथि शङ्का गरिन्छ । जेठाजुले माथि साक्ष्यमा प्रस्तुत गरिएको अत्यन्त तुच्छ किसिमको भनाइ त्यो व्यक्तिको निजी अनुभूति मात्र होइन । पुरुषप्रधान समाजले सदियौंसम्म लगाएर निकालेको नारीप्रतिको दृष्टिकोणको निस्कर्ष पनि हो । घरपरिवारबाट हेला र तिरस्कार गरिएका नारीहरुलाई समाजमा पनि त्यस्तै व्यवहार गर्ने गरेको पाइन्छ । वसन्ती त्यसैको सिकार भएकी कुरालाई माथिको साक्ष्यले स्पष्ट पारेको छ । यसरी यस कथाकी नारी सीमान्तीकृत पात्र वसन्तीको आफ्नै सासूससुरा र जेठाजुबाट प्रताडित र अपहेलित भई अन्त्यमा आत्महत्या गरी मर्न बाध्य निरीह र अवला नारी पात्रको रूपमा पहिचान कायम भएको छ ।

### २.५.३ 'साहेव' कथामा लैङ्गिक सीमान्तीयता

'साहेव'माया ठकुरीको *साँघु तरेपछि* कथा सङ्ग्रहमा सङ्गृहीत कथा हो । यो सहरिया तथा ग्रामीण परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान रहेको समाजमा प्रायः गरी पुरुषले नारीलाई नारी भएकै कारणले उसमाथि शारीरिक, मानसिक तथा लैङ्गिक शोषण गरी नारीलाई केन्द्रबाट धकेल्दै परिधिमा पुर्‍याउने कार्य भएको पाइन्छ । प्रस्तुत कथामा कथाकी पात्र चमेली सीमान्त समुदायको प्रतिनिधि पात्र हो । ऊ सोह्र वर्षकी मात्र छे । डल्ली डल्ली राता गाला भएकी छे । कुरैपिच्छे डिच्च हाँस्ने गर्छे । ऊ समाजका प्रभुत्वशाली पुरुषहरु मालिक र मालिकको छोरोबाट सीमान्तीकृत भएको पाइन्छ । पितृसत्तात्मक सीमान्तीकृत भएको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा नारीहरु पाइला पाइलामा पुरुषको शोषण, उत्पीडनको सिकार बन्न बाध्य हुन्छन् । यस कथामा कथाकी मुख्य सीमान्तीकृत पात्र चमेली मालिक र उसको छोराबाट शोषण र उत्पीडनमा परेको कुराको सम्बन्धमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ :

> एक दिन त उसले चमेलीलाई भन्डै भापड लाइदिएको थियो थियो, केके सोचेर अडियो र मात्र । इन्द्रेचाहिँ धेरै रात जाँदासम्म मदनका निम्ति भान्सा कुरेर बसिरहेको हुन्छ । प्राय : बाह्र बजेतिर साथीहरुसित हल्लिँदै आवाज गर्दै मदन आउँछ र उसका साथीहरुले जसोसो उसलाई ओछ्यानमा पल्टाइदिएर गएका मात्र के थिए, हुल्लहुल्ल बान्ता गर्न थाल्छ र मदनले लाएको लुगा र ओछ्यानमा जम्मै दुर्गन्धले भरिन्छ । उसले आफ्नो मरन्च्याँसे जीउ तनक्कतनक्क तन्काउँदै र फलाक्दै बान्ता सोहोर्न लागेकी

> चमेलीलाई आफूतिर तानेको देखेर, मदनको टाउको पक्रेर बसेको इन्द्रेतिर हेरेर किलकिल हाँसेकी हुन्छे । इन्द्रेको कन्चट रन्किएर आएको हुन्छ (पृ.१०) ।

प्रस्तुत कथामा चमेली मालिक र मालिकको छोराको यौन अत्याचारबाट पीडित हुन पुगेकी छे । उसलाई मालिक र मालिकको छोराको यौन अत्याचारबाट पीडित हुन पुगेकी छ । उसलाई मालिक र मालिकको छोराले गरेको यस खालको व्यवहार लैङ्गिक हिंसाको चरमोत्कर्ष हो । मालिक र उसको छोराले चमेलीलाई यौन शोषण गरेको छ । त्यही कारण चमेली बच्चा जन्माउने भएकी छ । प्रभुत्वशाली मालिक र उसको छोराको कारण चमेली सीमान्तीकृत र उत्पीडित भएकी छे । उसले आफू उत्पीडनमा परेको कुरा समेत कसैलाई बताउन सकेकी छैन । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषहरुको कुकृत्यलाई समाजले मौन बसेर छुट दिएको छ । त्यसको मार खप्न चमेली विवश भएकी छे । पुरुषले पुरुष भएको एक मात्र अधिकारको उपयोग गरी चमेलीमाथि यौनहिंसा गरेका छन् भने चमेली नारी भएकै आधारमा चुपचाप सहन विवश हुनु परेको छ । मालिक र मालिकको छोराले आफू प्रभुत्वमा रहेकै कारणले आफ्नो घरमा काम गर्न बसेकी शक्तिहीन सीमान्तीकृत नारी चमेलीको अस्मिता लेटेका छन् ।

लैङ्गिक विभेदका आधारमा समाजको स्थापित मूल्य, मान्यताले नारीको मुख बन्द गरी आँसुमा डुब्न विवश गराउँछ र मर्यादाका नाममा उठ्नै नसक्ने गरी थिचेर राख्छ । जुन कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> यता दस-पन्ध्र दिनदेखि इन्द्रेले त्यस घरमा भएको मौनता लक्ष्य गर्दै आएको छ । साहेब ज्यादाजसो घोरिएर केही बिचारेको भैंm देखिन्छन् । मेमसाहेबका पनि ओठमुख सुकेको छ । उनी प्रायः साहेबको अघि केके बरबराइरहेकी हुन्छिन् । उता मदन पनि महिना दिनको बिदामा आएको मान्छे सातो गएको भैंm अनुहार लिएर दुई दिन पनि नकसेर हिँडिहाल्छ । चमेली पनि अव उस्तो हाँस्दिन । ऊ खुरुखुरु आफ्नो धन्दा गरिरहेकी देखिन्छे । अरु त जेसुकै गरुन् तर चमेली नहाँसेकीमा इन्द्रेलाई अप्ठेरो लाग्दै आउँछ (पृ.११) ।

लैङ्गिक विभेदको पाशविक स्वभावलाई प्रश्रय दिने सामाजिक संरचनाभित्र नारी यौन शोषणको सञ्जालभित्र नैतिकता, मानवता, आदर्श आदिजस्ता सभ्यताका परिसूचकहरु पुरुषका भोगवादी चिन्तनका अगाडि ज्यादै कमजोर हुन्छन् । यस कथामा पनि चमेलीलाई मालिक र उसको छोराले यौनशोषण गरेको छ । प्रभुत्वशाली वर्गका मालिक र उसको छोरोबाट ऊ गर्भवती हुन पुगेकी छे । चमेलीको यौवनसँग खेल्न न गरिबीले छोएको छ न घरमा काम गर्ने भन्ने कुराले

मान्यता पाएको छ न त इज्जतकै ख्याल आएको छ । इज्जतको ख्याल त त्यति बेला मात्र आएको छ जति बेला चमेली गर्भवती भएकी छ ।अन्नत : यस कथामा पुरुष प्रधान सत्ताका आडमा निर्मित पुरुषकेन्द्री सामाजिक संरचनाभित्र नारीको यौवन र रूप दुवै उसका लागि अभिशाप हुन्छन् भन्ने देखाइएको छ । कथाकार ठकुरीका अनुसार यस प्रकारको समाजमा नारीहरुलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छ र त्यसको अचुक अस्त्रको रुपमा स्वीकृत र स्थापित सामाजिक मानक तथा मूल्यहरुको उपयोग गरिन्छ । नारी विरोधी हिंसाजन्य कुकृत्यमा संलग्न पुरुषका कार्यहरुप्रति समाजले देखेर पनि नजरअन्दाज गरी सामाजिक स्वीकृति प्रदान गर्छ । त्यसकारण समाजका सक्रिय सदस्य हुँदा हुँदै पनि पुरुषका आक्रमणको प्रतिरोध गर्न नसक्ने नारीहरु निरीह र अबला बनाइन्छन् । पुरुषका घृणित कार्य ऋणात्मक पक्ष तथा गतिविधिहरुको भारी पनि नारीले बोक्नु पर्छ । त्यस क्रममा नारीका विवेक , आदर्श र अस्मिताको रक्षाका लागि समाजमा रत्तिभर पनि स्थान बाँकी रहँदैन । नारीले जे गरे पनि बोले पनि नबोले पनि, आफ्नो अस्मिताको रक्ष ।गर्न चाहे पनि र नचाहे पर्ि उसले पुरुषकै सिकार बन्न विवश हुनु पर्छ । पुरुष समाजले चौतर्फी आक्रमणबाट नारीको प्रतिरोधी सामर्थ्य समाप्त पारी बलको प्रयोग र आवेगको उपयोग गरी नारीमाथि निराधार आरोप लगाउने, बाध्यात्मक अवस्थामा शोषण गर्नका लागि समाजमा चौतर्फी सञ्जालको निमांण गरेर निरूपाय अवस्थामा पुर्‍याइ यौन शोषण गरी भौतिक वस्तुका रूपमा रूपान्तरण गरिन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

### २.५.४ 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा' कथामा लैङ्गिक सीमान्तीयता

'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा' कथा माया ठकुरीको *साँघु तरेपछि* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यो तराईंलाई परिवेश बनाएर लेखिएको कथा हो । यस कथाले तराईंका जनतामा पाइने विभेदकारी अवस्थाको चित्रण गरेको छ । समाजमा प्रभुत्वशाली पुरुषवर्गले सीमान्त नारीवर्गलाई कसरी पीडित बनाउँछन् भन्ने नमुना यस कथामा प्रस्तुत भएको छ । प्रतिनिधित्व र पहिचानका दृष्टिले सीमान्त समुदाय किनारीकृत गरिएको अवस्थामा रहेको कुरालाई कथामा देखाइएको छ । यस कथामा आएका धनञ्जय जोशीले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् भने मीराले सीमान्त नारी पात्रको प्रतिनिधित्व गरेकी छन् । विभिन्न वाहानामा सीमान्तीकृतहरु आफ्नो अस्तित्व गुमाएर पहिचानविहीन भएर बाँच्न बाध्य हुन्छन् भने प्रभुत्वशाली वर्ग तिनै सीमान्तीकृतबाट जायजनाजायज फाइदा उठाइरहेका हुन्छन् भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ ।

> एक दिन धनञ्जयले "आज अलि अबेरसम्म बस्नु, टाइपको धेरै काम छ र त्यो आज नै सक्नुपर्छ " भनेकाले त्यस दिन अबेरसम्म मीरालाई अफिसमा बस्न कर लागेको हुन्छ (पृ.९९ ) ।

उमेरगत हिसाबले हेर्ने हो भने धनञ्जय उसको बुबाको उमेरको मानिस हो । ऊभन्दा ठूली दुईटी छोरी र दुइटा छोरा तथा स्वस्थ, सुन्दर पत्नी भएको कारण ऊप्रति शङ्का उब्जने त कुनै लि उनीहरुको परिवारप्रति देखाएको थिएन र अर्को कुरा मीरालाई जागिर दिएर धनञ्जयले ऊ र उसको परिवारको उपकार गरेको थियो तर धनञ्जयले उनीहरुको परिवारप्रति देखाएको दया र मृदु व्यवहारको पछाडि कुनै प्रकारको स्वार्थ हुन सक्छ, त्यसबाट मीरा पूर्णतया अनभिज्ञ थिई । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> ज्यू मलाई घर जान अबेर...उसका शब्दहरु इसै अलमलिएका हुन्छन् । "होइन, म गाडीमा पुर्‍याइदिउँला नि, सुर्ता मान्नु पर्दैन ।" एकछिन पछि धनञ्जय उठेर मीरा बसेको ठाउँमा आई पछिल्तिरबाट मीराका दुवै कुममा हात राखेर सोधेको हुन्छ- "मीरा, तिमीलाई यहाँ काम गरेर कुनै प्रकारको कष्ट त छैन ?" मीराले धनञ्जयका हातको स्पर्शबाट पन्छिन अलि अलि सर्दै उत्तर दिएकी हुन्छे - "ज्यू, छैन ।" तर धनञ्जयका हातको स्पर्श उसको शरीरमा अझ दरो भएर चल्न थाल्छ, उसले कम्पित स्वरमा भनेको हुन्छ- "मीरा, मेरी रानी, तिमीले मलाई पागल बनायौ, पागल...। मीरा, पागल नबन , म तिम्रा निम्ति जे पनि गर्न तयार छु । मलाई खुसी पार्‍यौ भने तिमीलाई रानीजस्तैं सुखी बनाएर राख्नेछु " (पृ.९९-१००) ।

पुरुषको एकलौटी वर्चस्व भएको र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीलाई आफ्नो शरीर अस्मिताको अधिकार पनि सुरक्षित हुँदैन । माथिको साक्ष्यमा ऊ पात्र मालिकबाट शोषणमा परेकी छे । घरको आर्थिक अवस्था कमजोर भएका कारण मालिकले आर्थिक प्रलोभनमा पारेर यौन शोषण गर्न खोजेको छ । मीठो बोलीले नमाने धम्क्याएर, आर्थिक प्रलोभन देखाएर आफ्नो स्वार्थपूर्ति गर्न खोजेको छ । उसलाई निरीह र शक्तिहीन बनाएर अस्मितामाथि धावा बोलेको छ । समाजका शक्तिशाली पुरुष मानिने धनञ्जयले उसलाई मनोरञ्जनको तथा यौनतृप्तिको बस्तुको रूपमा उपयोग गर्न खोजेको कुरा देखाइएको छ । यसरी यस कथाको लैङ्गिक सीमान्तीकृत नारी पात्र ऊ नारी भएकै कारण प्रभुत्वशाली पुरुष वर्गबाट यौन हिंसामा परेर प्रताडित र किनारीकृत हुन पुगेकी छे ।

### २.५.५ 'उसको कथा' कथामा लैङ्गिक सीमान्तीयता

'उसको कथा'कथा माया ठकुरीको *चौतारो साक्षी छ* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । *उसको कथा* कथामा तत्कालीन नेपाली समाजमा विद्यमान लैङ्गिक सम्बन्ध र सामाजिक अवस्था अनि त्यसका आधारमा नारीहरूमाथि भएका लैङ्गिक सीमान्तीकरणका सन्दर्भहरूलाई उजागर गरिएको छ । त्यसका लागि समाजको शक्ति र सत्ता हातमा लिएको पुरुषका दबाब र शक्तिको चरम प्रयोगबाट नारीहरू किनारीकृत अवस्थामा पुगी बाँच्न विवश हुनु परेको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

यस कथामा नारीपात्रलाई लैङ्गिक रूपमा सीमान्तीकृत बनाइएका छन् । कथामा मञ्चित रूपमा ऊ पात्रले लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व गरेकी छे । पितृसत्तात्मक सामाजिक संरचनायुक्त विद्यमान समाजमा प्राय : गरी पुरुषले नारीलाई नारी भएकै कारणले उसमाथि शारीरिक, मानसिक एवम् लैङ्गिक शोषण गरी नारीलाई केन्द्रबाट धकेल्दै परिधिमा पुर्‍याउने कार्य भएको पाइन्छ । ऊ पात्र आफ्नै लोग्नेबाट किनारीकृत छे ।

लैङ्गिक विभेदमा आधारित समाजको मानकले नारीको मुख बन्द गरी आँसुमा डुब्न विवश गराउँछ । ऊ पात्र प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित नाटक महोत्सवमा मञ्चित नाटक'उसको कथा' मा एउटा भूमिकाको लागि ल्याइएको हुन्छे । उसले त्यस नाटकमा एउटी भट्टी पसल रक्सी बेच्ने आइमाईको भूमिका गरेकी हुन्छे । उसले जीवन बाँच्नको लागि धेरै सङ्घर्ष गरेकी छ । उसलाई समाजको प्रभुत्वशाली वर्गले सिमान्तीकृत अवस्थामा पुर्‍याएको छ । जीवन जिउनका लागि साथै आफ्ना बच्चाहरू पेट भर्नका लागि अनेक काम गर्नु परेको छ । प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित नाटक महोत्सवमा 'उसको कथा' नाटकमा एउटी भट्टीपसलमा रक्सी बेच्ने आइमाईको भूमिका गरेकी छे । उनको भूमिका जिवन्त रहेको छ । पितृसत्तात्मक समाजमा नारीले जति सुकै राम्रो र सक्षम काम गरे पनि उनीहरूको सक्षमतालाई पितृत्तात्मक समाजले सधैं नराम्रो नै देख्छ, जुन कुरालाई तलको साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> उसको बाबु सिकर्मी थियो रे । उसकी आमा मरेपछि उसले कान्छी स्वास्नी ल्याएको अनि उसको भाइ सानैमा बेपत्ता , उसकी बहिनी चाहिँ एउटा दुईवटी स्वास्नी भएको ट्रक ड्राइभरसँग पोइल  गएकी रे ।" सरलाले भनेकी हुन्छे , "अझ हेर्नोस् न कस्तरी आँखा नचाउँदै हाँसेकी छ नकच्चरी..." मञ्चमा उसले अभिनय गरेको हेर्दै हुन्छे सरलाले  (पृ.७२-७३) ।

लैङ्गिकविभेदमा आधारित गलत ज्ञानलाई नै ठीक हो भन्ने ठानेर ग्रहण गरेपछि नारीले पुरुषद्वारा नारीलाई नै प्रतिस्थापन गर्छन् । यहाँ ऊ पात्रले नाटकमा एउटी रक्सी बेच्ने आइमाईको भूमिका गरेकी छ र पनि यो कुरालाई प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेकी पात्र रिलाले ऊप्रति नराम्रो भाव राखेकी छ । उसको बद्ख्वाइँ गर्ने काम पनि गरेकी छे । कसैले उसको पीडालाई लक्ष्य गरेका छैनन् । कसैले उसको विवशतालाई लक्ष्य गरेका छैनन् । कसैले उसको पुरानो मैलो सारी र कुम र कुहिनोमा च्यातिएको ढाकाको उस्तै मैलो चौबन्दी चोलोको विचार गरेका छैनन् छन् त केवल उसको अनुहारमा जर्वजस्ती ल्याउनु परेको खुशीको डाहा गरेका छन् । लैङ्गिक विभेदमा आर्जित शक्तिलाई नारीले नारीकै विरुद्धमा प्रयोग गर्दा त्यसबाट नारी नै सीमान्तकृत हुन्छे र त्यसले पुरुषलाई केन्द्रमा ल्याउने सहज वातावरणको सिर्जना गर्छ । सरलाले ऊ पात्रमाथि आफ्नो शक्तिको प्रयोग गरिन् । ऊ पात्रले आफू मात्र नभएर आफ्ना छोराछोरीको भोक मेट्नका लागि प्रभुत्वशाली वर्गले लगाएका हरेक आक्षेपहरुलाई, पीडाहरुलाई आँसोमा दवाउने प्रयत्न गरेकी छ । ऊ पात्र भावुक पनि छे । थोरैतिनो पढेकी कारण केही किताबहरू पनि पढ्ने गरेकी कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> "नमस्कार दिज्यू !" नचाहँदानचाहँदै पनि मेरा हात उठेका हुन्छन् प्रतिउत्तरस्वरुप । "साँच्चै नै दिज्यूले लेख्नु भएको कथाहरु कति राम्रा छन् । मलाई त त्यो छ नि....'के विश्वास' भन्ने कथा त्यो ता असाध्य मन परेको हो, कथा पढ्दापढ्दै रोएँ पनि म त , कस्तो हो कि, त्यो मान्छे स्वास्नी, छोरालाई चट्ट विर्सन सकेको, विचरी त्यो आइमाई" (पृ.७३) ।

लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गर्ने र पुरुषको केन्द्रीयतालाई अखण्ड राखिरहन प्रयत्नरत समाजले नारीमाथि क्रमबद्ध प्रहार गर्छ र निराधार आरोपका माध्यमबाट सीमान्तकृत अवस्थामा पुऱ्याउँछ। माथिको साक्ष्य अनुसार ऊ पात्रलाई उसको बाह्य स्वरुपको आधारमा पितृसत्तात्मक समाजले शोषण गरेको छ । उसभित्रको संवेदनशीलता र मानवीय भावनालाई कुल्चिँदै ऊमाथि प्रहार भएको छ । उसलाई उसको लोग्नेले पनि शारीरिक, मानसिक तथा यौन शोषण समेत गरेको छ साथै श्रमशोषण गरेर उसलाई प्रताडित समेत पारेको छ । यस सन्दर्भलाई निम्न उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> सुनिस्..। अचानक पुरुषको कड्केको स्वरले गर्दा निकै उत्साहित भएर बोलिरहेकी उसको आवाज बज्दाबज्दै टेप सिद्धिएको झैं टक्क अडिएको हुन्छ । खैले, चाँडो । त्यस मानिसले कसैको उपस्थितितिर ध्यानै नदिएर ऊतिर हात बढाउँदै भनेको हुन्छ ।

> श्रीमानको दमनपूर्ण त्यो आदेशलाई जतिसक्दो स्वरलाई कमलो पारेर बिस्तारै भनेकी हुन्छे, "भोलि मात्रै दिने रे (पृ.७४) ।

उसले यति मात्र के भन्न भ्याएकी हुन्छे, उसको लोग्नेले ऊमाथि ठूलै अपराध गरेझैं मानसिक तनाव दिएको हुन्छ । उसले वरपरको मान्छेको पनि कुनै पर्वाह गरेन, पर्वाह गर्‍यो त केवल आफ्नो इच्छापूर्तिको जुन कुरा तलको सन्दर्भबाट स्पष्ट हुन सकिन्छ :

> के रे भोलि मात्रै रे..., अनि आजको खर्चचाहिँ कुन तेरो बाउले दिने त ? आजै चाहिन्छ भन्न तेरो मुखमा बुजो लागेको थियो ? कि यसै सित्तैमा नाटक गर्ने भइस् ? जा, अहिल्यै चाहिन्छ भनेर ल्या, नत्र हिँड अहिल्यै पर्दैन नाटकसाटक..." उसले अघिको भन्दा अझ बढी कड्केर भनेको हुन्छ (पृ.७४) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि ऊ आफ्नै लोग्नेबाट कतिसम्म सीमान्तीकृत भएकी छ भनेर । उसले आफ्नो शरीर आफ्नो भन्न पाएकी छैन । आफ्नो इच्छा आफ्नो भन्न पाएकी छैन । आफूले श्रम गरेर कमाएको रुपैँया आफूले उपभोग गर्न पाएकी छैन । ऊ सकीनसकी दुः ख गर्छे तर त्यो दुःख फल यो पितृसत्तात्मक समाजमा उसले भोग गर्न पाएकी छैन । उसको लोग्ने केटा भएकै कारण उसलाई जे गर्न पनि छुट दिइएको छ । लैङ्गिग दृष्टिले नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याएको समाजमा पुरुषका असक्षमता, विवेकशून्यता र घृणित विचारको भारी पनि नारीले नै बोक्नु पर्ने  हुन्छ । यसको प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने पात्र ऊ पात्रको श्रीमान समाजमा आफ्नो परिवार पाल्न असक्षम भएपछि आफ्नै श्रीमतीको शरीर बेचेर, श्रम बेचेर आफ्नो इच्छापूर्ति गर्दछ ।

लैङ्गिक दृष्टिले नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याएको समाजमा पुरुषका असक्षमता, विवेकशून्यता र घृणित विचारको भारी पनि नारीले नै बोक्नुपर्ने हुन्छ । यस कथामा ऊ पात्रको लोग्ने आफू परिवार पाल्न असमर्थ भएपछि ऊ पात्रलाई (श्रीमतीलाई) अनेक थरी काममा प्रयोग गरेको छ । उसलाई शारीरिक तथा मानसिक तनाव समेत दिने गरेको छ । उसको कुरा नमान्दा उसले गाली र कुटाइ समेत खानु पर्थ्यो तर समाजले त्यसलाई मौन बसेर स्वीकृति दिन्थ्यो । यही स्वीकृतिलाई आधार बनाएर ऊ पात्रको लोग्ने ऊ पात्रको श्रम, शरीर जसरी भए पनि बेचेर पैसा कमाउा चाहन्थ्यो । उसलाई ऊ पात्रको भावना, माया, दया, आदर्श र नैतिकताभन्दा पनि ठूलो पैसा थियो । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> त्यो मेरो लोग्ने हो, हेर्नोस् न मोरोले कस्तरी कुट्यो भने यी...अहिलेसम्म पनि दुखिराखेको छ । कामधाम केही गर्दैन, जुवा खेल्नु र रक्सी धोक्नु त्यति भए पुग्छ ।

हिजो निर्देशकज्यूसँग बीस रुपियाँ मागेर लगेर मात्रै आज त्यसको चिहान परेको छैन । नत्र ता अघि नै आइसक्थ्यो  नि कोढी ! पापी ! आफू  त रक्सी धोकेर पेट भर्छ, बिरामी बच्चाहरूलाई चाहिँ भोकभोकै डल्लाएर मार्न लागि सक्यो अधर्मीले ..” आफू बच्चा सिहारेर बस्न पाइँदैन ; त्यो जँड्याहाको भरमा छोड्यो । यो त झन राक्षस पो रहेछ दिज्यू, एक दिन तास खेल्न र रक्सी खान पाएन भने मलाई त के बच्चाहरूलाई समेत थलै पर्ने गरेर चुट्छ । के गरुँ, मरुँ भने पनि यी बच्चाहरूको मुख झलझली आँखा अगाडि नाच्छ” (पृ.७५-७६) ।

पुरुषको एकलौटी सत्ता भएको र त्यसको निरङ्कुश प्रयोगका लागि दुवै ढङ्गले छुट पाएको समाजमा नारीको शरीर र अस्मितामाथिको अधिकार पनि सुरक्षित हुँदैन । माथिको साक्ष्यले पनि स्पष्ट पारेको छ कि ऊ पात्र कतिसम्म सीमान्तीकृत भएको छ भनि । पितृसत्तात्मक समाजका प्रभुत्वशाली वर्गले उसलाई किनारीकृत बनाएको छ । उसलाई भौतिक वस्तुको रुपमा उपयोग गरेको छ । घृणित ढङ्गले गालीगलोज गर्ने र आधारहीन आरोपहरु लगाएर दु:ख दिने काम गर्छ । ऊ पात्र आफ्नो लोग्नेबाट बच्चाले एउटा बाउबाट पाउने माया, सुरक्ष पाओस् भन्ने चाहन्थी । आफ्नो पनि एउटा बलियो सहारा होस् भन्ने चाहन्थी । उसको लोग्नेले उसलाई प्रयोग मात्र गरिरहेको छ भन्ने कुरा बुझ्थी तर पनि ऊ त्यसका विरुद्धमा आवाज उठाउन सक्दैनथी । यसरी लैङ्गिक विभेदले राम्रैसँग हुर्कन पाएको समाजमा पैसा, यौन आदि कारण नारीहरु किनारीकृत अवस्थामा पुर्‍याइन्छन् र अनपेक्षित दु:खको सागरमा डुब्न पुग्छन् भन्ने सन्दर्भलाई यस कथामा विषयबद्ध गरिएको छ ।

नारीलाई लैङ्गिक रुपमा किनारीकृत अवस्थामा पुर्‍याउनका लागि नारीमाथि बलको प्रयोग मात्र गरिँदैन बल, मानसिक आवेग र सहमतिका तिनवटै मार्ग अवलम्बन गरी उक्त योजनाको सफल कार्यान्वयन गरिन्छ । यहाँ पनि ऊ पात्रमाथि उसको लोग्नेले ऊमाथि बाध्यात्मक परिस्थिति ल्याइ शोषण गरेको छ । जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पारेको छ :

के रे भोलि मात्रै रे.., अनि आजको खर्च चाहिँ कुन तेरो बाउले दिने त ? आजै चाहिन्छ भन्न तेरो मुखमा बुजो लागेको थियो ? कि यसै सित्तैमा नाटक गर्ने भइस् ? जा अहिल्यै चाहिन्छ भनेर ल्या, नत्र हिँड अहिल्यै पर्दैन नाटकसाटक.. उसले अघिको भन्दा अझ बढी कड्केर भनेको हुन्छ (पृ.७४) ।

लैङ्गिक विभेदको दृष्टिले जरा गाडेको समाजमा नारीको आफ्नो जीवन पनि पुरुषकै इच्छामा मात्र सञ्चालित गरिने हुनाले नारी पुरुषको आवश्यकता पूर्ति गरिदिने भौतिक वस्तु

समान मात्र हुन्छे । यस कथामा पनि ऊ पात्रलाई पितृसत्तात्मक समाजको प्रतिनिधित्व गर्ने उसको लोग्नेले उसलाई उपभोग्य वस्तुको रुपमा मात्र लिएको कुरा तलको साक्ष्यबाट स्पष्ट हुन सकिन्छ :

> "के रे, मुख चलाउँछेस् अभ्र..." एक्कासी उसको मुखबाट शब्द निस्कनुको साथसाथै हातले पनि प्रहार गरिसकेको हुन्छ उसको गालामा... "बड बाठी भएर बोल्छेस् मेरो अघि ? कुन चाहिँ तेरो पोइले जबाफ दिन सिकायो तँलाइ भन् त ?" उसले एक लात जमाएर दिएको हुन्छ उसको शरीरमा । "भरे आउँदा पैसा लिएर आइनस् भने तेरो हाड पिँधेर धूलो बनाइन भने भन्लिस्...." त्यति भनेर उसको लोग्ने दैलोबाट बाहिरिएको हुन्छ । त्यस क्षण किंकर्तव्यविमूढ भएर उभिएकी हुन्छु । "देख्नुभो नाटक कस्तरी स्वाद पाई, त्यस्तैले मात्र ठीक पार्न सक्छन् यस्ती आइमाईलाई..." (पृ.७४) ।

लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गर्ने र पुरुषको केन्द्रीयतालाई अखण्ड राखिरहन प्रयत्नरत समाजले नारीमाथि क्रमबद्ध रुपमा प्रहार गर्छ र निराधार आरोपका माध्यमबाट किनारीकृत अवस्थामा पुऱ्याउँछ। यस कथामा ऊ पात्रलाई उसकै लोग्नेले शारीरिक, मानसिक, भौतिक तथा यौन शोषणमा पारी किनारीकृत अवस्थामा पुऱ्याइएको छ । समाजले सधैं पुरुषलाई मात्र सक्षम र सबल देख्छ । पुरुषको गल्ती कहिल्यै देख्दैन । समाजले उसको लोग्नेको असक्षमताको परिकल्पना समेत गरेको छैन भने अर्कातिर नारीको मुख थुनेर मात्र राख्छ, बोल्न दिँदैन ।

'उसको कथा' कथामा पुरुष सत्ता तथा पितृसत्तात्मक सामाजिकताका कारण नारीले भोग्नु परेको सामाजिक, मानसिक, शारीरिक र नैतिक आदि प्रकारका पीडाहरुलाई देखाउँदै नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याउन गरिने कार्य र अपनाइने प्रक्रिया दुवैलाई एक साथ प्रस्तुत गरिएको छ । पितृसत्ताका आधारमा निर्मित सांस्कृतिक संरचनाभित्रका मानकहरु नै पुरुषकेन्द्री, एकपक्षीय र विभेदकारी हुने हुनाले त्यसले नारीका अधिकारहरु समाप्त गरी चौतर्फी र निरन्तर आक्रमणका माध्यमबाट नारीलाई प्रताडित गर्दै सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ। नारी विरोधी हिंसाजन्य कुकृत्यमा संलग्न पुरुषका कार्यहरुप्रति समाजले देखेर पनि नजरअन्दाज गरी सामाजिक स्वीकृति प्रदान गर्छ । त्यस कारण समाजमा सक्रिय रहँदा रहँदै पनि पुरुषका आक्रमणको प्रतिरोध गर्न नसक्ने नारीहरु निरीह र अबला बनाइन्छन् । पुरुषका असक्षमता विवेक शून्यता जस्ता घृणित कार्यको भारी पनि नारीले बोक्नु पर्छ । त्यस क्रममा नारीका भावना, आदर्श, विवेक र अस्मिताको रक्षाका लागि समाजमा तिलभर पनि स्थान बाँकी रहँदैन । पुरुष समाजले चौतर्फी आक्रमणबाट नारीको प्रतिरोधी सामर्थ्य समाप्त पारी बलको प्रयोग, सहमतीय

स्वीकृति र आवेगको उपयोग गरी नारीको शोषण गर्छ । त्यसका लागि नारीलाई गाली गर्ने, कुटपिट गर्ने, निराधार आरोप लगाउने, बाध्यात्मक अवस्थामा पुऱ्याइ निरुपाय बनाइ शोषण गरी भौतिक वस्तुका रूपमा रूपान्तरण गरिन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

### २.५.६ 'कुन्ता' कथामा लैङ्गिक सीमान्तीयता

'कुन्ता' कथा माया ठकुरीको *माया ठकुरीका कथाहरू* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । योकथा शहरिया परिवेशलाई आधारभूमि बनाएर लेखिएको कथा हो । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान रहेको समाजमा प्रायः गरी पुरुषले महिलालाई महिला भएकै कारणले उसमाथि शारीरिक, मानसिक शोषण गरी महिलालाई केन्द्रबाट धकेल्दै परिधिमा पुर्‌याउने कार्य भएको पाइन्छ । यस कथामा पुरुषकेन्द्री सांस्कृतिक संरचनाभित्र नारीले भोग्नु परेको शारीरिक, मानसिक, सामाजिक र नैतिक पीडालाई विषयबद्ध गरिएको छ । त्यसका लागि प्रभुत्वशाली वर्गका रुपमा भैरवकाका, ज्ञानुकाकी, रमेशजस्ता पात्रहरु आएका छन् भने सीमान्तीकृत पात्रका रुपमा कुन्ता आएकी छे । नेपाली समाजलाई परिवेशका रुपमा प्रयोग गरिएको छ । प्रस्तुत कथाकी मुख्य पात्र कुन्ता लैङ्गिक सीमान्त समुदायको प्रतिनिधि पात्र हो । ऊ आफ्नै परिवारको प्रभुत्वशाली वर्गबाट सीमान्तीकृत हुन पुगेकी छे ।

कुन्ता सानै उमेरबाट सीमान्तीकृत भएकी छिन् । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्नु सान्दर्भिक देखिन्छ :

> सौतेनी बहिनीहरुले वाक्क हुँदासम्म लाएर फालेको जडौरी लाए तापनि उनको रुप अझ प्रखर हुँदै गएको थियो । एस.एल.सी परीक्षामा उनले आफ्नी बहिनीहरुलाई धेरै नै अंकले उछिनेर प्रथम श्रेणीमा उत्तीर्ण हुनु नै उनको सौतेनी आमाको ईर्ष्याको अग्निमा घिउ थप्नुजत्तिकै भएको थियो । "अब धेरै पढेर केही काम छैन, आखिर जति नै पढे पनि छोरीको जात एक न एक दिन अर्काको घरमा गएर भाँडा माझ्नु पर्छ । उनकी सौतेनी आमाले भनेकी थिइन् (पृ.३२-३३) ।

माथिको साक्ष्यहरुबाट कुन्ता लैङ्गिक रुपमा सीमान्तीकृत लैङ्गिक रुपमा सीमान्तीकृत हुन पुगेको कुरा स्पष्ट हुन्छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीहरु सहनशील र सुशील हुनुपर्छ । धेरै पढ्नु हुँदैन, पढेर काम छैन भन्ने जस्ता वचन सुन्नु परेको छ । एक सरो गतिलो कपडा समेत पाएकी छैन । बहिनीहरुले छाडेका कपडाले लाज ढाकेकी छ । लैङ्गिक विभेदमा आर्जित शक्तिलाई नारीले नारीकै विरुद्धमा प्रयोग गर्दा त्यसबाट नारी नै सीमान्तीकृत हुन्छे र त्यसले पुरुषलाई केन्द्रमा ल्याउने सहज वातावरणको सिर्जना गर्छ । कुन्ताकी

सानीआमाले आफ्नो शक्तिको प्रयोग गरिन् । त्यसका लागि आफ्ना सन्तानलाई काखी च्यापेर कुन्तालाई किनारामा पुर्‍याउने व्यवहार गरिन् । कुन्ताले नचाहँदा नचाहँदै पनि सानीआमा सानीआमाले एउटा अधबैंसे मानिससँग विवाह गरिदिइन् । कुन्ताको विवाह कस्तो अवस्थामा भएको थियो भन्ने कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> कस्ती कलिली केटी रहिछे, विचरी सौतेनी आमाले गर्दा यस्तो बूढो मानिससँग विवाह गर्नुपर्‍यो । छि ! यो ज्ञानुले पनि के गरेकी होलिन् यस्तो । आफ्नो स्वार्थको निम्ति अर्काको जीवन बर्बाद गरिन् । बरु आफ्नो पोइसँग उमेर मिल्दो कुनै बूढी कन्या केटी खोजेर विहे गरिदिएको भए पनि ता हुने थियो नि । आखिर उनलाई एउटा सन्तान नै त चाहिएको हो (पृ.३३) ।

पितृसत्तात्मक सामाजिक संरचना विद्यमान रहेको समाजमा पुरुषहरुले नारीलाई शारीरिक, मानसिक एवम् यौन शोषण गरी नारीलाई केन्द्रबाट धकेल्दै किनारामा पुर्‍याउने कार्य भएको पाइन्छ । यहाँ कुन्तालाई पितृसत्तात्मक समाजमा एउटा सन्तान जन्माउने मेसिनको रुपमा लिइएको छ । उसको इच्छा, भावना, उमेर, अवस्था आदि कुनै कुराको पनि ख्याल गरिएको छैन । आफ्नो स्वार्थको निम्ति उसकी आमाले बेमेल विवाह गरिदिएकी छिन् । लैङ्गिक विभेदको दृष्टिले गाँजेको समाजमा नारीको आफ्नो जीवन पनि पुरुषको इच्छामा मात्र सञ्चालित गरिने हुनाले नारी पुरुषको आवश्यकता पूरा गरिने वंश परम्परालाई बाचय राख्ने भौतिक वस्तु समान मात्र हुन्छे । भैरवकाका र ज्ञानुकाकीको उमेर गइसक्दा पनि सन्तान नभएको कारण उनीहरुको सन्तान जन्माइदिनका लागि अठार वर्षकी कुन्ताको विवाह भैरवकाकासँग गरिदिएको छ । यसमा उनको इच्छासँग कसैले चासो दिएनन् । यो नै कुन्ताको सीमान्तीकरणको पहिलो कदम थियो । यहाँ उनको जिम्मेवारी आफ्नो कोखबाट भैरवकाकाको सन्तान जन्माउनु थियो । भैरवकाका र ज्ञानुकाकीले आफ्नो सन्तान जन्माउने मेसिनका रुपमा कुन्तालाई हेरेका छन् । यहाँ घरकी सौतेनी आमा, सौता ज्ञानु र लोग्ने भैरवको निर्णयबाट कुन्ता किनारीकृत अवस्थामा पुऱ्यायी र उसका जीवनका अरु कष्टकर दिनहरु प्रारम्भ भएका छन् । यसरी लैङ्गिक विभेदलाई मानक निर्धारण गर्ने समाजमा नारीको आफ्नै जीवन पनि पराधीन हुन्छ र नारी केवल पितृसत्तात्मक समाजका निर्णय र इच्छाको पूर्ति गर्ने साधन मात्र बनाइन्छन् । कथामा समाज निर्मित परिस्थितिजन्य विवशतामा कसरी महिलाहरु पिसिएका छन् भन्ने सन्दर्भको चर्चा गर्दै कथामा महिला हिंसाप्रति समाज मूकदर्शक बनेको छ भन्ने सन्दर्भको चर्चा पनि गरिएको छ अनि नारीहरुलाई कसरी किनारीकृत अवस्थामा पुर्‍याइन्छ भन्ने सन्दर्भलाई यस कथाको प्रारम्भिक बिन्दु बनाइएको छ जुन कुरालाई तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

हजुरको देवरलाई एउटी केटी खोजेर बिहे नगरिदिई भएको छैन । वहाँले त 'म बिहे गर्दै गर्दिनँ' भनेर छुट्टी गर्नु भएको छ , तर वहाँले त्यसो भनेर म कहाँ मान्छु र ! एउटा भएपनि सन्तान त चाहिन्छ नै । त्यसै कारण मैले हो चार ठाउँमा केटी हेरिराख्नु भनेकी पनि छु" एक दिन ज्ञानु काकीले हाम्रो घरमा आएर हाम्री मुमासँग भन्नु भएको थियो (पृ.३३) ।

नारीले नारीलाई नै किनारीकृत बनाएको सन्दर्भ प्रस्तुत साक्ष्यले पेश गरेको छ । घट्टमा अन्न पिसिएझैं प्रभुत्वशाली, सामाजिक, सांस्कृतिक चक्रव्यूहमा नारीहरु पिसिँदै गएको कुरा स्पष्ट हुन्छ । आफ्नो इच्छापूर्तिको लागि अरूको इच्छाको वास्ता नरहेको कुरा पनि माथिको साक्ष्यले स्पष्ट पारेको छ । आफूले सन्तान जन्माउन नसकेपछि सन्तान प्राप्तिको लागि अरूलाई सन्तान जन्माउने मेसिन ठानेर ल्याउन लागेको कुरा पनि माथिको साक्ष्यले स्पष्ट पारेको छ ।

पितृसत्तात्मक समाजमा पुरुषलाई सर्वज्ञान सम्पन्न र नारीलाई अबला, निकम्मा ठानी त्यही अनुरुप व्यवहार गर्ने विभेदले ग्रस्त सामाजिक संरचना भएको समाजमा पुरुषले नारीको जीवनलाई ज्यादै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँछ र जैविक होइन भौतिक दृष्टिले मात्र पहिचान गर्छ । भैरवकाकाले कुन्तालाई विवाह गरेपछि विवाहको प्रथम रातमा उनीसँग भनेका शब्दहरू शूलझैं बनेर उनको छातीमा बिझेको थियो जुन कुरा निम्नलिखित साक्ष्यले स्पष्ट पार्दछ :

यो विवाह मैले ज्ञानुको खुशीको लागि मात्र गरेको हुँ, उसलाई एउटा सन्तानको अति नै रहर छ । साँच्चै नै उनले आफ्नी पूर्वपत्नीलाई अति नै माया गर्दथे । यहाँसम्म कि कुन्तालाई विवाह गरेर घर ल्याएको प्राय : महिना भइसक्दासम्म पनि उनले एउटा सिङ्गो रात कुन्तासँग बिताएका थिएनन् । "ज्ञानु मेरो छेउमा नहुँदासम्म मलाई निद्रा नै लाग्दैन" उनी खुलस्त भन्ने गर्दथे (पृ.३४) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि पितृसत्तात्मक समाजमा नारीलाई एउटा भोग्य वस्तुका रुपमा, बच्चा जन्माउने मेसिनको रुपमा मात्र प्रयोग गरेर किनारीकृत अवस्थामा पुर्‍याइन्छ भन्ने कुरा । कुन्तालाई उसको लोग्नेले केवल बच्चा जन्माउने मेसिनभन्दा अरु केही मानेको छैन । ऊप्रति कुनै भावनात्मक सम्बन्ध छैन भन्ने समेत स्पष्ट हुन्छ । कुन्ता लैङ्गिक रुपमा सीमान्तीकृत नारी हो । ऊ पितृसत्तात्मक सामाजिक संरचनामा सीमान्तीकृत बन्न पुगेकी छ । पुरुषले नारीलाई भोग्या र दासी मात्रै ठान्छन् । पुरुषको इच्छापूर्तिको साधन ठान्छ । महिलाले

पुरुषको इच्छा अनुरुप काम नगरेको खण्डमा उसले गाली मात्र होइन कुटाइ पनि खानु पर्छ जुन कुरालाई तलको साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> कुन्ता ! यो भैरव काकालाई हिजोआज के बौलाहीपनले छोएको छ, दिनदिनै आँगनमा नुहाउन थाल्नु भएको छ नि ?" एकदिन मैले कुन्तालाई सोधेकी थिएँ । "हो माया ! यो सब तपाईंको रमेश मामालाई देखाउनको लागि हो । उनले अह्राएको कुरा मैले मानिनँ भने कुटाइ खाइहाल्नु पर्छ ।" कुन्ताले आँखाभरि आँसु भरेर भनेकी थिइन् । पहिले पहिले त जति विषय उकेले पनि मुखले मात्र उकेल्ने गर्दथे, तर अब त कुरै पिच्छे हात पनि छोड्न लागेका छन् । तिमी नै भन माया मेरो के दोष छ र ? मेरो दुबै हात समातेर आँखाबाट बर्बर्ती आँसु खसाल्दै भनेकी थिइन् कुन्ताले (पृ.३५-३६) ।

पितृसत्तात्मक मान्यतामा आधारित समाजको शक्ति संरचनाले यथासम्भव नारीलाई उठ्नै दिँदैन र आफूमाथिको अतिलाई सहन नसकेर नारीले बाध्य भई प्रतिरोध गरे पनि त्यसले अपेक्षित किनारा पाउन सक्दैन । विवाहको पहिलो रातमा नै कुन्ताले अकल्पनीय पीडा भोगी । त्यसपछिका वर्षमा लोग्ने र सौताबाट ऊमाथि प्रहारको वर्षा नै भयो । लोग्नेले मानसिक तनाव मात्र होइन विना गल्ती विना कारण कुटाइ समेत खानु परेको तथ्य माथिको साथ्यले स्पष्ट पारेको छ ।

लैङ्गिक आधारमा नारीको जीवनलाई समाप्त पार्ने खेललाई स्वीकृति दिने समाजमा नारीका जीवनका आधारहरुलाई समाप्त गर्नका लागि एउटा शृङ्खला नै तयार पारिएको हुन्छ । त्यही शृङ्खला अन्तर्गत नारीमाथि एकपछि अर्को प्रहार गरिन्छ । कुन्ताले बेमेल विवाह गर्नु, त्यो पनि सौतामाथि एएटा सन्तान उत्पादन गर्ने मेसिनको रुपमा उपयोग गर्नु, मातृवात्सल्यबाट टाढा राख्नु, आफूले जन्माएको सन्तानलाई पनि आफ्नो भन्न नपाउनु, मानसिक तनाव मात्र होइन शारीरिक रुपमै कुटपित गर्नु पनि उनीमाथिको प्रहारको शृङ्खला हो । यसरी लैङ्गिक रुपमा विभेद गर्ने समाजमा नारीमाथिको प्रहारको शृङ्खला नै निर्माण गरिने हुनाले त्यसले नारीलाई सीमान्तीकरण गरी कारुणिक अवस्थामा पुऱ्याउँछभन्ने सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

> विवाह भएको दुई पनि नपुग्दै कुन्ता एउटा सन्तानकी आमा भएकी थिइन् । आमा त उनी बनिन् तर आफूले जन्माएको छोरोलाई 'मेरो' भनेर आमा बन्ने रहर समेत मेट्न पाइनन् उनले न्वारन गरेको भोलि पल्ट देखिनै ज्ञानुकाकी कुन्ताको छोरोलाईआफैंले स्याहार गर्न लागेकी थिइन् । दूध समेत उनले महिना दिनभन्दा बढी खुवाउन दिइनन् कुन्तालाई । कुन्ताको छातीको दूध छातीमै सुकाउन बाध्य गराइयो । "माया ! म कस्ती

अभागिनी रहेछु ! आफूले जन्म दिएको सन्तानलाई समेत म आफ्नो भन्न सक्दिनँ ।" भन्दै रुने गर्दथिन् उनी (पृ.३६) ।

पटक पटक नारी हुनुको कारणले नै सामाजिक विभेदमा परेकी कुन्ताले आफूले जन्माएको आफ्नो सन्तानलाई समेत आफ्नो भन्न पाएकी छैनन् । मायाले अंगालेर दूध समेत खुवाउन नपाएर छातीमै सुकाउन बाध्य बनेकी छिन् । पितृसत्तात्मक समाजमा नारी केवल अरुको इच्छापूर्ति गर्ने साधनको रुपमा मात्र उपयोग भएकी हुन्छे । कुन्तालाई उसको सौता र लोग्नेले मातृत्व सुखबाट समेत बञ्चित गरेका छन् । उनलाई मानसिक तथा भौतिक यातना दिएर सीमान्तीकृत बनाएका छन् । सामाजिक मान्यताले नै भैरव काकाको मानसिकतामा कुन्तालाई रमेशले हेरेको कारण ईर्ष्याको भाव जागृत भएको छ । यसैको जगमा उसको पुरुष हैकमको पर्खाल अडिएको हुनाले सहन सक्दैन । यसरी पुरुषले नारीलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछर दुःखले भरिएको जीवन भोग्न बाध्य गराउँछ भन्ने सन्दर्भलाई यस कथामा स्पष्ट पारिएको छ ।

'कुन्ता' कथामा पितृसत्तात्मक तथा पुरुषकेन्द्री सामाजिकताका कारण नारीले भोग्नु परेका सामाजिक, शारीरिक र मानसिक आदि प्रकारका पीडाहरुलाई देखाउँदै नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याउन गरिने कार्य र अपनाइने प्रक्रिया दुबैलाई एकसाथ प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजको सत्ताको आधारमा निर्मित सांस्कृतिक संरचनाभित्रका मानकहरु नै पुरुषकेन्द्री र विभेदकारी हुने हुनाले त्यसले नारीका अधिकारहरु समाप्त गरी चौतर्फी र निरन्तर आक्रमणका माध्यमबाट नारीलाई प्रताडित गर्दै सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ । कथाकार ठकुरीले प्रस्तुत कथामा उल्लेख गरेका साक्ष्यहरुका अनुसार स्थापित सामाजिक मानसिकताकै आधारमा पुरुष सर्वगुण सम्पन्न हुन्छ भने नारी निकम्मा हुन्छे । त्यसकारण पुरुषले नारीलाई उपयोग्य वस्तुका रुपमा लिन्छ । पितृसत्तात्मक मानक स्थापित भएको समाजमा नारी असक्षमता र पुरुष सक्षमताको पर्याय मानिने हुँदा वास्तविकता जे भए पनि नारी सधैं शङ्काकै घेरामा हुन्छे । नारीको असक्षमता उसका व्यवहार आदिबाट प्रमाणित हुन नसके कल्पित आरोपका माध्यमबाट भए पनि प्रताडित गरिन्छ । यसरी लैङ्गिक विभेदमा आधारित पितृसत्तात्मक सामाजिक संरचनाभित्रको पुरुषकेन्द्री सोचलाई हतियारका रुपमा प्रयोग गरी नारीलाई किनारीकृत अवस्थामा पुर्‍याइन्छ भन्ने यस कथाको विष्कर्ष रहेको छ ।

### २.५.७ 'अन्तिम निर्णय' कथामा लैङ्गिक सीमान्तीयता

'अन्तिम निर्णय' कथा माया ठकुरीको *माया ठकुरीका कथाहरू* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यो कथामा पुरुषप्रधान समाजले स्थापित गरेका सामाजिक मानकहरुका आधारमा

निर्मित ज्ञानका कारण पुरुष र नारीबाटै नारी किनारीकृत अवस्थामा पुग्न विवश भएको सन्दर्भलाई उजागर गरिएको छ । यस कथामा दुर्गा, स्नेहलता लैङ्गिक रुपमा सीमान्तीकृत पात्र हुन् । महिला भएकै कारण उनीहरु समाजका प्रभुत्वशाली वर्गका पुरुषहरुबाट शोषणमा परेका छन् । पितृसत्तात्मक सामाजिक व्यवस्था भएको समाजमा दुर्गाको अवस्था एकदमै कमजोर भएको कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :डाक्टरनी साहेब मैले साह्रै नै दुःख पाएँ भन्दै हठात् स्नेहलताको गोडामा निहुरेकी थिई दुर्गा (पृ.५३) ।

माथिको साक्ष्यले पितृसत्तात्मक सामाजिक व्यवस्था भएको समाजमा नारीहरुको अवस्था एकदमै कमजोर रहने तथ्यलाई स्पष्ट पारेको छ । आर्थिक अवस्था कमजोर रहेका कारण निम्न स्तरको जीवनयापन गरिरहेकी दुर्गा मालिकको घरमा काम गर्ने, सेवा गर्ने क्रममा मालिकलाई आफ्नो शरीर सुम्पन विवश छिन् । यसरी शरीर सुम्पने क्रममा उनी गर्भवती भएकी छिन् भने अर्कातिर स्त्रीरोग विशेषज्ञ डाक्टर स्नेहलता ध्रुवराजसँग वैवाहिक सम्बन्धमा बाँधिएकी छन् । स्नेहलतालाई नाम, इज्जत, धन सबै कुरा प्राप्त छ र पनि उनको जीवनमा एउटा ठूलो स्थान रिक्त नै रहेको छ । नियतिले उनीसँग क्रूर परिहास गरेको छ । उनी सन्तानविहिन हुन बाध्य भएकी छिन् । उनको कोख जीवनपर्यनतको निम्ति गर्भधारण गर्न असमर्थ छ । जव उनको श्रीमानले यो कुरा थाहा पाए तव उनले भनेका थिए, “तिमी जस्ती बुद्धिमती नारीले पनि यस्ता सानातिना कुरा लिएर पीर गर्नु सुहाउँछ ? मलाई सन्तानको त्यति रहर पनि छैन । जीवनमा खुसियाली ल्याउने, मार्गहरु अनेक छन् हाम्रा निम्ति”, उदास भएकी पत्नीको दुबै हात प्रेमपूर्वक समातेर भनेका थिए ध्रुवराजले (पृ.५१) । जुन कुराले साँच्चै नै निर्मल जल झैं बनेर स्नेहलताको हृदयको सारा विषाद पखालिदिएको थियो । लोग्नेको देवतुल्य रुप देखेर आत्मादेखि नै नतमस्तक भएकी थिइन स्नेहलता । तर उसको यो ममताभित्र दानवी रुपको भने पत्तो थिएन उसलाई । यस सन्दर्भलाई निम्नानुसार उल्लेख गरिएको छ :

> विवाहले स्नेहलताको जीवनमा निराशा र विषादको बादल ल्याइदिएको भएता पनि बाहिर समाजको अघि सामान्य भएर जीवनयापन गरिरहेकी थिइन् उनले । हृदयको पीडालाई व्यवहार र वचनद्वारा प्रकट गरेकी थिइनन् उनले तर विधाताको झोलीमा स्नेहलतालाई दिनको निम्ति सम्भवतः अरु पनि दुःखहरु बाँकी नै थियो होला त्यसकारण एक रात पत्नीलाई प्रेमालिङ्गनमा बाँधेका ध्रुवराजको मुखबाट स्वतः दुर्गाको नाम उच्चारित हुन पुगेको थियो । “आह ! दुर्गा..दुर्गा तिमी कति सुन्दरी छ्यौ । तिम्रो रुपले मलाई पागल बनाएको छ..दुर्गा..” मदिराको प्रभावले गर्दा स्नेहलतालाई दुर्गा सम्झेर बडबडाइ रहेका थिए ध्रुवराज (पृ.५२) ।

पितृसत्तात्मक सामाजिक संरचना भएको पुरुषप्रधान समाजमा प्रभुत्वशाली पुरुषको षड्यन्त्रमा परी स्नेहलता लैङ्गिक रुपमा किनारीकृत हुन पुगेको कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन्छ । स्नेहलता विश्वासघाती पतिको कर्तुतबाट स्नेहलता आहत भएकी छे । पितृसत्तात्मक समाजका प्रभुत्वशाली वर्गका पात्रले नारीलाई ज्यादै निरर्थक ठानी प्रयोगको बस्तु बनाउँछ र जैविक होइन भौतिक दृष्टिले मात्र चिन्दछ । हुन सक्छ विवाहका अनेकन उद्देश्य होलान् तर भोग र सन्तानको अभावमा अन्य उद्देश्यको प्राप्ति कति सम्भव छ ?  ध्रुवराज पनि पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएको पात्र हो । उसमा पनि पितृसत्तात्मक सोचको हावी भएको छ । त्यसकारण उसले स्नेहलतालाई प्रयोगको वस्तु बनाउने उद्देश्यले विवाह गर्‍यो । उसका दृष्टिमा नारी केवल पुरुषले उपयोग गर्ने भौतिक बस्तु सिवाय केही ले होइन । ध्रुवराजले जे जे गरिरहेका छन् ती सब पुरुषले जे भन्यो त्यही ठीक, पुरुषले जे गर्‍यो त्यही नै ठीक र पुरुषमा जे छ त्यही पूर्ण हो भन्ने सामाजिक दृष्टिको उपज हो । यसरी लैङ्गिक विभेदलाई मानक निर्धारण गर्ने समाजका नारीको मात्रै जीवन पनि पराधीन हुन्छ र नारी केवल पुरुषका निर्णय र इच्छाको पूर्ति गर्ने साधन मात्र बनाइन्छन् र पितृसत्तात्मक सामाजिक व्यवस्थाको हैकमवादी प्रकृत्ति नै नारीमाथि हुने यौनिक शोषणको मूल कारण हो भन्ने विषयलाई यस कथामा प्रस्तुत गरिएको छ ।

पुरुषकेन्द्रित समाजमा प्रभुत्वशाली पुरुषले विभिन्न बहानामा महिलालाई केन्द्रबाट धकेलेर किनारामा पुर्‍याउँछन् । स्नेहलतालाई पनि उसको लोग्नेले भौतिक वस्तुको रूपमा मात्र हेरेको छ । उसले आफ्ना इच्छापूर्ति गरिदिने साधन मात्र ठानेको छ । उसले इच्छापूर्तिका लागि स्नेहलतालाई मात्र होइन घरमा काम गर्ने केटी दुर्गालाई समेत प्रयोग गरेको छ, जसबाट दुर्गा गर्भवती भएकी छ । जुन कुरा दिइएको सन्दर्भबाट प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> मैले तिमीसँग अस्ति नै देखि दुर्गाको विषयमा कुरा गरौंला भनेर सोचेको थिएँ तर दुर्गा आफैं डराएकी हुनाले मलाई तिमीसँग उसको गर्भ रहेको कुरा भन्न दिइन । जे भयो भयो अव उसलाई यस घरमा राख्नु उचित छैन । तिमीले चाह्यौ भने यस बद्नामीबाट हामीहरू सजिलैसँग उस्कन सक्छौं" मानौं कुनै साधारण कुरा गरेझैं गरेर भनेका थिए ध्रुवराजले । पतिको कुरा सुनेर केही बेरसम्म किंकर्तव्यविमूढ भएकी थिइन् स्नेहलता । पतिको भेषमा कुनै चाण्डाल बोलेझैं लागेको थियो उनलाई (पृ.५३) ।

प्रस्तुत कथामा स्नेहलता मात्र होइन घरमा काम गर्न राखिएको दुर्गा दुवै जना अत्याचारबाट पीडित हुन पुगेका छन् । स्नेहलता आफ्नै लोग्नेबाट प्रताडित छिन् भने दुर्गा मालिकबाट यौन शोषणमा परेकी छिन् । ध्रुवराजले दुर्गालाई यौन शोषण गरेको छ । त्यही कारण ऊ गर्भवती भएकी छे । यस खालको व्यवहार लैङ्गिक हिंसाको चरमोत्कर्ष हो । यही

यौनशोषणका कारण गर्भवती भएकी दुर्गालाई आफू बद्नामीबाट बच्नका लागि घरमा नराख्ने कुरा ध्रुवराजले गर्नुका साथै यो समस्या सुल्झाउनका लागि स्नेहलतालाई भनेको छ । ध्रुवराजले नारीमाथिको यौन शोषणलाई सामान्य रूपमा लिएको छ अझ भनौं मनोरञ्जनको साधनको रूपमा लिएको छ । उसले नारीहरूलाई प्रयोगको साधन ठानेको छ । एउटा तुच्छ वस्तु खेलौनाको रूपमा मानेको छ । आफूलाई सर्वेसर्वा ठानेको छ, जसको कारण जे गर्दा पनि हुन्छ भन्ने मानेको छ । पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा पुरुषको नराम्रा कामलाई समाजले मौन बसेर छुट दिएको छ । त्यसको मार खप्न स्नेहलता र दुर्गा माथि यौनहिंसा गरेका छन् भने उनीहरु नारी भएकै कारण चुपचाप सहन बाध्य हुनु परेको छ । ध्रुवराजले आफू प्रभुत्वमा रहेकै कारणले घरमा काम गर्न राखिएकी शक्तिहीन सीमान्तीकृत नारी दुर्गाको अस्मिता लुटेका छन् । उनलाई पतिविहीन आमा बन्न बाध्य पारिएको छ । दुर्गा गर्भवती भएको कुरा थाहा पाएपछि स्नेहलताले दुर्गाकी आमासँग कुरा मिलाईओरी दुर्गा र उसकी आमालाई टाढा अन्तै पठाएकी थिइन् । केही महिनापछि स्नेहलता आफैं दुर्गा भएको ठाउँमा गएर उसको भर्खर जन्मिएको छोरोलाई आफूसँग लिएर आएकी थिइन् । यसरी पुरुषको अकर्मण्यताका कारण दुर्गा पतिविनाको पानी त बन्न बाध्य भएकी नै थिइन् । पछि आफैंले जन्माएको सन्तानलाई समेत आफूले स्याहार्न पाइनन् र आफ्नो सन्तान हो भन्न पाइनन् । यसरी लैङ्गिक विभेदमा आधारित समाजको पुरुषहरुको अपराधिक मानसिकताबाट निर्मित मामन्यताका आधारमा नारीलाई क्रमबद्ध रूपमा प्रहार गरी सीमान्तकृत अवस्थामा पुर्‍याइ ज्यादै कारुणिक अवस्थामा सधैं पीडामय जीवन बाँचन विवश तुल्याइन्छ भन्ने सन्दर्भलाई यस कथामा स्पष्ट पारिएको छ ।

यस कथाकी अर्की नारी पात्र दुर्गा पनि लैङ्गिक रूपमा सीमान्तीकृत हुन पुगेकी छे । नारीहरूलाई आफ्नो स्वार्थ अनुरुप प्रयोग गर्न सकिने उपभोग्य वस्तुका रूपमा हेर्ने पुरुषप्रधान समाजमा दुर्गा आफ्नै मालिकबाट गर्भवती भएकी छे । ध्रुवराजको यो कालो कर्तुतको बारेमा उसकी श्रीमतीले पनि धेरैपछि थाहा पाएकी छे । थाहा पाएर पनि उनले ध्रुवराजलाई केही भन्न सकेकी छैनन् । अझ उल्टो ध्रुवराजले स्नेहलतालाई दुर्गाको बारेमा जे भयो भयो अब उसलाई घरमा राख्नु उचित छैन । तिमीले चाह्यौ भने यस बद्नामीबाट हामीहरू सजिलैसँग उम्कन सक्छौं भनी निर्लज्जसँग भनेको छ । प्रभुत्वशाली वर्गले आफू अनुकूलको संस्कृतिको निर्माण गरेर सीमान्तीकृत वर्गमाथि अन्याय र अत्याचार गरेको छ । ध्रुवराजबाट शोषणमा परेकी दुर्गा त्यस ठाउँ छाड्नु परेको छ । स्नेहलताले केही पैसा दिएर उसलाई त्यो ठाउँ छाड्न भनेकी छिन् । पितृसत्तामा महिलाको यौनिकता सम्बद्ध सम्पूर्ण अधिकारबारे स्वतन्त्र निर्णय गर्नबाट रोक्न छेक्न अनेक जाल बुनिन्छ । सोही अनुरुप कथामा प्रयुक्त नारी सीमान्तीकृत पात्रहरू प्रभुत्वशाली वर्गका

लागि यौन तृप्त पार्ने साधनका रूपमा चित्रित भएका छन् । उनीहरूको भावना, इज्जतलाई पैसामा तौलिने गरेका छन्, जुन कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> हजुरले दिनु भएको पैसाले सानोतिनो जस्तो भएता पनि चुरोट, सुपारी बेच्ने पसल राखेर आमाछोरीले पेट पालेका थियौं तर त्यहाँ बस्न लागेको दुई वर्ष पनि नबित्दै आमा बिति हालिन् म एक्लो भएँ । आइमाईको जात एक्लै बस्दा दश जनाले दशथरीका कुरा गर्ने त्यसैकारण एउटाको हात समातेर बस्नु पऱ्यो भनेर यिनीहरूका बाउसँग बिहे गरेर बसे । दिनरात निहुँ खोजी खोजी कुट्न लाग्यो मलाई । दुई जिउको पनि भनेन उसले मलाई । हातमा जे पायो त्यसैले झटारो हानेर मार्नै आँटेको थियो मलाई । मेरै रिसले सौता पनि थप्यो र पनि चुप लागेर सहेरै बसेकी थिएँ । अहिले महिना दिन जति भयो सौताले छोरो पाएकी छ । छोरो पाएपछि त यी छोरीहरू पनि उसको आँखाको कसिंगर जस्ता भए (पृ.५४) ।

माथिको साक्ष्य अनुसार नारीहरू सदियौंदेखि सीमान्तीय बनाइँदै आएको स्थिति उजागर गरेको छ, पुरुषप्रधान समाजमा नारीहरू सामाजिक संरचनाका कारण सीमान्तीकृत हुन बाध्य छन् । पुरुषले आफ्नो निहित स्वार्थ पूरा गर्ने माध्यमको रूपमा मात्र नारीलाई उपभोग गर्न चाहन्छ भन्ने कुरा माथिको साक्ष्यले स्पष्ट पारेको छ । यस कथाकी सीमान्तीय पात्र दुर्गा हरेक पुरुषबाट शोषित, सीमान्तीकृत हुन पुगेकी छे । सुरुमा आफूले काम गर्ने घरको मालिकबाट किनारीकृत भएकी छे भने पछि आफ्नो लोग्नेबाट किनारीकृत भएको कुरा माथिको साक्ष्यले स्पष्ट पारेको छ । गर्भवती भएको अवस्थामा समेत उसको लोग्नेले उसलाई कुटपिट गरेको छ । शारीरिक पीडा मात्र दिएको छैन, अर्को सौता ल्याएर मानसिक पीडा समेत दिएको छ । सौताले छोरो पाएपछि भने झन धेरै अत्याचार गरेको छ, जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पारेको छ :

> आजै जा ! भोलि जा ! मेरो घरमा बस्दै नबस भनेर बसि खान दिएन । के गर्ने । मरूँ भने पनि यी छोरीहरूको अनुहार सम्झेर मर्ने आँटै गर्न सकिनँ । बाँचूँ भने के गरी जीविका धान्ने त्यसै कारण हजुरसँग दुःख पोख्न आएँ । अन्त कतै जाने ठाउँ देखिन मैले " भन्दा भन्दै दुवै हातले आफ्नो अनुहार छोपेर धुँक्क धुँक्क गर्दै रून थालेकी थिई दुर्गा (पृ.५४) ।

नारीलाई नारी भएकै कारण राज्य व्यवस्था र पुरुषवादी समाजबाट सीमान्तीकृत बन्न बाध्य बनाइएको छ । पितृसत्तात्मक समाजमा पुरुष मात्र ज्ञान र सम्पत्तिको उत्तराधिकारी हुन्छ । यस्ता समाजमा आफ्नो अज्ञानता र पराधीनताका कारण पुरुषद्वारा निर्मित षड्यन्त्रको निराधार

जालोमा नारीहरू बेह्रिन पुग्छन् । उनीहरूलाई केवल उपभोग्य वस्तुको रूपमा मात्र लिइन्छ । उनीहरूमा सम्पत्तिको कुनै अधिकार रहँदैन । पुरुषको प्रयोगको वस्तु मात्र हुन्छन् । नारीहरू पुरुषहरूको दयामा बाँच्नु पर्ने हुन्छ । कुनै कुरामा पनि कुनै अधिकार रहँदैन । पुरुषले बस् भन्दा बस्नु पर्ने र जा भन्दा जानु पर्ने हुन्छ । समाजको स्थापित संरचना तथा निर्धारित मूल्य तथा मानकहरू पुरुषमैत्री हुने हुनाले समाजमा अन्यायको राज फैलिन्छ । अधिकारविहीन भएकी दुर्गालाई समाजले कुनै किसिमको न्याय दिएको छैन । उसको लोग्नेले घरबाट निकाल्दा र सौता हाल्दा समेत कुनै किसिमको कारवाही गरेको छैन । दुर्गालाई कतै आफ्नो सन्तानबाट बञ्चित बनाउने षडयन्त्र भएको छ त कतै घरबारविहीन बनाएर सडकमा पुर्‍याउने काम भएको छ । यसरी लैङ्गिक विभेदलाई समाज सञ्चालनको प्रमुख आधार बनाएको समाजमा नारीका न्याय, अधिकार र प्रेम सबै पुरुषका षड्यन्त्र तथा अन्यायपूर्ण र अनैतिक कामहरूबाट पराजित हुन पुगी नारीहरूलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छ र दुःखपूर्ण जीवन भोग्न विवश बन्छन् भन्ने सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ ।

दुर्गा लैङ्गिक रूपमा सीमान्तीकृत नारी पात्र हो । ऊ पुरुषले बनाएको सामाजिक संरचनामा सीमान्तीकृत बन्न पुगेकी छ । पुरुषले नारीलाई भोग्या र दासी मात्रै ठान्छन् भन्ने कुराको पुष्टिका लागि दुर्गा, स्नेहलता र ध्रुवराज र दुर्गाको लोग्ने उदाहरण बनेका छन् । ध्रुवराजले स्नेहलतालाई भौतिक, शारीरिक रूपमा भोगेको छ । पछि उसले आफ्नै घरमा काम गर्न बसेकी दुर्गालाई भोगेको छ । त्यसै गरी दुर्गालाई मालिक ध्रुवराजले मात्र होइन उसको आफ्नै लोग्नेले पनि भोगेको छ । कथामा दुर्गाको लोग्नेले अर्कीसँग विवाह गरेको छ । दुर्गालाई घरबाट निस्कन शारीरिक, मानसिक सबै खालको यातना दिइएको छ । यस्तो अवस्थामा पनि समाज मौन बसेर दुर्गाको पीडाको, यातनाको मिते बनेको छ । विवाह गरेर तीन बच्चाकी आमा भइ सक्दा पनि ध्रुवराजले दुर्गामाथि हक जताएर यातना दिन नछोडेको कुरा तलको साक्ष्यले स्पष्ट पार्दछ : “तँ मापथ मेरो हक छ” (पृ.५५) । जव दुर्गामाथि अफठ्यारो परिस्थिति आएको छ, त्यस बखत ध्रुवराजले समेत मुख फेरेको छ । आफ्नो इज्जत बचाउनको लागि घरमा नराख्ने निर्णय गरेको छ । सिन्दूर हालेर श्रीमतीको दर्जा दिएर राख्न नसक्ने ध्रुवराजले भावनात्मक अत्याचार गरेर मानसिक यातना दिइ किनारीकृत बनाएको छ ।

‘अन्तिम निर्णय’कथामा नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र त्यसलाई स्थापित गर्ने सामाजिक परम्पराका कारण नारीले भोग्नु परेका पीडाहरूको चर्चा गर्दै लैङ्गिक सीमान्तीकृत अवस्था र प्रक्रिया दुबैलाई प्रस्ट पार्ने प्रयास गरिएको छ । त्यसका लागि पुरुषको अपराधजन्य मनस्थिति तथा षड्यन्त्र र नारीमाथिको अत्याचार अनि पुरुषको प्रभुत्वलाई संस्थागत गर्ने

सामाजिक संरचना तथा परम्परा र नारीको कमजोर अवस्थालाई आधार बनाइएको छ । लैङ्गिक विभेदमा आधारित समाजमा समाजका स्थापित परम्परागत सामाजिक मानकहरू एक पक्षीय तथा विभेदकारी हुने हुनाले त्यसैलाई हतियारका रूपमा प्रयोग गरेर पुरुषले नारीमाथि अत्याचार गरी सीमान्तीकृत अवस्थामा पुर्‍याँछ । कथाकार ठकुरीले यस कथामा प्रस्तुत गरेका साक्ष्यहरू अनुसार पुरुषका आपराधिक तथा स्वार्थी कार्यलाई समाजको स्थापित परम्पराले संरक्षण र संबद्धन गर्ने हुनाले र नारीमाथिको दृष्टि नै अस्पष्ट हुने हुनाले नारीको जीवन कष्टकर हुन्छ । त्यसका लागि समाजले नारीको जीवनलाई पुरुषका इच्छा पूरा गर्ने साधनका रूपमा प्रयोग गर्छ । त्यसैको परिणाम स्वरूप वर्जित अवस्थामा समेत एकाधिकारको प्रयोग गरी बहुविवाह गर्छ । आधारहीन आरोपहरू लगाएर परम्परागत कुसंस्कारका कुरालाई पनि नारीको दमनकै लागि उपभोग गरिन्छ । यसरी लैङ्गिक विभेदलाई प्रश्रय दिने समाजमा स्थापित पुरुषकेन्द्री सामाजिक मान्यतालाई आधार बनाएर नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

### २.५.८ 'युद्ध' कथामा लैङ्गिक सीमान्तीयता

'युद्ध' कथा माया ठकुरीको *आमा ! जानुहोस्* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यस कथामा नेपाली समाजका पितृसत्तात्मक सांस्कृतिक संरचनाभित्र नारीले भोग्नु परेका सामाजिक, शारीरिक, मानसिक र नैतिक समस्यालाई विषयबद्ध गरिएको छ । प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने ऊ पात्र, उसकी आमा र साघुसन्यासी रहेका छन् र सीमान्तीकृत पात्रका रुपमा उसकी श्रीमती रहेकी छिन् ।

पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषलाई सर्वगुण सम्पन्न र नारीलाई अवला र कमजोर ठानी त्यही अनुरुपको विभेदपूर्ण व्यवहार नारीको जीवनलाई ज्याँदै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँछ र भौतिक दृष्टिले मात्र पहिचान गर्छ । कथामा ऊ पात्रले भोग्नु परेको पीडालाई देखाइएको छ । विहे गरेको सुरुवाती समय एकदमै राम्रोसँग बितेको, दोस्रो वर्षबाट चाहिँ सासूले नातिनातिना खेलाउने रहर लागेको कुरो दर्साउन थालेकी थिइन् । सासूले मात्र होइन तेस्रो वर्षबाट ऊ पात्र गर्भवती हुन नसकेको कुरा समाजले पनि व्यापक चर्चाको विषयको रुपमा उठाउन थालेको हुन्छ । चौतर्फी व्यापक दवाव पर्न थालेपछि अन्त्यमा पतिपत्नी दुवैले सल्लाह गरेर स्त्रीरोग विशेषज्ञ कहाँ जँचाउन गए । डाक्टरले उसकी पत्नीलाई जाँचेपछि 'कुनै प्रकारको खोट छैन, समय छ, पर्खिनुहोस्' भनी (पृ.२१) । डाक्टरले यति भनेपछि उनीहरु ढुक्क भएर घर फर्किए । तेस्रो वर्ष बित्यो र चौथो वर्ष पनि बित्यो तर उसकी पत्नीले गर्भधारण गरिन (पृ.२१) ।

लैङ्गिक विभेदमा आधारित पितृसत्तात्मक समाजमा नारीलाई सधैं असक्षमताको घेराभित्र राखेर शङ्का गरिन्छ भने पुरुषलाई सधैं सक्षमताको पर्याय ठानिन्छ । कथामा ऊ पात्र र उसको श्रीमानको विवाह भएको चार वर्ष बितिसक्दा पनि सन्तान नै नभएको हुनाले घरपरिवार र समाजका सबैको शङ्काको घेरामा ऊ पात्र तानिन्छे तर कसैले पनि उसको श्रीमानमाथि प्रश्न उठाउँदैन । न समाजले उसको कमजोरी देख्छ न त स्वयम् ऊ आफ्नो कमजोरी देख्छ । अन्त्यमा उसलाई ऊ पात्रले सम्झाउँदै एक पटक जचाउन आग्रह गरेपछि जव ऊ पात्रको श्रीमान जचाउन गए तव डाक्टरको सूचनाबाट ऊ सहसा छानोबाट खसेझैं भए । उसले अहिलेसम्म संगालेर राखेको उसको इच्छाआकाङक्षा तहसनहस भएको अनुभव गरे (पृ.२२) । यहाँ वास्तविकता जे भए पनि सबैको दृष्टि ऊ पात्रमाथि नै छ । उनीहरूका अनुसार ऊ पात्रको मातृत्व अपूर्ण छ । सन्तान जन्माउन असक्षम छे । त्यसपछि साधुसन्यासीदेखि डाक्टरसम्म ऊ पात्र नै जानु पर्छ । यसरी लैङ्गिकता कै आधारमा मात्र मानिसको पहिचान गर्न रुचाउने समाजमा नारीलाई असक्षमताको पर्यायवाची किनारीकृत अवस्थामा पुऱ्याइन्छ भन्ने कुरालाई कथामा उठाइएको छ ।

पुरुषको एकलौटी वर्चस्व भएको र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीलाई आफ्नो शरीरको अधिकार पनि सुरक्षित राख्ने अधिकार हुँदैन । आफूबाट सन्तान हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि ऊ पात्रको श्रीमानले ऊ पात्रलाई साधुसन्त कहाँ जान विवश पारेको छ । उसलाई प्रयोगशाला बनाइन्छ जुन कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> तँलाई जे मन लाग्छ गर् तर खोइ अहिलेसम्म तेरी स्वास्नी स्कुलबाट घर फर्केकी छैन । कता गएकी हो कुन्नि । यहाँ घरमा काम त्यसै छ (पृ.२३) ।

पितृसत्तात्मक समाजमा संस्कारले पुरुषलाई अभिमानी बनाएको छ भने महिलालाई सधैं श्रीमानको इच्छामा, घरपरिवारको इच्छामा समर्पित भएर बाँच्नु पर्ने परिस्थिति निर्माण गर्छ । ऊ पात्रको अघि उसको श्रीमान असक्षम प्रमाणित भएपछि ऊ दिनरात छटपटिन्छ, पिरोलिन्छ । अन्तमा केही उपाय नलागेपछि ऊ झारफुकको नाममा श्रीमतीलाई साधुसन्तबाट बलात्कार गराएर भए पनि सन्तान प्राप्त गर्न चाहन्छ अथवा भनौं आफू इामतावान भएको कुनै कमजोरी नभएको समाजका अघि देखाउन चाहन्छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> जब तिमीले मेरो अघि मलीन अनुहार लाएर मलाई आफूसँग एउटा साधुकहाँ झारफुक गर्नका लागि लैजाने कुरो गरेका थियौ, तब मैले स्पष्ट शब्दमा 'मलाई त्यस्ता साधुसन्यासीमाथि विश्वास छैन' भनेकी थिएँ तर तिमीले मानेनौ । रोई पो हाल्छौ

> कि..जस्तो गरेर अनुरोध गर्‍यौ तिमीले मेरो अघि । त्यसैले तिम्रो मन राख्ननिम्ति मात्रै म तिमीसँग त्यो साधु बसेको डेरामा गएकी थिएँ (पृ.२५-२६) ।

पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा पुरुषले नारीलाई नारी भएकै कारणले उसमाथि शारीरिक, मानसिक र यौनहिंसा गरी शोषण गरेको देख्न सकिन्छ । प्रस्तुत *युद्ध* कथामा पनि प्रभुत्वशाली पुरुषद्वारा सीमान्तीकृत नारी पात्र ऊ शोषणमा परेकी छे । ऊ पात्रको श्रीमान आफू सन्तान उत्पादन गर्न असक्षम भएको पुष्टि भएपछि ऊ आफ्नै श्रीमतीलाई परपुरुषको जिम्ममा सुम्पन तयार भएको छ । सीमान्तीकृत ऊ पात्र त्यस्तो कार्यका लागि अस्वीकार गर्छे । लैङ्गिक दृष्टिले नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइएको पितृत्तात्मक समाजमा पुरुषका असक्षमता, विवेकशून्यता र घृणित विचारको भारी पनि नारीले नै बोक्नु पर्ने हुन्छ । ऊ पात्रको श्रीमान जसरी भए पनि आफ्नी श्रीमतीलाई गर्भवती बनाउन चाहन्थ्यो । एकपछि अर्को ढङ्गले शक्तिको प्रयोग गरी ऊ पात्रलाई विवश गराउन प्रयत्नरत थियो । जव ऊ पात्र साधुसन्यासी कहाँ गई तव उसले यहाँ गडबडी हुँदैछ भन्ने आभाष पाई तव उसले सन्यासीले तरल पदार्थ रहेको भाँडो ऊतिर बढाएको थियो । त्यसलाई उसले फाली दिएकी थिई । त्यसपछि साधुले उसलाई रिसले जङ्गिएर कराएको थियो । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यद्वारा पुष्टि गर्न सकिन्छ :

> डङ्किनी स्त्री ! तैंले देवीको प्रसादलाई भुइँमा फालिदिएर देवीको अनादर गरिस्...तँलाई.. भन्दै रिसले जङ्गिएर त्यो साधु मतिर बढ्यो । उसबाट उम्कनका निम्ति म ढोकातिर दगुरेँ तर कस्तो आश्चर्य ! ढोका बाहिरबाट बन्द थियो । अकस्मात ढोकाको चुकुल खोलिएको आवाज आयो र ढोका उघ्रियो । दूध र फलफूल लिएर तिमी भित्र पस्यौ । तिम्री स्वास्नीलाई राम्ररी सम्झाउ । उसलाई सन्तान जन्माउने इच्छा छ भने यो सब नखरा र नाटक गर्नु पर्ने आवश्यकता छैन । अहिले जाऊ र लोग्नेस्वास्नीको सल्लाह मिल्यो भने भोलि आऊ । सन्तान पाउनका निम्ति तिमीहरूजस्ता थुप्रै छन् मकहाँ आउने ।' त्यसले रोषपूर्ण स्वरमा तिमीसँग भन्यो (पृ.२९) ।

लैङ्गिक विभेदले सबैतिर प्रश्रय पाएको समाजमा पुरुषले नारीलाई भौतिक वस्तुका रूपमा उपयोग गर्ने गर्दछ । ऊ पात्रका श्रीमान समाजको अघि आफ्नो पौरुष प्रमाणित गर्नका लागि आफ्नी श्रीमतीलाई परपुरुषको अङ्गशायिनी बनाउन खोजेका छन् ।

पितृसत्तात्मक सोच भएको समाजका कारण ऊ पात्रले ज्यादै तनाव भोगिन् । तीनचार वर्षमा लोग्ने, सासू,समाज ऊमाथि एकोहोरो खनिइरहे । त्यसैगरी उपचारका नाममा पनि उसले

ज्यादै कष्ट भोगी । यी सबै क्षेत्रबाट निरन्तर आक्रमण भइरहँदा पनि सही रही । उसको लोग्ने जसरी भए पनि सन्तान प्राप्त गर्न चाहन्छ । यसरी पुरुष सत्तालाई जीवन्तता प्रदान गरिरहने सामाजिक मान्यताका कारण पुरुषले नारीलाई सीमान्तकृत अवस्थामा पुऱ्याउँछ भन्ने सन्दर्भलाई यस कथामा पुष्टि गरिएको छ ।

'युद्ध' कथामा पितृसत्तात्मक सामाजिकताका कारण नारीले भोग्नु परेका शारीरिक, मानसिक र सामाजिक पीडाहरूलाई देखाउँदै नारीहरू सीमान्तीकृत अवस्थामा पुर्‍याउन गरिने कामलाई प्रस्तुत गरिएको छ । पितृसत्ताका आधारमा निर्मित सांस्कृतिक संरचनाभित्रका मानकहरू विभेदकारी हुने हुनाले त्यसले नारीका अधिकारहरू समाप्त गरी चौतर्फी र निरन्तर आक्रमणका माध्यमबाट नारीलाई प्रताडित गर्दै सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ । कथाकार ठकुरीले प्रस्तुत कथामा उल्लेख गरेका साक्ष्यहरूका अनुसार स्थापित सामाजिक मानसिकताकै आधारमा पुरुष सर्वगुर्णसम्पन्न हुन्छ भने नारी अवला र कमजोर हुन्छे । त्यसकारण पुरुषले नारीलाई प्रयोगका वस्तुका रूपमा उपयोग गर्छ र केवल भौतिक वस्तुको रूपमा उपयोग गर्छ । सामाजिक, सांस्कृतिक आधारमा निर्मित शक्तिका माध्यमबाट नारीलाई आदर्श र मर्यादाको भारी बोकाएर पीडामा बाँच्न बाध्य पारिन्छ । यस प्रकारको समाजमा नारी असक्षमता र पुरुष सक्षमताको पर्याय मानिने हुँदा वास्तविकता जे भए पनि नारी सधैं शङ्काकै घेरामा हुन्छे । नारीको असक्षमता उसका व्यवहार, विचार र शरीरबाट प्रमाणित हुन नसके रूढीजन्य आरोपका माध्यमबाट भए पनि प्रताडित गरिन्छ । दमन र सहमति दुवै माध्यमको प्रयोग गरीलाई कमजोर र निरीह बनाइन्छ । यसरी लैङ्गिक विभेदमा आधारित सामाजिक संरचनाभित्रको पुरुषकेन्द्री सोचलाई साधनको रूपमा प्रयोग गरी नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

### २.५.९ 'गिद्ध' कथामा लैङ्गिक सीमान्तीयता

'गिद्ध' कथा नेपाली परिवेशलाई आधार मानेर लेखिएको कथा हो । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान कायम रहेको समाजमा पुरुषले नारीप्रति हेर्ने दृष्टिकोण एकदमै शङ्कुचित पाइन्छ । विना गल्ती नै पुरुषले नारीलाई केन्द्रबाट धकेल्दै सीमान्तीकृत अवस्थामा पुऱ्याउँछभन्ने कुरालाई कथामा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यस कथामा नारी भएकै कारण सीमान्तीकृत अवस्थामा पुगेका नारीहरूको व्याथालाई कथामा प्रस्तुत गरिएको छ । यस कथामा नारी भएकै कारण सीमान्तीकृत अवस्थामा पुगेका नारीहरूको चित्रण गरिएको छ । लिङ्ग र यौनका कारण लैङ्गिक सीमान्तीकृत वर्गमा परेका नारीहरूको व्याथालाई कथामा प्रस्तुत गरिएको छ भने पुरुषकेन्द्री सामाजिक मानसिकताका कारण किनारीकृत बन्न पुगेका नारीको

अवस्था पनि कथामा पाइन्छ । पुरुषको कमजोरी र असक्षमताको भारी पनि नारी नै बोक्नु पर्ने अवस्थाको चित्रण भएको पाइन्छ । 'गिद्ध'कथा लैङ्गिक सीमान्तीयताका दृष्टिबाट विश्लेषणीय रहेको छ । यस कथाका लागि प्रभुत्वशाली वर्गका रूपमा अनिमेषकी श्रीमती 'म' पात्र (अस्मिता) आएकी छिन् । नेपाली समाजलाई परिवेशको रूपमा प्रयोग गरिएको छ ।

'गिद्ध' कथामा आएकी 'म' पात्र सीमान्तीकृत पात्र हो । ऊ आफ्नै लोग्नेका अघि नकाबधारी समूहद्वारा बलात्कारमा परेकी छे । त्यसपछि म पात्र आफ्नै लोग्नेबाट सीमान्तीकृत हुन पुगेकी छे । 'म' पात्रलाई त्यस घटनापछि स्वीकार गर्न इन्कार गरेर मानसिक तनाव दिई सीमान्तीकृत बनाउने काम अनिमेषले गरेको छ ।

लैङ्गिक विभेदलाई समाज सञ्चालनको आधार मान्ने समाजमा पुरुषलाई सर्वज्ञान सम्पन्न मान्छे भने नारीलाई निरीह र कमजोर । लैङ्गिक आधारमा नारीको जीवनलाई समाप्त गर्ने खेललाई स्वीकृति दिने समाजमा नारीका जीवनका आधारहरूलाई समाप्त गर्नका लागि विभिन्न बाहाना बनाइन्छ । जताबाट पनि नारीलाई भोग्याको रूपमा हेरिन्छ । पुरुषको उपभोग्य वस्तुको रूपमा हेरिन्छ । महिलाहरू कसरी हिंसामा पर्छन् र त्यसलाई अझ परिवार र समाजले कसरी मलजल गर्छ र महिलालाई किनारीकृत अवस्थामा पुऱ्याउँछ भन्ने कुराको प्रसङ्ग यस कथामा आएको छ । यस सन्दर्भलाई निम्न साक्ष्यले स्पष्ट पारेको छ :

> 'त्यतिखेर म आफ्नो गलामा लगाइराखेको हारको पछाडिपट्टिको हुक खोल्ने प्रयास गर्दै थिएँ जब ती राक्षसहरू मध्येबाट एउटा पुरुषले हामी हुँदाहुँदै तिमीले किन दुःख गर्छ्यौ भन्दै आफ्नो अनुहार मेरो गालामा जोडेर हुक खोलि दिन खोजेको थियो । त्यो देखेर तपाईंले यो के गरेको ? भन्दै हल्का प्रतिवाद गर्नु र मैले त्यस मानिसलाई घृणापूर्वक धकेल्नु एकैसाथ भएको थियो' । मेरो सारी प्रयोग गरेर उनीहरूले तपाईंको हातखुट्टा बाँधी मुखमा कपडा कोचिदिएर त्यहीँ भुइँमा लडाइदिएका थिए । म कति रोएकी थिएँ त्यस क्षण ! कति अनुनयविनय गरेकी थिएँ मैले उनीहरूका अगाडि !' 'जुनेली रात भएको हुनाले तपाईंले ती सब दृश्य आफ्नै आँखाले देख्नु भएको थियो । केही क्षणभित्र नै ती हिंस्रक मानिसहरूको पाशविक आक्रमणको सिकार भएकी थिएँ म' (पृ.७४) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि कथाकी 'म' पात्र आफ्नै लोग्नेको अघि नकाबधारीहरूद्वारा बलात्कार भएकी थिई । बलात्कारीहरूले उसको अस्मिता लुटेका थिए । यो त एउटा अनिमषलाई निहुँ मात्र भएको हो । बिहेको सुरुवातीदेखि नै 'म' पात्र र उसको श्रीमानको विचार नमिलेको हो । 'म' पात्र आधुनिकताको नाममा मौलिक परम्परा, संस्कृतिलाई भुल्न नचाहने

स्वभावकी थिई तर अनिमेष चाहिँ आफू आधुनिक कहलाउने होडबाजीमा आफ्नो अस्तित्वसमेत गुमाउन पछि नपर्ने खालको थियो । अनिमेषको विचारमा समय बिताउने रमाइलो गर्ने मनोरञ्जनको साधन जुवातास, मदिरा र रात्रिक्लब थिए भो 'म' पात्रको लागि ती सब समाजलाई भाँड्ने विषयवस्तु थिए । यसरी यी विविध कारणले पनि स्पष्ट हुन्थ्यो कि उनीहरूको विचार मिल्दैन थियो । यस्ता साना साना कुरालाई लिएर प्रभुत्वशाली वर्गले म पात्रलाई सीमान्तीकृत पारेको थियो । अनावश्यक क्रियाकलापको विरोध गर्दा अनिमेष 'म' पात्रलाई 'यस युगकी युवती भए पनि पाखे स्वभावकी ' (पृ.७५) भनेर व्यङ्ग्य गर्दथे जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

> एक दिनको कुरो हो । त्यस्तै कुनै एउटा भोजमा तपाईं इक जना मित्रले बेस्सरी रक्सी खाई मात्तिएर मसँग ढेस्सिन खोज्दा मैले उसलाई जोडसँग धकेलिदिएकी थिएँ र ऊ धरमराउँदै भुइँमा लडेको थियो । त्यस दिन तपाईले मलाई सभ्य समाजको तौरतरिका नजानेकी पिछडिएकी आइमाई भनेर गाली गनु भएको थियो (पृ.७५) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ लैङ्गिक विभेदमा आधारित समाजमा नारीले गरेका न्यायिक, नैतिक र प्रेमपूर्ण व्यवहारको प्रतिरोधमा पुरुषले अन्याय, षड्यन्त्र, अनैतिक र घृणाको व्यवहार गर्छ तर समाजको स्थापित संरचना तथा निर्धारित मूल्य तथा मानकहरू पुरुषमैत्री हुने हुनाले समाजमा अन्यायको राज फैलिन्छ । महिलाले गरेका हरेक काममा खोट लगाइन्छ । कुनै कुरा र काममा पनि जस दिँदैन । हरेक कुरालाई शङ्काको दृष्टिकोणले हेरिन्छ । पुरुषको इच्छा, रूचि अनुसार चल्न नसके तौरतरिका नजानेकी असभ्य कहलिन्छे । अनिमेषका दृष्टिमा हर किसिमका हिंसा म पात्रले चुपचाप सहन बाध्य भएकी थिई । यसरी लैङ्गिक विभेदको मान्यताले जरा गाडेर सामाजिक मानसिकताले स्वीकृति पाएको समाजमा पुरुषद्वारा नारीलाई सीमान्तीकृत गरी कष्टपूर्ण जीवन बाँच्न विवश पारिन्छ भन्ने तथ्यलाई यस कथामा प्रस्तुत गरिएको छ ।

पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा पुरुषले महिलालाई महिला भएकै कारणले उसमाथि अनेकन किसिमका हिंसा गरी शोषण गरेको देख्न सकिन्छ । प्रस्तुत 'गिद्ध' कथामा पनि प्रभुत्वशाली पुरुषहरूद्वारा सीमान्तीकृत नारी पात्र 'मा' पात्र शोषणमा परेकी छे । ऊ नकाबधारी समूहका साथै आफ्नै लोग्नेबाट किनारीकृत भएकी छे । जब 'म' पात्र नकाबधारीहरूबाट घोर अपमान र पीडा सहिन् । यत्रतत्र छरिएका आफ्ना कपडाहरू सम्हालेर उसको लोग्ने अनिमेषलाई पनि बन्धनमुक्त पारीन् । उनले आफ्नो लोग्नेबाट मायाको अपेक्षा गरेकी थिइन्, सान्त्वनाको अपेक्षा गरेकी थिइन् तर बदलामा उनले त्यस्तो केही पाइनन् , उल्छो तिरस्कार र घृणा पाइन् । उनले अनिमेषको अघि गिडगिडाउँदै आफ्नो किञ्चित पनि दोष नभएको कुरा बताइ रहेकी थिइन्

साथसाथै यस घटनाको बारेमा प्रहरी समक्ष उजुरी गरेर ती नकाबधारीहरूलाई कारबाही गरौं भनि अनुरोध समेत गरेकी थिइन् । तर बदलामा अनिमेष मौन बनेको थियो । भावशून्य बनेको थियो । यसरी अनिमेष लामो दुखेसो र व्याथा पोख्दा पनि भावशून्य भएर मौन बसेको देखेपछि अस्मिताले चर्को स्वरमा भनिन्,

> अब तपाईं यसरी चुप लागेर धर पाउनुहुन्न । बोल्नुहोस् ! केही त बोल्नुहोस् । म तपाईंको मुखबाट तपाईंको विचार सुन्न चाहन्छु । तपाईंले मेरा कुराको जवाफ दिनै पर्छ (पृ.७७) ।

माथिको साक्ष्यको आधारमा यस कथाकी मुख्य पात्र अस्मिता नकाबधारीहरूको बलात्कारमा परेपछि ऊ एकातिर उसले भोगेको शारीरिक पीडाले विक्षिप्त बनेकी छिन् भने अर्कोतर्फ आफ्नै लोग्ने नबोलेर मानसिक पीडामा पुर्‍याएका छन् । जव अस्मिताले अनिमेषलाई बोल्न, आफ्नो विचार राख्न भन्दा उसले दिएको जवाफले अस्मिता झनै विक्षिप्त बनेकी छिन् । यस प्रसङ्गलाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> के जवाफ सुन्न खोज्छ्यौ मबाट ? कस्तो जवाफ सुन्न चाहन्छ्यौ ? के आशा राखेकी छ्यौ मबाट ? म पुरुष हुँ । मलाई मेरो परिवारका निम्ति सोच्नु परेको छ । मलाई यसै समाजमा बाँच्नु छ । मेरा अनेकन् इष्टमित्रहरू छन् । तिनका अगाडि मैले कसरी ठाडो शिर गरेर हिँड्नु ? कसरी मुख देखाउनु मैले उनीहरूका अघि ? यस्तो बेइज्जतीको कुरो एक कान, दुई कान, हुँदाहुँदै एक न एक दिन सबैले थाहा पाउने नै छन् ।' एकाएक अनिमेषले आफ्नो लामो मौनता भङ्ग गर्दै गम्भीर स्वरमा भनेको थियो (पृ.७७) ।

पितृसत्तात्मक समाजमा प्रभुत्वशाली पुरुषले विभिन्न बहानामा महिलालाई केन्द्रबाट किनारामा पुऱ्याउँछ। माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि अस्मिता एउटा ठूलो परिवन्दमा परेकी छे, त्यसो हुनुमा उसको रहर होइन, परिस्थितिले त्यस्तो बनाएको छ । यस अवस्थामा श्रीमतीलाई माया र साथ दिन उसको पुरुषवादी सोचले दिएको छैन । आफूलाई पुरुष भएको अह्मता बढेको छ भने श्रीमतीलाई एउटा तुच्छ वस्तुको रूपमा हेरेको छ । समाज र इज्जतको डर देखाउँदै तर्साउन खोजेको छ । समाज, इज्जत, घरपरिवारको डर, त्रास देखाउँदै कथामा अस्मितालाई सीमान्तीकृत बनाएको छ ।

अस्मितालाई सीमान्तीकृत बनाइए पनि ऊ चुपचाप सहने खालकी पात्र भने पक्कै होइन । त्यसकारण उसले आफ्नो ठाउँमा आफ्नी दिदीबहिनीलाई राखेर हेर्न भनेकी छ जुन कुराले अनिमेषको अह्मतामा ठेस पुगेको छ । यस प्रसङ्गलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> 'चुप लाग ! चुप लाग !' जथाभावी नबोल । तिमीलाई थाहा छ, अब तिम्रो शरीर चोखो रहेन । तर पनि तिमीले मबाट के आशा गरेकी छ्यौ ? म के सहयोग गर्न सक्छु र तिमीलाई ? म पुरुष हुँ । मेरो मनस्थिति बुझ्ने प्रयास गर । म आँखा चिम्लिँदा पनि त्यही कुत्सित दृश्य बारम्बार देखिरहन्छु । यस्तो स्थितिमा म तिमीलाई पहिलेकै जस्तो गरेर पत्नीको आसनमा कसरी राख्न सकुँला ?' 'हामी दुवै जना शिक्षित छौँ । दुई जनाले सल्लाह गरौँ र आ आफ्नो बाटो रोजौं । त्यसका निम्ति म तिमीलाई आर्थिक सहयोग पनि...' (पृ.७८) ।

माथिको साक्ष्यबाट अस्मिता लैङ्गिक रूपमा सीमान्तीकृत भएको हुन्छ । पितृसत्तात्मक समाजमा प्रभुत्वशाली पुरुषले विभिन्न बाहानामा शोषण गरेर किनारीकृत बनाउँछन् । पुरुषको नजरमा महिला भनेको उपभोग्य वस्तुभन्दा अरू केही नै होइन भन्ने कुरा माथिको साक्ष्यले स्पष्ट पारेको छ । पुरुषको नजरमा महिलाको भावना, पीडाले कुनै मान्यता राख्दैन । यस कथामा पनि श्रीमतीको जीवनमा आएको विपत्तिलाई आधार बनाएर, शरीर चोखो नरहेको बाहाना बनाएर उसको आत्मसम्मानमा ठेस पुर्‍याउने र सीमान्तीकृत बनाउने काम अनिमेषले अस्मितालाई गरेको छ । आफू पुरुष भएको घमण्ड देखाउँदै अस्मितालाई श्रीमतीको आसनमा राख्ने नसक्ने बरू आ आफ्नो बाटो रोजौं भनेर प्रताडित गर्ने काम अनिमेषले गरेको छ । यसरी लैङ्गिक रूपमा नारीहरू सीमान्तीकृत अवस्थामा पुर्‍याइएको छ । नारीको शोषणका लागि शृङ्खला नै निर्माण भएको हुन्छ र त्यसले स्थापित सामाजिक मानकलाई हतियार बनाएर नारीको अस्मितामाथि धावा बोली विजय प्राप्त गर्छ भन्ने प्रसङ्ग  यस कथामा प्रस्तुत गरिएको छ ।

अन्ततः यस कथामा पितृसत्तात्मकताको आडमा नारीलाई एउटा खेलौनाको रूपमा हेरेर शोषण गरिन्छ र किनारीकृत बनाइन्छ । नारी विरोधी हिंसा र कुकृत्यमा संलग्न पुरुषका कार्यहरूप्रति समाजले देखेर पनि नजरअन्दाज गरी सामापजक स्वीकृति प्रदान गर्छ । त्यस कारण समाजका सदस्य पात्र हुँदाहुँदै पनि पुरुषका आक्रमणको प्रतिरोध गर्न नसक्ने नारीहरू अवला र निरीह बनाइन्छन् । नारीमाथि निराधार आरोप लगाएर भौतिक वस्तुको रूपमा रूपान्तरण गरिन्छ भन्ने निष्कर्ष यस कथाको रहेको छ ।

## २.५.१० 'रात त मेरो पनि हो' कथामा लैङ्गिक सीमान्तीयता

'रात त मेरो पनि हो'कथा माया ठकुरीको *प्रियंवदा* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । योकथा लैङ्गिक सीमान्तीयताको राम्रो प्रस्तुती भएको कथा हो ।नेपाली समाजलाई परिवेश बनाएर लेखिएको यस कथामा पितृसत्तात्मक समाजको प्रभुत्वशाली वर्गको प्रतिनिधि पात्रका रूपमा हरिहर आएका छन् भने लैङ्गिक सीमान्तीकृत पात्रको प्रतिनिधि पात्रका रूपमा अम्बिका आएकी छिन् । हरिहर अम्बिकाको लोग्ने हो । यस कथामा नारीको कारूणिक जीवनलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सामाजिक व्यवस्थाले नारीमाथि हुने यौनिक शोषणको मूल कारण हो भन्ने विषयलाई प्रस्तुत गरिएको छ । यस कथाकी अस्मिता लैङ्गिक सीमान्तीकृत पात्र हो । पितृसत्तात्मक सामाजिक संरचनायुक्त शासन व्यवस्थाकै कारण पुरुषबाट नारी पात्र अस्मिता सीमान्तीकृत हुन पुगेकी छे । यस कथामा विद्यमान लैङ्गिक सम्बन्ध र सामाजिक अवस्था अनि त्यसका आधारमा महिलामाथि भएका लैङ्गिक सीमान्तीकरणका सन्दर्भलाई उठाइएको छ । त्यसका लागि समाजको शक्ति र सत्ता हातमा लिएको पुरुषका दबाब र शक्तिको प्रयोगबाट नारीहरू सीमान्तीकृत अवस्थामा पुगी जीवन जिउन बाध्य हुनु परेको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

कथामा नेपाली समाजको यथार्थ र कारुणिक चित्रण गरिएको पाइन्छ । नेपाली समाजमा लोग्नेले जागिर खाने वा बाहिरको काम गर्ने अनि श्रीमतीले घरधन्दा, केटाकेटी, खेतीपाती गर्ने प्रचलन रहेको हुन्छ । श्रीमतीले घरमा जतिसुकै काम गरे पनि घरपरिवार र समाजमा त्यसको कुनै लेखाजोखा हुँदैन । न त आराम पाउँछन् न त काम गरेर जस नै पाउँछन् । यस कथामा अस्मिता पनि लोग्नेबाट प्रताडित भइ सीमान्तीकृत अवस्थामा पुगेर जीवन जिउन  विवश भएकी छे । उसले सधैं लोग्नेबाट यातना पाएकी छे । जसलाई तलको साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> ए राँड ! ढोका खोल्छेस् कि भत्काइ दिऊँ यो ढोकासोका । हेर, कस्ती अलच्छिनी आइमाई रहिछे जहिले पनि सम्साँझै ढोका बन्द गरेर सुत्ने ? लाज नभएकी नकच्चरी !' (पृ.१०१)

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि परिवारमा लोग्नेले अस्मितालाई कतिसम्म प्रताडित गरेको छ भन्ने कुरा । उसको लागि अस्मिता केवल वस्तुसिवाय अरू केही भएको छैन । घरमा उसको स्थान एउटा नोकरभन्दा पनि तल्लो स्तरको रहेको छ । हरिहरले घरमा बालबच्चा,श्रीमतीलाई सन्चोविसन्चोको बारेमा पनि कहिल्यै सोध्ने गरेको छैन । के खायो भनेर नि

कहिल्यै सोधीखोजी गरेको छैन । हरिहरको लागि अस्मिता एउटा स्वचालित मेसिन बनेकी छिन्, जुन उसले जतिबेला चाह्यो उतिबेला चल्ने । जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

> लोग्ने थाकेर आउला, उसलाई खान दिनुपर्ला भनेर सोध्नु पर्दैन ? डङ्किनी ! आफ्नो भुँडी भरेर सुत्न पाए भैगो । यस्तै चाल देखाइस् भने ठीक हुने छैन, भनि दिएको छ । म त मर्दको जात हुँ, दसवटी ल्याउन सक्छु । तँ भनेको आइमाई होस्, एकचोटी बिटुलिएपछि भिजेको कागजझैं कामै नलाग्ने ।' रक्सीले मातेर धङधङिएको शरीर अघि पछि हल्लाउँदै भने हरिहरले (पृ.१०१) ।

लैङ्गिक विभेदले प्रश्रय पाएको समाजमा पुरुषले नारीलाई भौतिक वस्तुका रूपमा उपयोग गर्नका लागि जति पनि घृणित ढङ्गले गाली गलोज गर्ने र आधारहीन आरोपहरू लगाएर दुःख दिने काम गर्छ । हरिहरको अत्याचार दिनप्रतिदिन चरम उचाईमा बढ्दै गएको छ । ऊ आफूलाई पितृसत्तात्मक सत्ताको शक्तिशाली प्रभुत्वशाली ठान्छ । मर्द भएको घमण्ड गर्छ । तसर्थ आफूले जतिवटी पनि विहे गर्न सक्ने दाबी गर्छ भने महिलालाई तुच्छ कमजोर ठान्छ । एकपटक बिहे गरेपछि जीवनमा ऊ कहिल्यै उठ्न नसक्ने, अघि बढ्न र केह ीगर्न पनि नसक्ने मान्छ तसर्थ आफ्नै गुलाम ठान्छ । सधैं आफ्नै गुलामी गरोस् भन्ने चाहन्छ । गुलामी नगरे ठीक नहुने चेतावनी दिन्छ । यसरी कथामा डर, त्रास देखाए प्रताडित गरेर सीमान्तीकृत अवस्थामा पुर्‍याउँछन् । यस कथामा प्रस्तुत सबै सन्दर्भका माध्यमबाट नारी सीमान्तीकृत अवस्थाको विवशतालाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

लैङ्गिक विभेदको पाशविक प्रवृत्तिलाई प्रश्रय दिने सामाजिक संरचनाभित्र नारी यौन शोषणको सञ्जाल नै निर्माण भएको हुन्छ । नैतिकता, मानवता, आदर्श जस्ता सभ्यताका परिसूचकहरू पुरुषका भोगवादी चिन्तनका अगाडि ज्यादै कमजोर हुन्छन् । घरमा श्रीमतीको बेवास्ता गर्ने तर बाहिरिया केटीलाई सर्वस्व ठान्ने र सर्वस्व सुम्पने पुरुषवादी प्रवृत्तिका कारण नारीलाई किनारीकृत अवस्थामा पुर्‍याइएका छन् । घरमा भएकी श्रीमतीले जति राम्रो गरे पनि राम्रो नदेख्ने, जस पनि नदिने प्रवृत्ति रहन्छ । जुन कुरालाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

> किन..? भोक तँलाई मात्र लाग्छ ? हामीलाई लाग्दैन ? दिनदिनै सोध्छेस् भात पस्किदिऊँ कि नपस्किदिँऊ भनेर ? बढ्ता नबोल्, भनिदिया छु । बढ्ता बोलिस् भने लात्ताले हानेर बङ्गारासमेत झारिदिउँला । गोडामा लाग्ने जुत्ता, गोडामै सुहाउँछ, टाउकामा होइन बुझिस् । 'ए.... तँलाई सपनासँग आरिस लागेर मलाई कुरा सुनाएकी होइन ? सपनासँग तैंले आफूलाई दाँज्न पर्दैन । ऊ भनेकी अहिलेकी फेसनदार युवती हो । उसको लवाई

> खुवाई, उसको बोली र उसको मानिसलाई रिझाउने तरिका सबै उम्दा छन् उम्दा । ऊ तँजस्ती सधैंभरि तेल, बेसार गनाउने म्याक्सी लगाएर बस्दिन । तेरो अनुहार हेर्‍यो भने सधैंभरि झरीबादल लाग्याको जस्तो देखिन्छ । अनुहार नपरेकी डङ्किनी !' लाइराखेको कोट फुकालेर ओछ्यानतिर हुत्याउँदै भने हरिहरले (पृ.१०२) ।

माथिको साक्ष्य अनुसार हरिहरले मानसिक यातनाका साथ शारीरिक यातना समेत दिने गरेको छ । अस्मिताले उसको अघि एक शब्द पनि बोल्न नहुने भएको छ । आफ्नी श्रीमतीलाई गोडाको जुत्तासँग र बाहिरकीलाई शीरको टोपीसँग दाँजेको छ । उसको बाहिर केटी राख्ने प्रवृत्ति छ । यो कुरा अस्मितालाई पनि थाहा छ र पनि ऊ बोल्न सक्दिन । चुपचाप सहन बाध्य भएकी छे । हरिहरको नजरमा आफ्नी श्रीमती नराम्री फोहरी, अनुहार नपरेकी छे । पुरुषलाई सर्वेसर्वा र नारीलाई निरीह ठानी त्यही अनुरुप व्यवहार गर्ने सामाजिक संरचना भएको समाजमा पुरुषले नारीको जीवनलाई साह्रै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँछ र भावनात्मक होइन, भौतिक दृष्टिले मात्र पहिचान गर्छ ।

अस्मिता सीमान्तीकृत नारी पात्र हो । ऊ आफू सक्षम छे र पनि सामाजिक संरचनाका कारण लोग्नेको प्रातडना सहन विवश छे । घरधन्दा, छोराको स्याहारसुसार, पकाउनु, खुवाउनुजस्ता सारा जिम्मेवारी अस्मिताकै काँधमा छ तर हरिहर एउटा केटा भएकै कारण उसलाई कमाएको पैसा रक्सी खान, बाहिर केटी घुमाउनलाई छुट पाएको छ । घरखर्च नहेर्दा भरका छोरो, श्रीमतीले दुःख पाउँदा , नहेर्दा पनि समाजले उसलाई केही भनेको छैन । छुट दिएको छ । अझ भनौं हरिहरको त्यत्रो अपराधलाई पनि समाजले बुझ पचाइ दिएको छ । अस्मितामाथि यातनाको श्रृङ्खला बढ्ने क्रम रोकिएको छैन जुन कुरालाई दिइएको साक्ष्यले स्पष्ट पार्दछ :

> 'ए...आज पनि मासु पकाइनस् ! मासु नभए तेरो पोइको घाँटीबाट भात छिर्दैन भनेर ? कति सम्झाउनु हो तँलाई ? पाँच वर्ष भइ सक्यो बिहे भएको तर तेरो मगजमा बुद्धि पलाएन ?' भातमा भएभरको दाल, तरकारी खन्याएर गजगज मुछेर खाँदै भने हरिहरले । ए...अबचाहिँ तैंले आफ्नो कमाइले घर चलाएकी छु भनेर मलाई ताना मार्न थालिस् होइन ! खान्न जा तेरो भात ! तै खा..." (पृ.१०३) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ कि हरिहरले अस्मितालाई हदसम्म प्रताडित गरेर सीमान्तीकृत अवस्थामा पुर्‍याएको छ भन्ने । आफ्नों कमाइ जति रक्सीमा उडाएर सक्ने , श्रीमतीले छोरोलाई उपचार गराएको, पैसा सकिएको, समयमा कपडा सिलाएर दिन नसकेकोले पैसा नआएको कुरा बताउँदा पुरुष अह्मम‍ा ठेस लागे । मनमा ईर्ष्या जागेर 'खान्न तेरो भात, तैं

खा..!' (पृ.१०३) भनेर अम्बिकाको कुरो सहन नसकेर उत्तेजित हुँदै भातको थाल हुत्याइ दिएर हरिहर बाहिरिएको हुन्छ । अम्बिका सदाकोझैं केही नबोलेर भुइँभरि छरिएका खाना सोहर्छिन् । हरिहरले अम्बिकालाई एउटा भौतिक वस्तुको रूपमा मात्र दिएको छ । एउटा उपभोग्य वस्तुका रूपमा मात्र लिएको छ । ऊ अम्बिकालाई हरतरहबाट शोषण गर्न चाहन्छ । भौतिक रूपमा, मानसिक रूपमा। यौनिक रूपमा । अम्बिका हरिहरको लागि उपभोग्य वस्तु बाहेक केही भएको छैन । यस कथामा पुरुषको यौनतृष्ण मेटाउन महिलाले हरहालमा तयार हुनुपर्छ भन्ने कुरा यस कथामा देखाइएको छ जसलाई दिइएको साक्ष्यले स्पष्ट पार्दछ :

> ल, अब त्यो गनाउने म्याक्सी फेरेर आइज ओछ्यानमा !' 'रात भनेको मेरो हो । मैले जसो गर्न भन्छु, तैंले मान्नु पर्छ' भनेर धम्क्याउँदै अम्बिकाको देहलाई पशुतुल्य प्रयोग गरेर आफू पुरुष हुनुको अहम् तुष्टि प्राप्त गर्दथे । आफूमाथि लगाएको आरोपको प्रतिवाद गरेकी अम्बिकाको कोमल शरीरमा लात्ती र मुड्की बजार्न पनि पछि परेनन् हरिहर । 'पख, आज तँलाई कसरी ठीक पार्दो रहेछ, हेर्लिस्...। 'ए...तँ यहाँ हाए। ह्रराम गरिरहेकी छस् । उठ् खुरुक्क हिंड् ओछ्यानमा । चुप लागेर हिँड्छेस् कि दिऊँ फेरि लात....!' 'के अरे ! के भनिस् ? लोग्नेले भनेको कुरो नमान्ने तेरो कत्रो हिम्मत ? तँलाई त कुटाइ पुगेको छैनजस्तो छ ' (पृ.१०५) ।

माथिको साक्ष्य अनुसार लैङ्गिक विभेदको पाशविक स्वभावलाई प्रश्रय दिने सामाजिक संरचनाभित्र नारी यौन शोषणको सञ्जाल नै निर्माण भएको हुन्छ । यस्तो सञ्जालभित्र नारीलाई सधैं भोग्या वस्तुको रूपमा मात्र हेर्दछ । पुरुषको भोगवादी चिन्तनले नारीलाई सधैं उपभोग्य वस्तुको रूपमा मात्र हेर्छ । नारीले जतिखेर पनि पुरुषको यौन इच्छा तृप्ति गर्नका लागि तयार हुनु पर्दछ भन्ने कुराको स्पष्टोक्ती यस कथामा पाइन्छ । यस कथामा पनि हरिहरले अम्बिकालाई यौन तृप्त गर्ने साधनको रूपमा मात्र हेरेको छ । अम्बिकाको इच्छाको कुनै कदर छैन । पुरुषकेन्द्री सामाजिक संरचनाभित्र नारीको यौन पुरुष इच्छाको वस्तु बन्ने हुनाले नारीहरू सीमान्तीकृत अवस्थामा पुर्‍याइन्छन् र कष्टकर जीवन भोग्न विवश बन्छन् । नारी विरोधी हिंसाजन्य कुकृत्यमा संलग्न पुरुषका कार्यहरूप्रति समाजले देखेर पनि नजरअन्दाज गरी सामाजिक स्वीकृति प्रदान गर्छ । त्यसकारण समाजकै सदस्य नारी भए पनि पुरुषका आक्रमणको प्रतिरोध गर्न नसक्ने नारीहरू निरीह र कमजोर बनाइन्छन् । पुरुषका असक्षमताजस्ता हरेक कार्यको भारी नारीले बोक्नु पर्ने हुन्छ । कथामा हरिहरले अम्बिकामाथि शारीरिक, मानसिक तथा यौन शोषण समेत गरेका छन् । अम्बिकाले सधैं त्राहीत्राही भएर बस्नु परेको छ । रातदिन बाहिर रक्सी खाएर आएर कुट्ने गरेको छ । उसले चुपचाप लोग्नेको प्रातडना सहेको छ । लोग्नेको वास्तविकतालाई उजागर गरी

विवाहको नातालाई तोड्न सक्थी तर समाजले एकातिर लोग्ने शब्दका साथमा असक्षमताको परिकल्पना समेत गरेको छैन भने अर्कोतिर नारीको मुख थुनेर मात्र राख्छ बोल्न दिँदैन । लैङ्गिक विभेदलाई मानक स्वरुप प्रदान गरिएको समाजमा लोग्ने बाहिर जति निकम्मा भए पनि श्रीमतीका अगाडि सिंहनाद गर्न सक्षम हुन्छ । यस कारण पुरुषकेन्द्री सामाजिक संरचनाभित्र नारीको यौन पुरुष इच्छाको बस्तु बन्ने हुनाले नारीहरू सीमान्तीकृत अवस्थामा पुऱ्याइन्छन् र कष्टकर जीवन भोग्न विवश बन्दछन् भन्ने सन्दर्भलाई यस कथाका माध्यमबाट स्पष्ट पारिएको छ ।

### **२.५.११ 'पहिचान' कथामा लैङ्गिक सीमान्तीयता**

'पहिचान' कथा माया ठकुरीको *प्रियंवदा* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । वर्ण, धर्म, लिङ्ग, जात आदि विभेदको संस्कार स्थापित भएको समाजमा मानिसलाई बाल्यकालबाटै सीमान्तीकरण गर्ने वातावरणको निर्माण गरिन्छ । प्रभुत्वशाली वर्गले समाजमा सीमान्तीकृत वर्गमाथि विभिन्न बाहानामा दमन, शोषण गर्ने काम गरिरहेकै हुन्छ । उनीहरू आफ्नो अनुकूल सामाजिक मूल्य, मान्यताको स्थापना गरेर त्यही अनुरूप अरूलाई पनि चल्न बाध्य पार्दछन् । प्रभुत्वशाली वर्गहरू आफ्नो बनाउनका लागि सीमान्तकृत वर्गलाई शारीरिक मानसिकतामा यौनिकरूपले प्रताडित गर्न समेत पछि पर्दैनन् । समाजमा किनारीकृतहरूले कहिले धर्मको नाममा, कहिले जातको नाममा, कहिले वर्गको नाममा त कहिले लिङ्गको नाममा प्रताडित बनिरहनु परेको छ । लिङ्ग विभेदको चिन्तन स्थापित भएको समाजमा नारी सधैं दमित अवस्थामा रहन्छ । उसले जीवनमा कहिल्यै पनि आफ्नो शीर ठाडो पार्न पाउँदैन । सधैं पुरुष वर्गकै अह्रनखटन मान्नु पर्छ र पुरुष वर्गकै सेवामा सधैं समर्पित हुनु नै निम्न वर्गको परमकर्तव्य बन्न पुग्छ ।

समाजमा नारी, पुरुष बाहेक अर्को एउटा वर्ग पनि छ, जसलाई घरपरिवार र समाजले एकदमै हेयको दृष्टिले हेर्छ । उनीहरूको पहिचानलाई घरपरिवार, समाज मात्र होइन राज्यले समेत स्वीकार गर्न नसकेको परिस्थिति छ । उनीहरू महिला, पुरुषभन्दा फरक भएकै कारण अझ बढी सीमान्तीकृत हुनु परेको तथ्यलाई ठकुरीले आफ्नो कथा 'पहिचान' मा उठाएकी छन् ।

'पहिचान' कथामा प्रभुत्वशाली वर्गका रूपमा प्रहरी, अधबैंसे बृद्ध मानिस आएका छन् भने सीमान्तीकृत वर्गका रूपमा एउटा युवक, आयुष र विशाल आएका छन् । समाजमा अपमानिस हुने डरले आयुष र विशाल आफ्नो पहिचान लुकाएर बस्न विवश छन् भने एउटा युवकले खुलेरै आफ्नो पहिचान बनाउन खोज्दा विभिन्न किसिमका यातना भोग्न बाध्य भएको तथ्यलाई तल दिइएको साक्ष्यले स्पष्ट पार्दछ :

> 'यी प्रहरीहरूले कतै चोरलाई लखेटेका त होइनन ?' वृद्धले अधबैंसेलाई मानिससँग प्रश्न गऱ्यो । 'होइन कहाँ चोरलाई लखेट्नु । यो त त्यै बाइफाले केटीजस्ता सिँगारपटार गरेर हिँड्ने केटाहरू हुन्छन् नि....। हो, तिनैलाई लखेटेका हुन् । दुई जनालाई त अघिनै समातेर प्रहरी भ्यानमा राखिएका छन् अरे ! एउटाचाहिँ कसो कसो गरेर फुत्किएछ, त्यसैलाई खोज्दै छन् ।' अधबैंसे मानिसले भन्यो (पृ.७७) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ समाज, राष्ट्र सबैलाई उनीहरूको पहिचान स्वीकार छैन । शारीरिक बनावटको आधारमा केटा भए पनि भावनात्मक आधारमा प्राकृतिक रूपले केटीको जस्तैं लक्षण देखिन थालेपछि सोही अनुरूपको व्यवहार गर्दा परिवार, समाज र राज्यलाई सह्य भएन । पितृसत्तात्मक सामाजिक मूल्य, मान्यता सथापना भएको समाजमा केटाको स्वरूप लिएपछि केटाकोजस्तैं व्यवहार गर्नुपर्छ, केटाकोजस्तै कपडा लगाउनु पर्छ भन्ने मान्यता राख्दछ । सोही अनुरूप नभए समाजले पचाउन नसक्ने तथ्यलाई स्पष्ट पारेको छ । यसलाई तलको साक्ष्यले स्पष्ट पार्दछ :

> 'हरे...! यो कस्तो युग आयो । कलियुग भनेका यस्तै रहेछ । हिजोआज यो के भएको होला केटीकेटी, केटाकेटा पनि बिहे गर्छन् अरे ! त्यस्ता समाजलाई भाँड्ने सन्तान जन्मनु चाहिँ त नजन्मेकै बेस हुन्छ ।'वृद्धले विरक्तिएको स्वरमा भन्यो (पृ.७७) ।

लिङ्ग विभेदका आधारमा निर्मित सामाजिक संरचनामा व्यक्तिलाई एकैपटक किनारामा पुर्‍याइने होइन । उसलाई थाहै नपाउने गरी बिस्तारै बिस्तारै धकेल्दै लगेर फर्किनै नसक्ने अवस्थामा पुर्‍याइन्छ । यसै क्रममा व्यक्तिमा निहीत क्षमतालाई गलत ढङ्गले प्रयोग गरी त्यसको सिर्जनात्मक सामर्थ्यलाई नष्ट गरिन्छ । समाजमा चलि आएको रीत भन्दा फरक धारमा गयो भने त्यो कुरा समाजले पचाउन सक्दैन भन्ने कुरा माथिको साक्ष्यबाट स्पष्ट हुन्छ । समाजको पुरातन मान्यता अनुसार सधैं केटा र केटीबीच मात्र विहेबारी जस्ता सम्बन्ध हुनु पर्छ भन्ने मान्यता रहेको छ । सोही अनुरूप यस कथामा केटाकेटा र केटीकेटी बीच बिहे गर्ने कुराले समाजमा हलचल ल्याएको छ । विवाहको कुरा मात्र होइन केटीको सिँगारपटार गरेर केटासँग शारीरिक सम्बन्ध राख्ने जस्ता कुराले समाजमा तहल्का मच्चाएको छ । समाजमा प्रभुत्वशाली वर्गका अनुसार ती सीमान्तीकृत वर्गलाई समाजबाट बहिष्कृत गर्नु पर्छ भन्ने कुरा पनि उठेको छ । जुन कुरा समाजलाई र प्रभुत्वशाली वर्गलाई पचाउन गाह्रो परेको तथ्यलाई माथिको साक्ष्यले स्पष्ट पारेको छ ।

पितृसत्तात्मक समाजमा लैङ्गिक सीमान्तीकृत वर्गका सुखभोगका चाहना सपनामै सीमित गरिन्छन् । उनीहरूको लागि त्यसको प्राप्ति आकाशको फल आँखा तरी मर भनेजस्तैं हुन्छ । यस कथामा पनि सीमान्तीकृत पात्र युवक जस्ता अन्य पात्रहरूलाई प्रहरीहरूले गरिखान नदिएको , यातना दिएको तथ्य तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> 'हामीले के गर्नुपर्छ र दाइ ! तिनीहरूले हामीलाई देख्नासाथ दुःख दिन तम्सिन्छन् ।' युवकले बिस्तारै भन्यो । 'हामीले कति सम्झाउने कोसिस गर्‍यौं तर हाम्रो कुरो सुने पो ...उल्टै एक हजार रुपिँया दे, नभए थानामा हिँड् भन्न लागे । मलाई चाहिँ एउटा प्रहरीले "कि त पैसा दे कि त मसँग मैले भनेको ठाउँमा हिँड" भन्यो, मैले "मसँग पैसा छैन र म तिमीले भनेको ठाउँमा पनि जान्नँ" भनेको त मलाई पनि "हिँड साले , तँलाई रातभरि थाननमा राखेर ठीक पार्छु" भन्दै घिच्रोमा समातेर घिच्याउन थाल्यो , त्यै बेला भएभरको बल लगाएर म उसको हातबाट फुस्किएँ र भाग्दै आएर ऊ पर मन्दिरपछाडि लुकेर बसेँ । अहिले डान्सबारतिर जाऊँ भने उनीहरूले देख्छन् कि भन्ने डर छ । त्यसैकारण तपाईंहरू कहाँ एकछिन लुकेर बस्छु ।' युवकले आफूमा घटेको कुरो बतायो (पृ.७९) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ युवक लैङ्गिक सीमान्तीकृत पात्र हो । समाजको मान्यताभन्दा फरक पहिचान भएकै कारण समाजले उसलाई किनारीकृत अवस्थामा पुऱ्याएको छ । विभिन्न किसिमका शारीरिक, मानसिक तथा यौनिक शोषण समेत गरेको देखिन्छ । समाजका प्रभुत्वशाली वर्गले उनीहरूलाई प्रताडित गर्ने काम गरेको छ । पैसा मागेर दुःख दिने काम गरेको छ । जुन कुरा साक्ष्यले स्पष्ट पारेको छ । यसकारण पितृसत्तात्मक समाजले आफू अनुकूलको सामाजिक मापदण्डको निर्माण गरी त्यसैका आधारमा महिला मात्र नभएर भौतिक रूपले पुरुष भएता पनि प्राकृतिक रूपले महिला भएकै कारण कथामा युवकले विभिन्न किसिमका यातना सहनु परेको कुरा तलको साक्ष्यबाट स्पष्ट पार्नु सान्दर्भिक देखिन्छ :

> 'यो संसार बडो निर्मम छ भाइ । 'कति सङ्घर्ष गर्नु दाइ !' सानो छँदा मेरो कोमल शरीर र सुन्दर अनुहार देखेर मेरा परिवारहरूले मलाई केटीलाई जस्तैं लालीपाउडर, गाजल, टीका लाइदिएर नचाउँथे । जब म हुर्कदै गएँ र ममा प्राकृतिक रूपले साँच्चै नै बालिकाको जस्तो लक्षण देखिन थाल्यो तब उनीहरू अत्तालिए अनि बिस्तारै मबाट टाढिन थाले । सत्य भन्ने हो भने शरीरले म पुरुष भए तापनि मेरो मन र मस्तिष्कले म आफूलाई केटो होइन केटी सम्झन्थैँ र जहिले पनि म आफूलाई केटी नै सम्झन्छु, तर

> मेरो मनको भावनालाई यो समाज, साथीभाइहरूले त बुझेनन् बुझेनन् मेरा आफ्नै मातापिता र परिवारले समेत बुझ्ने प्रयास गरेनन् । उनीहरू सबैले मलाई शरीरमा लागेको कोढझैं घृणा गरे । सबैले मेरो तिरस्कार गरे.....।' युवकले आद्र स्वरमा भन्यो (पृ.८०) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ समाजले युवकलाई दिएको यातना । सानोमा त्यही परिवार, त्यही समाज उसको कोमल शरीर र सुन्दर अनुहार देखेर केटीलाई जस्तैं लालीपाउडर, गाजल, टीका लाइदिएर नचाएर रमाउनेहरू, खुशी हुनेहरू पछि ठूलो भएपछि यथार्थ मै आफूलाई केटी ठानेर व्यवहार गर्दा पितृसत्तात्मक समाजले उसको भावनालाई नबुझेर घृणा गरेको स्पष्ट हुन्छ । घरपरिवारबाट त्यागिएर पनि केही गरेर खान्छु, आफ्नो खुट्टामा आफैं उभिन्छु, काम गर्छु भन्दा पनि समाजले बाहिरी रूप हेरेर काम नदिएको । उसको क्षमतालाई बेवास्ता गरिएको, डेरा खोज्दा पनि नपाइएको कुरालाई तलको साक्ष्यबाट स्पष्ट पार्न सान्दर्भिक देखिन्छ :

> हुन त दाइ, मैले एसएलसी पास गरिसकेको छु । घरबाट निकालि दिएपछि मैले सानोतिनो जस्तोसुकै भए पनि जागिर पाइन्छ कि भनेर जागिर पनि खोजें, तर मानिसहरूले मेरो बाहिरी रङरूप देखेर मलाई जागिर दिन त परै जाओस् मसँग राम्ररी कुरा पनि गर्न चाहेनन् । हामी जस्ताले डेरा खोज्न गयो भने डेरा पाइँदैन । आखिर हामी पनि त मानिस नै हौं । हामीले त्यस्तो के अपराध गरेका छौं र हामीलाई सबैले घृणा गर्ने ? के उनीहरूको ंघरमा पनि हामीजस्तैं सन्तान जन्मन सक्दैनन् र ? आफ्नै देश, आफ्नै समाज र आफ्नै परिवारजनहरूबाट यसरी अपहेलित र उपेक्षित भएर बाँच्नुभन्दा त बरु आत्महत्या गर्नु नै ठीक हो जस्तो लाग्छ कहिलेकाहीँ त मलाई (पृ.८०-८१) ।

पितृसत्तात्मक समाजमा कमजोरहरूको आँसु, पीडा शक्तिशालीका लागि हाँसो र आनन्दायी बन्छ । कमजोर वर्गले जति धेरै पीडा भोग्छ प्रभुत्वशाली वर्गको हाँसोमा त्यत्ति नै निख्खरता आउँछ । पितृसत्तात्मक समाजको स्थापित संरचनाले उपेक्षित वर्गका आधारहरू क्रमश : समाप्त गर्दै लगेर ज्यादै पीडादायक परिस्थितिको निर्माण गर्छ । युवकलाई आफूलाई केटाको स्वरुप भए पनि आफूलाई केटी सम्झेर केटीकै भेषभुषा लगाएको आधारमा युवकलाई नकारात्मक दृष्टिले हेर्नु, जागिर नदिनु, डेरा नदिनु जस्ता कुरा पुरुषप्रधान समाजको सदियौंदेखिको नारीप्रतिको निष्कर्ष हो । यहाँ युवकले काम गरेर खान्छुभन्दा पनि काम पाएको छैन । डेरा खोज्दा डेरा पनि पाएको छैन । लैङ्गिक सीमान्तीयताकै आधारमा अत्याचार गरिएको र प्रभुत्वशाली वर्गको प्रभुत्वमा दु:खपूर्ण जीवनयापन गर्नु परेको तथ्यलाई कथामा स्पष्टसँग देखाइएको छ ।

### २.५.१२ निष्कर्ष :

माया ठकुरीका 'गहना', 'अनरेडियम', 'आत्मसन्तुष्टि', 'बहादुर', 'साने', 'साहेब', 'बले', 'मृगतृष्णा', 'धनवीरे' र 'निर्मला' जस्ता दशवटा कथामा वर्गीय रूपमा सीमान्त समुदायको प्रतिनिधित्व भएको छ । प्रस्तुत कथाहरूमा प्रभुत्वशाली वर्गले गरेका शोषण, दमन र उत्पीडन सहन सीमान्त वर्ग विवश भएका छन् । प्रभुत्वशाली वर्गको अन्याय र अत्याचारको कारण सीमान्तीकृत बन्न पुगेकाहरूको पीडालाई केन्द्र वा राज्यसत्ताले भने बुझ्न सकेको छैन । सामन्तवादी पुँजीवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक जालझेल र षड्यन्त्र गरी गरिब निमुखा वर्गमाथि शोषण र अन्याय गरेका हुन्छन् । उदाहरणका लागि 'धनवीरे' कथाको मुख्य पात्र धनवीरेलाई सामन्ती प्रवृत्ति भएका टङ्कप्रसाद र रुद्रप्रसादले निम्नवर्गकै भएको कारण शोषण गरी सीमान्त अवस्थामा पुर्‍याएका छन् । सारा जीवन उनीहरूको काममा बिना पैसा खर्चिदा पनि अन्ततः उपचार नपाएर छटपटिँदै मर्नु परेको छ । प्रभुत्वशाली वर्गको अन्याय र अत्याचारको कारण सीमान्तकृत बन्न पुगेका व्यक्तिहरू आफ्नो पहिचान गुमाएर बाँच्न विवश छन् । 'उज्यालोतिर', 'बहादुर', 'साहेव', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा', 'उसको कथा', 'कुन्ता', 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', 'रात त मेरो पनि हो', 'पहिचान' गरी एघारवटा कथामा लैङ्गिक सीमान्त वर्गको प्रतिनिधित्व भएको छ । यसमध्ये 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', 'रात त मेरो पनि हो', 'कुन्ता' जस्ता कथाका पात्रहरूले पितृसत्तात्मक समाजमा विद्रोह गरी आफ्नो बलियो पहिचान कायम गर्न सक्षम भएका छन् भने अरू कथाका लैङ्गिक सीमान्तीकृत पात्रहरू पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषको हैकमवादी प्रवृत्तिका कारण आफ्नो पहिचान गुमाएर बाँच्न विवश छन् । 'असजिला प्रश्नहरू' कथामा जातीय सीमान्त समुदायको प्रतिनिधित्व रहेको छ । हिन्दू सामन्तवादी वर्णाश्रम व्यवस्थाका आडमा प्रभुत्वशाली वर्गले आफ्ना अनुकूल निर्माण गरेको जातीय विभेदले गर्दा कथित उच्चजातका प्रभुत्वशाली वर्गबाट समाजले तल्लो जात मानेका व्यक्तिहरू सीमान्तीकृत अवस्थामा पुगेका छन् ।

समग्रमा भन्नु पर्दा माया ठकुरीका कथाहरूको अध्ययनबाट उनका कथाहरूमा सघन रूपमा सीमान्त समुदायको प्रतिनिधित्व रहेको प्रस्ट हुन्छ । सामन्तवादी सोच भएका प्रभुत्वशाली वर्गको अत्याचार र अत्याचारको कारण सीमान्त अवस्थामा पुगेका पात्रहरू आफ्नो पहिचानका लागि सङ्घर्षरत छन् । सीमान्त समुदायका केही पात्रहरू आफ्नो पहिचान बनाउन सक्षम भए पनि धेरै जस्तो सीमान्त पात्रहरू प्रभुत्वशाली वर्गको शोषण र उत्पीडन सहेर पहिचान विहीन बन्न पुगेका छन् ।

## तेस्रो परिच्छेद

# माया ठकुरीका कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

### ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा कथाकार माया ठकुरीका कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना सम्बन्धी सैद्धान्तिक मान्यताको सामान्य परिचय दिनका साथै माया ठकुरीका कथाहरूमा प्रयुक्त सीमान्तीकृत पात्रहरूको आवाज र प्रतिरोध चेतनाको अवस्थाको अध्ययन गरिएको छ । कुनै पनि साहित्यिक कृतिभित्र, सीमान्तीयताको सूक्ष्म र सघन अभ्ययनका लागि त्यस कृतिमा निहीत सीमान्तीकृत पात्रहरूको प्रतिरोध चेतनाको खोजी गर्नु आवश्यक देखिन्छ । माया ठकुरीका कथाहरूमध्ये छनोटमा परेका एक्काइसवटा कथाहरूमा सीमान्त समुदायको प्रतिरोध चेतनाको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

### ३.२ सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

प्रतिरोध भनेको सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षा हो । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ । जहाँ सांस्कृतिक शक्तिका रूपहरूमाथि बाह्य वा अन्य पक्षले प्रश्न चिह्न उठाउछन् तब रमिते बन्न पुगेको वर्ग वा समुदायले दमन शक्तिका विरूद्ध आवाज उठाउन थाल्छ । यसरी आवाज उठाउनु वा विद्रोह गर्नु नै प्रतिरोध हो । विभेदकारी सामन्ती शक्तिकेन्द्रका विरुद्धमा आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । गायत्री चक्रवर्ती स्पिभाकको के सबाल्टर्न बोल्न सक्छन् ? भन्ने लेखलाई उद्घृत गर्दै मोहनराज शर्माले लेखेका छन् :

> गायत्री चक्रवर्तीका विचारमा सीमान्तीय वर्ग आफ्ना लागि आफैं बोल्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनु पर्छ भन्ने उनको मान्यता रहेको छ । त्यसो त सीमान्तीय आफ्ना सुखदुःख व्यक्त गर्नै सक्दैनन् भन्ने होइन तर त्यस्ता अभिव्यक्तिहरूको स्वर ज्यादै मसिनो भएकाले नसुनिएर आफैं दबिन्छ । उनका विचारमा सबाल्टर्न आफ्नो प्रतिनिधित्व पनि आफैं गर्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनु पर्छ (२०७०, पृ.३१८) ।

सीमान्तीकृत वर्गहरू आफ्नो हक, अधिकार र पहिचानको लागि शक्तिकेन्द्र वा राज्यसत्ताका विरूद्ध बोल्न सकेको पाइँदैन , कतिपय अवस्थामा सीमान्तीकृतहरूले आफूमाथि भएको अन्याय, अत्याचार थाहै पाउँदैनन् । अर्को कुरा थाहा पाए पनि प्रभुत्वशाली वर्गसँग बैमनस्यता राख्नु आफ्ना लागि जोखिम ठान्छन् । अझ अर्को कुरा उनीहरूले शक्तिकेन्द्रसँग आफ्ना आवाज पुर्‍याउनुको सट्टा आफ्नो भाग्यलाई दोष दिन्छन् । यस कारण सीमान्त वर्ग अन्याय, शोषण, दमनका विरूद्ध बोल्न सकेको हुँदैन । समाजमा प्रभुत्व वर्गबाट सीमान्तीकृत समुदायले आफ्नो हक प्राप्तिका लागि कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने विषयमा ताराकान्त पाण्डेय लेख्छन् :

> सत्ता निकटका बुद्धिजीवी, नागरिक समाज र प्रतिनिधित्वले कस्तो विश्वास सिर्जना गर्छन् भने मानौ राज्य तटस्थ छ, दमनकारी छैन । परिस्थितिहरू सहज, सामान्य र स्वभाविक छन् । जे भइ रहेको छ, सब ठीक छ भनेर तिनले एक प्रकारले कन्भिन्स गर्छन् । त्यसैले यसका विरुद्ध सङ्घर्ष गर्न र चेतनाको विकास गर्न ग्राम्चीले जैविक बुद्धिजीवीको आवश्यकताको अवधारणा अघि सारेका छन् (२०७३, पृ.६५) ।

पाण्डेयका अनुसार ग्राम्चीले जैविक बुद्धिजीवीले मात्र सबाल्टर्नका बारेमा बोल्न सक्छन् भन्ने विचार व्यक्त गरेका छन् । त्यसकारण सीमान्त समुदायको पराधीनताको समाप्तिका लागि शक्तिशाली क्रान्ति र स्थायी प्रकृतिका विजय आवश्यकता पर्छ । सञ्जीव उप्रेतीका विचारमा उनीहरू मूक चाहिँ होइनन् भन्ने मान्यतालाई यसरी प्रस्तुत गरेका छन् :

> के निमुखाहरूले आफ्नो प्रतिनिधित्व आफैं गर्न सक्छन् त ? स्पिभाकका मत अनुसार गर्न सक्तैनन् । यसको मतलव दलितहरूले आफ्नो बारेमा केही बोल्नै सक्तैनन् , आफ्ना परिचयबारे केही भन्नै सक्तैनन् भन्ने चाहिँ होइनन् । विभिन्न किसिमका किंवदन्ती तथा अन्य किसिमका मौखिक स्थानिक परम्पराहरू मार्फत तिनले आफ्ना पीडा र प्रेम, खुशी र त्रासका कथाहरू अवश्यै भन्न सक्छन् तर समस्या के छ भने तिनले भनेका यस्ता कथामा सभ्य समाजको मध्यधारमा आउनै सक्तैनन् (२०६८ : पृ.२८२-२८३) ।

वास्तवमा सीमान्तीकृतहरू बोल्नै नसक्ने त होइनन् तर उनीहरूको आवाजलाई प्रभुत्वशाली वर्गले नसुनिदिँदा उनीहरू नबोलेका जस्ता देखिएका हुन् । माथिको विमर्शबाट मौन रूपमै भए पनि उनीहरूको आवाज प्रभुत्वशाली वर्गप्रति प्रतिरोधी रहेको हुन्छ भन्ने प्रमाणित

हुन्छ । यसरी सीमान्त समुदायले विभिन्न तरिकाबाट प्रतिरोध गर्दै आएका छन् र गर्छन् तर त्यो प्रतिरोधलाई केन्द्रले नसुनेका हुनाले सीमान्तीकृत वर्गहरू आवाजविहीन भएर रहेका जस्ता

देखिएका छन् । यसरी सीमान्त समुदायले प्रभुत्वशाली वर्ग, जाति, लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै आफ्नो अधिकार प्राप्तिका लागि गरिएको प्रयास नै सीमान्त समुदायको आवाज हो । यसरी कृतिमा प्रतिनिधित्व गराइएका सीमान्तीकृत वर्गले आफ्नो पहिचान र अस्तित्वका लागि बोलेका छन् कि छैनन् भन्ने कुराको अध्ययन यस अर्न्तगत गरिन्छ । साथै उनीहरूको आवाजलाई केन्द्रले सुनेको छ कि छैन भन्ने कुराको पनि अध्ययन गरिन्छ ।

## ३.३ माया ठकुरीका कथामा आवाज र प्रतिरोध चेतना

सत्का विरुद्ध असत्, कानुनका विरुद्ध गैरकानुनी, मानवीयताको विरुद्ध अमानवीयता, समानताका विरुद्ध विभेदकारी शक्तिको प्रयोग गर्ने व्यवहारका विरुद्धमा जागरूक भई उठ्ने चेतना नै वास्तवमा प्रतिरोध चेतना हो । कृतिमा सीमान्तका लागि को र कसरी बोलेको छ ? कृतिभित्र प्रतिनिधित्व गराइएको पात्र आफैं बोलेको छ की लेखक बोलेको छ भन्ने कुराको अध्ययन विश्लेषण यस अन्तर्गत गरिन्छ ।

### ३.३.१ 'उज्यालोतिर' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध

माया ठकुरीको *नजुरेको जोडी* (२०३०) कथासङ्ग्रहमा जम्मा एघारवटा कथा सङ्गृहीत छन् । आर्थिक अवस्था कमजोर भएका व्यक्तिले भोग्नु परेको विवशता, दरिद्रता र अपमानजनक जीवनयापन गर्नु परेको यथार्थलाई यस कथासङ्ग्रहमा सरल र रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा समावेश भएका कथाहरू मध्ये यस शोधको विश्लेषणका लागि जम्मा तीनवटा कथाहरूलाई मात्र छनोट गरिएको छ । यस परिच्छेदमा छनोटमा भएका कथाका सीमान्त पात्रहरूको आवाज र प्रतिरोध चेतनाको विश्लेषण गरिएको छ ।

'उज्यालोतिर' कथा नेपाली परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । नेपाली समाजमा विवाह पश्चात सन्तानलाई पहिलो प्राथमिकताका साथ हेरिन्छ । सन्तान भएन भने नारीलाई दोष लगाइन्छ । पुरुषको कमजोरी हेरिँदैन, त्यसकारण बेमेल विवाह गरिदिन्छन् । प्रस्तुत कथामा सीमान्तीकृत पात्र कलावतीमा प्रतिरोध चेतना थोरै मात्रामा रहेको देखिन्छ । प्रभुत्वशाली वर्गका अघि आफ्ना आवाजहरूलाई सशक्त र प्रभावकारी रूपमा उसले राख्न सकेको देखिँदैन तर पनि कृष्णकान्त बाजेको अन्याय सहन नसकेर उसले त्यो घर र कृष्णकान्त बाजेलाई छोडेर आफूले रोजेको ,आफूले माया गरेको, आफ्नो उमेर सुहाउँदो हस्तमानसँग बिहे गरेकी छ । यस सम्बन्धमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु  सान्दर्भिक देखिन्छ :

> के भो र ? बाजे किन रुनु भएको ? उसले उत्तर दियो “के हुने हो र ? बाजे हिजोराति कथा लगाउने ठाउँमा पूजा गराउन जानुभएको अहिले फर्केर आउँदा घर रित्तै । भएभरिको गहनापात लिएर हिँडिछे, कस्ती आइमाई हो कुन्नि, यत्तिका खानलाउन , गरगहना पाउँदा पाउँदै पनि त्यो घर न द्वार भएको लुच्चो केटो हस्तमानसँग हिँडिछे, न जात मिल्ने, न भात मिल्ने कहाँ उपाध्ये बाहुनी, कहाँ मगर मतवाली जात ; बुद्धि हराएकी ।” कृष्णकान्त बाजे अझ आँसु झार्दै थिए । उनले त्यो आँसु कलावतीलाई माया गरेको स्वरुप झारेको हो अथवा अर्की एउटी कलावतीमा हुने खर्च सम्झेर हो उनै जानून् । उनलाई सम्झाउने र बुझाउनेहरूको कमी थिएन (पृ.२८) ।

माथिको साक्ष्यबाट कलावती कृष्णकान्त बाजेको प्रताडनाबाट प्रताडित भएको देखिन्छ । कृष्णकान्त बाजे कलावतीको बुबाको उमेरको सरहको छ । उनीहरूबीच बेमेल विवाह भएको छ । कृष्णकान्त बाजेले सधैं उसलाई शारीरिक, मानसिक पीडा दिइरहेको कारण उसले प्रभुत्वशाली वर्ग र उसको घरलाई त्यागेकी छे । कृष्णकान्त बाजेले कलावतीलाई सधैं हस्तमानसँग बोली भनेर कुट्थे । अन्ततः उसले आफूले मन पराएको केटो (हस्तमान)सँग बिहे गरेर कृष्णकान्त बाजेसँग प्रतिरोध गरेकी छ । कृष्णकान्त बाजेको अन्यायका विरुद्ध उसको घर छाडेर आफूले मन पराएको केटोसँग विवाह गरेको हुनाले उसमा प्रतिरोध चेतना रहेको पाउन सकिन्छ ।

### ३.३.२ ‘गहना’ कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

माया ठकुरीको कथासङ्ग्रह *नजुरेको जोडी* (२०३०) कथासङ्ग्रहमा सङ्गृहीत गहना कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना झिनो रहेको देखिन्छ । यस कथाका पात्रहरू हस्तेकी आमा प्याउली, कालेकी आमा गोफ्लीले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिले हेर्दा यस कथामा आएको सीमान्तीकृत पात्रमा मौनताको संस्कृति रहेको देखिन्छ । यस कथाका सीमान्तीकृत पात्रहरूले आफूमाथि भएको अन्यायको विरुद्धछ आवाज उठाउन सकेका छैनन् । मालिक्नीले कान्छी भनेर बोलाउँदा , आफ्नो नामले नबोलाउँदा वा साइनो लगाएर नबोलाउँदा उसलाई रिस उठेर गाली गरेकी छ तर फेरि हातमा आएको काम जाला भनेर खुम्चिएकी छे । यस सन्दर्भमा निम्निलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> गोफ्लीलाई देख्नासाथ “आज क्यों इतना देरी किया ?” भन्दै मालिक्नीले हातमा एक डुंगुर लुगा लिएर पानीको कलमुन्तिर राखिएको टबमा लुगा राखी । चुपचाप गोफ्ली जुठेल्नामा गएर त्यहाँ भएका भाँडा माझ्न थाल्छे । “मान्छे छन् चारजना भाँडा भने

भतेर खुवाएको झैं, भएन लुगा पनि कति दिनदिनै फेर्न परेको होला ।" "ए कान्छी ! जल्दी करो, कपडा भी धोना है" मालिक्नीको चर्को स्वर सुनिन्छ । गोफ्लीलाई झनक्क रिस उठेर आउँछ , "केको कान्छी, कान्छी, नाउँ काढेर बोलाउन सक्तैनस् राँडी !" भन्नलाई, तर बल्ल पाएको काम हातबाट जान डरले खुम्चिएर बस्छे (पृ.४७-४८) ।

आर्थिक आधारमा गरिने विभेदले मानवतालाई समेत पराजित गरेको समाजमा अपहेलित वर्गमा विवश जीवन बाँच्न लाचार बन्नेहरूका लागि न त बस्ने ठाउँ हुन्छ न त भागेर जाने ठाउँ नै कतै बाँकी रहन्छ । माथिको साक्ष्यको आधारमा सीमान्तीकृत पात्र गोफ्लीमा प्रतिरोध चेतना त छ तर गरिबीको कारण मुखमा आएको शब्द पनि काम खोसिएला कि भन्ने डरले चुपचाप सहन विवश छे । आफूलाई मालिक्नीले नाम काँडेर बोलाएको उसलाई पटक्कै मन पर्दैन तर पनि काम गर्न विवश छे ।

धन्धा भियाएपछि मालिक्नीले दश रुपियाँको एउटा र अरू २, १ को गरेर जम्मा १८ रुपियाँ उसका हातमा "महिनाको बेतन " भन्दै दिन्छे । गोफ्लीले "दुई रुपियाँ त कम्ती है त ?" "उस दिन काँचका गिलास तोडा ना उसका दाम दुई रुपियाँ काटा " भन्दै भित्र पस्छे । गोफ्ली अलमल्ल पर्छे, "त्यस दिन त गिलास उसको -मालिक्नीको) छोराले गोडा खेल्दै गर्दा भाँडा माझ्दै गरेकी गोफ्लीका छेउमा माझ्न भनी राखिएको गिलासमा लागेर ठोकिएर फुटेको थियो, फेरि त्यसको दाम काट्नु मैसँग तैपनि दुई रूपियाँ ... " (पृ.४७-४८) ।

मालिक्नीले पैसा काट्दा गोफ्ली मनमनै रिसले जल्छे र त्यस बेला चाहिँ दुई रूपियाँ कम हुँदा किन दुई रूपियाँ कमभनेर सोधेकी छ । मालिक्नीले गिलास फुटाएको कारण बताएकी छिन् । त्यो गिलास आफूले फुटाएको होइन तपाईंकै छोराले फुटाएको भनेर भन्न सक्दिन । गोफ्लीलाई सामन्ती समाज व्यवस्थामा हुने गरेका शोषण र अन्यायको विरुद्ध प्रतिरोध गर्न त मन छ तर बल्लबल्ल पाएको काम खोसिएलाकी भन्ने डरको कारण ऊ विवश र निरीह पात्रको रूपमा बाँच्न बाध्य देखिन्छ ।

### ३.३.३ 'अनरेडियम' कथामा प्रतिरोध चेतना

'अनरेडियम' कथामा नेपाली समाजमा विद्यमान आर्थिक कारणले उत्पन्न समस्या र त्यसैका कारण सीमान्तीकृत बन्न विवश पात्रलाई कथामा प्रस्तुत गरिनुका साथै सरकारी कार्यालयको व्यथितिलाई पनि उजागर गर्ने काम गरिएको छ । यस कथामा सीमान्त वर्गको आवाज र प्रतिरोध चेतना न्यून देखिन्छ । यस कथामा प्रमुख सीमान्त पात्रको रूपमा थापा बाबु

आएका छन् । उनी वर्गीय रूपमा सीमान्त पात्र हुन् । उनको आर्थिक अवस्था एकदमै नाजुक रहेको छ । मेहनती र इमानदार छन् । योग्यता, इमानदारीता र मेहनती हुँदाहुँदै पनि बढुवा नहुनु तर चाकडी गरेको भरमा चाहिँ योग्यता, इमानदारीता र मेहनती नहुँदानहुदै पनि बढुवा भएको जस्ता नेपाली समाजको यथार्थ बेथितिलाई देखाइएको छ । सीमान्त पात्र थापा बाबु साह्रै सोझो भएको दिइएको साक्ष्यले स्पष्ट पार्दछ :

> कसो थापा बाबु , के अनरेडियम पाउने आशा छ कि क्याम हो ?" परको कुनाबाट एक जना कर्मचारीले सोध्छ । थापा बाबूको लेख्दै गरेको हात अडिन्छ । उनले त्यो सोध्नेतिर हेरेर अनुहारमा उही शून्यताको भाव लिएर भन्छन् , "खै के भनूँ ! आशा मात्रै पो हुने हो कि ।" "होइन, तपाईंको नाम ता हाइली रिकोमेन्डेड भनेर लेख्लान् नि सुपरिटेन्डेन्टले हामी पो......।" भन्दै अनिरुद्र भण्डारी मुसुक्क हाँस्छ । अनिरुद्र भण्डारीको व्यङ्ग्य अरुले मात्र हैन थापा बाबूले पनि लक्ष्य गर्छन्, तर निमेष उनलाई त्यस व्यङ्ग्यको वाणले अलिकता पनि घोच्दैन बरु रतन शर्माले , "हाइली रिकोमेन्डेड थापा बाबुलाई नगरेर तिमीलाई पो गर्नु पर्ने थियो कि क्या हो !" भनेर जवाफ दिन्छ (पृ.५९-६०) ।

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र थापा बाबुमा प्रतिरोध चेतना नरहेको प्रस्ट हुन्छ । वर्गीय सामाजिक संरचनाका कारण थापा बाबू सीमान्तीकृत हुन पुगेको छ । आर्थिक अवस्था कमजोर छ । एउटा मामुली चप्रासीबाट आफैं परिश्रम गरी कमाएर पढी मेट्रिकमा उत्तीर्ण भई फेरि इन्टरमिडियटसम्म पढेर त्यसै कार्यालयमा किरानीको काम पाएका छन् । हुन त उमेरको हिसाबले उनी त्यति सारो बूढो नदेखिनु पर्ने तर अभाव र चिन्ताले उनलाई समयभन्दा अघि नै बूढो देखिने बनाएको छ । सारा व्यङ्ग्य सहँदै जीवनका हिसाबकिताब गर्दागर्दै अकाल मृत्युवरण गर्न पुगेका छन् । यसरी सीमान्त पात्रको प्रतिरोध चेतनाका दृष्टिबाट हेर्दा उसमा मौनताको संस्कृति रहेको पाइन्छ ।

### ३.३.४ 'आत्मसन्तुष्टि' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

माया ठकुरीको कथासङ्ग्रह *गमलाको फूल* वि.सं. २०३३ मा प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १५ वटा कथा समावेश भएका छन् । यस कथासङ्ग्रहमा समावेश कथाहरू मध्ये यस शोधको विश्लेषणका लागि जम्मा तीनवटा कथाहरूलाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा प्रस्तुत भएका सीमान्त पात्रहरूको आवाज र प्रतिरोध चेतनाको प्रस्तुति के कसरी भएको छ त्यसको अध्ययन गरिएको छ ।

माया ठकुरीको *गमलाको फूल* कथासङ्ग्रहमा सङ्गृहति 'आत्मसन्तुष्टि' कथा शहरी परिवेश बनाइ त्यस क्षेत्रको जनजीवनलाई प्रतिनिधित्व गरेर लेखिएको कथा हो । यस कथामा सानी र उसको लोग्नेले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । वर्गीय विभेद विद्यमाान रहेको समाजमा आर्थिक अवस्था कमजोर भएका विपन्न समुदायका व्यक्तिहरू कसरी कष्टकर र दयनीय जीवन बाँच्न बाध्य हुन्छन् भन्ने कुरालाई प्रस्तुत कथामा देखाइएको छ, यस कथाका पात्रहरूको आर्थिक अवस्था कमजोर भएको कारण अरूको घरमा बसेर काम गरेको देखिन्छ । यस कथाकी सीमान्तीकृत पात्र सानी र उसको लोग्ने अरूको घरमा काम गर्न बसेको छ । मनेको बुबा पनि यही मालिकको घरमा काम गर्न बसेको देखिन्छ । यसबाट स्पष्ट हुन्छ कि उनीहरूको आर्थिक अवस्था एकदमै कमजोर भएको र आफ्नो नाममा केही पनि जग्गा, जमिन नभएको जग्गा, जमिन र आफ्नो घर नहुनुमा उनीहरूले आफ्नो श्रमको मूल्य नलिएकाले हो । मनेले आफूलाई मालिकले बस्न र खान दिएको आधारमा आफ्नो सारा श्रम खर्चिएको छ । बिना सर्त सारा श्रम खर्चिनु पर्दा ऊसँग आफ्नो नामको सम्पत्ति केही छैन त्यसैकारण ऊ सीमान्तीकृत भएर बाँच्न विवश छ । यसै क्रममा उसले बिहे गरेर सानीलाई ल्याएको छ ।

वर्गीय समाजमा कमजोरहरूको आँसु शक्तिशालीहरूका लागि हाँसोको चहकिलो मसला बन्छ । कमजोर वर्गको आँसुको मात्रा जति धेरै बग्छ उच्च वर्गको हाँसोमा त्यत्ति नै तिखरता आउँछ । यस कथामा सानी र मने सीमान्तीकृत पात्र हुन् । एक दिन सानी घरमा एक्लै हुन्छे । उसले मालिक्नीका कपडाहरू हेर्छे । उसले यत्तिका धेरै कपडा कहिल्यै देखेकी हुँदिन । उसलाई ती कपडाहरू लगाउँदा कस्ती देखिन्छु भन्ने जिज्ञासा लाग्छ । तिनी घरमा यति छिटो कोही नआउने अनुमान लगाएपछि ऊ ती कपडा लगाउने निधो गर्छे र एउटा कपडा निकालेर लगाउँछे । ऐनामा हेरेर मक्ख पर्छे । ऊ रमाइरहेको बेला उसको मालिक आइपुग्छ र ऊमाथि नराम्रो व्यवहार गर्छ । मालिकका क्रियाकलापका विरुद्ध आफूले सक्नेजति आवाज उठाएको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> तँलाई योभन्दा पनि राम्रो थुप्रै थुप्रै...., सानीको छटपटिँदै गरेको शरीरलाई मुसार्दै भन्द, "आह ! तँ कति राम्री छस् ! " अनि ऊ सानीको अनुहारतिर आफ्नो अनुहार बढाउछ । रिस र अनुतापमा मर्माहत भएकी सानी मालिकको नगिचै आइसकेको अनुहारमा थुकेर भन्छे, "चाहिँदैन तेरो कात्रो मलाई, बजिया, पापिष्ठ !" सानी फेरि त्यस पशुको पञ्जामा पर्छे र एकपल्ट त घरै उचाल्ने गरी चिच्याउँछे । तर उसको त्यो चिच्च्याहट त्यो ठूलो घरका बलिया भित्तामा ठोकिएर बिलाउँछ बाहिरिन सक्तैन । अन्त्यमा ओछ्यानमा मालिकको बन्धनमा छटपटाइरहेकी सानीले रोएर हात जोरी दयाको भीख

> मारछे । तर त्यस पाषाणको मन त्यस निरीह नारीको रोदनले लेस मात्र पनि पगाल्न सक्तैन (पृ.२१) ।

वर्गीय समाजमा उच्च वर्गले निम्नवर्गको ज्यादै संवेदनशील अवस्थाको उपयोग गरी त्यसलाई आफ्नो उपभोगय वस्तुको साधन बनाएर निम्नवर्गको जीवनमाथि नै खेलवाड गर्छ । माथिको साक्ष्यको आधारमा सीमान्तीकृत पात्र सानीमा प्रतिरोध चेतना देखिएको छ । मालिकले आफ्नो अस्मिता लुट्नलाई विभिन्न किसिमका प्रलोभनहरू देखाएका छन् । त्यसको खुलेरै विरोध गरेकी छिन् । आफूमाथि भएको अत्याचारलाई चुपचाप सहेकी छैन । राम्रो लगाउने र मीठो खाने लोभमा आफ्नो अस्मितालाई दाउमा राखेकी छैनन् । समाजमा उच्चवर्गका मानिसहरू निम्नवर्गलाई आफ्नो अधिनमा राख्न चाहन्छन् । सधैं उच्च वर्गकै अह्रनखटन मान्नु र उच्च वर्गकै सेवामा सधैं समर्पित हुनु नै निम्न वर्गको परम कर्तव्य बन्न पुग्दछ । यति मात्र नभएर निम्नवर्गका कुनै पनि राम्रा कुरा देख्ने बित्तिकै आँखा लगाइहाल्छन् । यस कथामा पनि मालिकले साथीको जवानी देखेर र्‍याल काँढेका छन् । एकान्त मौका पाउने बित्तिकै उसलाई लुछ्न झम्टिएका छन् । राम्रा राम्रा कपडाको प्रलोभन देखाएका छन् । उसको रूपको, जवानीको तारिफ गरेर फुल्याउने प्रयत्न गरेका छन् । रिस र अनुतापले मर्माहत भएकी सानीले "चाहिँदैन तेरो कात्रो मलाई, बजिया पापिष्ठ !" भनी त्यसको प्रभुत्वशाली वर्गकै अगाडि प्रतिवाद गरेकी छे । यसरी हेर्दा उसमा प्रतिरोध चेतना रहेको देखिन्छ ।

समाजद्वारा निर्मित परिस्थितिकै आढमा उच्च वर्गले निम्न वर्गलाई सीमान्तीकृत गर्छ । सानीको रूप। रङ र जवानीमा रेयाल चुहाइ रहेका मापलकले एकान्तको मौका छोपेर सानीको इज्जतमाथि अथवा भनौ शरीरमाथि जुन किसिमको हिंसा भएको छ त्यो हिंसाबाट उन्मुक्ति दिन उसको लोग्ने मनेले समेत प्रतिकार गरेको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> हठात् मालिकको घिच्रोको घरघराहटको शब दले उसका आँखा खुल्दछन् र ती आँसुले भरिएका काँतर आँखाका अघि मात्र दुई वस्तु नाच्दछन् एउटा मालिकका बाहिर निस्कन थालेझैं राता आँखा भएको छटपटिरहेको घिच्रो र दोस्रो उसका पतिका दुई बलिष्ठ पन्जा जो क्रमश : मालिकको घिच्रोमा कसिँदै गएका हुन्छन् अनि ती कसिँदै गएका पन्जामा सानीले अपार आत्मसन्तुष्टि अनुभव गर्छे (पृ.२२) ।

माथिको साक्ष्य अनुसार माथिकै घरमा नोकर भएर बुबाको दर्जा दिएर बसेको भए पनि उसमा प्रभुत्वशाली वर्गले आफूमाथि गरेको अत्याचारको विरुद्धमा कदम चाल्नु पर्छ भन्ने

चेतनाको विकास भएको देखिन्छ । सोही चेतनाले गर्दा उसले सामन्तवादी विचार भएका प्रभुत्वशाली वर्गको अत्याचारपूर्ण कार्यको प्रतिवाद गरेको छ । आफ्नी श्रीमतीमाथि भएको अत्याचारको खुलेरै प्रतिवाद गरेको छ । चुपचाप सहेर बसेको छैन । यसरी हेर्दा सानी र मने दुवैमा सामन्तवादी शक्तिकेन्द्रले निमुखा गरिबमाथि गर्ने गरेको शोषण र अन्यायको विरुद्ध प्रतिकार गर्नुपर्छ भन्ने चेतनाको विकास भएको पाइन्छ । उनीहरूले सामन्ती समाज व्यवस्थामा हुने गरेका अन्याय, अत्याचार र शोषणका विरुद्ध प्रतिकार गरेका छन् ।

### ३.३.५ 'बहादुर' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'बहादुर' कथा माया ठकुरीको *गमलाको फूल* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । नेपाली परिवेशलाई कथाको आधारभूमि बनाएर लेखिएको यस कथामा बहादुर, वसन्तीले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । सीमान्त समुदायको प्रतिरोध चेतनाको दृष्टिले हेर्दा यस कथामा आएका सीमान्तीकृत पात्रमा प्रतिरोध चेतना उत्साहजनक अवस्थामा छैन । वीरे बाहेकका कुनै पनि सीमान्तीकृत पात्रमा प्रत्यक्ष देखिने गरी प्रतिरोध चेतना जागृत भएको छैन । मञ्चीय रूपमा आएकी वसन्तीमा प्रतिरोध चेतना पाइँदैन । आफू अन्यायमा परेकी छु भन्ने चेतनासम्म पाइँदैन । यो अन्याय र अत्याचारको बारेमा उसले मनले खाएको बहादुरसँग बताउने गरेकी छ । सामन्त समाजको प्रभुत्वशाली मानिने उसको जेठाजु , उसको यौवनप्रति आशक्त भएको छ । मौका मिल्नासाथ ऊ वसन्तीलाई उपभोग गर्न चाहन्छ । जुन कुरा उसले वीरेलाई भनेकी छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> वीरेले वसन्तीबाटै थाहा पाएको थियो कि पतिको अनुहारसम्म पनि नचिनेकी वसन्ती विधवा भएपछि उसका सासूससुरा र जेठाजुद्वारा घर ल्याइएर कमारीझैं काममा जोताइएको कुरो । पतिको देहान्तपछि दश वर्षसम्म त्यस घरको सेवा गरिरहँ दा पनि वसन्तीलाई दिनरात घरका मानिसहरूको कचकच सुनिरहनु परेको कुरो र जेठाजुको वसन्तीप्रति नराम्रा आँखा रहेको कुरो पनि उसले वीरेलाई भनेकी थिई । एक दिन वसन्तीले हुँक्क हुँक्क गर्दै वीरेलाई भनेकी थिई, "मलाई छिटै नै आफुसँग कतै लग्नुहोस्, नत्र मलाई त्यस पापीबाट आफैंलाई जोगाउन धौ धौ परेको छ" (पृ.३०) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ वसन्ती लैङ्गिक सीमान्तीयतामा परेकी छ । ऊ सीमान्तीकृत पात्र हो । नौ वर्षकै उमेरमा विधवा भएकी छे । पतिको अनुहारसम्म नदेखेकी वसन्ती पतिको मृत्यु पश्चात सासूससुरा र जेठाजुले घरमा ल्याएर काममा पेलाएका छन् । दश वर्षसम्म उनी त्यस घरमा नोकरझैं काम गरीरहेकी छिन् र पनि कुनै दिन जस पाएकी छैनन् ।

सधैं कचकच सुन्नु परेको छ । बुहार्तन खेप्न परेको छ तर प्रतिकार गर्न सकेकी छैन । जेठाजुको गिद्धे नजरबाट बचाउन र बुहार्तनको पीडा खप्न नसकेर आत्महत्या गर्न पुगेकी छिन् । ती सारा कुराको सामना गरेर प्रतिकार गरी आफूलाई दह्रो साबित गर्न सकेकी छैन । उनले सहमति वा सम्झौताबाटै प्रभुत्वशाली वर्गको संस्कृतिलाई आत्मसात गरेकी छिन् । सीमान्तीकृत वर्गका व्यक्तिहरू समाजमा हेपिएर, तिरस्कृत भएर बाँच्न बाध्य हुन्छन् । आफ्नो बारेमा अरूले थाहा पाए अझ बढी तिरस्कृत भएर बाँच्नु पर्ने डरले वसन्ती सारा पीडा चुपचाप सहन बाध्य भएकी छिन् । आफूमाथि भएको अन्याय, अत्याचार र यौनहिंसाको विषयलाई लिएर आवाज उठाउन सकेकी छैन ।

यहाँ सीमान्तीकृत पात्र वसन्ती आफूमाथि भएको अन्याय, यौनशोषण  र आफ्नो अस्तित्व रक्षाका निम्ति प्रतिरोध चेतना भएपनि सामन्तीवादी समाज व्यवस्थाका कारण निरीह भइ आत्महत्या गर्न विवश भएकी छिन् ।

बहादुर कथाको अर्को सीमान्त पात्र वीरे हो । उसको आर्थिक अवस्था एकदमै कमजोर छ । ऊ वसन्तीलाई अति नै प्रेम गर्छ । अरूको नजरमा वसन्ती जेजस्ती भए पनि वीरेको नजरमा वसन्ती पवित्र र निर्दोष छे । ऊ वसन्तीलाई आफ्नो बनाउन चाहन्छ , समाजबाट कतै टाढा भगाएर आफ्नो छुट्टै संसार बसाउन चाहन्छ तर खर्च अभावले गर्दा उसले त्यस्तो गर्न सकेको छैन । वसन्तीलाई त्यो जञ्जिरबाट मुक्त पार्न सकेको छैन । अर्थ अभावले गर्दा, गरिबीले गर्दा ऊ समाजमा किनारीकृत भएर बाँच्नु परेको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> पख, पख अलि दिन , बाटाखर्चसम्म जुटाएँ भने म तुरुन्तै तिमीलाई त्यस नरकबाट झिकेर टाढा लगी अन्तै कतै गएर बसौंला," भन्दै वीरेले हताश भएकी वसन्तीलाई आश्वासन दिएको थियो (पृ.३०) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ वरि एउटा वर्गीय सीमान्तीकृत पात्र हो भन्ने कुरा । आर्थिक अभावकै कारण वीरेले आफूले माया गरेकी वसन्तीलाई गुमाउनु परेको छ । यदि ऊसँग प्रशस्त पैसा भैदिएको भए ऊ वसन्तीलाई त्यो नरकबाट निकाल्थ्यो । वसन्तीले आत्महत्या गर्नु पर्दैन थियो । उनीहरूको जीवन खुशी आनन्दित हुने थियो ।

वर्गीय समाजको स्थापित संरचनाले उपेक्षित वर्गका आधारहरू समाप्त गर्दै लगेर ज्यादै पीडादायक परिस्थितिको निर्माण गर्छ । वीरेले पनि यस कथामा आफूले माया गरेको व्यक्तिलाई गुमाउनु परेको छ । वसन्तीले आत्महत्या गर्नुको पछाडिको मू ल कारण उसलाई थाहा छ ।

वसन्तीको आत्महत्या पछाडिको मूख्य कारण उसको घरपरिवारको अत्याचार र जेठाजुको यौन हिंसा नै थियो र पनि उसको जेठाजुले वसन्तीमाथि निराधार आरोप लगाइ राख्दा उसलाई असह्य हुन्छ । उसमा प्रभुत्वशाली वर्गले गरेको अन्यायको विरुद्धमा आवाज उठाउनु पर्छ भन्ने लाग्छ । सोही अनुरुप उसले सामन्तवादी विचार भएका प्रभुत्वशाली वर्गको अन्यायपूर्ण कार्यको प्रतिवाद गरेको छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> म तेरो रगत पिएर छाड्छु, "वीरे एक्कासि त्यो मानिसको छेउमा पुग्छ जो वसन्तीको चरित्रप्रति दोष  देखाउँदै त्यहाँ भएका मानिसहरूसँग भन्दै थियो, "लोग्नेलाई उहिल्यै खाइहाली क्यारे अन्त अहिले चाहिँ बैँसले मात्तिएर कसको हो कसको पेट...।" वीरेको लात भुँडीमा पर्नासाथ "ऐया !" भन्दै ऊ भुइँमा पछारिन पुग्छ । त्यो वसन्तीको जेठाजु थियो । भीडमा हल्लाखल्ला मच्चिन्छ । फेरि जुध्न तम्सेको वीरेलाई अघि बढ्न दिन्नन् । त्यसपछि वीरेले चाहेर पनि केही गर्न सक्तैन । कारण ऊ गाउँको एउटा गरिब युवक, त्यो धनी साहूका अघि उसको केही सीप चल्दैन (पृ.३०-३१) ।

वीरेमा प्रभुत्वशाली वर्गले आफूमाथि वा आफूले माया गरेकी वसन्तीमाथि गरेको अन्याय र झूटो आक्षेपको विरुद्धमा कदम चलाएको छ । सामन्तवादी विचार भएका प्रभुत्वशाली वर्गको अन्याय र अत्याचारपूर्ण कार्यको प्रतिवाद गरेको छ । परिधीय संस्कृतिमा रहेको सीमान्तीकृत पात्रले उठाएको आवाजलाई केन्द्रले सुन्न चाहेको छैन । कथामा सीमान्तीकृत पात्र वीरेको आवाजलाई शक्तिकेन्द्रले सुन्न चाहेको छैन । भीडहरूले उसलाई रोकेको छ । केही गर्न नदिएर अन्यायलाई बढावा दिएको छ । उसलाई बोल्न नदिएर उसको आवाजलाई दबाइएको छ र पनि ऊ चुपचाप बसेको छैन , उसले अन्यायको प्रतिवाद गरेको छ ।

सीमान्तीकृत पात्र वीरेले प्रभुत्वशाली वर्गले आफूमाथि गरेको अन्याय चुपचाप सहेर बसेको छैन । उसले आफूमाथि भएको अन्यायको विरुद्ध आवाज उठाएको छ । वसन्तीको जेठाजुले वसन्तीमाथि यौनहिंसा गरेर मर्न बाध्य पारेको छ । यसको विरुद्धमा उसले प्रतिवाद गरेको छ । उसमा सामन्ती समाज व्यवस्थामा हुने गरेका शोषण र अन्यायको विरुद्ध प्रतिरोध चेतना देखिए पनि त्यो चेतनालाई सामन्तवादी समाज व्यवस्थाका प्रभुत्वशाली वर्गले सुन्न चाहेको छैन अथवा उसको आवाज प्रभुत्वशाली वर्गसम्म पुगेको छैन जसले गर्दा ऊ विवश, निरीह र कमजोर पात्रको रूपमा बाँच्न  बाध्य देखिन्छ ।

### ३.३.६ 'साने' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

माया ठकुरीको *गमलाको फूल* कथासङ्ग्रहमा सङ्गृहीत साने कथा शहरिया परिवेशलाई आधार बनाएर त्यस क्षेत्रको जनजीवनलाई प्रतिनिधित्व हुने गरी लेखिएको कथा हो । पात्रहरू साने र उसकी आमाले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिले  हेर्दा यस कथामा आएका सीमान्तीकृत पात्रमा सामान्य प्रतिरोध रहेको देखिन्छ । यस कथामा भएका सबै सीमान्तीकृत पात्रहरूले आफूमाथि भएको अन्याय र अत्याचारको विषयलाई लिएर आवाज उठाउन सकेका छैनन् । साने र उसकी आमा वर्गीय रूपमा सीमान्तीकृत अवस्थामा रहेका छन् । उसकी आमा अरूको घरमा काम गर्न जान्छिन् सँगै साने पनि आमासँग जान्छ । सानेकी आमाले काम गर्ने घरमा मालिक्नीको सानो छोरो पनि जाडो विदामा घर आएको हुन्छ । साने आठ वर्षको छ उसलाई मालिक्नीको घर एउटा रहस्यमय बाकसझैं लाग्छ, जसलाई खोलेर ऊ त्यहाँको प्रत्येक वस्तु हेरेर आफ्नो कुतूहल मेटाउन चाहन्छ तर उसलाई घरभित्र पस्न मनाही भएकोले कहिलेकाही बाहिर झ्यालबाट चियाएर हेर्छ । यसरी चियाएर हेर्दा उसले कोठामा धेरै राम्रा राम्रा खेलौना हात्ती, घोडा, मोटर, गाडी, हवाईजहाजदेख्छ । सानो तीनचक्के साइकल पनि देख्छ । उसलाई त्यो साइकल चलाउन रहर लाग्छ तर उसको लागि यो आकाशको फल आँखातरी मर झैं हुन्छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> त्यस राति उसले आमासित हात नचाइनचाइ ती खेलौनाह स्वरमा, "आमा ! मलाई पनि त्यस्तै तीन चक्के साइकल किनिदेऊ न ।" भनेको थियो । उत्तरमा उसकी आमाले छोरालाई काखमा राखेर मुसार्दै आर्द्र स्वरमा "मजस्तीको कोखबाट जन्म लिएर ती सब कहाँ पाउँछस् बा, ती पाउनलाई ता ठूलाबडाका घरमा जन्म लिनुपर्छ बा" भनेकी थिई । सानेको कलिलो मगजले आमाको कुरामा लुकेको गूढ अर्थ केलाउन सकेन र सहज रूपले ऊ फेरि प्रश्न गर्छ, "आमा ! मालिक्नी कहाँ त बच्चा छैन त, फेरि ती खेलौना के गर्छिन् ?" (पृ.५६) ।

यहाँ साने र उसकी आमाको आार्थिक अवस्था एकदमै कमजोर देखिन्छ । साने मालिक्नीको घरमा भएको खेलौना देखेर लोभिन्छ । तर उसकी आमामा उसलाई ती कुराहरू किनेर दिने सामार्थ्य छैन । वर्गीय दृष्टिमा सीमान्तीकृत भएको कारण छोरा समक्ष लाचारी प्रकट गर्छे । वर्गविभेदको संस्कार स्थापित भएको समाजमा मानिसलाई बाल्यकालबाटै सीमान्तीकरण गर्ने वातावरणको निर्माण गरिन्छ । गरिब परिवारमा जन्मेको साने आफू सरहकाले डर देखाउँदा, तर्साउँदा पनि डराउने, तर्सिने गरेको छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

ए केटा ! तँ किन यहाँ बसेको हँ ? फूल चोर्न ? उङनउङ्न लागेको सानेको कानमा कसैको मसिनो तर चर्को स्वर पर्छ र ऊ मुन्टो उचालेर हेर्छ । आमालाई पर्खेको," ऊ बन्दुकतिर हेरेर कमलो स्वरमा उत्तर दिन्छ । फूल चोरिस् भने यो यसरी गोली हानेर मार्छु बुझिस् ? ऊ नभन्दै बन्दुक सानेतिर ताक्छ र साने तर्सेर उठेको देखेर ऊ खितितिति हाँस्दै, "डरायो....मेरो बन्दुक देखेर डरायो" भन्छ (पृ.५७) ।

यहाँ साने प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिलाई मौन रूपमा स्वीकार गरेको देखिन्छ । फूल चोरिस् भने गोली हानेर मार्छुभन्दा साने डरले तर्सेर उठेको छ, केही बोल्न सकेको छैन । आफूलाई बन्दुक ताक्दा पनि केही प्रतिकार गर्न सकेको छैन । यसरी हेर्दा साने सानै भएको कारण प्रतिरोध गर्न नसकेको देखिन्छ ।

वर्गीय समाजमा वर्ग स्वार्थको विपरीतधर्मी सम्बन्ध रहने हुनाले दुवै वर्ग एक आपसमा विकर्षित हुन्छन् । उच्च वर्ग घृणा र दम्भका कारण निम्न वर्गको सामीप्यता अस्वीकार गर्छ । विभिन्न किसिमका झुटा आक्षेप पनि लगाउँछन् । आफ्नो कमजोरीको वा गल्तीको स्वीकार गर्न सक्दैन । आफ्नो गल्ती पनि अरूमाथि नै थुपार्छन् । यस सन्दर्भलाई तल दिइएको साक्ष्यले स्पष्ट पार्दछ :

ए केटा तेरो नाउँ क्या हो ?" ज्ञानुले आदेशपूर्ण स्वरमा प्रश्न गर्छ । "साने ।" साने क्षीण स्वरमा उत्तर दिन्छ । "तँलाई बन्दुक चलाउन आउँछ ? लौ चला त ।" ज्ञानुले बन्दुक उसलाई दिँदै भन्छ । "उहुँ मलाई आउँदैन" । धत् ! कस्तो, केटो भएर पनि बन्दुक चलाउन आउँदैन भन्छ । "उसो भए आइज त हामी लुकामारी खेलौँ " भन्छ । "यसले मलाई लखेटेर लडायो," भनेको सुन्नासाथ साने डरले नीलो भएर काँतर स्वरमा "दगुर्दा..." सानेको कुरा पूरा नहुँदै उसका कलिला गालामा डाम बस्ने गरेर मालिक्नीले दुई तीन थप्पड लाउँछिन् र "कुजात ! बड जसको मानु खानु उसैलाई मुख छोड्दो रेछ," भनेर रूँदै गरेको छोरालाई उचालेर भित्र लान्छिन् (पृ.५७-५८) ।

प्रस्तुत साक्ष्यबाट साने वर्गीय सीमान्तीकृत बन्न पुगेको कुरा प्रष्ट भएको छ । सानेको बुबा छैन । ऊ एक्ली आमाबाट लालनपालन गरिएको छ । आर्थिक अवस्था कमजोर भएकै कारण उसकी आमा अर्काको घरमा भाँडा माझ्न गएकी छिन् । प्रभुत्वशाली वर्गले सानेमाथि अन्याय गरेको छ । ऊ सानै छ । डटेर ठूलाको प्रतिकार गर्ने उमेरको भएको छैन । ऊभित्र एक किसिमको डर पैदा भएको छ । ऊमाथि झूटो आक्षेप लगाइएको छ । झूटो आरोप मात्र होइन कुटाइ समेत खानु परेको छ । आपफूमाथि लगाइएको झूटो आरोपको खण्डन गर्दा प्रभुत्वशाली वर्गले भौतिक

आक्रमण गरेको छ साथै तथानाम गालीगलौज समेत सुन्नु परेको छ । ती सारा कुरा सानेले विवश भएर सुन्नु परेको छ, सहनु परेको छ । उच्च वर्गका घृण र दम्भका कारण ऊ सीमान्तीकृत हुन पुगेको छ । आफू सानै भए पनि सानेमा प्रतिरोध चेतनाको भने विकास भएको पाइन्छ ।

यस कथाको अर्की सीमान्तीकृत पात्र सानेकी आमा पनि हो । ऊ पनि एएटा वर्गीय सीमान्तीकृत पात्र हो । उसमा प्रतिरोध चेतनाको दृष्टिले हेर्दा मौनताको संस्कृति रहेको पाइन्छ । प्रभुत्वशाली वर्गले जतिसुकै अन्याय, अत्याचार गरे पनि उसले चुपचाप सहेको छ । त्यसको कुनै प्रतिरोध गरेकी छैन । प्रभुत्वशाली वर्गसँग र उसले गरेको अन्याय र अत्याचारसँग रिस उठेको छ तर त्यो रिस त्यो प्रतिरोध उसले प्रभुत्वशाली वर्गमा नभएर आफ्नै छोरामाथि पाखेकी छ । यस कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> एकछिन पछि सानेकी आमा पनि भित्रैदेखि केके फलाक्दै आउँछे र सुँक्कसुँक्क गर्दै रूँदै बसेको छोरालाई पटापट हिर्काउँदै, “लौ मर् साहू ! मलाई यसले गर्दा केही पनि गरेर खान दिएन ! यस्तो विधि बिठ्याइँ गरेर मलाई दुनियाँको वचन सुन्नुभन्दा त, बरु बाउसँग मरिदिएको भए मलाई एक शोक एक भोग हुने थियो,” भन्दै फलाक्न थाल्छे (पृ.५८) ।

प्रस्तुत साक्ष्यबाट सानेकी आमा लैङ्गिक रूपमा सीमान्तीकृत बन्न पुगेको स्पष्ट हुन्छ । उनी एकल महिला हुन् । उनले आफूमाथि भएको अन्याय, अत्याचारको विरुद्धमा आवाज उठाएकी छैन । सीमान्तीकृत वर्गका व्यक्तिहरू समाजमा हेपिएर, तिरस्कृत भएर बाँच्नु पर्ने डरले र पाएको काम पनि जाला कि भन्ने डरले गर्दा चुपचाप सहन उचित ठान्छे । यसरी प्रस्तुत कथामा सीमान्तीकृत पात्रहरूमा साने बाहेक उसकी आमामा प्रतिरोध चेतना शून्य देखिन्छ । सानेमा प्रतिरोधचेतना भए पनि सानै भएका कारण चुपचाप सहेको छ ।

### ३.३.७ ‘साहेव’ कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

माया ठकुरीको कथासङ्ग्रह *साँघु तरेपछि* वि.सं. २०३९ मा प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा २२ वटा कथा समावेश भएका छन् । यस कथासङ्ग्रहमा समावेश कथाहरू मध्ये यस शोधको विश्लेषणका लागि जम्मा तीनवटा कथाहरूलाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा प्रस्तुत भएका सीमान्त पात्रहरूको आवाज र प्रतिरोध चेतनाको प्रस्तुति के कसरी भएको छ त्यसको अध्ययन गरिएको छ ।

'साहेव' कथा सहरिया तथा ग्रामीण परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । यस कथामा आएका इन्द्रे, चमेलीले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् भने पाण्डे साहेब, मेमसाहेब र उसको छोरो मदनले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका हुन्छन् । सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिबाट यो कथा उत्साहजनक अवस्थामा छैन । यस कथामा कुनै पनि पात्रमा देखिने गरी प्रतिरोध चेतना जागृत भएको छैन । कथाकार माया ठकुरीले प्रस्तुत कथामा चमेलीको माध्यमबाट समाजमा रहेका सम्पन्न र शोषकवर्गले आफ्नो हैकम, दमन र शोषण समाजका विपन्न वर्गमा कसरी चलाउँछन्, सामन्तवादी सोच भएका प्रभुत्वशाली वर्गको अन्याय र अत्याचारबाट कसरी खाने र बाँच्ने भन्ने कुरा देखाएका छन् । प्रस्तुत कथाकी सीमान्त पात्र चमेलीमा प्रतिरोध चेतना शून्य देखिन्छ । लैङ्गिक रूपमा शोषणमा परेकी छे । सोह्र वर्षकी चमेली आफूमाथि प्रभुत्वशाली वर्गले गरेको यौन शोषणको विरुद्ध प्रतिरोध गरेकी छैन । उनलाई उनका मालिक र मालिकको छोराले यौन शोषणबाट गर्भवती समेत भएकी छे । गर्भवती भएर पनि उसले प्रभुत्वशाली वर्गका विरुद्धमा कुनै प्रतिरोध गर्न सकेकी छैन । यस सन्दर्भलाई कथामा निम्नानुसार व्यक्त गरिएको छ :

> त्यस घरमा अर्की एउटी घरधन्दा गर्ने सोह्र वर्षे केटी चमेली । प्रायः बाह्र बजेतिर साथीहरूसित हल्लिँदै आवाज गर्दै मदन आउँछ र उसका साथीहरूले जसोतसो उसलाई ओछ्यानमा पल्टाइदिएर गएका मात्र के थिए, हुल्लहुल्ल बान्ता गर्न थाल्छ । उसले आफ्नो मरन्च्याँसे जीउ तनक्कतनक्क तन्काउँदै र फलाक्दै बान्ता सोहोर्न लागेकी चमेलीलाई आफूतिर तानेको हुन्छ, चमेलीचाहिँ आफूतिर त्यसरी तानेको देखेर, मदनको टाउको पक्रेर बसेको इन्द्रेतिर हेरेर किलकिल हाँसेकी हुन्छे । इन्द्रेको कन्चट रन्किएर आएको हुन्छ । अनि एक्कासि ऊ "बाहिर मर् राँडी" भनेर कराएको हुन्छ । त्यसो त छोराले मात्र होइन, पाण्डेसाहेबले पनि त्यसरी नै धेरैपल्ट मात्तिएर आएर श्रीमतीकै अगाडि चमेलीलाई तानेका हुन्छन् र प्रत्येकपल्ट इन्द्रेलाई चमेलीमाथि नै रिस उठेर आउँछ (पृ.१०) ।

विभेदकारी सामन्तीसत्ता वा राज्यसत्ताका विरुद्ध जागरूक भएर आफ्नो हक, अधिकारका लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । माथिको साक्ष्यबाट चमेली एउटा सीमान्तीकृत पात्र हो । ऊ काम गर्ने घरको मालिक र मालिकको छोराबाट यौन शोषणमा परेकी छ र पनि उसले कुनै प्रतिरोध गरेकी छैन । यसबाट स्पष्ट हुन्छ चमेलीमा प्रतिरोध चेतना शून्य रहेको कुरा । आफ्नै मालिक र मालिकको छोराको यौन दुराचारबाट ऊ भर्गवती भएकी छ र पनि चुपचाप सहेकी छ । उसमा आफूलाई बलात्कार गर्ने मालिक र

मालिकको छोरा विरुद्ध प्रतिरोधको सिथिति रहेको देखिँदैन । ऊ चुपचाप सहनुलाई उचित ठान्छे । यसरी प्रस्तुत कथामा सीमान्तीकृत पात्र चमेलीमा प्रतिरोध चेतना शून्य देखिन्छ ।

कथाको अर्को सीमान्तीकृत पात्र इन्द्रे हो । ऊ वर्गीय सीमान्तीकृत पात्र हो । आर्थिक अवस्था कमजोर भएकै कारण कष्टकरण र दयनीय जीवन बाँच्न बाध्य छन् । उसमा प्रतिरोध चेतनाको विकास भएको पाइँदैन । उसमा आफूमाथि भएको अन्याय र अत्याचारको विरुद्धमा बोल्नु पर्छ भन्ने चेतनाको विकास भैसकेको पाइँदैन । उसमा पनि मौनताको संस्कृति रहेको छ । इन्द्रेको आर्थिक अवस्था एकदमै कमजोर भएको कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> एक दिनको घटना..घरमा साह्रै गनायो भनेर साहेबले सारा घरको सामान ओल्टाईपल्टाई हेर्न लाए । अन्तमा गन्ध त घरमा काम गर्ने केटो इन्द्रेको सुत्ने कोठाबाट आएको हो भन्ने ठम्याएर हेर्न लाउँदा कन्तुरको कुनामा गुन्द्रुक एक मुठी थाङ्नोमा बाँधेर राखेको भेटेछन् र त्यो गुन्द्रुक थाङनोसमेत फ्याँक्न लाएछन् । बिचरा इन्द्रे घर जाँदा आफूले खान भनी ल्याएको गुन्द्रुक त्यही पनि...। इन्द्रेले दिनहुँजसो त्यस घरमा माछामासु पकाउनु परे तापनि उसले भने उही नुनखुर्सानीको भरमा उसिना चामलको भात निल्नु पर्छ । कारण अरूलाई प्रायः डिनर पार्टीमा विभिन्न प्रकारको पक्वान खुवाएर ठाँट देखाउन खोज्ने साहेबको घरमा नोकरलाई चाहिँ एक डाडु दाल दिन पनि केके न गरेको झैं ठान्दछन् (पृ.९) ।

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र इन्द्रेमा प्रतिरोध चेतना शून्य रहेको प्रस्ट हुन्छ । वर्गीय सामाजिक संरचनाका कारण इन्द्रे सीमान्तीकृत हुन पुगेको छ । ऊ अरूको घरमा काम गरेर जीवन निर्वाह गरिरहेको छ । बाटोमा खान भनेर राखीरहेको गुन्द्रुकको पोको मालिकले फाल्न लगाएको छ र पनि इन्द्रेले केही बोल्न सकेको छैन । उसले चुपचाप त्यो कुरालाई सहेको छ । त्यति मात्र होइन उसले दैनिकजसो घरमा माछामासु पकाउनु परे पनि उसले भने सधैं खाने बेलामा उसिना चामलको भात त्यो पनि दाल, तरकारीसँग होइन, नुनखुर्सानीसँग खानु परेको छ । त्यति धेरै अत्याचार हुँदा पनि उसले त्यसको विरुद्धमा प्रतिरोध गर्न सकेको छैन । त्यति मात्र होइन मालिक्नीले उसलाई मालिक र उसको छोराको गल्तीको फल भोग भन्दा पनि उसले चुपचाप स्वीकार गरेको छ । यस सन्दर्भलाई निम्न साक्ष्यले पुष्टि गर्छ :

> ए इन्द्रे यता आइज त बाबू ! मेमसाहेबले आफूलाई बाबू भनेर सम्बोधन गरेकोमा इन्द्रे पहिले त अलमल्ल पर्छ तर जतिजति मेमसाहेबले मुख खोल्दै जान्छिन् इन्द्रेका आँखाको पर्दा हट्दै जान्छ । मेमसाहेबले अन्तमा उसलाई भन्छिन् "इन्द्रे, तँ हाम्रो आफ्नै

छोरोजस्तैं होस् अब तेरै हातमा छ हाम्रो इज्जत राख्ने र फाल्ने, के गर्ने यस्तो भइहाल्यो । म तँलाई बाटोखर्च दिने भएँ, तैँले भोलि नै कसैले चाल नपाउने गरी चमेलीलाई लिएर कतै टाढै जानुपर्‍यो । लौ बाबू, अब तैँले हाम्रो इज्जत राखिदे" (पृ.११) ।

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र इन्द्रेमा प्रतिरोध चेतना नरहेको देखिन्छ । वर्गीय सामाजिक संरचनाका कारण इन्द्रे सीमान्तीकृत हुन पुगेको छ । आर्थिक अवस्था कमजोर भएकै कारण ऊ अरूको घरमा काम गर्न विवश छ । उसले घरमा काम गर्ने मालिकले पनि राम्रो व्यवहार गर्दैन र पनि सहेर काम गर्न बाध्य छ । सधैं एक वचन मीठो बोल्नलाई पनि पैसा पर्लाझैं गर्ने मालिक्नीले मीठो वचन बोलेर उसका बुढा र छोराले गरेको गल्ती काँधमा लिएर उसको इज्जत बाचय दिन आग्रह गरेको छ । उसलाई त्यस बापत पैसाको प्रलोभन पनि देखाएको छ । यस कुराले उसलाई अति रिस त उठ्छ तर प्रतिरोध गर्न सकेको छैन । चुपचाप त्यो कुरालाई स्वीकार गर्छ । मालिक, मालिक्नी धनी र प्रभुत्वशाली भएकै कारण उसले आफूमाथि भएको अन्यायका विरुद्धमा आवाज उठाउन सक्दैन । ऊ चुपचाप सहेर बस्छ । रिस त उठ्छ तर पनि प्रतिरोध गरेको छैन । इन्द्रेमा प्रतिरोध चेतना भए पनि सामन्ती समाज व्यवस्था र पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसको प्रतिरोध चेतनालाई दमन गरेर बाँच्न ऊ बाध्य भएको छ ।

### ३.३.८ 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा' कथा तराईंलाई परिवेश बनाएर लेखिएको कथा हो । यस कथाले तराईंका जनतामा पाइने विभेदकारी अवस्थाको चित्रण गरेको छ  समाजमा प्रभुत्वशाली पुरुष वर्गले सीमान्त वर्गलाई कसरी पीडित बनाउँछ र सीमान्त वर्गले कसरी प्रतिरोध गर्छ भन्ने कुरालाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथामा मीरा, पाले र नेपथ्यमा अरू युवतीहरूले सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । यी मध्ये मीरामा थोरै भए पनि प्रतिरोध चेतना पाइनछ । मीरा बाहेक अन्यमा भने प्रतिरोध चेतना शून्य नै पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचना भएको पुरुषप्रधान समाजमा प्रभुत्वशाली पुरुषको जालझेल र षड्यन्त्रमा परी लैङ्गिक रूपमा सीमान्तीकृत हुन पुगेकी छे । उसलाई पुरुषद्वारा आफू शोषणमा परेको भन्ने कुराको जानकारी छ । सीमान्त वर्गको आवाज र प्रतिरोध चेतनाको दृष्टिले यो कथा सामान्य रहेको छ । प्रभुत्वशाली वर्गले आफ्नो अनुकूल निर्माण गरेको संस्कृतिलाई आत्मसात गर्ने संस्कृतिको विकास सीमान्त समुदायमा रहेको पाइन्छ ।

यस कथामा पनि लैङ्गिक सीमान्तीकृत पात्रको रूपमा मीरा आएकी छे । उसको आर्थिक अवस्था एकदमै कमजोर रहेको छ । आर्थिक अवस्था कमजोर भएकै कारण धाञ्जयले उसलाई आफ्नो कार्यालयमा टाइपिष्टको काम लगाइ दिएको छ । धनञ्जयको उपकारप्रतिम मीरा र उसको परिवार आभारी छन् तर धनञ्जयले उनीहरूको परिवारप्रति देखाएको दया र मृदु व्यवहारका पछाडि कुनै प्रकारको स्वार्थ हुन सक्छ भन्ने कुरामा मीरा पूर्णतया अनभिज्ञ थिई । धनञ्जयको उपकारले थिचिएकी मरि उसका प्रत्येक व्यवहारलाई उदारताको रूपमा लिने गर्थी तर धनञ्जयको भित्री आशयबाट ऊ बेखवर थिई । यस तथ्यलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> समय त्यसरी नै बित्दै गइरहेको हुन्छ । एक दिन धनञ्जयले “आज अलि अबेरसम्म बस्नू, टाइपको धेरै काम छ र त्यो आज नै सक्नुपर्छ” भनेकाले त्यस दिन अबेरसम्म मीरालाई अफिसमा बस्न कर लागेको हुन्छ । पाले आएर “तपाईंलाई साहेबले बोलाउनु भएको छ” भनेको हुन्छ । पालेको अनुहारमा रहस्यमय हाँसोको रेखा देख्दा मीरालाई त्यो हाँसो किन किन मन पर्दैन तर मीरालाई के थाहा कि त्यस पालेले साहेबले उसलाई बोलाउनुको अर्थ राम्ररी बुझेको छ भनेर (पृ.९९) ।

यस प्रकार प्रभुत्वशाली वा उच्च वर्गले आफ्ना अनुकूल निर्माण गरेको प्रभुत्वशाली संस्कृतिको आत्मसात सीमान्तीकृत वर्गको मीराले गरेकी छे । मालिकले कार्यालय समयभन्दा बढी बस्नु भन्दा पनि बिना प्रतिरोध चुपचाप स्वीकृति दिएकी छे । कार्यालय समयभन्दा बढी काममा बस्नु परेपछि त्यसको अतिरिक्त कमाइ हुन्छ कि हुँदैन भन्ने कुरासम्म सोधेकी छैन । यसका विरुद्धमा बोल्नु पर्छ भन्ने चेतनाको विकास भएको छैन । बिनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ । उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ भन्ने ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यता अनुसार यस कथामा पनि सीमान्तीकृत व्यक्ति मीराले प्रभुत्वशाली व्यक्ति धनञ्जयले निर्माण गरेको संस्कृतिलाई सहमतिमै सात्मसात गरेको देखिन्छ र यहाँसम्म मीराले धनञ्जयलाई आफ्नो बाबुसरह नै मानेको छ । ऊप्रति मीराको अहिलेसम्म कुनै नरकारात्मक भावना आएको देखिँदैन । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यमा प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ :

> ओढ्ने मिलाउँदै मीरा धनञ्जयको कोठाभित्र पसेकी हुन्छे । ऊ निहुरेर केही लेख्नमा व्यस्त देखिन्थ्यो । मीरालाई देख्नासाथ मुस्कुराउँदै “अहो मीरा, बसबस” भनेको हुन्छ अनि खल्तीबाट सयको नोट झिकेर पालेलाई दिँदै “जा छिटो गएर राम्रा राम्रा मिठाई

लिएर आइज" भनेको हुन्छ । "जम्मैको साहेब ?" आँखा नचाउँदै पालेले प्रश्न गर्दा "जान दुई तीन जनालाई हुनेजति लिएर आ ।" अनि मीरातिर हेरेर "आज मीरालाई अबेरसम्म काम गराएकोमा मिठाइ खुवाउनुपर्‍यो भनेर ।" फेरि पालेतिर हेरेर भनेको हुन्छ, "जा के हेरिरहेको ?" पाले गएपछि मीराले सङ्कोचसाथ भनेकी हुन्छे- "ज्यू मलाई घर जान अबेर..." उसका शब्दहरू यसै अलमलिएका हुन्छन् । "होइन, म गाडीमा पुर्‍याइदिउँला नि, सुर्ता मान्नु पर्दैन" (पृ.९९) ।

प्रस्तुत साक्ष्यबाट काम गर्ने पालेमा प्रतिरोध चेतना रहेको पाइँदैन । मालिकका हरेक क्रियाकलापको जानकार रहेको छ ऊ । त्यही भएर मीरालाई मालिकले बोलाउँदा पनि उसको अनुहारमा रहस्यमय हाँसोको रेखा देखा पर्छ तर उसमा पनि कुनै पनि किसिमको प्रतिरोध चेतना पाइँदैन । नजरअन्दाज गरी सामाजिक स्वीकृति प्रदान गरेको छ । मालिकबाट अरू शोषित हुँदैछ भन्नृ कुरा उसलाई राम्रोसँग थाहा छ र पनि प्रतिरोध नगरी सहेको छ । जब मीराले धनञ्जयको असली रूप देख्छे तब उसले प्रतिवाद गरेकी छे । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यमा प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ :

एकछिन पछि धनञ्जय उठेर मीरा बसेको ठाउँमा आई पछितिरबाट मीराका दुवै कुममा हात राखेर सोधको हुन्छ "मीरा, तिमीलाई यहाँ काम गरेर कुनै प्रकारको कष्ट त छैन ?" मीराले धनञ्जयको हातको स्पर्शबाट पन्छिन अलि अघि सर्दै उत्तर दिएकी हुन्छे, "ज्यू, छैन ।" तर धनञ्जयको हातको स्पर्श उसको शरीरमा अझ दरो भएर चल्न थाल्छ, उसले कम्पित स्वरमा भनेको हुन्छ, "मीरा, मेरी रानी तिमीले मलाई पागल बनायौ, पागल...।" मीरा एक्कासी बसेको ठाउँबाट उठेर बाहिरिन खोज्छे तर धनञ्जयले उसलाई उसको बाहुपाशमा अँगालिसकेको हुन्छ । ऊ बरबराइरहेको हुन्छ - "मीरा, पागल नबन, ..." (पृ.९९) ।

प्रस्तुत साक्ष्यबाट मीरामा प्रतिरोध चेतना रहेको पाउन सकिन्छ । धनञ्जयले उसको अस्मितामाथि आक्रमण गरेपछि त्यसको प्रतिवाद गरेकी छ । यहाँ मीराले प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिको विरोध गरेको पाइन्छ । जागिरको प्रवाह नगरी धनञ्जयको प्रलोभनलाई लत्याएर उसको अभिष्ट पूरा हुन दिएकी छैन । अझ उसले धनञ्जयको सारा कालो करतूत समाजको अघि ल्याएर उदाङ्गो पारिदिन सक्थी तर उसले त्यसो गर्न चाहिँ सकेकी छैन । खुलेरै आफूमाथि भएको अत्याचार र अन्यायको प्रतिवाद अझ गर्न सकेकी छैन, जसले गर्दा धनञ्जयजस्ता अधर्मी, पापीहरूले शीर ठाडो पारेर खुलेआम घुम्ने मौका पाएको छ । समाजले पनि धनका आडले गर्दा धनञ्जयजस्ता व्यक्तिहरूको कुकृत्यलाई, व्यभिचारलाई अन्देखा गरिदिएको

छ । सीमान्त समुदाय प्रभुत्वशाली वर्ग वा शक्तिकेन्द्रका विरुद्धमा आफ्नो हक अधिकारहरूका लागि लड्न सकेको देखिँदैन । पहिलो कुरा त प्रभुत्वशाली वर्गले गरेको शोषण, अत्याचार उसले थाहा नै पाउँदैन । दोस्रो कुरा थाहा पाइ हाले पनि त्यस वर्गसँग वैमनस्यता राख्नु आफ्ना लागि खतरा महसुस गर्दछ । यस कथामा पनि सीमान्त पात्र मीराले खुलेर बोल्नुको साटो जागिर नै छोडेर हिँडेको छ भने अर्को सीमान्त पात्र पालेले चुपचाप सहेको छ । यसरी यस कथामा सीमान्तीकृत पात्र मीरामा चेतनाको विकास हुन सकेको छैन ।

### ३.३.९ 'बले' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'बले' कथामा शहरिया परिवेशको चित्रण पाइन्छ । वर्गभेदमा निर्भर समाजमा आर्थिक अवस्था कमजोर भएकाहरू पीडाजनक जीवन भोग्न बाध्य भएको कुरालाई कथामा प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा मञ्चित रूपमा आएका बलबहादुर (बले), दिलमाया, उनको सानो छोरा र बलेकी आमा सीमान्त समुदायको प्रतिनिधित्व गरेका छन् । वर्गीय दृष्टिले बले सीमान्तीकृत पात्र हो । उसको आर्थिक अवस्थामा कमजोर रहेको पाइन्छ । लैङ्गिक दृष्टिले दिलमाया र बलेकी आमा सीमान्तीकृत पात्र हुन् । उनीहरू महिला भएकै कारण प्रभुत्वशाली पुरुष वर्गबाट सीमान्तीकृत हुन पुगेका छन् । यस कथामा दिलमायाको सानो छोरो छ, जो दुई वर्ष पुग्न लागेका हुनाले उसमा बोल्न सक्ने वा आफ्ना पीडा, हक , अधिकारको बारेमा आवाज उठाउन नसक्ने उमेर भएको छैन । बले अन्तरमुखी स्वभावको छ । जसले सानै उमेरमा आफ्नो सानाबाउबाट विभिन्न किसिमको शारीरिक तथा मानसिक यातना पाइसकेको छ । जसले गर्दा उसलाई अन्तरमुखी र नकारात्मक स्वभावको बनाएको छ । बलेलाई प्रभुत्वशाली वर्गले गरेको विभेदपूर्ण व्यवहारले उद्दण्ड, अन्तरमुखी बनाउनुका साथै सीमान्तीकृत बनाएको छ । सानो उमेरमा उसले प्रभुत्वशाली वर्गको अन्याय, अत्याचारको सोझै प्रतिकार तथा प्रतिरोध गर्न नसकेर खोजी खोजी बिठ्याईं गरेर प्रतिकार गरेको छ भने कतै अथाह पीडाले गर्दा भएभरको स्वर निकाली चिच्याएर आफ्ना पीडा व्यक्त गरेको छ । यस कुरालाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> ऊ त्यति बेला सानै थियो जुन बेला उसकी आमा छोरालाई आफूसँगै लिएर एउटा दाउराको ठेकेदारसँग पाइल गएकी थिई । त्यो ठेकेदारकी पहिलेकी स्वास्नीपट्टिका दुई भाइ छोराहरू थिए । ऊ जति आफ्ना छोराहरूलाई माया गर्दथ्यो त्योभन्दा बढी बलेलाई घृणा गर्दथ्यो । बलेको हरेक क्रियाकलापमा ऊ खोट देखाउने गर्दथ्यो । एक पटक उसले त्यस मानिसको छोराको टाउकोमा ढुङ्गाले हानेर रगताम्मे बनाइदिएको थियो । त्यस दिन बलेले खानसम्म चुटाइ खाएको थियो । जति जति उसले चुटाइ खाँदै गयो

> उति उति ऊ अझ पहिले भन्दा बढी उद्दण्ड स्वभावको हुँदै गयो । पछि पछि त उसले खोजी खोजी बिठ्याइँ गर्न लागेको थियो । अन्त्यमा हार खाएर उसकी आमाले उसलाई घर छोडर जाने आदेश दिएकी थिई (पृ.३-४) ।

माथिको साक्ष्यबाट स्पष्ट हुन्छ बलेलाई प्रभुत्वशाली वर्गको शोषण , दमन र अत्याचारले उद्दण्ड बनाएको छ । शक्तिशाली वर्गसँगै खुलेर प्रतिकार गर्न नसकेपछि उसले त्यसको बदला अन्य चिजबिजका पोखेको छ । खोजी खोजी बिठ्याइँ गरेको छ । यो पनि एक किसिमको प्रतिरोध चेतना नै हो । अन्तमा अरू प्रतिवाद गर्न नसकेपछि घर छाडेर हिँडेको छ । पछि होटलमा काम गर्दा ऊ कसैसँग नबोल्ने स्वभावको भएको छ । त्यही होटलमा काम गर्ने दिलमायालाई अन्याय पर्दा चाहिँ उसले प्रतिकार गरेको छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यमा प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ :

> यत्तिका बेरसम्म केही नबोलेर उभिइराखेको बलले स्थिर तथा दृढ स्वरमा भनेको हुन्छ "हो म साक्षी दिन्छु, तपाईंले एउटी बेसहारा आइमाईको इज्जत लिन खोजेको मैले आफ्नै आँखाले देखेको हुँ" (पृ.५) ।

प्रस्तुत साक्ष्यबाट बलेमा प्रतिरोध चेतना रहेको पाउन सकिन्छ । होटल मालिकले दिलमायामाथि अन्याय गरेको, यौनहिंसा गरेको थाहा पाएपछि उसले यस विरुद्धमा आवाज उठाएको छ । यहाँ बलेले प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिको विरोध गरेको पाइन्छ । यसरी यस कथामा सीमान्तीकृत पात्र बलेमा प्रतिरोध चेतनाको विकास भएको पाइन्छ ।

त्यसैगरी यस कथामा लैङ्गिक सीमान्तीकृत कथामा लैङ्गिक सीमान्तीकृत पात्रहरूमा बलेकी आमा र दिलमाया छन् । बलेकी आमा प्रभुत्वशाली वर्गप्रति मौन सँस्कृति रहेको पाइन्छ । ऊ ठेकेदारसँग पाइल गएकी थिई । उसको सौतापट्टिका दुई भाइ छोराहरू थिए । ऊजति आफ्ना छोराहरूलाई माया गर्थ्यो त्यति बलेलाई घृणा गर्थ्यो । बलेले सानोभन्दा सानो काम बिर्गादा पनि उसको सानाबाबु रिसले प्रचण्ड बलेको आगोजस्तो हुन्थ्यो । ऊ बलेको दुवैतिरको कन्चटमा भएका स साना रौं समातेर जोरसँग तान्दथ्यो र उसका कलिला गालामा नीलै डाम बस्ने गरेर थप्पड लगाउँथ्यो । यो पीडाले बले चिच्याउँदा समेत बलेकी आमा कुनै प्रतिवाद गर्न सक्दैनथी । ऊ आफैंलाई लात्ती र मुक्काले कुनै प्रतिवाद गरेकी छैन । यसरी हेर्दा सीमान्तीकृत पात्र बलेकी आमामा प्रतिरोध चेतनाको विकास हुन सकेको छैन ।

समाजद्वारा निर्मित परिस्थितिकै आडमा उच्च वर्गले निम्न वर्गलाई सीमान्तीकृत गर्छ । यस कथामा आएकी अर्की पात्र दिलमायामा भने प्रतिरोध चेतना उच्च रहेको पाउन सकिन्छ ।

पितृसत्तात्मक सामाजिक संरचना भएको पुरुषप्रधान समाजमा नारी भएकै कारण ऊ यौनहिंसाको शिकार भएकी छे । ऊ नारी भएकै कारण समाजका प्रभुत्वशाली वर्गका पुरुषले यौन तृप्तिको साधनको रूपमा उपभोग गर्न खोजेको छ र किनारीकृत बनाएको छ । दिलमायाले आफूमाथि भएको यौनहिंसाको विरुद्धमा मालिकसँग डटेर सामना गरेकी छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट गर्न सकिन्छ :

> केही कामको निहुँ पारेर मालिक पनि कोठामा पस्छ र एकाग्र भएर कोठा पोत्दै गरेकी दिलमायाको पाखुरा ट्याप्प समातेर भन्छ, "त ए दिलमाया मैले भनेको मान् । आएर बस् । रानीभैंm बनाएर राख्नेछु म तँलाई । यस्तो भरभराउँदा जीवन किन खेर फाल्छेस् ?" "के अरे ! मेरो छोरालाई अरूको जिम्मा लाउनु रे...बरु जिन्दगीभरि अरूका जुठा भाँडा माभ्mेर बस्तु तर जाबो पाइको लागि आफ्नो नौ महिनासम्म गर्भमा राखेर जन्माएको सन्तानलाई अर्काकृ जिम्मा लगाउने छैन बुभ्mयौ ?" "अभ्m पनि राम्ररी विचार गर, एकातिर तेरो यो जाबो लुते छोरो, अर्कोतिर यत्रो धनसम्पत्तिको मालिक्नी हुन पाउने । राम्ररी सोच्...यसको बाबुले त तँलाई छोडेर हिँड्यो भने त्यसैको छोराले तँलाई के हेर्ला ! धन भए तँजस्ती दसवटी ल्याउन सक्छु । तँमाथि दया जागेर पो त मैले भन्या हो नत्र...।" "पर्दैन कसैको दया देखाउनु मलाई...हातखुट्टा भाँचिएका छैनन् मेरा । कसैको बारी खनेर भए पनि एउटा छोरालाई हुर्काउन सकिन्छ ।" (पृ.४) ।

विभेदकारी, सामन्ती शक्तिकेन्द्र वा राज्यसत्ताका विरुद्धमा जागरुक भएर आफ्नो हक, अधिकारका लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । शक्तिकेन्द्रसँग आफ्नो हक, अधिकारको लागि बोले भने पनि उनीहरूको आवाजलाई दबाएर निस्तेज पारिन्छ । यस कथामा पनि कथाकी मुख्य नारी पात्र दिलमाया पुरुषप्रधान समाजका कारण लैङ्गिक हिंसामा परेकी छे । उसको मालिकले विभिन्न प्रलोभन देखाएर यौन उत्पीडनजस्ता कार्यहरू गरेका छन् ।

लोग्नेले छाडेपछि दुई वर्ष पुग्न लागेको छोरालाई होटलमा भाँडा माभ्mेर हुर्काउँदै आएकी छ दिलमायाले । दिलमायालाई एक्लो देखेर होटल मालिकले सधैं विभिन्न प्रलोभन देखाएर प्रताडित पर्ने काम गरेको छ । उसको श्रमको पनि शोषण गर्नुका साथै यौनहिंसा गर्ने काम पनि गरेको छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> "ऐया...मारी राँडले" भन्दै मालिक चिच्च्याएको स्वर सुनेर बढार्दै गरेको कूचो भुइँमा फ्यात्त फ्याँकी बले दगुदै मालिकको कोठामा पुगेको हुन्छ । बलेलाई देख्नासाथ

मालिकले दाँया हातले बाँयापट्टिको आफ्नो पाखुरा समात्दै भन्छ - “यसले मलाई छुराले हानी । यो ज्यानमारा हो । यसलाई समात् समात्, म अहिल्यै प्रहरीलाई अबर गर्छु, तँ साक्षी छँदैछस् । यो बेस्सेलाई जेल नपठाई छोड्दिनँ..बडो सती सावित्री बन्न खोज्छे राँड...।” ऊ दिलमायातिर हेर्छ । आँखाबाट बरबरती आँसु खसाल्दै हातमा छुरी लिएर उभिएकी दिलमाया भन्छे - “मेरो छोरो आज चार दिनदेखि ज्वरोले गर्दा आँखासम्म पनि खोल्न सकेको छैन । मैले पाउनु पर्ने बाँकी पैसा जति हुन्छ देऊ, छोरालाई डाक्टरकहाँ लान्छु” भन्न आएकी त उल्टो “तेरो छोरो मरेयो भने टन्टै मेटिन्छ, मेरा दुई भाइ छोराहरू सिहारेर मालिक्नी भएर बस्” भन्छ है यो मुर्दार पापिष्ठले । भएन मलाई एक्ली देखेर हातपात गर्न खोज्दो रछ -यसलाई त म..” भन्दाभन्दै हातमा भएको छुरी मालिकतिर सोभ्याउँदै फेरि मालिकतिर लम्किन खोजेकी हुन्छ (पृ.५) ।

समाजको मूलधारमा वा शक्तिकेन्द्रमा रहेको व्यक्तिले सीमान्तीकृत वर्गको आवाजलाई बेवास्ता गर्ने गरेको पाइन्छ । यस कथामा पनि सीमान्तीकृत ऊ पात्रको आवाजलाई प्रभुत्वशाली वर्गले दबाएर निस्तेज पारेपछि र पटक पटक कुनै प्रभुत्वशाली वर्गले श्रमशोषण गरी यौनहिंसा गरेपछि उसमा प्रतिशोध भावना देखा परेको छ । बोलेर न्याय नपाउने भएपछि उसले छुरा प्रहार गरेर प्रतिरोध गरेकी छ । रूप र बैंस देख्ने बित्तिकै एउटा नारीमाथि पुरुषहरूले जुन किसिमको यौन उत्पीडन गर्छन् । त्यस बिरुद्ध उसले छुरा प्रहार गरेर प्रतिरोध लिएकी छे । यसरी हेर्दा सीमान्त पात्र दिलमायामा छुरा प्रहार गरेर प्रतिरोध लिने विद्रोही नारीको रूपमा उसले आफ्नो पहिचान कायम गरेकी छिन् ।

### ३.३.१० ‘मृगतृष्णा’ कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

‘मृगतृष्णा’ कथामा समजमा विद्यमान आर्थिक कारणले उत्पन्न समस्या र त्यसैका कारण सीमान्तीकृत बन्न विवश पात्रलाई कथामा प्रस्तुत गरिएको छ । वर्गीय सामाजिक संरचनामा आर्थिक सीमान्तीयताको चित्रण नेपाली समाज विभिन्न वर्गमा विभाजित छ । समाजमा वर्गीय हिसाबले देशको आर्थिक शक्ति र सत्ता जहिले पनि माथिल्लो वर्गमै सीमित रहेको अवस्था छ, जसका कारण देशको आर्थिक उत्पादनको ठूलो हिस्सा सीमित वर्गमा रहन गएको छ । यस कथामा वर्णित सानोबुबा आर्थिक रूपले सम्पन्न भए पनि कथाकी सानीमुमा अथवा तुषारमल्लिकासँग अर्थ आर्जनको कुनै उपाय देखिँदैन । काम गर्न खोज्दा श्रीमानले रोक्छन् । आफ्नो तलव जति जुवा र रक्सीमा खर्च गर्छन् , जसले घर चलाउन मुस्किल परेको देखाइएको छ । यसथै तुषारमल्ल्किा आर्थिक दृष्टिले सीमान्तीकृत हुन पुगेकी छिन् । उनले श्रीमानबाट दिनहुँ

शारीरिक र मानसिक यातना खप्नु पर्दा पनि उसले कुनै प्रतिवाद गरेकी छैन । आफ्नै भाग्यलाई दोष दिएकी छ, बरू अति भएपछि घर छाडेर हिँडेकी छिन् । सीमान्त पात्रको आवाज र प्रतिरोध चेतनाको दृष्टिले यो कथा कमजोर रहेको छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> साथमा गरगहना र मालसामान हुँदासम्म दुवैले मोज गरेर उडाए । भएको श्रीसम्पति पनि सकियो । खाने मुख पनि थपियो । अहिले चैं तिम्री सानी मुमाको विगति छ । रातदिन मातेर आएर चुट्छन् रे ! भएन कुरैपिच्छे 'रन्डी, वेश्या, मेरो जिन्दगी बरबाद गरिस्, मलाई मेरो घरपरिवारदेखि छुट्ट्याइस्, दुनियाँको कुरो सुन्नु पर्ने बनास् ' भनेर भन्नु न भन्नु भन्छन् रे ! एक छाक खान घरमा धौधौ छ, भएन सुत्केरी भएर कुना बसेको बेलाधरि लात्तैलात्तले कुटेर....। धन्यकी रहिछे त्यति विधि सहेर बस्न सक्ने... (पृ.२९) ।

कथामा उद्धृत साक्ष्य अनुसार सीमान्तीकृत पात्र तुषारमल्लिका आफ्नै लोग्नेबाट किनारीकृत भएकी छन् । लोग्नेबाट शारीरिक तथा मानसिक पीडाबाट प्रताडित भएकी छिन् । लोग्नेबाट तिरस्कृत भएर बाँच्न विवश भएकी छन् । प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिकै निरन्तरता हुनुपर्ने पक्षमा देखिन्छिन् । त्यति धेरै यातनाबाट प्रताडित हुँदा पनि कुनै प्रतिरोध गरेकी छैनन् । यसथै उनमा प्रतिरोध चेतनाक दृष्टिले हेर्दा मौनताको संस्कृति रहेको पाइन्छ ।

शक्तिकेन्द्रसँग वा राज्यसत्तासँग आफ्नो हक, अधिकार प्राप्तिका लागि आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । तुषारमल्लिकामा यस किसिमको चेतनाको विकास भएको पाइँदैन । सधैं आफ्नै भाग्यलाई दोष दिएर चुपचाप सहन बाध्य भएकी देखिन्छिन् । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> बिनासित्तिमा मैले आफ्नो भाग्यलाई छल्न खोजेकी रहिछु । आफ्ना सबै पीरहरू मेरो अघि पोखेपछि उनले धनेकी थिइन् । के गर्नु तलबजति जुवा र रक्सीलाई ठीक हुन्छ । आफैंले स सानो पसल राख्छु भन्दा 'कुनचाहिँ तेरो पोइसँग भेट्नु छ' भनेर केही गर्न दिनुहुन्न (पृ.३०) ।

माथिको साक्ष्यले आफूले पाएको दुःखको प्रतिवाद गर्नुको साटो सीमान्तीकृत पात्र तुषारमल्लिकाले रूने र आफ्नो भाग्यलाई दोष दिने काम गरेकी छ । शक्तिकेन्द्रका विरूद्धमा आफ्नो हक, अधिकार प्रापितका लागि लड्न सकेको देखिँदैन । आफ्नै भाग्यलाई दोष दिँदै मौन भएर बसेकी छन् । प्रभुत्वशाली वर्गसँग आफूमाथि भएको शोषणको विरूद्ध बोल्न सकेकी छैनन् ।

वर्गविभेदको चिन्तन स्थापित भएको समाजमा निम्न वर्ग सधैं दमित अवस्थामा मात्र रहन्छ । उसले जीवनमा कहिल्यै पनि आफ्नो शीर ठाडो पार्न पाउँदैन । सधैं उच्च वर्गकै अह्रनखटन मान्नु र उच्च वर्गकै सेवामा समर्पित हुनुपर्ने हुन्छ । यस कथामा पनि सीमान्त पात्र तुषारमल्लिका प्रभुत्वशाली वर्गको अगाडि प्रतिरोध गर्नको साटो, अत्याचार सहन नसकेर घर छाडेर हिँडेकी छिन् । लोग्नेको तिरस्कार र यातनाबाट विरक्त बनेकी छन् । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत सान्दर्भिक देखिन्छ :

> एक दिन अघिअघिझैं म सानी मुमाकहाँ पुग्दा उनी सानो छोरालाई काखमा राखेर अनि दुवै छोरीहरूलाई छऊमा राखेर मुसार्दै बर्बरती आँसु झारिरहेकी हुन्छिन् । उनको केश जिङ्ग्रिङ्ङ र निधारमा रगतको टाटा जमेको हुन्छ । दुवै बच्चाहरू पनि डराएका झैं देखिएका हुन्छन् । भरभित्रका साममानहरू जताततै छरिएका हुन्छन् । त्यस घडी सानीमुमाले आफ्नो अनुरोधमा दिएको पूर्वसङ्केतलाई मैले बुझ्न सकेकी थिइनँ तर त्यसको ती दिनपछि नै उनले काखको बच्चासमेतलाई त्यागेर सदाको निम्ति गृहत्याग गरेकी थिइन् (पृ.३१) ।

तुषारमल्लिकामा प्रतिरोध चेतना शून्य रहेको कुरा माथिको साक्ष्यले प्रस्तुत गरेको छ । श्रीमानले कुटेर नीलै डाम र रगतजम्दा समेत कुनै प्रतिवाद गरेकी छैन । आफूमाथि भएको अन्याय र यातनाको विरोध गर्नुको साटो घर छाडेर हिँडेकी छिन् । यहाँ तुषारमल्लिकाले श्रीमानले आफूमाथि गरेको अन्याय, अत्याचार र शोषणलाई चुपचाप सहेर आफू स्वयम् विस्थापित हुन पुगेकीले उनमा प्रतिरोध चेतनाको विकास नभएको प्रस्ट हुन्छ ।

### ३.३.११ 'उसको कथा' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'उसको कथा' कथामा सीमान्तीकृत वर्गको आवाज र प्रतिरोध चेतना शून्य भएको देखिन्छ । यस कथामा दुःख गरेर कमाएको पैसा जड्याँहा लोग्नेले सधैं खाइ दिएपछि छोराछोरीलाई समयमा पेटभर खुवाउन र समयमा उपचार गराउन नसक्दा सन्तान गुमाउन पुगेकी नारीको कारूणिक जीवनको प्रस्तुति छ । पितृसत्तात्मक सामाजिक व्यवस्था नै नारीमाथि हुने शोषणको मूल कारण हो भन्ने विषयलाई यस कथामा उठाइएको छ । यस कथाकी मुख्य नारी पात्र ऊ लैङ्गिक सीमान्तीकृत पात्र हो । उसमा प्रतिरोध चेतना शून्य रहेको छ । पितृसत्तात्मक सामाजिक संरचना भएको पुरुषप्रधान समाजमा नारी भएकै कारण ऊ विभिन्न किसिमका शोषण, अन्याय, अत्याचारको शिकार भएकी छे । ऊ नारी भएकै कारण समाजका प्रभुत्वशाली वर्गका पुरुषले उसलाई उपभोग्य वस्तुको रूपमा उपभोग गरेको छ र सीमान्तीकृत बनाएको छ तर

पनि उसले आफूमाथि भएको हिंसाको विरूद्धमा सामान्य आवाज उठाएकी छ तर त्यो आवाजले कुनै सार्थकता पाउन सकेको छैन । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> सुनिस्...। अचानक एएटा पुषको कड्केको स्वरले गर्दा निकै उत्साहित भएर बोलिरहेकी उसको आवाज बज्दाबज्दै टेप सिद्धिएको झैं टक्क अडिएको हुन्छ । खैले, चाँडोले । त्यस मानिसले मेरो उपस्थितितिर मानौं ध्यानै नदिएको झैं गरेर ऊतिर हात बढाउँदै भनेको हुन्छ । "भोलि मात्तै दिने रे..." उसले जति सक्दो स्वरलाई कमलो पारेर बिस्तारै भन्न खोजेकी मात्रै के थिई "के रे भोलि मात्रै रे...! अनि आजको खर्चचाहिँ कुन तेरो बाउले दिने त ? आजै चाहिन्छ भन्न तेरो मुखमा बुजो लागेको थियो ? कि यसै सित्तैमा नाटक गर्ने भइस् ? जा, अहिल्यै चाहिन्छ भनेर ल्या, नत्र हिँड अहिल्यै पर्दैन नाटकसाटक ..." उसले अघिको भन्दा अझ बढी कड्केर भनेको हुन्छ (पृ.७४) ।

यस कथाकी मुख्य नारी सीमान्तीकृत ऊ पात्र लैङ्गिक रूपमा शोषणमा परेकी छे । सामाजिक शासन व्यवस्थामा प्रभुत्वमा रहेकाले अन्याय, अत्याचार र शोषणमा परेकी छ । आर्थिक अवस्था कमजोर भएका कारण छोराछोरी भोकभोकै रहने अवस्था सिर्जना भएको छ । आफूले दु:ख गरेर कमाएको पैसा पनि लोग्नेले थर्काइथर्काइ मागेर लैजाने गरेको छ । आफ्नो दु:खको कमाइ पनि आफू खुशी खर्च गर्न पाएकी छैन । उल्टो समयमा मागेजति पैसा दिन नसक्दा मानसिक यातना सहन विवश भएकी छ । यसरी पितृसत्तात्मक र सामन्ती सामाजिक संरचनात्मकले लैङ्गिक हिंसाको सिकारबाट आक्रान्त बनेकी ऊ पात्रलाई प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिको आडमा आवाजविहीन बनाएरको छ । ऊभित्र प्रतिरोध चेतना भएपनि यो चेतनालाई आफूभित्रै दबाएर राख्न ऊ बाध्य छे ।

यस कथामा प्रयुक्त ऊ पात्र लैङ्गिक सीमान्तीकृत नारी पात्र हो । उसले आफ्नो लोग्नेबाट शारीरिक, मानसिक तथा यौनहिंसा सहन बाध्य भएकी छ । उसले आफूमाथि भएको अन्याय, अत्याचारको विरुद्धमा आवाज उठाउन सकेकी छैन । यसलाई निम्नलिखित कथांशले स्पष्ट पार्दछ :

> होइन कस्तो नबुझेको, आधी पैसा त अस्ति नै पेस्की दिइहालेका थिए नि ; अब अरूचाहिँ देलान् नि त नाटक सकिएर, "के रे, मुख चलाउँछेस् अझ..." एक्कासि उसको मुखबाट शब्द निस्कनुको साथसाथै हातले पनि प्रहार गरिसकेको हुन्छ उसको गालामा... "बड बाठी भएर बोल्छेस् मेरो अघि ? कुन चाहिँ तेरो पोइले जबाफ दिन

सिकायो तँलाईं भन् त ?" उसले एक लात जमाएर दिएको हुन्छ उसको शरीरमा । उसको मुखबात त्यति मात्र निस्कनुबाहेक अरू कुनै प्रकारको प्रतिक्रिया भएको हुँदैन । "भरे आउँदा पैसा लिएर आइनस् भने तेरो हाड पिँधेर धूलो बनाइन भने भन्लिस् .." त्यति भनेर त्यो मानिस दैलोबाट बाहिरिएको हुन्छ (पृ.७४) ।

पहिलो लाग्नेले छाडेपछि ऊ पात्रले दोस्रो बिहे गरेकी छे । छोराछोरीले पनि बाउ भन्न पाउँछन् र सहारा हुन्छ भन्ने लागेर दोस्रो बिहे गरेकी हुन्छे । दोस्रो पतिको आर्थिक अवस्था त कमजोर छदै छ ऊ आफू भने केही काम गर्दैन । उसको लोग्नले उसलाई कमाइ खाने भाँडोको रूपमा उपयोग गरेको छ । सुरुमा उसको पहिलोपट्टिको छोराछोरी स्याहार्छु भने पनि अन्ततः उसले स्याहार्नु त परै जाओस् एकरत्ति माया नि गर्दैन । उल्टो ऊ पात्रले कमाएको जत्ति सबै पैसा लगेर तास खेल्ने र रक्सी खाने काम गरेको छ । यसरी हेर्दा कथाकी सीमान्तीय पात्र उसलाई प्रभुत्वशाली वर्गका पात्रले उपभोग्य वस्तुको रूपमा प्रयोग गरेको छ ।

कथाको ऊ पात्रमा प्रतिरोध चेतना शून्य रहेको कुरा माथिको साक्ष्यले प्रस्तुत गरेको छ । सुरूको लोग्नेले छोडेर बेपत्ता भएपछि दोस्रो लोग्नेसँग विवाह गरेर पनि सुख पाएकी छैन । उल्टो झन धेरै शोषण र यातना भोग्नु परेको छ । पेट पाल्नकै निम्ति दुःख गरेपनि आफूले पाउन सकेकी छैन । त्यो पैसा अरूले नै खर्च गरिदिएको छ । रात दिन दुःख गर्दा पनि उसले आफ्ना छोराछोरीलाई पेटभरी खान दिन र उपचार गर्न सकेको छैन । समयमा उपचार गर्न नपाएर आफ्नो छोरा गुमाउनु परेको छ । आफ्नो सन्तानको मृत्युमा पनि उसले रोएर बस्न पाएको छैन । मनभरिका पीडालाई मनमै लुकाएर उसले आफूले गर्न थालेको नाटकमा अभिनय गरेकी छ । अभिनयमा उत्कृष्ट गरेको भन्दै पुरस्कार पनि पाएकी छ तर त्यो खुशीले उसको दुःखमा मलम लगाउन सकेको छैन । यसरी पीडामा पनि पीडालाई भुलेर कमाएको पैसा उसको लोग्नेले खोसेर लिएको छ र पनि उसले कुनै प्रतिवाद गरेकी छैन। यस्तो शोषण र अन्यायलाई चुपचाप सहेकीले उनमा प्रतिरोध चेतनाको विकास नभएको प्रस्ट हुन्छ ।

### ३.३.१२ 'धनवीरे' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

माया ठकुरीको कथासङ्ग्रह *माया ठकुरीका कथाहरू* वि.सं.२०४८ मा प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १२ वटा कथा समावेश भएका छन् । यस कथासङ्ग्रहमा समावेश कथाहरू मध्ये यस शोधको विश्लेषणका लागि जम्मा तीनवटा कथाहरूलाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा प्रस्तुत भएका सीमान्त पात्रहरूको आवाज र प्रतिरोध चेतनाको प्रस्तुति के कसरी भएको छ त्यसको अध्ययन गरिएको छ ।

माया ठकुरीको कथासङ्ग्रह *माया ठकुरीका कथाहरू* कथामा समावेश भएको कथा 'धनवीरे' पहाडलाई परिवेश बनाई त्यस क्षेत्रको जवजीवनलाई प्रतिनिधित्व हुने गरी लेखिएको कथा हो । यस कथामा आएको मुख्य पात्र धनवीरे, उसकी आमा, दिदी र विस्नेकान्छोले सीमान्त वर्गको प्रतिनिधित्व गरेका छन् भने टङ्कप्रसाद र रूद्रप्रसादले प्रभुत्वशाली वर्गको प्रतिनिध्व गरेका छन् । प्रस्तुत कथामा धनवीरेकी आमा र दिदी नेपथ्य पात्रका रूपमा आएका छन् । यी दुईको मञ्चमा खासै भूमिका रहेको देखिँदैन । मञ्चित सीमान्तीकृत पात्रका रूपमा धनवीरे र विस्ने कान्छो आएका छन् । धनवीरे कथा सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिबाट यो कथा उत्साहजनक अवस्थामा छैन । यस कथाको सीमान्तीकृत पात्र धनवीरेमा कुनै पनि किसिमको प्रतिरोध देखिँदैन भने बिस्ने कान्छोमा केही मात्रामा प्रतिरोध चेतना देखिन्छ तर उसले प्रभुत्वशाली वर्गका समक्ष आफ्ना आवाजलाई सशक्त र प्रभावकारी रूपमा राख्न सकेको देखिँदैन तर झिनो रूप भए पनि उसको प्रतिरोध देख्न सकिन्छ । यस सम्बन्धमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> 'ए विस्ने दाइ ! ल कतैबाट भुईंचम्पा खोजेर बेस्कन पिनेर घुँडामा लाइदेऊ त, दुईचार दिनमा ठीक भइहाल्छ । बरा ! यस्तो हरै नचल्ने मान्छे कस्तरी गएपछि रूद्रप्रसादले बिस्ने दाइतिर हेरेर भनेका थिए । खपटे अनुहार भएको बुढा बिस्नेले आँखाभरी घृणा बोकेर रूद्रप्रसादको अनुहारमा केही क्षण हेरेपछि मुखभरिको थुक प्याच्च भुइँमा थुकेको थियो (पृ.१३) ।

प्रस्तुत साक्ष्यबाट बिस्ने दाइमा प्रभुत्वशाली वर्गसँग असन्तुष्टि रहेको देखिन्छ । धनवीरे स्वस्थ हुँदा मेरो छोरो, मेरो भाइ भनि फुर्क्याइ फुर्क्याइ काम खायो । धनवीरेले पनि त्यही मीठो बोलीमा आफ्ना सारा रहरहरू श्रमहरू बिनामूल्य खर्चेको हुन्छ तर जव धनवीरे उनीहरूकै काम गर्ने क्रममा घाँस काट्न जाँदा कालो भीरबाट लडेर घाइते भएको छ । घुँडा, दाहिने हर भाँचिएजस्तो छ । गाउँकै हेल्थपोष्टको कमैचारीले नेपालगञ्ज अस्पताल लैजानु पर्छ भन्दा प्रभुत्वशाली वर्गले बिस्ने दाइलाई कतैबाट भुईंचम्पा खोजेर घुँडामा लाइदेऊ ठीक हुन्छ भनि घृणा उत्पन्न भएको छ । प्रभुत्वशाली वर्गलाई सिधैं प्रतिवाद गर्न नसकेर अनुहारमा हेरी भुईंमा प्याच्च थुकेको छ । सम्पत्तिलाई शक्ति र सम्मानको आधार पनि सम्पत्ति नै हुने हुँदा निर्धनहरू आफूमाथिको अपमान सहन बाध्य हुन्छन् ।

त्यसैगरी यस कथाको अर्को सीमान्त पात्र धनवीरे हो । बुबाको उसलाई अत्तोपत्तो छैन र सानैमा आमा र दिदीले टाडेर गएपछि उसलाई दिदीको खोजीमा भौतारिएर हिँडेको बेलामा

टङ्कप्रसादसँग आएर उसकै घरमा बस्न थालेको हुन्छ । उसले टङ्कप्रसादको घरमा आफ्नो ऊर्जाशील समय, जवानी बिनामूल्य खर्चेको छ ।

आफन्त नभएको र आथिृक अवस्था कमजोर भएको कारण ऊ सीमान्त हुन पुगेको छ । उसमा आफूमाथि भएको अन्याय र अत्याचारको विरूद्धमा बोल्नु पर्छ भन्ने चेतनाको विकास भएको देखिँदैन । धनवीरेमा मौनताको संस्कृति रहेको छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्छ :

> महिना दिन अघि घाँस काट्न जाँदा कालो भीरबाट लडेर सोभ्कै भेरीको तीरमा बजारिन पुगेको थियो ऊ । धन्य, बलौटे ठाउँमा परेयो र मात्रै नत्र त्यसै क्षण चुँडिने थियो उसको प्राणको डोरी । उसको दुखाइको सीमा थिएन । घुँडामात्र होइन उसको दाहिने हर पनि टन्न सुन्निएर केराको थामजस्तो भएको हुन्छ । 'नेपालगञ्ज अस्पताल लानुपर्छ । घुँडा भाँचिएजस्तो छ । ऊ रूखबाट लडेकै दिन उसलाई जाँचेपछि गाउँको हेल्थपोष्टमा काम गर्ने एकजना कर्मचारीले रूद्रप्रसादसँग भनेका थिए' (पृ.१३) ।

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र धनवीरेमा प्रतिरोध चेतना शून्य रहेको प्रस्ट हुन्छ । वर्गीय सामाजिक संरचनाका कारण धनवीरे सीमान्तीकृत हुन पुगेको छ । आफ्ना आफन्त र धन सम्पत्ति नभएको कारण ऊ अर्काको घरमा बसेर घाँसपात, मेलापात गरेर जीवन निर्वाह गरिरहेको हुन्छ । घाँसपात काट्न जाने क्रममा लडेर घाइते भएको छ । यस्तो अवस्थामा पनि मालिकले उपचार गर्न लैजानुको सट्टा भुईंचम्पा लगाइ दिन भनेको छ । घाइते हुँदा पनि पीडा सहेर बस्न बाध्य भएको छ । उसको मालिक धनी र प्रभुत्वशाली भएका कारण उसले आफूमाथि भएको अन्यायका विरूद्धमा आवाज उठाउन सक्दैन । ऊ चुपचाप सहेर बस्छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्छ :

> कुनै वखत ज्वरो आएर लाचार भई दुई-तीन दिनसम्म धनवीरे ओछ्यान पर्‍यो भने रूद्रप्रसादलाई कामको लागि ज्यादै पीर पर्थ्यो र उनी धनवीरेको छाप्रोमा आएर बडो दिक्क मानेर तिमी यता यसरी लडिरहेका छौ, उता तिम्री बुहारी घरको कामभन्दाले गर्दा वनजङ्गल जान नसकेर डिँगा बाच्छा भोकै छन् खै के गर्ने हो म एउटाले ! भन्दै सुइउ..सुस्केरा हाल्थे । त्यसै कारण अलिकति जीउ तङ्रिनासाथ धनवीरे सकीनसकी काममा जोतिने गर्दथ्यो । त्यसैदिन अघिल्लो रातदेखि ज्वरो अलि कम भएकोले बिहान अँगेना बालेर पानी एक-दुई घुट्को पिएपछि बाहिर पिँढीमा बसिरहेको थियो धनवीरे । त्यसैबेला रूद्रप्रसाद आएर सदाको भ्कैं आफैंसँग दिक्क भएभ्कैं गरेर भनेका थिए सक्छौं

भने बिस्तारै-बिस्तारै गएर एक मुठी घाँस ल्याई दिन्छौ कि...? हिजोदेखि दुहुनो गाईंको मुखमा हरियो घाँस परेको छैन । दिउँसोदेखि त धनवीरेको झुपडीबाहिर गाउँका मानिसहरू थुप्रिएका छन् । झुपडीभित्र धनवीरेको लाश गुन्द्रीमाथि उत्तानो परेर लडिरहेको छ । उसका दुवै आँखा खुला छन् । बिस्ने कान्छोको चाउरिएको गालाभरि आँसु बगिरहेको छ । मानिसहरू गल्याङमल्याङ कुरा गरिरहेका छन् (पृ.१६) ।

शक्तिकेन्द्रसँग आफ्नो हक, अधिकार प्राप्तिका लागि आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । धनवीरेमा यस किसिमको चेतना नै प्रतिरोध चेतना हो । धनवीरेमा यस किसिमको चेतनाको विकास भएको पाइँदैन । आमा र दिदीले टाडेपछि ऊ टङ्कप्रसाद र रूद्रप्रसादको घरमा काम गरेर बसेको छ । आफन्तले छाडेपछि र सम्पत्ति पनि नभएपछि ऊ सर्वविहीन भएको छ । मालिकै लागि सारा जवानी र श्रम खर्चिदा पनि अन्ततः धनवीरेले मृत्यु वरण गर्नु परेको छ । यसरी धनवीरेले मालिकले गरेका अन्याय, अत्याचार, शोषण र दमनलाई सहेरै मृत्युवरण गर्न पुगेकाले उनमा प्रतिरोध चेतनाको विकास नभएको प्रस्ट हुन्छ ।

### ३.३.१३ 'कुन्ता' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'कुन्ता' कथामा शहरिया परिवेशलाई आधारभूमि बनाएर लेखिएको कथा हो । यस कथामा पुरुषकेन्द्री सांस्कृतिक संरचनाभित्र नारीले भोग्नु परेका शारीरिक, मानसिक, सामाजिक र नैतिक पीडालाई विषयबद्ध गरिएको छ । त्यसका लागि प्रभुत्वशाली वर्गका रूपमा भैरवकाका , ज्ञानुकाकी, कुन्ताकी सानीआमा रमेशजस्ता पात्रहरू आएका छन् भने सीमान्तीकृत पात्रका रूपमा कुन्ता आएकी छे । कुन्ता लैङ्गिक सीमान्तीकृत पात्र हो । उसमा खासै प्रतिरोध चेतना रहेको छैन । उसले सुरुमा सौतेनी आमा र पछि विवाह गरेपछि लोग्ने र सौताको अत्याचार र शोषण चुपचाप सहेकी छ । पितृसत्तात्मक सामाजिक संरचना भएको पुरुषप्रधान समाजमा नारी भएकै कारण समाजका प्रभुत्व वर्गका पुरुषले यौन तृप्तिको साधनका रूपमा उसको उपभोग गरेका छन् र किनारीकृत गरेका छन् । कुन्ताको सानैमा आमाबुबा मरेका कारण टुहुरी भएकी छिन् । घरमा सौतेनी आमाको अपहेलनामा हुर्केकी थिइन् । घरको सारा कामधन्दा सकेर रातको समयमा पातलो ओड्ने ओढेर लालटिनको मधुरो प्रकाशमा पढ्थिन् । भाइबहिनीको जडौरीले लाज छोप्थिन् । यसरी पढेर पनि उनी एस.एस.सी परीक्षामा उनले आफ्नी बहिनीहरूलाई धेरै नै अंकले उछिनेर प्रथम श्रेणीमा उत्तीर्ण भएकी थिइन् । यो कुरा उनको सौतेनी आमालाई असह्य भएपछि उनको विवाह उनको इच्छा विपरीत एउटा अधबैंसे मानिससँग गरिदिएकी थिइन् । उसको पढ्ने इच्छालाई रोकिदिएकी थिइन् । तलको कथांशले यसै सन्दर्भलाई स्पष्ट पार्दछ :

> अब धेरै पढेर केही काम छैन,आखिर जति पढे पनि छोरीको जात एक न एक दिन अर्काको घरमा गएर भाँडा माझ्नु पर्छ (पृ.३३) ।

माथिको साक्ष्य अनुसार कुन्तालाई उनकी आमाले पढ्ने इच्छाबाट पनि बञ्चित गरेको बुझिन्छ । उनी लैङ्गिक प्रभुत्वशाली वर्गबाटै सीमान्तीकृत हुन पुगेकी छिन् । उनको पढाइलाई बीचैमा रोकेर उनकी सौतेनी आमाले उनको विवाह एउटा अधवैंसे मानिससँग सौतामाथि गरिदिएकी थिइन् । यहाँ कुन्ता प्रभुत्वशाली वर्गको उपभोग्य वस्तुको रूपमा प्रयोग भएकी छिन् । ऊ कसैको सन्तान जन्माउने मेसिनको रूपमा उपयोग भएकी छे । यतिसम्म अन्याय हुँदा पनि उनले प्रभुत्वशाली वर्गसँग कुनै प्रतिरोध गर्न सकेकी छैन । आफूले नौ र्ना महिना कोखमा राखेर जन्माएको सन्तानलाई सन्तानलाई समेत आफ्नो भन्न पाएकी छैन जुन कुरा उनले मायासँग भनेकी छिन् । यस सन्दर्भलाई स्पष्ट पार्न मायाले भनेकी कुरालाई कथांशमा यसरी दिइएको छ :

> विवाह भएको दुई वर्ष पनि नपुग्दै कुन्ता सन्तानकी आमा भएकी थिइन् । आमा त उनी बनिन् तर आफूले जन्माएको छोरोलाई । मेरो भनेर आमा बन्ने रहर समेत मेट्न पाइनन् उनले । न्वारन गरेको भोलिपल्ट देखिनै ज्ञानुकाकी कुन्ताको छोरोलाई आफैंले स्याहार गर्न लागेकी थिइन् । दूधसमेत उनले महिनादिनभन्दा बढी खुवाउन दिइनन् कुन्तालाई । कुन्ताको छातीको दूध छातीमै सुकाउन बाध्य गराइयो । “माया ! म कस्ती अभागिनी रहेछु ! आफूले जन्म दिएको सन्तानलाई समेत म आफ्नो भन्न सक्दिनँ ।” भन्दै रून्ने गदर्थिन उनी (पृ.३६) ।

पितृसत्तात्मक समाजमा लैङ्गिक सीमान्तीकृतको प्रथालाई सामाजिक स्वीकृति प्राप्त भएपछि पुरुषको एकलौटी सत्ता भएको र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीको शरीर , अस्मिता र मातृत्वको अधिकार पनि सुरक्षित हुँदैन । यस्तो बेला प्रताडित हुनु पर्ने एक मात्र विकल्प बाँकी हुन्छ । आफूले जन्माएको सन्तानलाई मेरो भनेर आमा बन्ने अधिकारबाट र आफ्नो सन्तानलाई आफ्नो दूध समेत खुवाउनबाट बञ्चित उसकी सौताले गरेकी छे । यस्तो अत्याचार हुँदा पनि कुन्ताले कुनै प्रतिवाद नगरेर चुपचाप सहेकी छे । कुन्ताले शारीरिक यातना पनि सहन बाध्य भएकी छ । उनले बिना गल्ती नै लोग्नेबाट कुटाइ खानु परेको छ । यस साक्ष्यलाई निम्नलिखित साक्ष्यबाट स्पष्ट पार्न सकिन्छ :

> कुन्ता ! यो भैरवकाकालाई हिजोआज के बौलाहीपनले छोएको छ, दिनदिनै आँगनमा नुहाउन थाल्नु भएको छ नि ? एक दिन मैले कुन्तालाई सोधेकी थिएँ । “हो, माया ! यो सब तपाईंको रमेश मामालाई देखाउनको लागि हो । उनले अह्राएको कुरा मैले मानिनँ

> भने कुटाई खाइहाल्नु पर्छ। पहिले पहिले त जति विषय उकेले पनि मुखले मात्र उकेल्ने गर्दथे, तर अब त कुरै पिच्छे हात पनि छोड्न लागेका छन् , तिमी नै भन माया ! मेरो के दोष छ र ?" मेरो दुवै हात समातेर आँखाबाट बर्बर्ती आँसु खसाल्दै भनेकी थिइन कुन्ताले (पृ.३५-३६)।

लैङ्गिक विभेदको पाशविक स्वभावलाई प्रश्रय दिने सामाजिक संरचना भित्र नारी शोषणको सञ्जाल नै निर्माण भएको हुन्छ । यस्तो सञ्जालभित्र मानवता, नैतिकता, आदर्श आदिजस्ता सभ्यताका परिसूचकहरू पुरुषका भोगवादी चिन्तनका अगाडि ज्यादै कमजोर हुन्छन् । यस्ता समाजमा नारी शोषणको लागि शृङ्खला नै निर्माण भएको हुन्छ । यस कथामा पनि कुन्तालाई उसको लोग्नेले शारीरिक तथा मानसिक यातनाबाट प्रताडित गर्ने काम गरेको छ । बिना गल्ती पनि अरूको दोष उसमाथि थोपरेर दिनकै कुट्न थालेको छ र पनि कुन्ताले प्रतिवाद गर्नुको साटो आँखाबाट आँसु झारेर सहेकी छ । अहिलेसम्म कुनै प्रतिवाद गरेकी छैन । हरेक कुराको सीमा हुन्छ। सहनुको पनि हद हुन्छ। आफ्नै घरमा आफ्नै सन्तानबाट पराए भएर बस्नुको पीडा त पक्कै भोग्नेलाई थाहा होला। अति भएपछि आफ्नो हक र अधिकारको कुरा उठाएकी छ। यसरी कुरा उठाउँदा प्रभुत्वशाली वर्गबाट उल्टो कुटाइ खानु परेपछि अन्तत उनले घर त्यागेर हिँडेकी छ। यस सदर्भलाई निम्नलिखित साक्ष्यबाट प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> कस्तो अधिकारको कुरा गर्दै थिईं कोनि, बेस्कन ठटाइदिनु भयो । मैले त भनेकी नै थिए, वहाँले जे भने पनि सहेर बस भनेर तर हिजोआजका केटीहरू हाम्रो कुरा कहाँ मान्छन् र उल्टो 'म भेडा, बाख्रा होइन, म पनि मानिस हुँ' भनेर मसँग पो उफ्री त ज्ञानुकाकीले कुन्ताको छोरोलाई काखमा राखेर भन्नु भएको थियो (३६)।

यस कथाकी नारी सीमान्तीकृत कुन्ता लैङ्गिक रूपमा शोषणमा परेकी छे। सामाजिक शासन व्यवस्थामा प्रभुत्वमा रहेकाको नियन्त्रण, अन्याय,अत्याचारबाट बच्न अधीनस्थ वर्गले प्रतिरोध गर्ने स्थिति हुन्छ र परिधीय शक्तिले केन्द्रमा टकराव राख्ने गर्छ। यस कथामा पनि कुन्ता प्रभुत्वशाली वर्गले गरेको अत्याचारको विरूद्ध प्रतिरोध गर्न खोजे पनि सफल हुन सकेकी छैन । आफूले जन्माएको सन्तानलाई पनि आफूबाट बञ्चित गराएको छ। मायाले अंगालेर दूध चुसाउन पाएकी छैन । अधिकारको कुरा सधैं शारीरिक तथा मानसिक यातना भोग्नु परेको छ र पनि प्रभुत्वशाली उनीहरूका विरूद्ध प्रतिरोधको स्थिति रहेको देखिँदैन। उल्टो आफ्नो सन्तान र घर नै त्याग्न अचित ठानेकी छ । यसरी प्रस्तुत कथाका सीमान्तीकृत ऊ पात्रमा प्रतिरोध चेतना भए पनि सामन्ती समाज व्यवस्था र पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसको प्रतिरोध चेतनालाई दमन गरेर बाँच्न ऊ विवश भएकी छ।

### ३.३.१४ 'अन्तिम निर्णय' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'अन्तिम निर्णय'कथामा पुरुष प्रधान समाजले स्थापित गरेका सामाजिक मानकहरूका आधारमा निर्मित ज्ञानका कारण पुरुष र नारीबाटै नारी किनारीकृत अवस्थामा पुग्न विवश भएको सन्दर्भलाई उजार गरिएको छ । यस कथामा दुर्गा, उनका छोरीहरू, आमा र स्नेहलताले सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिले हेर्दा यस कथामा आएका सीमान्तीकृत पात्र दुर्गामा मौनताको संस्कृति रहेको देखिन्छ भने स्नेहलतामा प्रतिरोध चेतना देखिन्छ । कथामा प्रयुक्त सबै सीमान्तीकृत पात्रहरूले आफूमाथि भएको अन्याय, अत्याचार र यौनशोषणको विषयलाई लिएर आवाज उठाउन सकेका छैनन् । यस कथाकी पात्र स्नेहलता पनि लैङ्गिक सीमान्तीकृत पात्र हो । ऊ पढेलेखेकी शिक्षित र आत्मनिर्भर नारी हो । उसलाई बाँच्नकै लागि अरुको गुलामी गरिरहनु जरूरत छैन र पनि उनी आफ्नै लोग्नेले अन्यसँग अवैध सम्बन्ध राखेर धोका दिएको छ, जुन कुराले उनलाई पीडा पुगेको छ । पितृसत्तात्मक समाजमा सहज भएर जिउन सकेसम्म हरेक कदममा आफूलाई झुकाएकी छ । पितृसत्तात्मक समाजको दासत्वलाई स्वीकार गरेकी छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> विवाहले स्नेहलताको जीवनमा निराशा र विषादको बादल ल्याइदिएको भएता पनि बाहिर समाजको अघि सामान्य भएर जीवायापन गरिरहेकी थिइन् उनले । विधाताको झोलीमा स्नेहलतालाई दिनको निम्ति सम्भवतः अरू पनि दुःखहरू बाँकी नै थियो होला त्यसकारण एक रात पत्नीलाई प्रेमालिङ्गनमा बाँधेका ध्रुवराजको मुखबाट स्वतः दुर्गाको नाम उच्चारित हुन पुगेको थियो । "आह ! दुर्गा...दुर्गा, तिमी कति सुन्दरी छ्यौ । तिम्रो रूपले मलाई पागल बनाएको छ..., दुर्गा..." । पतिको मुखबाट निस्केको एकएक शब्दहरू विषवाणझैं बनेर गढेको थियो स्नेहलताको मुटुमा । घृणा, क्षोभ र ग्लानिले गर्दा हठात् पतिको शरीरलाई निष्ठुरतापूर्वक घचेटेर पर हुत्याइदिएकी थिइन् स्नेहलताले "दुर्गा, तिमी रिसायौ ?" मदिराको सुरमा बोलेका थिए ध्रुवराज । त्यसपछि अलिबेरमै मस्त निन्द्रामा परेर घुनै लागेका थिए उनी (पृ.५२) ।

यहाँ सीमान्तीकृत पात्र स्नेहलता आफ्नै लोग्नेबाट शोषणमा परेकी छिन् । स्नेहलता दिनभरि अस्पताल र क्लिनिकमा रोगीहरूको उपचार गरेपछि झमक्क रातपरेपछि घर फर्किन्थिन भने ध्रुवराज कतै कसै कहाँ तास खेलीरहेका हुन्थे । आधि रात बितेपछि रक्सीले मातेर घर फर्कन्थे । अन्य परस्त्रीसँग मात्र नभएर आफ्नै घरमा काम गर्न राखेकीसँग पनि अनैतिक सम्बन्ध राखेका थिए । रातमा पनि बेसुरमा उनकै नाम लिने गर्दथे । त्यति मात्र होइन प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने ध्रुवराजको यौनशोषणमा परेर घरमा काम गर्ने दुर्गा गर्भवती भएकी छिन् । यी

सारा कुराले स्नेहलताको विश्वासमा आघात पुगेको छ । यी सारा समस्याको जड अरू कोही नभएर उही पितृसत्ताको प्रतिनिधित्व गर्ने ध्रुवराज नै थियो । पितृसत्तात्मक समाजमा सहज भएर जिउन हरेक कदममा सम्झौता गरिन् । अनेक किसिमका प्रताडना सहिन् । अन्ततः असह्य भएपछि सम्न्धविच्छेद गरेकी छिन् । यसरी हेर्दा स्नेहलतामा प्रतिरोध चेतना रहेको पुष्टि हुन्छ ।

त्यसै गरी यस कथाकी अर्की सीमान्त पात्र दुर्गा पनि लैङ्गिक रूपमा शोषणमा परेकी छे साथै चरम आर्थिक संकटका कारण वर्गीय विभेदमा समेत परेकी छिन् । आर्थिक रूपमा ज्यादै विपन्न अवस्थामा छिन् । उनी आफूले ाकम गर्ने घरको मालिकबाट यौनशोषणमा परेर गर्भवती समेत भएकी छिन् । उनमा प्रतिरोध चेतनाको विकास भएको पाइँदैन । आफूमाथि यौनशोषण हुँदा समेत त्यसको विरूद्धमा बोल्नु पर्छ भन्ने चेतनाको विकास भैनसकेको देखिन्छ । यसरी हेर्दा दुर्गामा र उसको आमा पनि मौनताको संस्कृति रहेको देखिन्छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्छ :

> स्नेहलताले दुर्गाकी आमासँग कुरा मिलाईओरी दुर्गा र उसकी आमालाई टाढा अन्तै पठाएकी थिइन् । केही महिनापछि स्नेहलता आफैं दुर्गा भएको ठाउँमा गएर उसको नवजात पुत्र युवराजलाई आफूसँग लिएर आएकी थिइन् (पृ.५३) ।

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र दुर्गा र उसकी आमामा प्रतिरोध चेतना शून्य रहेको प्रस्ट हुन्छ । वर्गीय सामाजिक संरचनाका कारण उनीहरू सीमान्तीकृत हुन पुगेका छन् । वर्गीय समाजमा अर्थतत्वलाई केन्द्रीय आधार बनाएर त्यसको परिधिमा शारीरिक, मानसिक, यौनिक तथा भौतिक शोषण गरिन्छ । यस कथामा सीमान्तीकृत पात्र दुर्गालाई उसकै मालिकले यौनशोषण गरेर गर्भवती बनाएका छन् । उनी गर्भवती भएको थाहा पाएपछि ध्रुवराजकी श्रीमती स्नेहलताले उनीहरूलाई आर्थिक प्रलोभनमा पारेर बच्चा जन्मिएपछि आफ्नो बनाएकी छन् । यति हुँदा पनि उनीहरूले आफ्ना हक, अधिकारको बारेमा एउटा आवाज पनि उठाएका छैनन् । चुपचाप रहेका छन् । त्यति मात्र होइन पछि दुर्गाले अर्कै केटासँग विवाह गरेपछि पनि उसको लोग्नेले विगतको कुरालाई उठाएर सौता ल्याइ शारीरिक, मानसिक उातना दिँदा पनि चुपचाप सहेकी छिन् तर त्यो हत्याचार र याततनाको विरूद्धमा बोल्नु पर्छ भन्ने चेतना रहेको पाइँदैन । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्छ :

> हजुरले दिनुभएको पैसाले सानोतिनोजस्तो भएता पनि चुरोट, दुई वर्ष पनि नबित्दै आमा बितिहालिन् म एक्लो भएँ । आइमाईको जात एक्लै बस्दा दश जनाले दशथरीका कुरा गर्ने त्यसैकारण एउटाको हात समातेर बस्नु पर्‍यो भनेर यिनीहरूका बाउसँग बिहे

गरेर बसेँ । राम्रै थियो । यो ठूली छोरी जन्मिइसकेपछिको कुरो हो यो कान्छी जन्मिइसकेकी थिइन पेटैमा थिई । कताबाट हो कुन्नि उसले पहिलेको कुरो पाएछ । त्यो कुरा पाएपछि त उसको लागि शत्रु नै भइ गएँ म । दिनरात निहुँ खोजी खोजी कुट्न लाग्यो मलाई । दुई जिउको पनि भनेन उसले मलाई । हातमा जे पायो त्यसैले झटारो हानेर मार्नै आँटेको थियो मलाई । मेरै रिसले सौता पनि थप्यो र पनि म चुप लागेर सहेरै बसेकी थिएँ । अहिले महिना दिन जति भयो सौताले छोरो पाएकी छ । छोरो पाएपछि त यी छोरीहरू पनि उसको आँखाको कसिँगर जस्ता भए (पृ.५३-५४) ।

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत दुर्गामा प्रतिरोध चेतना शून्य रहेको प्रस्ट हुन्छ । वर्गीय सामाजिक संरचनाका कारण दुर्गा सीमान्तीकृत हुन पुगेकी छ । ऊ आफ्नै श्रीमानबाट श्रीमान्तीकृत हुन पुगेकी छ । श्रीमानको विरूद्ध आवाज उठाउनुको साटो ऊ घर छाडेर हिँडेकी छिन् । घर छाडेर पनि बाँच्न सक्ने हिम्मत नभएपछि पहिलेकै मालिक्नी कहाँ दुःख बिसाउन पुगेकी छिन् । यसरी सीमान्त पात्रको प्रतिरोध चेतनाका दृष्टिबाट हेर्दा उसमा मौनताको संस्कृति रहेको पाइन्छ ।

### **३.३ .१५ ‘युद्ध’ कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना**

माया ठकुरीको कथासङ्ग्रह *आमा ! जानुहोस्* वि.सं. २०६४ मा प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १५ वटा कथा समावेश भएका छन् । यस कथासङ्ग्रहमा समावेश कथाहरू मध्ये यस शोधको विश्लेषणका लागि जम्मा तीनवटा कथाहरूलाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा प्रस्तुत भएका सीमान्त पात्रहरूको आवाज र प्रतिरोध चेतनाको प्रस्तुति के कसरी भएको छ त्यसको अध्ययन गरिएको छ ।

पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीलाई आत्मनिर्णयको अधिकार हुँदैन । नारीहरू समाजले तोकिदिएको सीमित घेरामा बाँधिएर बाँच्न विवश हुन्छन् । पुरुषलाई सर्वज्ञ, सर्वेसर्वा र सर्वगुणसम्पन्न र नारीलाई अनविज्ञ, अबला र कमजोर ठानी त्यही अनुरुपको स्थान स्थान छनोट गरी चरम विभेदको व्यवहार गरिने सामाजिक संरचना भएको समाजमा पुरुषले नारीको जीवनलाई ज्यादै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँछ र जैविक होइन भौतिक वस्तुको रूपमा प्रयोग गर्छ । बिहे भएपछि सन्तान नहुँदा समाजले नारीलाई हेर्ने दृष्टिकोण फरक हुन्छ । नारीलाई नै कमजोर ठानिन्छ । यस्तो समाजमा ऊ पात्रको व्यवहारले पितृसत्तात्मक समाजमा ठाडो चुनौतिको रूपमा रहेको छ । पुरुषहरूझैं नारीहरू पनि स्वतन्त्र हुन पाउनु पर्छ,

पुरुषले आफ्नो कमजोरी अरूमाथि नथोपरेर आफैंले स्वीकार गर्नुपर्छ भन्ने ऊ पात्रको विचारले उसको प्रतिरोध चेतना उच्च रहेको पाउन सकिन्छ ।

पुरुषप्रधान समाजमा नारीहरूले सधैं पुरुषकै इसारामा चल्नुपर्छ, उनीहरूकै इच्छा, आकाङ्क्षामा बाँच्नु पर्छ भन्ने धारणाको विरूद्धमा ऊ पात्रको चेतना सशक्त रहेको देखिन्छ । ऊ पात्रको विवाह भएको लामो समयसम्म बच्चा भएको छैन । डाक्टरलाई जँचाउन जाँदा अन्ततः उसको लोग्ने कै कमजोरी देखाएपछि उसको लोग्ने धामीझाक्री लगाएर जसरी भए पनि सन्तान जन्माउन चाहन्छ तर ऊ पात्रलाई सन्यासी, धामीझाक्रीसँग विश्वास छैन । यसरी लोग्नेको अनुनयविनयलाई मानेर पटकपटक सन्यासी कहाँ जानुलाई उनले यातनापूर्वक बन्धन मानेकी छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> तिमीले सम्झेका थियौ होला, म तिम्रो मीठो शब्द जालमा लटपटिएर सजिलैसँग तिमीले बिछ्याइएको जालमा फँस्नेछु, तर म मूर्ख होइन । म एउटी शिक्षित नारी हुँ । पिता हुन नसक्नुको हीनताबोधले गर्दा तिमीभित्र भयानक अन्तर्द्वन्द्व चलिरहेको थियो । सायद आफ्नै पत्नीको अघि पनि आफूलाई पराजित ठान्न थालेका थियौ  तिमीले । त्यसै कारण छलकपटको सहारा लिएर भए पनि आफ्नो घृणित मनोकाङ्क्षा पूर्ण गर्ने प्रयत्न गरेका थियौ तिमीले (पृ.२५) ।

प्रस्तुत साक्ष्य अनुसार कथामा प्रयुक्त सीमान्तीय पात्र 'ऊ' मा रहेको प्रतिरोध चेतना प्रस्ट भएको छ । समाजमा नारीलाई कमजोर ठान्ने र नारी सधैं पुरुषको अधिनमा रही पुरुषको इच्छा अनुरुप चल्नु पर्छ भन्ने मान्यताको विरूद्ध सशक्त रूपमा आवाज उठाएकी छे । पितृसत्तात्मक समाजमा नारीलाई स्वतन्त्रता नहुने भएकोले ऊ पात्रले आफू शिक्षित भएको, साधुसन्यासीजस्ता अन्धविश्वासलाई विश्वास नगर्ने, सन्यासीले मात्र फुक्दैमा कसैले पनि सन्तान प्राप्त गर्न नसक्ने भन्दै विरोध जनाएकी छे । लोग्नेको इच्छापूर्तिका लागि अन्धविश्वास, ढोंगलाई अंगाल्न नसक्ने कुरा अघि सारेकी छे । अरूल आफ्ना लागि गरिदिने होइन । आफूले नै आफ्ना लागि गर्नुपर्ने भएकाले समाजमा नारी परिवर्तनशील, विद्रोही र क्रान्तिकारी हुनु पर्छ भन्ने धारणा राखेकी छे ।

पितृसत्तात्मक समाजमा नारीलाई सधैं असक्षमताको र शङ्काको घेराभित्र राखिन्छ भने पुरुष हुनु नै सक्षमताको पर्याय हो भन्ने ठानिन्छ । सामाजिक संस्कारले नै पुरुषलाई अभिमानी बनाएको छ भने नारीले सधैं पुरुषको इच्छामा आफूलाई समर्पित गरेर बाँच्नु पर्ने परिस्थितिको निर्माण गर्छ । सामाजिक मानसिकताकै आधारमा पुरुष सर्वज्ञ , सर्वेसर्वा, सर्वगुणसम्पन्न हुन्छ भने

नारी अवला र निकम्मा हुन्छे । त्यसकारण पुरुषले नारीलाई उपभोग्य वस्तुका रूपमा उपयोग गर्छ र भौतिक वस्तुको सुखभोगमा रमाउने प्राणी ठान्छ  तर यी सबैको विरूद्धमा यस कथाकी सीमान्त पात्र ऊ उभिएकी छे । आफ्नै लोग्नेले बुनेको षड्यन्त्रको जालो भत्काएर विद्रोह गरेर लोग्नेको घर छाडेकी छे । यसरी हेर्दा यस कथामा प्रयुक्त सीमान्तीकृत ऊ पात्रमा प्रतिरोध चेतना उत्कृष्ट रहेको पाइन्छ ।

### ३.३.१६ 'निर्मला' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'निर्मला'कथा ग्रामिण परिवेशलाई आधारभूमि बनाएर लेखिएको कथा हो । यस कथाको मुख्य पात्र निर्मला वर्गीय रूपले सीमान्त समुदायको प्रतिनिधि पात्र हो । कथाकार ठकुरीले प्रस्तुत कथामा निर्मलाको माध्यमबाट समाजमा रहेका सौतेनी आमाले सौताका छोराछोरीलाई कसरी अन्याय, अत्याचार गरी उनीहरूको बाँच्न पाउने अधिकारबाट बञ्चित गर्छन् भन्ने कुरा देखाइएको छ । प्रस्तुत कथाकी सीमान्तीकृत पात्र निर्मलामा प्रतिरोध चेतना भएर पनि अभिव्यक्त गर्न नसकेको देखिन्छ । ऊ सात वर्षकी अबोध बालिका भएको कारण पनि उसमा आफूमाथि भएको अन्याय र अत्याचारको विरूद्ध आवाज उठाउनु पर्छ भन्ने चेतनाको विकास खासै भै नसकेको देखिएता पनि प्रतिशोधको भावना भने जागृत भएको देखिन्छ ।

यस कथामा निर्मला एक अबोध बालिकाको रूपमा देखिएकी छे । ऊ असहाय बाल पात्रको रूपमा कथामा आएकी छे । सात वर्षको उमेरमा आमा गुमाउनु परेको कारण टुहुरी भएकी छे । केही समय पश्चात उसको बुबाले अर्की आमा ल्याएका छन् । सानीआमाले आफ्नो छोरा जन्मिए पछि अपहेलना गर्न थालेकी छे । अर्की आमा नल्याइन्जेलसम्म त उसका बुबाले निर्मलालाई अति माया गर्थे । पछि पछि श्रीमतीका कुरा सुनेर यथार्थ कुरै नबुझी उल्टै निर्मलालाई गाली र कुटपिट गर्न थालेका हुन्छन् । सौतेनी आमाले घर सम्हाल्न थालेपछि उसको निर्मलाप्रति असली रूप देखा पर्न  थालेको हुन्छ । उसले निर्मलामाथि अत्याचार सुरू गर्न थालेकी हुन्छे तर विचरी निर्मलाले आफूमाथि भएको अत्याचारको प्रतिरोध गर्दिन । यस प्रसङ्गलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> ताराले पूर्ण रूपमा विश्वनाथको घरबार सम्हाल्न सुरू गरी । ऊ उस्तो बोल्ने स्वभावकी युवती नभएकीले उसको हृदयमा निर्मलाप्रति कस्तो भाव थियो, त्यो प्रस्ट रूपमा थाहा पाउन सकिन्नथ्यो तापनि उसको व्यवहारमा कताकता निर्मलाप्रति दूरत्वको आभास हुन्थ्यो । त्यस दूरत्वको आभास निर्मलाको कोमल बालहृदयले धूमिल रूपमा अनुभव गर्न थालेको थियो तर त्यस कुरालाई पिताको अघि शब्दद्वारा व्यक्त गर्ने

> सक्षमता त्यस अबोध बालिकामा थिएन । हुन त ताराले कहिल्यै पनि निर्मलालाई उसले गरेको ससाना गल्तीहरूबारे गाली गर्ने गर्दिनथी तर उसको एउटा आग्नेय दृष्टिमा त्यो सबै उपेक्षा र कटुता व्यक्त हुन्थ्यो, जसको अघि निर्मलाको सानो मुटु त्यसै त्यसै भयले थर्कमा हुने गर्दथ्यो । विमाताको अघि ऊ सधैं भयातुर हिरणीझैं देखिन्थी । ऊ सकेसम्म ताराबाट आफूलाई टाढा राख्ने प्रयास गर्दथी (पृ.३५-३६) ।

माथिको साक्ष्य अनुसार निर्मलाले सानीआमाले गरेको अमानवीय व्यवहार विरूद्ध प्रतिरोध गरेकी छैन । सानीआमाको उपेक्षा र कटुताको अघि उसको सानो मुटु भयले थर्कमान हुन्थ्यो । त्यसकारण ऊ सधैं भयातुर भएर सानीआमाबाट आफूलाई टाढै राख्न चाहन्थी तर कुनै प्रतिरोध गर्न सक्दैनथी । उसलाई पनि सानो भाइ हेर्न, बोक्न मन लाग्थ्यो तर उसकी सानीआमाले बच्चालाई छुन समेत दिँदैनथी । बुबालाई पनि नानाथरीका कुरा लगाएर उल्टो गाली गर्न लगाउँथे । उसले कहिल्यै आफ्नी छोरीको पीडालाई बुझ्रेन । ऊ आफ्नो बुबालाई आफ्नो पीडा सुनाउन चाहन्थी तर कसैले उसको पीडालाई बुझ्ने कोशिष गर्दैनथे । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले प्रस्ट पार्दछ :

> 'कहिलेकाही के सोचेर हो कुन्नि , चुपचापै आएर पिताको छेउमा उभिने गर्दथी । 'हिजोआज तँ कसैले भनेको टेर्दिनस् अरे । कपडा पनि मैलो लाएर बस्छेस्, कपाल पनि कोर्न मान्दिनस् । यस्तीलाई के माया गर्नु खै ? निर्मला नबोली एकोहोरो भएर पिताको अनुहारमा हेर्दथी । 'ल जा, अब साथीहरूसँग खेल्न जा, यसमा अलिकता चिउरा राखिदिया छु' भन्दै कागजको सानो पोको निर्मलाको हातमा राखिदिएर तारा उसलाई पिताको सामीप्यबाट अलग्याउने प्रयास गर्दथी । 'अँ जा, जा साथीहरूसँग खेल्' पिता पनि निर्मलातिर नहेरेरै भन्ने गर्दथे । पितामा आएको त्यस नौलो परिवर्तनको कारणले गर्दा उनमा एउटा अपरिचित मानिसको गन्ध पाउन थालेकी थिई निर्मलाले (पृ.३९) ।

माथिको साक्ष्य अनुसार यस कथाकी सीमान्तीकृत पात्र निर्मलामा अव्यक्त पीडा छ । सो पीडाको विरूद्ध प्रतिरोध गर्ने तागत भने उसमा रहेको देखिँदैन । आमाबा बिरूद्ध आवाज उठाउन नसकेपछि उसले भाइको खेल्ने कुरा बिगारिदिएर त्यसको प्रतिरोध कथामा यसरी प्रस्तुत गरिएको छ :

> सानो भाइका निम्ति विश्वनाथले ल्याइदिएका खेल्ने कुराहरू देखेर निर्मला भित्रभित्रै ईर्ष्याले भुतुक्कै हुन्थी र आफूभित्र रहेको ईर्ष्याको ज्वाला ती खेल्ने कुराहरू कुच्याएर , बिगारिदिएर र च्यातिदिएर शान्त पार्ने गर्दथी (पृ.३९) ।

माथिको साक्ष्य अनुसार आमाबुबाको विभेदपूर्ण व्यवहारले निर्मलामा ईर्ष्याको भाव जागृत भएको छ । प्रतिशोधको भाव जागृत भएको छ । सानी भएको कारण आमाबुबासँग प्रतिरोध गर्न सकेकी छैन तसर्थ भाइको सामान बिगारेर प्रतिरोध गरेकी छ । यसबाट स्पष्ट हुन्छ कि निर्मलामा पनि प्रतिशोधको भावना जागृत त भएको छ तर सानी भएको कारण उनको आवाज फलदायी बन्न सकेको छैन ।

लैङ्गिक विभेदको पीडाले बच्चामा सिर्जना गरेको मानसिक छटपटीले विकाराल रूप लिन पुगेको छ । घरपरिवारको दमन चरम उत्कर्षमा पुगेपछि अबोध बालिका निर्मलामा चरम हीनताबोध र द्वन्द्व छाएको छ र पनि निर्मलाले चुपचाप सहेकी छ । यस सन्दर्भ निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> 'यसरी रातदिन हामीलाई दुःख दिएर बस्नुभन्दा त जा न, त्यहीँ पर खोला छ, है, त्यहीँ हाम फालेर मर्' ताराले प्राय : दिनदिनै भन्न लागेकी थिई निर्मलालाई । पलपपल गरेर समय बित्दै थियो तर जति जति समय बित्दै थियो त्यतित्यति अबोध बालिकाको मस्तिष्कमा द्वन्द्व र हृदयमा डरलाग्दा ज्वालामुखीको निर्माण भइरहेको थियो (पृ.४०) ।

यहाँ सानीआमाले गरेको अन्याय र अत्याचारको विरूद्धमा निर्मलाले आवाज उठाउन सकेकी छैन । प्रभुत्वशाली वर्गले गरेको अन्याय र अत्याचार सीमान्त वर्गले थाहा नै पाउँदैन । यदि थाहा पाए पनि त्यस विरूद्ध बोल्न सक्दैनन् । यस कथाकी सीमान्तीकृत पात्र निर्मलाले सानी भएको कारण सानीआमाको अत्याचारको विरूद्ध प्रतिरोध त गर्न सकेकी छैन तर ऊभित्र त्यसका विरूद्धमा द्वन्द्व र ज्वालामुखीको निर्माण भएको छ । आमा सानै उमेरमा बितेका कारण बाउले पनि वास्ता नगरेको कारण उसलाई सीमान्त वर्ग, असहाय, आवाजविहीन बनाएको छ । यसले उसको मनमा प्रतिशोध सिर्जना गरेको छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्छ :

> 'उःत्याँ जा, जा तेरी आमा त्यहाँ छे, निर्मलाले चोर औंलाले नदीतिर सङ्केत गर्दै घरीघरी बच्चोलाई नदीतिर जान प्रेरित गर्न थाली । बच्चोले रुँदै नदीतिर हेर्‍यो र आफ्ना ससाना पाइला नदीतिर चाल्यो । ढुङ्लो भुइँ भएकाले बच्चालाई अघि बढ्न गाह्रो परेयो र ऊ त्यहाँ लड्यो' (पृ.४१) ।

प्रस्तुत साक्ष्यबाट निर्मलामा सानै भएपनि प्रतिरोध चेतना रहेको पाउन सकिन्छ । भाइ भएपछि सानी आमा र बुबाले आफूलाई सीमान्तीकृत बनाएको ठान्छ । आफूले सहेको अन्याय, अत्याचार र अपहेलनाको बदला ऊ तयो सानो भाइलाई खोलामा बगाइ दिएर लिन चाहेकी छ । यसरी हेर्दा उनमा प्रतिरोध चेतना रहेको पाइन्छ तर सानै उमेर भएको कारण उनको आवाजलाई

प्रभुत्वशाली वर्गले डर, त्रास देखाएर दबाउने गरेको पाइन्छ । प्रभुत्वशाली वर्गका त्रासका कारण अन्त्यमा उसले आफूलाई समाप्त गरेकी छ । यस सन्दर्भलाई कथामा यसरी चित्रित गरिएको छ :

> त्यसै बेला माथि ढिस्कोमा धेरै मानिसहरू खैलाबैला गर्दै र कराउँदै आइपुगे । त्यस भीडमा निर्मलाले तारा र विश्वनाथलाई पनि देखी अनि डर र त्रासले निर्मलाको पैतालामा पखेटा लागेझैं भयो । अब उसले केही देखिन र वेगसँग दगुर्दै गएर साझै नदीको भेलमा हाम फाली । त्यसको तीन दिनपछि मात्र टाढा धेरै टाढा नदीको किनारमा एउटा ठूलो चेप्टो चट्टानमाथि निर्मलाको मृतदेह ढाडिएको अवस्थामा फेला पर्‍यो (पृ. ४२) ।

विभेदकारी राज्यसत्ताका विरूद्धमा जागरूक भएर आफ्नो हक अधिकारका लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । शक्तिमा रहेकासँग आफ्नो हक अधिकारको लागि सङ्घर्ष गर्नु नै सीमान्त समुदायको कर्तव्य मानिन्छ । सीमान्त समुदायले आफ्नो अधिकारको लागि आवाज उठाए पनि उनीहरूको आवाजलाई शक्तिकेन्द्रले सुन्न चाहँदैन, उनीहरूको आवाजलाई दबाइन्छ । यस कथाकी सीमान्तीकृत पात्रले आफूलाई भएको अन्याय र अत्याचारको विरूद्ध भाइलाई खोलामा बगाएर प्रतिशोध लिन चाहेकी छ । यसरी हेर्दा उसमा प्रतिरोध चेतना भएको पाइन्छ तर पनि शक्तिकेन्द्रको डरले गर्दा अन्त्यमा उसले आफैंलाई समाप्त पारेकी छ ।

### ३.३.१७ 'गिद्ध' कथामा प्रतिरोध चेतना

'गिद्ध' कथामा सीमान्त वर्गको आवाज र प्रतिरोध चेतना शसक्त रूपमा भएको देखिन्छ । यस कथामा श्रीमान्श्रीमती यात्रा गर्ने क्रममा नकाबधारीबाट श्रीमानलाई बन्दी बनाईश्रीमतीको गरगहना र अस्मिता लुटिएपछि घटनालाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । पुरुषको एकलौटी सत्ता भएको र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीको शरीर र अस्मितामाथिको अधिकार पनि सुरक्षित हुँदैन भन्ने विषयलाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथाकी मुख्य नारी पात्र अस्मिता लैङ्गिक सीमान्तीकृत पात्र हो । उसमा प्रतिरोध चेतना उच्च रहेको पाउन सकिन्छ । समाजमा महिलाको यौन शोषणका लागि शृङ्खला नै निर्माण भएको हुन्छ र त्यसले स्थापित सामाजिक मानकलाई हतियार बनाएर नारी भएकै कारण अस्मिता यौनहिंसाको शिकार भएकी छे । ऊ नारी भएकै कारण समाजका प्रभुत्वशाली वर्गका पुरुषले यौन तृप्तिको साधनका रूपमा उसलाई उपभोग गरेका छन् र किनारीकृत गरेका

छन् । उसले आफूमाथि भएको यौनहिंसाको विरुद्धमा आवाज उठाएकी छे । उसको आवाजलाई यसरी प्रस्तुत गरिएको छ :

> एक दिनको कुरो हो । त्यस्तै कुनै एउटा भोजमा तपाईंको एक जना मित्रले बेस्सरी रक्सी खाई मात्तिएर मसँग ढेस्सिन खोज्दा मैले उसलाई जोडसँग धकेलिदिएकी थिएँ र ऊ धरमराउँदै भुइँमा लडेको थियो । त्यस दिन तपाईंले मलाई सभ्य समाजको तौरतरिका नजानेकी पिछडिएकी आइमाई भनेर गाली गर्नुभएको थियो । त्यस दिन पनि तपाईं र मबीच निकै भनाभन भएको थियो (पृ.७५) ।

माथिको साक्ष्य अनुसार यस कथाकी मुख्य पात्र अस्मिता पितृसत्तात्मक समाजका कारण लैङ्गिक उत्पीडमा परेकी छे । उसको आफ्नै लोग्नेबाट मानसिक यातना सहेकी छे । भोजमा जाँदा आफ्नै लोग्नेको साथी ढेस्सिन खोज्दा जोडसँग धकेलिदिएर प्रतिरोध गरेकी छे । यसरी आफूमाथि भएको अत्याचारको विरूद्ध प्रतिरोध गर्दा आफ्नै लोग्नेबाट मानसिक प्रातडना सहनु परेको छ ।

कथाकी सीमान्तीकृत पात्र अस्मिता एक लोग्नेसँग यात्राको क्रममा रहँदा नकाबधारीहरूबाट लोग्नेलाई बन्दी बनाएर उसको अस्मिता लुटिएको छ । यही विषयलाई लिएर उसको लोग्ने अनिमेषले ऊप्रति अत्याचार गरेको छ । आफू पुरुष भएको घमण्ड अभिव्यक्त गरेको छ । त्यो घटनापछि अस्मिताको शरीर चोखो नरहेको, परिवार, समाजमा इज्जत जानेजस्ता कुरा गरे उसको अस्तित्वलाई अव स्वीकार गर्न नसक्ने पहिलेकै जस्तो गरेर पत्नीको आसनमा राख्न नसक्नेजस्ता अभिव्यक्ति दिएको छ । यस कुराले अस्मितामा विद्रोह जन्माएरको छ । उसमा प्रभुत्वशाली पुरुषजातिप्रति प्रतिशोधको भावना देखा पर्छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यबाट प्रस्ट पार्न सकिन्छ :

> अनिमेष साखुल्ले बन्न खोज्दै थियो । एकाएक अस्मिता चिच्याइन - 'चुप लाग् ! नराधम लाछी पुरुष !' अनिमेषका गालामा जोडेसँग थप्पड हानिन् अनि घाइते बघिनीजस्तैं बनेर उसले भनिन् 'तँबाट मैले एउटी पत्नीले पतिबाट पाउने माया, स्नेह र अधिकारको उपेक्षा गरेकी थिएँ । के तैंले केही धनको प्रलोभन देखाएर मलाई र मेरो सिद्धान्तलाई किन्न खोजेको होस् ? कि वर्ष दिनसम्म मेरो शरीरलाई भोगेको मूल्य तिर्न खोजेको होस् ?' 'मानसिक रूपमा ती बलात्कारीहरू र तँमा कुनै फरक देख्दिनँ म !' 'दुनियाँका सामु तँ आफूलाई आधुनिक विचारधारा भएको सभ्य मानिस भएको देखाउँछन् तर तँभित्रको मानसिकता कति खोको र कमजोर भइसकेको छ भन्ने मलाई

अनुभव भइसक्यो । तेरो नजरमा पतिपत्नीको सम्बन्ध शरीरबाट सुरु भएर शरीरमा नै सकिँदो रहेछ' । 'तँजस्ता गिद्धको पन्जाबाट मुक्त भएर म स्वतन्त्रतापूर्वक सास फेर्न पाउनेछु । यसमा मलाई विश्वास छ ।' यति भनी आत्मविश्वासले भरिपर्ण भएको स्वर निकाल्दै दह्रा पाइला बनाएर अस्मिता कोठाबाट बाहिरिइन् (पृ.७८) ।

पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषलाई सर्वज्ञ , सर्वेसर्वा र सर्वगुण सम्पन्न र नारीलाई अवला र निकम्मा ठानी, विभेदपूर्ण व्यवहार गर्छन् । नारीको जीवनलाई ज्यादै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँछ र भौतिक दृष्टिले उपभोग गरिन्छ । माथिको साक्ष्य अनुसार सीमान्तीकृत पात्र अस्मिता प्रभुत्वशाली वर्गबाट किनारीकृत भएकी छ । उसको अस्तित्वलाई अस्वीकार गरेपछि गालामा थप्पड हानेर प्रतिरोध गरेकी छ । उसको अस्तित्वलाई पैसामा बिकाउन खोजेपछि लोग्नेलाई गिद्धको उपमा दिएकी छ । पितृसत्तात्मक समाजको प्रभुत्वशाली वर्गले लगाएको आक्षेपको विरुद्ध दह्रो प्रहार गरेर आफू स्वतन्त्र भएको अभिव्यक्ति दिएकी छ । पितृसत्तात्मक समाजको प्रभुत्वशाली वर्गको अघि दयाको भीख मागेर नगिडगिडाइ आत्मविश्वासले भरिपूर्ण स्वर र दह्रा पाइला बनाएर प्रभुत्वशाली वर्गको सत्ता परित्याग गरेर आत्मविश्वासी, साहसी र विद्रोही नारीका रूपमा आफ्नो पहिचान कायम गरेकी छ ।

### ३.३.१८ 'असजिला प्रश्नहरू' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

माया ठकुरीको कथासङ्ग्रह *प्रियंवदा* वि.सं. २०६९ मा प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १८ वटा कथा समावेश भएका छन् । यस कथासङ्ग्रहमा समावेश कथाहरू मध्ये यस शोधको विश्लेषणका लागि जम्मा तीनवटा कथाहरूलाई मात्र छनोट गरिएको छ । यसरी छनोट भएका तीनवटा कथामा प्रस्तुत भएका सीमान्त पात्रहरूको आवाज र प्रतिरोध चेतनाको प्रस्तुति के कसरी भएको छ त्यसको अध्ययन गरिएको छ ।

'असजिला प्रश्नहरू'कथामा सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिले शून्य रहेको पाइन्छ । नेपालमा विद्यमान रहेको जातीय प्रथा र जातका नाममा हुने विभेदपूर्ण व्यवहार र त्यसबाट उत्पन्न हुने समस्यालाई कथामा प्रस्तुत गरिएको छ । जातीय सीमान्तीयतालाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथामा प्रत्यक्ष रूपमा नआए पनि जातीय सीमान्तीकृत पात्रका रूपमा बिन्दू आएकी छ । कथामा तल्लो जातकालाई माथिल्लो जातकाले गर्ने विभेदपूर्ण व्यवहारको कटु यथार्थ कथामा देखाइएको छ । तल्लो जातकी सीमान्तीय पात्र बिन्दूसँग प्रेम गरेकै कारण उपल्लो जातका ध्रुवले पीडा सहनु परेको छ । उनको प्रेमलाई जातीय तगारो लगाएर

असफल बनाउने काम प्रभुत्वशाली वर्गले गरेका छन् । यस कुरालाई स्पष्ट पार्न म (पात्र)को भनाइ राख्न सान्दर्भिक देखिन्छ ।

> आजभन्दा नौ वर्षअघि ध्रुवदाइले जब एउटी नेपाली युवतीसँग प्रेम विवाह गर्न इच्छा व्यक्त गर्नुभएको थियो, त्यति बेला यिनै सानीआमाले जातभात नमिलेको आधारमा ती केटीलाई बुहारीको रूपमा स्वीकार्नु भएको थिएन । 'कुल कुटुम्ब, भाषा, संस्कृति नमिल्नेसँग पनि म मेरो छोरोको बिहे गरिदिन्छु र ? जोरीपारीले पनि के भन्लान् ?' उस बेला रिसले कुर्लंदै भन्नु भएको थियो सानीआमाले । त्यसपछि बाध्य भएर त्यस केटीसँग ध्रुवदाइको बिछोड भएको थियो । कहिलेकाहीँ आफ्नो प्रेमको प्रसङ्ग उठ्दा ध्रुवदाइ अझैं पनि भन्ने गर्नुहुन्छ 'आखिर मेरो जीवनबाट मेरो खुसी खोसेर के पाउनुभयो र आमाले ? बिन्दुलाई गुमाएपछि फेरि कुनै एउटी नौली युवतीसँग सम्बन्ध गाँस्नु मनै थिएन मलाई तर आमाकै करकापमा परेर मैले अञ्जलीसँग बिहे गर्नुपर्‍यो (पृ.५३-५४) ।

कुनै पनि उच्च जातले निम्न जातको सम्मान गर्ने विषय सम्भावनाको सीमाभन्दा बाहिर छ । सामाजिक चेतनाको निर्माण नै सबै क्षेत्रबाट अपमान मात्र पाउने हुनु हो भन्ने मान्यताले समाजमा जरो गाडेर बसेको छ । जातीय विभेदमा सञ्चालित सामाजिक संरचनाभित्र निम्न जातका मानिसहरू न्यूनतम मानवीय व्यवहारबाट पनि बञ्चित हुन्छन् । जातलाई शक्तिको आधार स्वीकार गरेको सामाजिक संरचनाले निम्न जातलाई मानसिक रूपमा नै उच्च जातभन्दा कमजोर बनाउँछ । कथामा आफ्नै छोराले प्रेम गरेको, मन पराएकी केटीलाई प्रभुत्वशाली वर्गले कुल, कुटुम्ब, भाषा, संस्कृति, जात नमिल्ने भन्दै बिन्दूलाई बुहारी बनाउन अस्वीकार गरेको छ । यस्तो अवस्थामा बिन्दूमा पनि कुनै किसिमको प्रतिरोध चेतना पाइँदैन । उसले आफूले प्रेम गरेको, मन पराएको केटोलाई छाडेर अरू नै केटोसँग विवाह गरेकी छ । त्यसकारण उनमा प्रतिरोध चेतना शून्य देखिन्छ । त्यसै गरी ध्रुवले पनि वर्गको जातीय विभेद भित्रको सामाजिक संरचनाका कारण आफूले मन पराएकी केटीलाई जातीय आधारकै कारण निम्न जातकी भएकै कारण समाजले अस्वीकार गरेपछि चुपचाप छाडेर अर्की केटीसँग विवाह गरेको छ । यसरी हेर्दा यस कथामा आएका जातीय रूपमा सीमान्तीकृत बनेका पात्रहरूमा प्रतिरोध चेतना शून्य भएर मौनताको संस्कृति रहेको पाइन्छ ।

### ३.३.१९ 'रात त मेरो पनि हो' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'रात त मेरो पनि हो'कथामा सीमान्तीकृत वर्गको प्रतिरोध चेतना रहेको पाउन सकिन्छ । लैङ्गिक विभेदलाई समाज सञ्चालनको आधार बनाएको पितृसत्तात्मक समाजमा पुरुषले नारीमाथि गर्ने शोषणको मूलकारण पितृसत्तात्मब सामाजिक व्यवस्था नै हो भन्ने विषयलाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथाकी मूख्य नारी पात्र अम्बिका लैङ्गिक किनारीकृत पात्र हो । उसमा प्रतिरोध चेतना पाउन सकिन्छ । लैङ्गिक विभेदले चौतर्फी प्रश्रय पाएको पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई भौतिक उपभोग्य वस्तुको रूपमा मात्र उपभोग गर्छ । यस कथामा पनि सीमान्तीकृत पात्र अम्बिकालाई पनि उसको लोग्नेले शारीरिक, मानसिक तथा यौन हिंसा गरेको छ । लैङ्गिक विभेदको दृष्टिले जरा गाडेको समाजमा नारीले आफ्नो जीवन पनि पुरुषकै इच्छामा सञ्चालन गर्नु पर्ने, पुरुषको आवश्यकता पूरा गरिदिनु पर्ने एउटा उपभोग्य वस्तु समान मात्र हुन्छ । अस्मिता नारी भएकै कारण उसको लोग्नेले यौन तृप्तिको साधनाका रूपमा उपभोग गरेको छ । उसलाई सीमान्तीकृत गरेको छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> सत्र वर्षको उमेरमा हरिहरसँग बिहे गरेर आएपछि खप्नुसम्म पीडा खपेकी थिइन् उनले । बिहे हुनुभन्दा अघि बिहेका बारेमा जुन प्रकारको सुन्दर सपना उनले देखेकी थिइन् । हरिहरका निम्ति नारी देह भनेको पुरुषका निम्ति एउटा मनोरञ्जनको साधन मात्र थियो । ऊ त्यो खेलौनालाई आफ्नो इच्छा बमोजिम सञ्चालन गरेर मात्र तृप्ति अनुभव गर्दथ्यो । साँच्चै भन्ने हो भने हरिहरसँग अम्बिकाको वैवाहिक जीवन नारकीय बनेको थियो । पत्नीलाई जीवनसङ्गिनीको दर्जा दिन नचाहने हरिहरले कुरैपिच्छे 'रात भनेको मेरो हो । मैले जसो गर्न भन्छु, तैंले मान्नु पर्छ' भनेर धम्क्याउँदै अम्बिकाको देहलाई पशुतुल्य प्रयोग गरेर आफू पुरुष हुनुको अहम् तुष्टि प्राप्त गर्दथे (पृ.१०४) ।

विभेदकारी राज्यसत्ता र शक्तिकेन्द्रले नारीलाई सधैं विभेद गर्छ । एउटा उपभोग्य वस्तुको रूपमा मात्र हेरेर सधैं ऊमाथि अन्याय, अत्याचार गरेर किनारीकृत गर्छ । पितृसत्तात्मक समाजको शक्तिको संरचनाले यथासम्भव सीममान्तीकृतलाई उठ्नै दिँदैन, बोल्नै दिँदैन र आफूमाथिको अतिलाई सहन नसकेर प्रतिरोध गरे पनि त्यसले अपेक्षित किनारा पाउन सक्दैन । यस कथामा पनि कथाकी मुख्य नारी पात्र अम्बिका पितृसत्तात्मक समाजका कारण लैङ्गिक उत्पीडनमा परेकी छे । जसको लोग्नेले ऊमाथि सधैं हिंसा गरेको छ । उसमाथि यौनहिंसा गरी उसको नारी अस्मिता लुटेको छ । हरिहर आफू सद्धे भइन्जेल अम्बिकामाथि कहिल्यै हिंसा गर्न छाड्दैन । अन्ततः एक दिन अम्बिकामाथि हिंसा गर्ने क्रममा हरिहरलाई पक्षाघात भएको छ । उनले दिनरात खटेर उसको सेवा गरेको छ । उनले साबित्रीको संज्ञा समेत पाएकी छे । सायद यसले उसमा विद्रोहको भावना

जगाएको छ । उसमा प्रभुत्वशाली वर्गप्रति प्रतिशोधको भावना देखा पर्छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यमा प्रस्ट पार्न सकिन्छ :

> तोरीको तेलमा मेथी र लसुन फुराएर त्यो तेल आफ्नो हातगोडामा घसिन् । उनले दिउरीबाट आफ्नो हत्केलामा तेल खन्याइन् र हरिहरको अनुहारभरि घसिदिइन् अनि दिउरीमा रहेको बाँकी तेल उनको कपालमा खन्याएर कपाल चिपचिप पारिदिइन् । तपाईंलाई मेथी र लसुनको गन्ध मन पर्दैन होइन ? विस्फारित दृष्टिले आफूलाई हेरिरहेका पतिको अनुहारमा हेरेर व्यङ्ग्यपूर्वक मुस्कुराउँदै भनिन् अम्बिकाले । 'ए साँच्चै मैले त म्याक्सी फेर्नै बिर्सिएछु....खोइ यो म्याक्सीमा त बेसारको दाग पनि छैन, तेलको टाटो पनि छैन....अलिकति बेसार र तेलको दाग राखेर आउँछु है...। तपाईंलाई मेरो मुखबाट आउने लसुनको गन्ध एकदमै मन पर्दैन भनेको होइन ? तर के गर्नु मलाई भने लसुन असाध्यै मन पर्छ । खाऊँ है ! भन्दै अम्बिकाले एउटा पोटी लसुन मुखमा राखिन् (पृ.१०७) ।

यस कथामा पनि सीमान्तीकृत पात्र अस्मिताको आवाजलाई प्रभुत्वशाली वर्गले दबाएर पटक पटक यौनशोषण गरेपछि , शारीरिक हिंसा, मानसिक तनाव दिएपछि उसमा प्रतिशोधको भावना देखा परेको छ । तेल लगाएपछि मन नपर्ने हरिहरलाई तेल लगाए दिएर, लसुनको गन्ध मन नपर्ने हरिहरलाई काँचो लसुनको गन्ध चबाएर मुखमा लगी 'हा..'गरी लसुनको गन्ध सुघाएर प्रतिरोध गरेकी छ । साथै सधैं म्याक्सी फेरेर आइज, तेरो बेसार र तेलको टाटो भएको म्याक्सी फेरेर आइज भनि भन्ने हरिहरलाई तेल र बेसारको दाग भएको म्याक्सी लगाएर श्रीमानको छेऊमा गएर प्रतिरोध गरेकी छ । त्यसैगरी सधैं रात त मेरो हो भनी श्रीमतीको इच्छा विपरीत जर्वजस्ती यौन शोषण गर्ने हरिहरलाई यसको पनि बदला लिएकी छ । यस सन्दर्भलाई निम्नलिखित साक्ष्यले स्पष्ट पार्दछ :

> बिहेपछि आज पहिलो पटक म स्वेच्छाले तपाईंसँग थ.गाला जोडेर सुत्न चाहन्छु । सुतूँ है..?' पतिको अश्रुपूर्ण आँखातिर दृष्टि पुर्‍याउँदै अम्बिकाले तटस्थ स्वरमा भनिन् । र, नभन्दै साँच्चै नै हरिहरको अनुहारमा सुस्तसुस्त आफ्नो अनुहारले स्पर्श गर्दै उनले दृढ स्वरमा भनिन्, 'रात त मेरो पनि हो' (पृ.१०७) ।

माथिको साक्ष्यका आधारमा अम्बिकामा प्रतिरोध चेतना उच्च देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीलाई आत्मनिर्णयको अधिकार हुँदैन । समाजले तोकिदिएको सीमित घेरामा बाँधिएर बाँच्न विवश हुन्छन् । समाजमा नारीलाई कमजोर ठान्ने र

नारी सधैं पुरुषको अधिनमा रही, पुरुषको इच्छामा चल्नु पर्छ भन्ने कुराको प्रतिवाद गरेकी छ । यौनको मामिलामा पनि सधैं पुरुषको इच्छामा समर्पित हुनुपर्छ भन्ने मान्यतालाई रात त मेरो पनि हो भनेर आफ्नो अनुकूल बनाएकी छे । यसरी यस कथाकी सीमान्तीकृत पात्र अम्बिकाले आफूमा रहेको प्रतिरोधी चेतनाका कारण विद्रोही नारीको पहिचान बनाएकी छे । यसैले प्रस्तुत रात त मेरो पनि हो कथामा सीमान्तीकृत पात्रको प्रतिरोधी चेतना रहेको पाइन्छ ।

### ३.३.२० 'पहिचान' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

काठमाडौंको परिवेश बनाइ लेखिएको 'पहिचान' कथामा प्रभुत्वशाली वर्गले निर्माण गरेको परिधिभन्दा फरक पहिचानमा बाँच्न खोज्दा शक्तिकेन्द्र वा राज्यले गरेको विभेदकारी अवस्थाको चित्रण गरिएको छ । सीमान्तीकृत वर्गको प्रतिरोध चेतनाका दृष्टिबाट हेर्दा यो कथा उत्साहजनक अवस्थामा छैन । यस कथामा आएका सीमान्तीकृत पात्रहरू युवक, विकास, आयुषमा प्रत्यक्ष रूपले देखिने गरी प्रतिरोध चेतना जागृत भएको छैन । यी पात्रहरूमा शक्तिकेन्द्रले आफ्नो अनुकूल निर्माण गरेको संकृति र शक्तिलाई निरन्तरता दिनुपर्छ भन्ने पक्षमा त छैनन् । कथामा यी पात्रहरू शक्तिकेन्द्रले निर्माण गरेकोभन्दा फरक पहिचानमा जिउन चाहेका छन् । अथवा भनौ प्रकृतिले नै उनीहरूलाई फरक पहिचान दिएको छ र पनि यो कुरा घरपरिवार, समाज र राज्य कसैलाई पनि पाच्य भएको छैन । जुन कारण कतिले डरले लुकाइ आफैंलाई पीडा दिएर बाँच्न विवश छन् भने कतिले खुलेर आफ्नो पहिचान बनाउँन खोज्दा राज्यसत्ताले दमन गरेको छ जसका कारण सीमान्तीकृत भएर बाँच्न विवश छन् । यस प्रसङ्गलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> 'हरे...। यो कस्तो युग आयो । कलियुग भनेको यस्तै रहेछ । हिजोआज यो के भएको होला केटीकेटी, केटाकेटा पनि बिहे गर्छन् अरे । त्यस्ता समाजलाई भाँड्ने सन्तान जन्मनु चाहिँ त नजन्मेकै बेस हुन्छ ।'बृद्धले विरक्तिएको स्वरमा भन्यो । हो त कस्तो लाजमर्दो कुरा, केटा भएर पनि केटीले झैं सिँगारपटार गरेर हिँड्छन् । अझ त्यति मात्र हो र ! लोग्ने मान्छेसँग शारीरिक सम्बन्ध पनि राख्छन् अरे । यस्तालाई त समाजबाट बहिष्कृत गनुपर्दछ । अधबैंसे मानिसले बडो रोबका साथमा भन्यो (पृ.७८) ।

माथिको साक्ष्य अनुसार प्रभुत्वशाली वर्गले सीमान्तीकृत पात्रको पहिचानलाई स्वीकार गर्न नसकेको स्पष्ट हुन्छ । समाजमा सधैं प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिलाई नै मान्नुपर्छ भन्ने सोच शक्तिकेन्द्रमा वा राज्यसत्तामा रहेको हुन्छ । यदि शक्तिकेन्द्र वा राज्यसत्ताको विपरित गए त्यस्तालाई समाजबाट बहिष्कृत गर्नुपर्दछ भन्ने जस्ता मान्यता रहेको छ । यस्तो हुँदासम्म पनि सीमान्तीकृत वर्ग बोल्न नसकेको देखिन्छ । आफ्नो पहिचानमा बाँच्न खोज्दा राज्यसत्ताले वा

शक्तिकेन्द्रले उनीहरूमाथि निकै शोषण गरेको छ । यो शोषणको विरूद्ध प्रतिरोध गर्न खोज्दा उनीहरूलाई आवाज शक्तिकेन्द्रले दमन गरेर दबाएको देखिन्छ । यस प्रसङ्गलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> अचानक प्रहरीहरू आएर हामीलाई तथानाम गाली गर्न थाल्यो । मलाई चाहिँ एउटा प्रहरीले "कि त पैसा दे कि त मसँग मैले भनेको ठाउँमा हिँड्" भन्यो, मैले "मसँग पैसा छैन र म तिमीले भनेको ठाउँमा पनि जान्नँ" भनेको त मलाई पनि "हिँड साले, तँलाई रातभरि थानामा राखेर ठीक पार्छु" भन्दै घिच्रोमा समातेर घिच्याउन थाल्यो, त्यै बेला भएभरको बल लगाएर म उसको हातबाट फुस्किएँ र भाग्दै आएर ऊ पर मन्दिरपछाडि लुकेर बसें । अहिले डान्सबारतिर जाऊँ भने उनीहरूले देख्छन् कि भन्ने डर छ । त्यसैकारण तपाईंहरूकहाँ एकछिन लुकेर बस्छु ।' युवकले आफूमा घटेको कुरो बतायो (पृ.७९) ।

माथिको साक्ष्य अनुसार सीमान्तीकृत युवकहरूमा प्रतिरोध आफ्नो पहिचानको लागि प्रतिरोध चेतना सामान्य भएको देखिन्छ । उनीहरूले शक्तिकेन्द्रसँग प्रतिरोध त गरेका छन् तर उनीहरूको आवाजलाई शक्तिकेन्द्रले दबाएको देखिन्छ । जसका कारण उनीहरू प्रभुत्वशाली वर्गको शोषण, दमनमा परेका छन् । यसरी हेर्दा प्रयुक्त पात्रहरूमा प्रतिरोध चेतना सामान्य रहेको देखिन्छ ।

**४. निष्कर्ष :**

प्रतिरोध भनेको सांस्कृतिक शक्तिका लागि गरिने आत्मराक्ष हो । विभेदकारी सामन्ती शक्तिका विरुद्धमा आफ्नो अधिकार र अवसरको लागि आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चतना हो । माया ठकुरीका एक्काइस वटा कथाहरू मध्ये 'बले', 'अन्तिम निर्णय', 'गिद्ध', 'रात त मेरो पनि हो', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा'जस्ता कथाहरूमा सीमान्त समुदायको प्रतिरोध चेतना उच्च रहेको छ । निम्नवग माथि उनीहरू कमजोर भएकै कारण उच्च वर्गले एकदमै पक्षपातपूर्ण व्यवहार गरेको छ । 'अन्तिम निर्णय', 'गिद्ध', 'रात त मेरो पनि हो' कथाका सीमान्त पात्रहरू स्नेहलता, अस्मिता र अम्बिकामा प्रतिरोध चेतना उच्च भएकै कारण पितृसत्तात्मक पुरुषप्रधान समाजमा स्वतन्त्र, निडर र विद्रोही नारीको रूपमा आफ्नो पहिचान बनाउन सफल भएका छन् । 'निर्मला', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा'कथामा प्रयुक्त सीमान्त पात्रहरूमा प्रतिरोध चेतना सामान्य रहेको छ । उनीहरूले प्रभुत्वशाली वर्गका अन्याय र अत्याचारका विरुद्धमा बोल्न खोजे पनि प्रभुत्वशाली वर्गले उनीहरूको आवाजलाई सुन्न चाहेको छैन । उनीहरू आवाजविहीन भएर बाँच्न विवश भएका छन् । 'उज्यालोतिर' कथामा प्रभुत्वशाली

पुरुष वर्गले सीमान्तीकृत पात्र कलावतीमाथि शारीरिक, मानसिक तथा यौनहिंसा गरेका छन् । यस कथामा सीमान्त पात्रले प्रत्यक्ष प्रतिरोध नगरेपनि प्रभुत्वशाली वर्ग र उसको घरलाई त्यागेर प्रतिरोध गरेकी छ । 'अनरेडियम' कथामा सरकारी कार्यालयका कर्मचारीहरूको व्यथितिलाई देखाइको छ । शक्ति र सत्ताका आडमा जागिर खाने, बढुवा हुनेहरूले इमानदार कर्मचारीप्रति गर्ने व्यङ्ग्य र विभेदलाई देखाइएको छ । उनीहरूबाट सीमान्त पात्रले कुनै प्रतिरोध नगरेको देखिन्छ । 'बहादुर' कथामा सीमान्त समुदायले प्रभुत्वशाली वर्गसँग प्रतिरोध गर्न नसकेर आत्महत्याको बाटो रोजेको देखिन्छ भने सीमान्त पात्रले बोली हाले तापनि उसको आवाजलाई प्रभुत्वशाली वर्गले नसुनेको झैं गरेर बेवास्ता गरेको देखिन्छ । 'साने', 'निर्मला' कथामा प्रयुक्त सीमान्त पात्रहरू बालसुलभ भएका कारण प्रतिरोध चेतना भएर पनि प्रभुत्वशाली वर्गसँग प्रतिरोध गर्न नसकेको देखिन्छ । 'साहेव', 'उसको कथा', 'मृगतृष्णा', 'युद्ध', 'असजिला प्रश्नहरू'कथामा प्रयुक्त सीमान्त पात्रहरूमा प्रतिरोध चेतना शून्य पाइन्छ । त्यसै गरी 'कुन्ता', 'पहिचान' जस्ता कथाहरूमा प्रतिरोध चेतना सामान्य रहेको पाइन्छ ।

समग्रमा भन्नु पर्दा माया ठकुरीका कथाहरूमा सीमान्त वर्गको प्रतिरोध चेतना सामान्य रहेको छ । केही कथामा प्रतिरोध चेतना उच्च रहेको पाइए पनि धेरैजसो कथामा सीमान्त पात्रको प्रतिरोध चेतना सामान्य पाइन्छ । उनीहरूले आफूमाथि भएको शोषण, अन्यायको विरूद्धमा आवाज उठाउन खोजे पनि उनीहरूको आवाजलाई मूलधारमा पुग्न नदिएर सीमान्त भई बाँच्न विवश भएका छन् ।

# चौथो परिच्छेद
# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

*माया ठकुरीका कथामा सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय र यसका उपशीर्षकहरू प्रस्तुत गरिएको छ । शोधपरिचय अन्तर्गत विषयपरिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधि, सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएका छन् । विषयपरिचयमा अध्ययनको परिचयलाई प्रस्तुत गरी यसका बारेमा छोटो चर्चा गरिएको छ । यसैका आधारमा शोध शीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोध्य समस्याको पहिचान गरिएको छ । शोध्य समस्याको पहिचानको आधारमा उद्देश्य निर्माण, सीमाङ्कन, विश्लेषणको सैद्धान्तिक ढाँचा र विधिको चयन गरिएको छ । पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध्य समस्याको महŒवलाई प्रस्तुत गरी यस शोधकार्यको औचित्य स्थापित गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा सीमान्तीयता अध्ययनमा वर्गीय, जातीय तथा लैङ्गिक सीमान्त समुदायको प्रतिनिधि र पहिचान सम्बन्धी अवधारणको सामान्य परिचय प्रस्तुत गरी त्यसकै आधारमा माया ठकुरीका *नजुरेको जोडी, गमलाको फूल, साँघु तरेपछि, चौतारो साक्षी छ, माया ठकुरीका कथाहरू, आमा ! जानुहोस् र प्रियंबदा* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरू मध्ये सीमान्त मैत्री 'गहना', 'अनरेडियम', 'आत्म सन्तुष्टि', 'बहादुर', 'साने', 'साहेब', 'बले', 'मृगतृष्णा', 'धनवीरे', 'निर्मला', 'असजिला प्रश्नहरू', 'पहिचान', 'उज्यालोतिर', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा', 'उसको कथा', 'कुन्ता', 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', 'रात त मेरो पनि हो' गरी जम्मा बीसवटा कथामा वर्गीय, जातीय तथा लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व र पहिचानको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतनासम्बन्धी अवधारणको सामान्य चर्चा गरी त्यसकै आधारमा माया ठकुरीका माया ठकुरीका *नजुरेको जोडी, गमलाको फूल, साँघु तरेपछि, चौतारो साक्षी छ, माया ठकुरीका कथाहरू, आमा ! जानुहोस् र प्रियंबदा* कथासङग्रहमा सङ्गृहीत कथाहरू मध्ये सीमान्त मैत्री 'गहना', 'अनरेडियम', 'आत्म सन्तुष्टि', 'बहादुर', 'साने', 'साहेब', 'बले', 'मृगतृष्णा', 'धनवीरे', 'निर्मला', 'असजिला

प्रश्नहरू', 'पहिचान', 'उज्यालोतिर', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा', 'उसको कथा', 'कुन्ता', 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', 'रात त मेरो पनि हो' गरी जम्मा बीसवटा कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतनाको विश्लेषण गरिएको छ । यस परिच्छेदमा सीमान्त पात्र आफैंले आफ्ना अधिकारका विषयमा वा अन्यायका विरुद्ध आवाज उठाएका छन् कि छैनन्, सीमान्त पात्रको प्रतिरोध चेतना के कस्तो छ भन्ने बारेमा अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

शोध प्रबन्धको चौथो परिच्छेदमा समग्र शोधकार्यको निष्कर्षका रूपमा रहेको छ । यस परिच्छेदमा प्रस्तुत शोधप्रबन्धका सम्पूर्ण परिच्छेदहरूको सारांश र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.२ निष्कर्ष

माया ठकुरीका कथामा सीमान्तीयता शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोध समस्यामा उल्लेखित दुईओटा शोध प्रश्नहरूको विश्लेषण माथिका दोस्रो र तेस्रो परिच्छेदमा गरिएको छ । ती विश्लेषणबाट प्राप्त समाधानलाई तल निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ :

१. माया ठकुरीका कथामा वर्गीय, जातीय तथा लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व र पहिचानको अवस्था केकस्तो रहेको छ । भन्ने प्रश्न प्रस्तुत अध्ययनको पहिलो समस्याको रूपमा रहेको छ । दोस्रो परिच्छेदमा यस समस्याको समाधान पहिल्याइएको छ । यस प्रश्नको समाधानका रूपमा निम्न निष्कर्षहरू प्राप्त भएका छन्:

(क) माया ठकुरीद्वारा लिखित *नजुरेको जोडी, गमलाको फूल, साँघु तरेपछि, चौतारो साक्षी छ, माया ठकुरीका कथाहरू, आमा ! जानुहोस् र प्रियंबदा* कथासङ्ग्रह अन्तर्गतका 'उज्यालोतिर' 'गहना', 'अनरेडियम', 'आत्मसन्तुष्टि', 'बहादुर', 'साने', 'साहेव', 'बले', 'मृगतृष्णा', 'धनवीरे', 'निर्मला', 'असजिला प्रश्नहरू', 'पहिचान', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा', 'उसको कथा', 'कुन्ता', 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', र 'रात त मेरो पनि हो' गरी जम्मा बीसवटा कथाहरूलाई सीमान्तीयता सिद्धान्तका आधारमा विश्लेषण गर्दा ती मध्येका दसवटा ओटा कथामा वर्गीय सीमान्त, एउटा जातीय सीमान्त र एघारवटा कथामा लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व सघन रूपमा रहेको छ ।

(ख) वर्गीय रूपमा सीमान्त समुदायको प्रतिनिधित्व भएका कथाहरूमा 'गहना', 'अनरेडियम', 'बहादुर', 'साने', 'साहेव', 'बले', 'मृगतृष्णा', 'धनवीरे', 'निर्मला', 'असजिला

प्रश्नहरू', 'पहिचान'गरी एघार वटा हुन् । उपर्युक्त कथाहरूमा प्रभुत्वशाली वर्गले गरेको शोषण र उत्पीडन सहन सीमान्त पात्रहरू विवश भएका छन् । आर्थिक रूपमा कमजोर, गरिब, किसान तथा मजदुरहरूको अवस्था अत्यन्त दयनीय रहेको छ । सीमान्त समुदायका पात्रहरू प्रभुत्वशाली वर्ग एवम् सम्भ्रान्त वर्गबाट अत्यन्त प्रताडित भएर बाँचिरहेको कुरा प्रस्तुत कथाहरूमा देखाइएको छ ।

(ग) जातीय रूपमा सीमान्त समुदायको प्रतिनिधित्व भएको कथामा 'असजिला प्रश्नहरू' रहेको छ । यो कथामा तल्लो जात भनेर प्रतिनिधित्व गराइएको छ, यहीँ नै जात भनेर चाहिँ तोकिएको छैन । हिन्दू समाजमा जातका आधारमा ठूलो र सानो बनाउने अनि त्यसैलाई हतियार बनाएर तल्ला जातका भनिएकालाई सधैं आफू अनुकूल बनाएका मूल्य, मान्यताले गर्दा समाजमा एउटा वर्ग सधैं जातीय आधारमा सीमान्तीकृत बन्न पुग्दछ ।

(घ) लैङ्गिक रूपमा सीमान्त समुदायको प्रतिनिधित्व भएका कथाहरू 'उज्यालोतिर', 'बहादुर', 'साहेव', 'धुलोले भरिएको बाटो पार गर्ने प्रयत्नमा', 'उसको कथा', 'कुन्ता', 'अन्तिम निर्णय', 'युद्ध', 'गिद्ध', 'रात त मेरो पनि हो', र 'पहिचान' हुन् । नारी भएर जन्मिएकै कारण सामाजिक, सांस्कृतिक मूल्यमान्यता, अन्धविश्वास र अन्य विविध कारणले उनीहरू सीमान्त बन्न बाध्य भएका छन् । पुरुषहरूले आफ्नो स्वार्थ अनुकूल महिलालाई उपयोग गरेको वा महिलाहरू उनीहरूकै कारणले शारीरिक, मानसिक जस्ता विभिन्न किसिमका समस्या झेल्नु परेको अवस्थालाई कथामा देखाइएको छ । समाजका हरेक तह र तप्कामा महिलालाई हरेक कोणबाट शोषण गरिएको छ । हरेक ठाउँमा महिलाहरू सामाजिक, सांस्कृतिक कुप्रथाबाट सीमान्त बन्न पुगेका छन् भन्ने तथ्य कथाको विश्लेषणबाट प्राप्त भएको छ । ठकुरीका कथामा कलावती, वसन्ती, चमेली, कुन्ता, स्नेहलता, दुर्गा, मीरा, अस्मिता, (ऊ) नारी पात्र आदि पात्रहरू पुरुषद्वारा यौन तृप्तिका साधनका रूपमा उपभोग गरिएकाले सीमान्तीकृत बन्न पुगेका छन् ।

(ङ) सीमान्त समुदायको पहिचानका दृष्टिले माया ठकुरीका कथाहरूमा प्रयुक्त पात्रहरूको पहिचान कमजोर रहेको छ । उनका कथाहरूमा उच्चवर्गका पात्रहरूको प्रभुत्वमुनि वर्गीय रूपमा सीमान्तीकृत पात्रहरू दबिएर बाँचेका छन् । लैङ्गिक रूपमा सीमान्तीकृत महिलाहरू पुरुषको प्रभुत्वमा आफ्नो आवाजलाई दबाएर बस्न बाध्य भएका छन् भने कथित उपल्लो जातको जातीय विभेदको चपेटामा पिल्सिएर तल्लोजातका सीमान्तीकृत पात्रहरू बाँच्न विवश छन् । लैङ्गिक सीमान्तीकृत पात्र

स्नेहलता, 'युद्ध' कथाकी 'ऊ', 'गिद्ध' कथाकी 'ऊ' पात्र, 'रात त मेरो पनि हो' कथाकी 'ऊ' पात्रहरूले पितृसत्तात्मक समाजमा आफ्नो बलियो पहिचान कायम गर्न सक्षम भएका छन् भने अरू सीमान्तीकृत पात्रहरू पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषको एकलौटी हैकमवादी प्रवृत्तिका कारण आफ्नो पहिचान गुमाएर बाँच्न विवश छन् । यसरी हेर्दा माया ठकुरीका कथामा सीमान्त समुदायको प्रतिनिधित्व सघन रूपमा भए पनि सीमान्त समुदायको पहिचान चरम अधीनस्थ प्रकारको रहेको छ जसले उनीहरूको सीमान्त अवस्थालाई उद्घाटित गर्दछ ।

२. माया ठकुरीका कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना केकसरी प्रस्तुत गरिएको छ ? भन्ने प्रश्न प्रस्तुत अध्ययनको दोस्रो समस्याका रूपमा रहेको छ । तेस्रो परिच्छेदमा यस शोध्य समस्याको समाधान पहिल्याइएको छ । यस शोध समस्याको समाधानका रूपमा निम्न निष्कर्ष प्राप्त भएका छन्:

(क) सीमान्त समुदायको प्रतिरोध चेतनाका दृष्टिले माया ठकुरीका वर्गीय सीमान्त समुदायको प्रतिनिधित्व भएका कथाहरू मध्ये 'बले', 'अन्तिम निर्णय', 'गिद्ध', 'रात त मेरो पनि हो', कथामा प्रयुक्त पात्र स्नेहलता, 'गिद्ध'को ऊ (पात्र), बले र 'रात त मेरो पनि हो' कथाकी ऊ (पात्र) पात्रहरूमा प्रतिरोध चेतना उच्च रहेको छ । सामन्तवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गको जालझेल र षड्यन्त्रको विरुद्धमा उनीहरूले प्रतिरोध गरेका छन् । अन्य कथामा प्रयुक्त केही पात्रहरूमा प्रतिरोध चेतना समान्य रहेको छ । उनीहरूले प्रभुत्वशाली वर्गका अन्याय र अत्याचारका विरुद्धमा बोल्न खोजे पनि प्रभुत्वशाली वर्गले उनीहरूको आवाजलाई सुन्न चाहेको छैन । प्रभुत्वशाली वर्गले विभिन्न बहानामा उनीहरूको आवाजलाई निस्तेज पारी आवाजविहीन अवस्थामा बाँच्न विवश पारेका छन् । केही पात्रहरूमा प्रतिरोध चेतनाको विकास नै भएको छैन । उनीहरूमा मौनताकोसंस्कृति व्याप्त रहेको पाइन्छ ।

(ख) लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व भएका कथाहरू मध्ये 'युद्ध', 'गिद्ध', 'अन्तिम निर्णय', र 'रात त मेरो पनि हो' कथामा प्रयुक्त लैङ्गिक सीमान्त पात्र ऊ ( नारी पात्र), स्नेहलता, अम्बिका र 'ऊ' पात्रमा प्रतिरोध चेतना उच्च रहेको छ । स्नेहलता, ऊ पात्र, अस्मिता र अम्बिकामा प्रतिरोध चेतना उच्च भएकै कारण पितृसत्तात्मक समाजमा स्वतन्त्र, निडर, विद्रोही र सफल नारीका रूपमा आफ्नो पहिचान कायम गर्न सफल भएका छन् । अन्य कथाका नारी पात्रहरू पुरुषको प्रभुत्वमा थिचिएर आवाजविहीन भई बाँच्न विवश छन् ।

(ग) जातीय सीमान्त पात्र बिन्दुमा मौनताको संस्कृति रहेको पाइन्छ । दलित समुदायमा भएको अज्ञानताकै कारण दलितहरू शोषित र पीडित भएकाले उसले पनि जात कै कारण आफ्नो प्रेमलाई तिलाञ्जली दिनु परेको छ ।

समग्रमा माया ठकुरीका कथाहरूको अध्ययन गर्दा उनका कथाहरूमा सीमान्त समुदायको प्रतिनिधित्व सघन रूपमा रहेको प्रस्ट हुन्छ । उनका कथामा उच्च वर्गकाले निम्न वर्गकालाई, उच्च जातिले निम्न जातिलाई, तथा पुरुषले महिलालाई विभिन्न बहानामा शोषण, अन्याय, अत्याचार र दमन गरी सीमान्त अवस्थामा पुऱ्याइएका छन् । विभिन्न बाहानामा सीमान्त अवस्थामा पुऱ्याइएका पात्रहरू आफ्नो पहिचानका लागि सङ्घर्षरत छन् । सीमान्त समुदायका केही पात्रहरूमा प्रतिरोध चेतना उच्च रहेको पाइन्छ भने धेरै जसो पात्रहरू आवाजविहीन र अधिकारविहीन अवस्थामा बाँच्न विवश देखिन्छन् । सीमान्त समुदायका एकाध पात्रले मात्र आफ्नो बलियो पहिचान बनाउन सक्षम छन् । धेरैजसो सीमान्तीकृत पात्रहरू प्रभुत्वशाली वर्गको शोषण, दमन सहेर पहिचानविहीन अवस्थामा बाँच्न विवश छन् । सीमान्त समुदायको प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाका दृष्टिमा समाजमा वर्गीय, जातीय र लैङ्गिक आधारमा विभेद रहेको र सो विभेदको अन्त्य गर्नुपर्ने अभिप्राय ठकुरीका कथामा सघन रूपमा व्यक्त भएको छ । यस आधारमा हेर्दा ठकुरी सीमान्त समुदायको जीवनदशाको जीवन्त चित्रण गर्ने सीमान्तमैत्री सामाजिक यथार्थवादी कथाकार हुन् भन्ने पुष्टि हुन्छ । साथै उनका कथाहरू नेपाली समाजको एउटा कालखण्डमा व्याप्त प्रभुत्वशाली सामाजिक संरचना र संस्कृतिलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सक्षम रहेको तथ्य पनि यस अध्ययनबाट स्पष्ट हुन्छ ।